बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरु



दिनेशराज पन्त

बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू

दिनेशराज पन्त

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान

खिलशर्मराजीवलोचनजोशीस्मारकप्रतिष्ठानको २२ सौं पुष्प

बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरु

प्रकाशक -
खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान
रक्तकाली, काठमाडौँ, नेपाल
फोन: ४२६३४९४, ४४१७८५७

प्रकाशनमिति -
वि.सं. २०६८ मार्ग १३ गते मार्गशुक्ल पञ्चमी
(कविशिरोमणि राजीवलोचन जोशीको ८३ औं स्मृतिदिवस)

पहिलो संस्करण - ५०० प्रति

मूल्य - रु. ५२५।-

मुद्रक - श्री प्रेस, जावलाखेल, ललितपुर
फोन: ५५३२८२२, ५५४८९४६

प्रकाशकको मन्तव्य

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा यस वर्ष प्रतिष्ठानका संस्थापक सदस्य प्रा. श्रीदिनेशराज पन्तले सम्पादन गर्नुभएको बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरूनामक पुस्तक प्रकाशमा ल्याइँदैछ। यस प्रतिष्ठानबाट प्रकाशित यो कृति बाइसौँ हो।

सदा झैँ यो पुस्तक पनि विद्वान्हरूका निमित्त अध्ययनमननको लागि उपयोगी सामग्री हुनेछ भन्ने हाम्रो ठम्याइ रहेको छ।

यस्तो अमूल्य अनुसन्धानमूलक कृति प्रकाशनार्थ हाम्रो प्रतिष्ठानलाई दिनुभएकोमा विद्वान् प्रा.दिनेशराज पन्तप्रति हार्दिक अभिवादनका साथै आभार प्रकट गर्दछौँ।

वि.सं. २०६८ मंसीर
१३ गते मङ्गलवार
मार्गशुक्ल पञ्चमी (विवाहपञ्चमी)

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान
रक्तकाली, काठमाडौँ

वक्तव्य

विद्वच्छिरोमणि हेमराज (वि.सं. १९३५-२०१०)का जेठा छोरा बडागुरुज्यू केसरिराज पाण्डे (वि.सं. १९८३-२०६८)बाट वि.सं. २०५९ आश्विन १४ गते विजयराजसँग सम्बद्ध पत्र यी हुन्, यिनको आधारमा एउटा पुस्तक तयार पार्नुहोस्, म प्रकाश गर्छु भनी मलाई केही सामग्री दिनुभएको थियो। 'कालः पिबति तद्रसम्' (कालले त्यसको रसलाई पिउँछ) भने जस्तै मेरा अन्य धेरै कामसरह यो काम पनि त्यसै रहिरह्यो, अघि बढ्न सकेन। खिलशर्मराजीवलोचन-जोशीस्मारकप्रतिष्ठानबाट हरेक वर्ष पुस्तक प्रकाश गर्ने परम्पराअनुसार पुस्तकको कुरा उठ्दा यस सामग्रीको सम्झना आयो र प्रतिष्ठानको बैठकमा यो सामग्री लगी देखाउँदा अध्यक्ष श्रीपुरुषोत्तमराज जोशीलगायत सबै सदस्यबाट यो पुस्तक प्रकाश गर्ने कुरा आयो। यसलाई सम्पादन गर्दै जाने क्रममा मलाई यो सामग्री दिने श्रीकेसरिराज पाण्डेलाई यो कुरा सुनाउन जाँदा उहाँ बिरामी हुनुहुन्थ्यो। यही बीचमा वि.सं. २०६८ कार्तिक १६ गते उहाँको देहावसान भयो र उहाँकै जीवनकालमा यो पुस्तक बाहिर आउन सकेन। स्वर्गवासी श्रीकेसरिराज पाण्डेज्यूमा श्रद्धाञ्जलि व्यक्त गर्दछु।

अब यी पत्रहरूको बारेमा केही लेख्दछु।

श्री ५ रणबहादुर शाहले नागेश्वर पाँडेलाई तिमी हाम्रै मानिस हौ, यस कारण आऊ भनी बोलाएको कुरा वि.सं. १८४९ को पत्रमा परेको छ।

कुलप्रसाद पण्डितले आफ्ना भानिज पशुपति जोशीलाई आफ्नो घरको केही भाग दिएको कुरा वि.सं. १८५० को पत्रमा परेको छ।

आफ्नी मुमा कान्तवतीले वि.सं. १८५५ मा शय्यादान गर्दा रश्मिराज चालिसेलाई दिएको जग्गाको कुरा श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८५६ को पत्रमा परेको छ।

पाल्पाका राजा पृथ्वीपाल सेनले नारायण पाँडेलाई लेखिदिएको वि.सं. १८५७ को पत्रमा उनका बाबु जगन्निवास पाँडेलाई दिएको जग्गा थामिदिएको कुरा परेको छ।

कान्छी मैयाँबाट वाणीविलास पाँडेलाई जग्गा दान दिएको कुरा वि.सं. १८५९ को पत्रमा परेको छ ।

श्री ५ रणबहादुर शाहले लछु जोशीलाई वि.सं. १८४७ मा जग्गा दान दिएको कुरा वि.सं. १८६१ को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको पत्रमा परेको छ ।

नागेश्वर पाँडेको पाल्पाको जग्गामा कर माफी गरिदिएको कुरा वि.सं. १८६१ को श्री ५ गीर्वाणको पत्रमा परेको छ ।

नागेश्वर पाँडेलाई काठमाडौँ सिकमुगलटोलको घर दान दिएको कुरा वि.सं. १८६१ को श्री ५ गीर्वाणको पत्रमा परेको छ ।

नागेश्वर पाँडेलाई पाल्पाली राजा मुकुन्द सेन(द्वितीय)ले दिएको जग्गा रणबहादुर शाह काशी जाँदा सेवा गरेको हुनाले थामिदिएको कुरा वि.सं. १८६३ को श्री ५ गीर्वाणको पत्रमा परेको छ ।

कान्छा मुमा परलोक हुँदा गुरु सूर्यमणि मिश्र र पशुपति पण्डितलाई दान दिएको जग्गाको कुरा वि.सं. १८६३ को श्री ५ गीर्वाणको पत्रमा परेको छ ।

वृजलाल कुरुक्षेत्रीलाई वि.सं. १८६२ को कार्तिकसंक्रान्तिमा जग्गा दान दिएको कुरा वि.सं. १८६३ को श्री ५ गीर्वाणको पत्रमा परेको छ ।

बलभद्र पाँडे र दुर्योधन कार्कीलाई सम्बोधन गरी लेखिएको श्री ५ गीर्वाणको वि.सं. १८६५ को पत्रमा गुरु रङ्गनाथ मिश्र र पशुपति पण्डितलाई गादिममारख आदि कर माफी गरिदिएको कुरा परेको छ ।

श्रीकान्त चालिसेलाई श्री ५ रणबहादुर शाहको शुद्धशान्तिमा जग्गा दान दिएको कुरा वि.सं. १८६५ को श्री ५ गीर्वाणको पत्रमा परेको छ ।

वि.सं. १८६१ मा साहिँलीमुमा परलोक हुँदा रामभद्र प्याकुरेललाई जग्गा दान दिएको कुरा वि.सं. १८७२ को श्री ५ गीर्वाणको पत्रमा परेको छ ।

भादगाउँका मस्त बाँडाको अपुताली टैढी बाँडाले नखाई सरकारमा चढाएको जग्गा प्राणलक्ष्मीले किन्दा रजिष्ट्रेशन गरिदिएको कुरा वि.सं. १८७२ को श्री ५ गीर्वाणको पत्रमा परेको छ ।

दिलभरसिंह खत्रीले आफ्नो जग्गा जगन्नाथ उप्रेतीलाई बेचेपछि रजिष्ट्रेशन गरिदिएको कुरा वि.सं. १८९० को श्री ५ राजेन्द्रविक्रम शाहको पत्रमा परेको छ ।

युवराज सुरेन्द्रको जन्मोत्सवमा विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा वि.सं. १८९६ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

वि.सं. १८९७ को श्री ५ राजेन्द्रको पत्रमा नारायण पाँडेलाई पाठशालाको अख्तियारी गरिदिएको कुरा परेको छ । त्यस पत्रमा विद्यार्थीहरूलाई कसरी पाठ कण्ठ हुन्छ, त्यसरी कण्ठ गराई राम्ररी पढाउनू भनी लेखिएको छ । वेद, व्याकरण, न्याय, आयुर्वेद, ज्यौतिष, साहित्य विषयलाई यसरीयसरी पढाउनू भनेर पाठशालामा पनि त्यस पत्रमा लेखिएको छ । पाठशालामा अनुशासन राख्ने काम नारायण पाँडेले गर्नू भनेर त्यसमा लेखिएको छ । त्यस पत्रबाट काव्य साहित्य अलङ्कार पढाउन पुरोहित विद्यारण्यकेशरी अर्ज्याल, वेद पढाउन बुद्धिनाथ भट्टराई, व्याकरण पढाउन रमानाथ खकुरेल, न्याय पढाउन रामनाथ प्याकुरेल, आयुर्वेद पढाउन गङ्गानाथ वैद्य, ज्यौतिष पढाउन अरविन्द जैसी तोकिएका थिए भनेर पनि थाहा हुन्छ । मिहिनेत गरेर पढ्ने विद्यार्थीलाई पुरोहितमार्फत दानदक्षिणा दिलाइदिनू भनेर त्यस पत्रमा लेखिएको छ ।

श्री ५ राजेन्द्रको वि.सं. १८९७ को पत्रमा आफ्ना पति व्रजलाल पाँडेले दिएको जग्गा उनको जीवनभर स्याहारसुसार र मृत्युपछि सतित्वमा रही भोग गर्नू भनी सीता खसिनीलाई लेखिएको छ ।

विजयराज पाँडेलाई पुरोहित विश्वनाथ अर्ज्यालको खायलमध्येबाट आधा पौरोहित्य दिएको कुरा वि.सं. १८९८ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

युवराज सुरेन्द्रको वि.सं. १८९७ मा भएको व्रतबन्ध विवाहमा विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा श्री ५ राजेन्द्रको वि.सं. १८९८ को पत्रमा परेको छ ।

युवराज सुरेन्द्रले लगाएको रामायणको साङ्गेमा विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा वि.सं. १८९८ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

वि.सं. १८९९ को श्री ५ राजेन्द्रको पत्रमा विजयराज पाँडेलाई जागिरबापतको जग्गा दिएको कुरा परेको छ ।

श्री ५ राजेन्द्रको वि.सं. १८९९ को पत्रमा विजयराज पाँडेलाई चप्रासे कम्पनीमा दस्तूर बझाई जग्गा भोग गर्न दिएको कुरा परेको छ ।

वि.सं. १८९९ मा जेठी महारानी साम्राज्यलक्ष्मीको वार्षिक श्राद्धमा विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा २४ सङ्ख्याको वि.सं. १९०० को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

लक्ष्मिमा जोसिनीले विजयराज पाँडेलाई रु. ६००। मा घर बेचेको कुरा वि.सं. १९०० को पत्रमा परेको छ ।

वि.सं. १९०० मा पुराणको साङ्गेमा विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा वि.सं. १९०१ को श्री ५ राजेन्द्रको पत्रमा लेखिएको छ ।

वि.सं. १९०० मा युवराज सुरेन्द्रको विवाहमा विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा वि.सं. १९०१ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

सल्ल्यानका राजाले नागेश्वर पाँडेलाई दिएको बिर्ताको थमौती उनका छोरा विजयराजलाई गरिदिएको कुरा वि.सं. १९०१ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

गुरु पण्डितराज जनार्दन पौडेलको जिम्मा रहेको धर्माधिकार मानको पगरी वि.सं. १९०२ कार्तिकदेखि १ वर्षको लागि विजयराज पाँडेलाई दिएको कुरा वि.सं. १९०२ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

महाकालीपूर्व मेचीपश्चिम नेपाल राज्यभरका सम्बद्ध सबैलाई विजयराज पाँडेलाई धर्माधिकारी बनाएको कुराको सूचना वि.सं. १९०२ को श्री ५ राजेन्द्रको पत्रमा दिइएको छ ।

वि.सं. १९०१ को युवराज सुरेन्द्रको जन्मोत्सवमा विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा वि.सं. १९०२ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

महारानी राज्यलक्ष्मीले विजयराज पाँडेलाई दीक्षा गुरु वरण गरेको कुरा वि.सं. १९०३ को पत्रमा परेको छ ।

धर्माधिकार विजयराज पाँडेले कोतपर्वमा आफ्नो जीउ जोगाएबापत धर्मसम्बन्धी अधिकार दिनुको साथै राजपण्डितको मान दिएको कुरा वि.सं. १९०३ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

विजयराज पाँडेलाई जागीरको रूपमा विभिन्न ठाउँका जग्गा दिएको कुरा वि.सं. १९०३ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

कान्छी महारानी राज्यलक्ष्मीसँग पछि लागी काशी पुगेका श्री ५ राजेन्द्रले काशीबाट विजयराज पाँडेलाई २०/२५ दिनपछि नेपाल फर्कनेछु, तिमी र बद्रीनरसिंह बाटोसम्म लिन आउनू भनेको कुरा वि.सं. १९०३ को पत्रमा लेखिएको छ ।

दाजु भक्तवीरसहित जङ्गबहादुरका सातै भाइ, बखतजङ्ग कुँवर, कृष्णध्वज

कुँवर, गम्भीर अधिकारी, रणमेहर अधिकारीले विजयराज पाँडेसँग एकमत भई धर्मपत्र गरिएको छ ।

राजदरबारबाहिरको धार्मिक कार्यको जिम्मा पनि पण्डितराज रङ्गनाथ पौडेलको हातबाट झिकी विजयराज पाँडेलाई दिएको कुरा वि.सं. १९०३ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

महारानी सुरराज्यलक्ष्मीले विजयराज पाँडेलाई दीक्षा गुरु वरण गरेको कुरा वि.सं. १९०३ को पत्रमा परेको छ ।

श्री ५ राजेन्द्रका छोरा उपेन्द्रविक्रमले विजयराज पाँडेलाई आफ्नो खलकको गुरु वरण गरेको कुरा वि.सं. १९०३ को पत्रमा छ ।

म चाँडै नै नेपाल आउनेछु भनी श्री ५ राजेन्द्रले विजयराज पाँडेलाई वि.सं. १९०३ मा लेखेको पत्रमा राजनीतिका निकै कुरा परेका छन् ।

श्री ५ राजेन्द्रले वि.सं. १९०३ को चैतेदसैं राम्रोसँग गर्नू भनी विजयराज पाँडेलाई लेखेका छन् ।

सुगौलीबाट श्री ५ राजेन्द्रले विजयराज पाँडेलाई पठाएको वि.सं. १९०४ को पत्रमा जङ्गबहादुर र राजेन्द्रको पक्षको बीचमा चलिरहेको कूटनीतिको झलक निकै पाइन्छ ।

विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा वि.सं. १९०४ को श्री ५ राजेन्द्रको पत्रमा परेको छ ।

सुगौलीबाट श्री ५ राजेन्द्रले विजयराज पाँडेलाई पठाएको वि.सं. १९०४ को पत्रमा पनि त्यही षाड्गुण्यको कुरा छ । यसको साथै तीर्थराज पाँडे पनि यस वेला राजेन्द्रविक्रमसँगै छन् भन्ने कुरा यसबाट बुझिन्छ ।

वि.सं. १९०३ मा विजयराज पाँडेलाई दान गरिएको जग्गाविषयको कुरा सुरेन्द्रविक्रम शाहको वि.सं. १९०४ को पत्रमा परेको छ ।

सुगौलीबाट श्री ५ राजेन्द्रले विजयराज पाँडेलाई लेखेको वि.सं. १९०४ को पत्रमा पनि त्यही दोहरो संवादको कुरा छ ।

वि.सं. १९०४ मा सुगौलीबाट श्री ५ राजेन्द्रले विजयराज पाँडेलाई लेखेको पत्रमा राजेन्द्रको विवाहको कुरा परेको छ । विजयराजले पत्र पठाएपछि त्यसको

जवाफमा राजेन्द्रले पत्र लेख्ने गरेका छन् । यी पत्रबाट अलैपर्व हुनुभन्दा अघि र सुरेन्द्रलाई राजगद्दीमा राख्नु भन्दा अघिको नेपालको अवस्थामा प्रकाश पर्छ ।

हाम्रो गाथगादी जोगाएको हुनाले त्यसबापत गुरुपदवी दियौँ भनी विजयराज पाँडेलाई लेखिदिएको कुरा वि.सं. १९०४ को श्री ५ सुरेन्द्रको पत्रबाट बुझिन्छ ।

वि.सं. १९०४ को श्री ५ सुरेन्द्रको पत्रमा दीक्षा मन्त्र सुनाएबापत विजयराज पाँडे र नगेन्द्रराज पाँडेलाई जग्गा दिएको कुरा परेको छ ।

वि.सं. १९०४ को श्री ५ सुरेन्द्रको पत्रमा विजयराजका छोरा नगेन्द्रराज पाँडेलाई फसिकेवमा घर जग्गा दिएको कुरा परेको छ ।

वि.सं. १९०४ र १९०५ का पत्र ५१-५२ नगेन्द्रराज पाँडेलाई फसिकेवमा घर जग्गा दिएको कुरासँग सम्बद्ध छन् ।

महारानी त्रैलोक्यराज्यलक्ष्मीको वि.सं. १९०५ को पत्रमा विजयराज र उनका सन्तानलाई गायत्रीगुरु दीक्षागुरु मान्ने कुरा परेको छ ।

वि.सं. १९०५ को श्री ५ सुरेन्द्रको पत्रमा विजयराज पाँडेलाई गङ्गोत्तरीको जल झिकाउने अख्तियारी दिएको कुरा परेको छ ।

वि.सं. १९०५ को श्री ५ सुरेन्द्रको पत्रमा विभिन्न अवसरमा विजयराज पाँडेलाई जग्गा दिएको कुरा परेको छ ।

वि.सं. १९०५ को पत्रमा विजयराज पाँडेले रु. १००१ मा लक्ष्मी जोसिनीसँग मधेशको जग्गा किनेको कुरा परेको छ ।

वि.सं. १९०५ को पत्रमा दामोदर पण्डितकी पत्नी राज्यलक्ष्मीले आफ्नी आमालाई जग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९०५ को पत्रमा रामनारायण मिश्र र ज्वालादत्त मिश्रले विजयराज पाँडेसँग रु.१००१। लिई आफ्नो मधेशको जग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९०५ को पत्रमा विजयराज पाँडेलाई जागीरबापतको जग्गा सट्टा दिएको कुरा परेको छ ।

जङ्गबहादुरको वि.सं. १९०५ को पत्रमा नगेन्द्रराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९०५ को श्री ५ सुरेन्द्रको पत्रमा जङ्गबहादुरलाई जग्गा दिएको कुरा परेको छ ।

श्री ५ सुरेन्द्रको वि.सं. १९०५ को पत्रमा विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

जङ्गबहादुरको वि.सं. १९०६ को पत्रमा चान्द्रायणको काम कृष्णराम पण्डितबाट झिकी विजयराज पाँडेलाई दिएको कुरा परेको छ ।

वि.सं. १९०६ को श्री ५ सुरेन्द्रको पत्रमा फसिकेवटोलको घरजग्गाको रजिष्ट्रेशन गरिदिएको कुरा परेको छ ।

वि.सं. १९०६ को श्री ५ सुरेन्द्रको पत्रमा जयराम जोशीलाई फसिकेवटोलको घरजग्गा शक्तिवल्लभ अर्ज्यालले बेचेको कुरा परेको छ ।

वि.सं. १९०७ को बद्रीनरसिंहको पत्रमा विजयराज पाँडेको ठवहिलको जग्गा बद्रीनरसिंहको बगैँचामा परेकोले त्यसमा सट्टा टेखामा जग्गा दिएको कुरा परेको छ ।

वि.सं. १९०८ को श्री ५ सुरेन्द्रको पत्रमा उपेन्द्रविक्रम शाहले विजयराज पाँडेलाई जग्गा दान गरेको कुरा परेको छ ।

वि.सं. १९०९ को पत्रमा बाँडाहरूले विजयराज पाँडेसँग ५० रुपैयाँ लिइ पोखलड्याङटोलको जग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९१० को पत्रमा विजयराज पाँडेले धन बडेनीसँग घर सट्टापट्टा गरेको कुरा परेको छ ।

वि.सं. १९१० को पत्रमा भोसिकोटेल बस्ने रामचन्द्र रेग्मीले आफ्नो बेलकोटको जग्गा डिट्ठा पद्मनिधि पाँडेलाई बेचेको कुरा परेको छ ।

वि.सं. १९१० को श्री ५ सुरेन्द्रको पत्रमा विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९१० को विजयराज पाँडेको पत्रमा डिट्ठा पद्मनिधि पाँडेलाई पाकोटेलको घर बकस दिएको कुरा परेको छ ।

वि.सं. १९११ को श्री ५ सुरेन्द्रको पत्रमा रामचन्द्र रेग्मीले डिट्ठा पद्मनिधि पाँडेलाई बेलकोटको जग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९११ को पत्रमा जङ्गबहादुरदेखि पृथ्वीध्वज राणासम्मले विजयराज पाँडेलाई गुरुपदवी दिएको कुरा परेको छ ।

वि.सं. १९११ को पत्रमा जङ्गबहादुरदेखि केदारनसिंहसम्मले विजयराज पाँडेलाई पूर्विया कुर्माइँ भट्ट तेह्रौँति ब्राह्मणको जातभातको कुरामा निर्णय गर्ने अधिकार दिएको छ ।

वि.सं. १९११ को पत्रमा जङ्गबहादुरदेखि केदारनरसिंहसम्मले विजयराज पाँडेलाई दरबारको धर्मसम्बन्धी अधिकार दिएको कुरा परेको छ ।

वि.सं. १९१२ को श्री ५ सुरेन्द्रको पत्रमा विजयराज पाँडेलाई सुरेन्द्रकी जेठी छोरीको विवाहमा जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९१३ को श्री ५ सुरेन्द्रको पत्रमा विजयराज पाँडेले गूठी राखेको कुरा परेको छ ।

वि.सं. १९१३ को पत्रमा जङ्गबहादुरले बझाङ्गी राजासँग किनेको घरजग्गा विजयराज पाँडेलाई दान दिएको कुरा परेको छ ।

वि.सं. १९१३ को श्री ५ सुरेन्द्रको पत्रमा जङ्गबहादुरले बझाङ्गी राजासँग घरजग्गा किनेको कुरा परेको छ ।

वि.सं. १९०३ को श्री ५ सुरेन्द्रको पत्रमा जङ्गबहादुरले बझाङ्गी राजासँग किनेको घरजग्गा विजयराज पाँडेलाई दान दिएको कुरा परेको छ ।

वि.सं. १९१४ को पत्रमा विजयराज पाँडेले आफू र आफ्ना सन्तानमा धर्माधिकारको पद रहेसम्म ३ जना पण्डित, १० जना विद्यार्थी र १ जना टहलुवा राखी निजी खर्चमा पाठशाला चलाउने कुरा परेको छ ।

वि.सं. १९१४ को पत्रमा कृष्णराम जोशीले हरिलाल पाँडेसँग कर्जा लिएको कुरा परेको छ ।

वि.सं. १९१५ को श्री ५ सुरेन्द्रको पत्रमा द्विजराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९१५ को श्री ५ सुरेन्द्रको पत्रमा श्री ५ राजेन्द्रको जन्मोत्सवमा नगेन्द्रराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९१५ को पत्रमा नरदेव अर्ज्याल र शिवप्रियाले विजयराज पाँडेलाई १००१ रुपैयाँ लिई जग्गा बिक्री गरिदिएको कुरा परेको छ ।

वि.सं. १९१६ को पत्रमा फसिकेवटोल बस्ने भैरवनाथ पाँडेले रु. २४० मा विजयराज पाँडेलाई बेलकोटको जग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९१६ को पत्रमा भैरवप्रसाद पाँडेले रु.४०१ मा फसिकेवटोलको घरजग्गा विजयराज पाँडेलाई बेचेको कुरा परेको छ ।

वि.सं. १९१६ को पत्रमा भालचन्द्र लामिछानेले विजयराज पाँडेलाई जग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९१७ को श्री ५ सुरेन्द्रको पत्रमा वि.सं. १९१५ को श्री ५ राजेन्द्रको जन्मोत्सवमा द्विजराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९१७ को श्री ५ सुरेन्द्रको पत्रमा वि.सं. १९१५ को युवराज त्रैलोक्यको जन्मोत्सवमा द्विजराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९१७ का श्री ५ सुरेन्द्रका २ पत्रमा वि.सं. १९१६ मा जङ्गबहादुरले विजयराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९१८ मा श्री ५ सुरेन्द्रले भाइ उपेन्द्रलाई लेखेको पत्रमा तिम्रो सवारी चलाउन नगेन्द्रराज पाँडे आउँदैछन् भनी लेखिएको छ ।

वि.सं. १९१८ को श्री ५ सुरेन्द्रको पत्रमा विजयराज पाँडेले गूठी राखेको कुरा परेको छ ।

बालनरसिंह कुँवरका ५ भाइ छोराले विजयराज पाँडेलाई धर्मपत्र गरिदिएको कुरा परेको छ ।

वि.सं. १९१९ को पत्रमा काजी जसपाउ थापाकी पत्नी चित्रलेखाले लोकराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९१९ को पत्रमा कप्तान अमरविक्रम पाँडेले आफ्नी आमा दीर्घकुमारीलाई बाजे जनरल भीमसेन थापाले दाइजोको रूपमा दिएको जग्गा विजयराज पाँडेसँग १५०१ रुपैयाँ लिई बेचेको कुरा परेको छ ।

वि.सं. १९२० मा श्री ५ सुरेन्द्रले विजयराज पाँडेलाई लेखिदिएको पत्रमा गौरेश्वर पाँडे हाम्रो पुर्खाका गुरु, ३६ वर्ष मुख्तियारी ग़री राम्ररी शासन गरेका भीमसेन थापालाई पाँडेहरूको पक्षमा लागी मिश्रहरूले बिगारेका, पौडेल मिश्रहरूलाई खारेज गरी यहाँलाई हामीले गुरु मान्यौँ, बासठ्ठी हरण भएको बिर्ता पनि फिर्ता हुन्छ, हाम्रो दरबारमा व्यभिचार नगरुञ्जेल सन्तानदरसन्तानसम्म गुरुपदवी थाम्यौँ भनी लेखिएको छ ।

वि.सं. १९२० मा श्री ३ जङ्गबहादुरले नगेन्द्रराज पाँडे, द्विजराज पाँडे र वेदराज पाँडेलाई हाम्रो कुलमा पिँढीपिछे १ जनालाई अधिकारीले दीक्षामन्त्र सुनाउनू, सत्यालले गायत्री मन्त्र सुनाउनू, एकजना मात्र भए हजुरकै सन्तानले सुनाउनू भनी लेखिएको छ ।

वि.सं. १९२० मा जनरल बखतजङ्गले माथिकै व्यक्तिलाई जङ्गबहादुरकै बेहोरामा पत्र लेखेर दिइएको छ ।

वि.सं. १९२० मा जनरल जगत्शमशेरले माथिकै व्यक्तिलाई माथिकै बेहोराको पत्र लेखेर दिइएको छ ।

वि.सं. १९२० मा धीरशमशेरले माथिकै व्यक्तिलाई माथिकै बेहोराको पत्र लेखेर दिइएको छ ।

वि.सं. १९२० मा जङ्गबहादुर र रणोद्दीपसिंहले माथिकै व्यक्तिलाई माथिकै बेहोराको पत्र लेखेर दिइएको छ ।

वि.सं. १९२० को पत्रमा सैँबु बस्ने कृष्णदत्त र धर्मदत्त प्याकुरेलले २५०१ रुपैयाँ लिई जग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९२१ को पत्रमा जङ्गबहादुर, रणोद्दीपसिंह, जगत्शमशेर, धीरशमशेर, जगत्जङ्ग र जितजङ्गले नगेन्द्रराज पाँडे, द्विजराज पाँडे र वेदराज पाँडेलाई गुरु बनाएको कुरा लेखिएको छ ।

नगेन्द्रराज पाँडेको प्रमाणपत्रमा विजयराज शर्मा पण्डितराजका छोरा नेपालका राजाका गुरु नगेन्द्रराज शर्मा पण्डितले व्याकरणका सिद्धान्तकौमुदी मनोरमा शब्दरत्न परिभाषेन्दुशेखर र महाभाष्य, काव्य र साहित्यमा रघुवंश माघ (शिशुपालवध) किरातार्जुनीय नैषध र कुवलयानन्द, धर्मशास्त्रमा मनुस्मृति मिताक्षारा (याज्ञवल्क्यस्मृति)को दायभाग, न्यायमा कारिकावली मुक्तावली व्याप्तिपञ्चक व्यधिकरणधर्मावच्छिन्नाभाव र सिद्धान्तक्षणी राम्ररी पढे भनी लेखिएको छ । नेपालका राजाबाट पाएको राजगुरु र धर्माधिकारी भन्ने दुवै पदवीले अलङ्कृत भएका नगेन्द्रराज ठूला विद्वान् र कुलीन छन् भनी लेखिएको छ । यस प्रमाणपत्रमा बापूदेव शास्त्री राजाराम शास्त्री र बाल शास्त्रीको संमति छ भनेर लेखिएको छ ।

वि.सं. १९२२ को पत्रमा जङ्गबहादुरले विजयराज पाँडेलाई म ६ महीनाको लागि बेलायत जाँदैछु, म बेलायतबाट फर्केर नआउन्जेलसम्म हजुर काशीबाट नेपाल आउनुहोस् भनेर लेखिएको छ ।

वि.सं. १९२३ को पत्रमा सुबेदार हरिवंश खत्रीले उपेन्द्रविक्रम शाहसँग १२५ रुपैयाँ लिई आफ्नो जग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९२४ को पत्रमा अन्नपूर्णा लोहत्यानीले धर्मपुत्री हरिमायालाई जग्गा दिएको कुरा परेको छ ।

वि.सं. १९२४ को पत्रमा श्री ५ सुरेन्द्रले हाम्रो नातिको जन्म हुने भएकाले आशीर्वाद दिन कडरवन आइपुग्नुहोस् भनी विजयराज पाँडेलाई लेखेको कुरा परेको छ ।

वि.सं. १९२४ को पत्रमा लेफटेन्ट कर्णेल गजराजसिंह थापाले मन्त्र सुनाउने अधिकार विजयराज पाँडेका सन्तानलाई दिएको कुरा परेको छ ।

वि.सं. १९२४ को पत्रमा श्री ५ सुरेन्द्र र युवराज त्रैलोक्यले वेदराज पाँडेकी पत्नीलाई युवराज त्रैलोक्यकी कान्छी रानीलाई मन्त्र सुनाउनू भनी लेखिएको छ ।

वि.सं. १९२४ को पत्रमा श्री ३ जङ्गबहादुरदेखि मेजर जनरल बुद्धिविक्रमबहादुरसम्मकाले पाँडे परिवारलाई धार्मिक कुराको जिम्मा दिएको कुरा परेको छ ।

वि.सं. १९२५ को पत्रमा जङ्गबहादुर र रणोद्दीपसिंहले नगेन्द्रराज पाँडेलाई नयाँ खुलेको पाठशालाको अख्तियारी दिएको कुरा परेको छ ।

वि.सं. १९२६ को पत्रमा पोखल्ड्याङ्येल बस्ने सीतादेवी क्षत्रिणीले आफ्नो जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९२६ को पत्रमा कुरुक्षेत्रीहरूले विजयराज पाँडेलाई जग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९२७ को श्री ५ सुरेन्द्रको पत्रमा नगेन्द्रराज पाँडेलाई सञ्चो छैन त्यस कारण हजुर एकपटक यहाँ आउनुहोस् भनी विजयराज पाँडेलाई लेखिएको छ ।

वि.सं. १९२७ को पत्रमा श्री ५ सुरेन्द्रले विजयराज पाँडेकी पत्नीलाई काठमाडौँमा बोलाएको कुरा परेको छ ।

वि.सं. १९२८ को पत्रमा जुद्धप्रतापलाई लोकराज पाँडेले गायत्री मन्त्र सुनाउनू भनी लेखिएको छ ।

वि.सं. १९२८ को पत्रमा सुबेदार भीमसेन खत्रीले ३०० रुपैयाँ लिई विजयराज पाँडेलाई घर बेचेको कुरा परेको छ ।

वि.सं. १९२८ को पत्रमा पञ्च्या ज्यापुले सुबेदार भीमसेन खत्रीसँग २३२ रुपैयाँ लिई घरको आफ्नो हक छाडिदिएको कुरा परेको छ ।

वि.सं. १९२८ को पत्रमा भाननरसिंह बाँड़ाले विजयराज पाँडेसँग कर्जा लिई आफ्नो घरजग्गा भोगबन्धकी दिएको कुरा परेको छ ।

वि.सं. १९२८ को पत्रमा पाको पोखल्ड्याङटेलबस्ने व्रजलाल ओझाले विजयराज पाँडेसँग ८०० रुपैयाँ लिई आफ्नो घरजग्गा बेचिदिएको कुरा परेको छ ।

वि.सं. १९२८ को पत्रमा रु. ३०१ मा पाकोपोलडच्याडटेलको घरजग्गा बेचिएको कुरा परेको छ ।

वि.सं. १९२८ को पत्रमा पाको पोखल्ड्याङटेल बस्ने दयाथकुं बडेनीले ४०१ रुपैयाँ विजयराजसँग लिई आफ्नो घरजग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९२८ को पत्रमा लक्ष्मीधन र कृष्णधन उदासले विजयराज पाँडेसँग पर्खालको सट्टापट्टा गरेको कुरा लेखिएको छ ।

वि.सं. १९२९ मा विजयराज पाँडेले लेखिदिएको पत्रमा उनकी कान्छी पत्नी मुक्तलक्ष्मीले माहिली छोरी प्रेमकुमारीलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९२९ को श्री ५ सुरेन्द्रको पत्रमा मुक्तलक्ष्मी, नगेन्द्रराज र लोकराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९२९ का २ पत्रमा नगेन्द्रराज पाँडेले जङ्गबहादुरलाई ४५०। र ३०००। रुपैयाँ लिई फसिकेवटेलको आफ्नो घरजग्गा बेचेको कुरा परेको छ ।

वि.सं. १९२९ को पत्रमा नगेन्द्रराज पाँडेसँग जङ्गबहादुरले किनेको फसिकेवटेलको घरजग्गा लोकराज पाँडेलाई दान दिएको कुरा परेको छ ।

वि.सं. १९२९ को श्री ५ सुरेन्द्रको पत्रमा लोकराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९२९ को पत्रमा वाचस्पति पन्तकी पत्नी प्रेमकुमारी (विजयराज पाँडेकी छोरी)ले बाबुले आफूलाई दिएको जग्गा ७२२५ रुपैयाँ लिई सरकारलाई बेचेको कुरा परेको छ ।

वि.सं. १९२९ जङ्गबहादुरका २ पत्रमा जङ्गबहादुरले लोकराज पाँडेलाई घरजग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९३५ को श्री ५ सुरेन्द्रको पत्रमा विजयराज पाँडेले राखेका पौवाहरुको व्यवस्थाको कुरा परेको छ ।

वि.सं. १९३५ को श्री ५ सुरेन्द्रको पत्रमा विजयराज पाँडेको मृत्युको कुरा परेको छ ।

वि.सं. १९३६ को श्री ५ सुरेन्द्रको पत्रमा लोकराज पाँडेको जग्गाजमीनको व्यवस्था गरिदिएको कुरा परेको छ ।

वि.सं. १९३६ को श्री ५ सुरेन्द्रको पत्रमा गुरुमाहरुले मन्त्र सुनाएबापत जग्गा दान पाएको कुरा परेको छ ।

केदारनरसिंहको पत्रमा लोकराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९३७ को श्री ५ सुरेन्द्रको पत्रमा द्विजराज पाँडेलाई श्री ३ महाराज रणोद्दीपसिंहले विभिन्न अवसरमा जग्गा दान दिएको कुरा परेको छ ।

वि.सं. १९३८ को पत्रमा द्विजराज पाँडेले काशीनाथ उप्रेतीलाई ४८०१ रुपैयाँ दिई जग्गा किनेको कुरा परेको छ ।

वि.सं. १९३९ को पत्रमा द्विजराज पाँडेले जग्गा किनेको कुरा परेको छ ।

दीपकुमारीको वि.सं. १९४० को पत्रमा वि.सं १९३९ मा श्री ५ कान्छा महारानीलाई घाट चलाउँदा लोकराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

जीतजङ्गदेखि भैरवबहादुरसम्मका ६५ जना राणाजीले लोकराज पाँडे, भीमराज पाँडे, कुवलयराज पाँडे र तर्कराज पाँडेलाई वि.सं. १९४१ मा लेखिदिएको धर्मपत्रमा हाम्रो कुलका स्त्रीहरूलाई व्यभिचार नगरुञ्याल गुरुपदवी थाम्यौँ भनी लेखिएको छ ।

वि.सं. १९४१ को द्विजराज पाँडेको पत्रमा उनले देवपाटनमा स्थापना गरेको शिवनारायण द्विजराजेश्वरको लागि गूठी राखिदिएको कुरा परेको छ ।

वि.सं. १९४१ मा धीरशमशेरदेखि जोगविक्रमसम्मका ७२ जना राणाजीहरूले लोकराज पाँडे, भीमराज पाँडे, कुवलयराज पाँडे र तर्कराज पाँडेको नाममा लेखिदिएको धर्मपत्रमा सत्याल र अधिकारीहरूले बलपूर्वक दीक्षा गायत्री सुनाइएको नाम दिई अब उनीहरूले धेरैपछि मात्र मन्त्र सुनाउन पाउँछन् भनी लेखिएको छ ।

वि.सं. १९४१ को पत्रमा द्विजराज पाँडेले पद्मलाल भट्टराईसँग १२०१ रुपैयाँमा जग्गा किनेको कुरा परेको छ ।

वि.सं. १९४२ को श्री ५ पृथ्वीवीरविक्रम शाहको पत्रमा द्विजराज पाँडे र भीमराज पाँडेलाई जग्गा दान दिएको कुरा परेको छ ।

यी पत्र वि.सं. १८४९ देखि १९४२ सम्मका छन् । यी पत्रहरूमध्ये अधिकांश पत्र विजयराज पाँडेसँग सम्बद्ध छन् तापनि केही पत्र भने विजयराज पाँडेको जन्म वि.सं. १८६२ भन्दा अघिका र उनको मृत्यु वि.सं. १९३५ पछिका पनि छन् । ती पत्र पनि विजयराजका पुर्खा र उनका सन्तानसँग सम्बद्ध छन् । केही पत्र भने त्यस परिवारले अरूको घरजग्गा किन्दा आएका हुनाले प्रत्यक्ष हेर्दा विजयराजसँग असम्बद्ध जस्ता पनि छन् । तर ती पत्र घरजग्गाको सम्बन्धले त्यही परिवारसँग सम्बद्ध भएको र विजयराजकै पत्र बढी भएकाले यस पुस्तकको नाउँ बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू भनी राखिएको हो ।

हामीले पाएको पत्रमा ३ पृष्ठदेखि शुरू भई १५० पृष्ठसम्मको एउटा खण्ड छ । त्यस खण्डमा १४३ पृष्ठपछि १४४ पृष्ठ लेख्नुपर्नेमा भुक्िएर १४५ पृष्ठ लेखिई त्यही क्रमले १४६ हुँदै १५० पृष्ठ हुन गएको छ । १४३ पृष्ठको अन्त्यको र १४५ पृष्ठको शुरूको वाक्य हेर्दा एउटै पत्र त्यो देखिन्छ । त्यसै गरी अर्को खण्ड १ पृष्ठ देखि ५० पृष्ठसम्मको छ ।

विजयराजका नाति नातिगुरुज्यू लोकराज (वि.सं. १९०९-१९४७) ले मूलपत्र आफ्नो वंशका अरूको संग्रहमा गएकाले आफ्नो मान्छेद्वारा यसको प्रतिलिपि गराएका हुन् भन्ने भनाइ बडागुरुज्यू केसरिराजको थियो । मैले पाएको फोटोकपीमा केही पत्रका पूरा अंश नआएकाले त्यो अपूरो रहन गएको कुरा जानकारी गराउँदै भविष्यमा मूलपत्र भएकाले वा केसरिराजका सन्तानबाट प्रकाश हुन गयो भने पूर्ण रूपमा बाहिर आउला भनेर आशा गर्न सकिन्छ ।

यी पत्रहरूबाट विजयराज र उनको वंशको बारेमा त प्रकाश परेको छ नै त्यसको साथसाथै आ-आफ्नो वंशको वंशावली इतिहास तयार गर्ने प्रसङ्ग चलिरहेको वर्तमान अवस्थामा अरू धेरै थरको वंशावली तयार गर्न पनि यिनबाट मदत मिल्ने स्पष्ट छ ।

यस पत्रमा जस्तो छ, त्यस्तै गरेर पाठ दिइएको छ । सार्नेको दोषले केही अशुद्धि भएको बुझिन्छ तापनि मूल हेर्न नपाएकोले यसै हो भनी सबै ठाउँमा भन्न सकिँदैन । ज्यादै अस्पष्ट हुने ठाउँमा कतैकतै मात्र कोष्ठमा अक्षर थप्ने र शुद्ध रूप दिइएको छ ।

नेपालमा पाठशालाको इतिहासको प्रसङ्गमा वि.सं. १८९७ को श्री ५ राजेन्द्रको पत्रबाट त्यस वेला पाठशाला स्थापना भइसकेको कुरा बुझिन्छ। त्यसको साथै वि.सं. १९१४ मा बडागुरुज्यू विजयराज पाँडेले आफ्नो निजी खर्चमा पाठशाला खोलेको तथ्य पनि बाहिर आएको छ। यसै गरी वि.सं. १९२५ मा जङ्गबहादुरले नयाँ खुलेको पाठशालाको अख्तियारी बडागुरुज्यू नगेन्द्रराज पाँडेलाई दिएको कुरा पनि यसमा आएको छ।

नरभूपाल शाहलाई राजगद्दीमा राख्ने काममा मद्दत गर्ने पाँडे वंशको बारेमा जान्न यो सामग्री निकै काम लाग्दो छ। यसको साथै नेपालमा सर्वप्रथम वि.सं. १९४१ मा पात्रो प्रकाश गर्ने वाचस्पति पन्तको परिवारको बारेमा पनि यी सामग्रीबाट केही प्रकाश पर्छ। काठमाडौं शहरका विभिन्न टोलको उल्लेख यी पत्रमा आएका छन्। नेपालको शहरी विकासको अध्ययनमा पनि यसले मद्दत गर्छ र नेपालको शाहकालको भूमिव्यवस्थाको अध्ययनमा यी पत्रबाट सहयोग मिल्छ। बनारसबाट काठमाडौँमा आएर बसेका केही परिवारको बारेमा पनि यी पत्रबाट प्रकाश पर्छ र कुरुक्षेत्रबाट यहाँ आएर बसेका केही परिवारको थरमा कुरुक्षेत्री पनि प्रयोग भएको कुरा यी पत्रबाट बुझिन्छ।

शासकहरू आफ्नो अनुकूलका मान्छेलाई कसरी दिन्छन् भन्ने कुराको नमूना पनि यी पत्रमा पाइन्छन्। बाबु नगेन्द्रराजसँग घरजग्गा किनी त्यही घर जग्गा छोरा लोकराजलाई दान दिने जङ्गबहादुरको नीति निकै रमाइलो छ। हाम्रो यहाँ जङ्गबहादुरले स्थापना गरेको राणाशासनलाई गाली गर्ने र त्यसमा विजयराज पाँडेलाई जोडी गाली गरिहाल्ने प्रचलन छ र जङ्गबहादुरको उदय भएपछि मात्र विजयराजको उदय भएको कुरा व्यापक प्रचार छ। तर यो कुरा प्रामाणिक होइन। नरभूपाल शाहको पालादेखि नै विजयराज पुर्खा गुरुज्यूको रूपमा गोरखाराज्यसँग सम्बद्ध थिए। त्यही वंशका विजयराज पाँडेले वि.सं. १८९८ मै दरबारको पौरोहित्य समालिसकेको स्पष्ट देखिन्छ। कोतपर्व हुनुभन्दा अघि नै महारानी राज्यलक्ष्मीले विजयराजलाई दीक्षा गुरुको रूपमा वरण गरेको कुराबाट पनि यसमा अझ बढी प्रकाश पर्छ।

वि.सं. १८६२ माघ १९ गते जन्मेका विजयराजको वि.सं. १९३५ मार्ग २९ गते काशीमा मृत्यु भएको हो। वि.सं. १९२१ देखि बडागुरुज्यू पद छोडी काशीवास गर्दै आएका विजयराजलाई फकाउन जङ्गबहादुरले लेखेका पत्र पनि यस संग्रहमा छन्। म फेरि बेलायत जाँदैछु (जङ्गबहादुरको यो बेलायतयात्रा भने भएन), त्यस

वेलामा कमसेकम ६ महीनाको लागि भए पनि नेपाल आएर हजुर बस्नुहोस् भनी त्यस पत्रमा जङ्गबहादुरले लेखेका छन् । निश्चय नै जङ्गबहादुरको उदय भएपछि विजयराजको बढी उदय भएको हो । राणाजीहरूमा भाइभाइमा शासन जाने जस्तै गुरुज्यूहरुमा पनि छोराछोरामा नगई भाइभाइमा जाने परम्परा रह्यो र विजयराजदेखि खगेन्द्रराजसम्म यही परम्परा रहिरह्यो । मूलपुरोहिततिर भने तीर्थराजदेखि प्रयागराजसम्म यो परम्परा चले तापनि प्रयागराजपछि यो परम्परा काकाका छोरा जनकराजमा नगई छोरा विक्रमराजमा गएको कुरा यस प्रसङ्गमा स्मरणीय छ । १०४ वर्षको राणाशासनले नेपालको इतिहासमा महत्त्वपूर्ण स्थान लिए जस्तै गुरुज्यू पुरोहितको यस परम्पराको विषयमा प्रामाणिक अध्ययन गर्न पनि यी पत्रले मद्दत गर्ने कुरा स्पष्टै छ ।

यस सङ्ग्रहमा परेका पत्रमा एउटा पत्रलाई छोडेर सर्वत्र विक्रमसंवत्को प्रयोग गरिएको छ । श्री ५ रणबहादुर शाहदेखि श्री ५ पृथ्वीवीरविक्रम शाहसम्मका पत्र यहाँ परेका छन् । यहाँ भएका दुनियाँदारले लेखेका पत्र पनि श्री ५ रणबहादुर शाह, श्री ५ गीर्वाणयुद्धविक्रम शाह, श्री ५ राजेन्द्रविक्रम शाह, श्री ५ सुरेन्द्रविक्रम शाह र श्री ५ पृथ्वीवीरविक्रम शाहको राज्यकालका हुन् । एउटा पत्रमा भने साल दिँदा वि.सं. नदिई सन् दिइएको छ । त्यो पत्र पाल्पाका अन्तिम राजा पृथ्वीपाल सेनको हो । विजयराजका बाजे नारायणलाई पृथ्वीपाल सेनले लेखिदिएको यस पत्रमा नारायणका बाबु जगन्निवासलाई दिएको जग्गा थामिदिएको कुरा परेको छ ।

विजयराजका बाबु नागेश्वर, उनका बाबु नारायण, उनका बाबु जगन्निवास र उनका बाबु गौरीश्वरको उल्लेख यी पत्रमा आएको छ । विजयराजका बाजे नारायणका अर्का छोरा वेणीप्रसादका छोरा तीर्थराज, उनका दुइ छोरा अमरराज र वामदेवको उल्लेख पनि यहाँ आएको छ । विजयराजका छोरा नगेन्द्रराज, द्विजराज र वेदराजको उल्लेखको साथै नगेन्द्रराजका छोरा लोकराज र तर्कराजको उल्लेख यहाँ आएको छ । द्विजराजका छोरा भीमराज र कुवलयराजको उल्लेख पनि यहाँ आएको छ । विजयराजका बाजे नारायणका बाजे गौरीश्वरका छोरा राजीवलोचनका नाति वाणीविलासको उल्लेख पनि यहाँ आएको छ । बडागुरुज्यू केसरिराज पाण्डेबाट पाएका यी पत्र म दिनेशराज पन्तले छपाउँदैछु । त्यसैले यस वंशसँग सम्बद्ध वंशवृक्ष तल दिएको छु ।


१. गौरीश्वर पाँडे
२. जगन्निवास
२. राजीवलोचन
३. नारायण
३. रामहृदय
४. वेणीप्रसाद
४. नागेश्वर
४. वाणीविलास
५. तीर्थराज
५. विजयराज
५. विश्वेश्वरविलास
६. अमरराज
६. वामदेव
६. नगेन्द्रराज
६. द्विजराज
६. वेदराज
६. चन्द्रप्रभा+भुवननाथ पाँडे
७. जनकराज
७. लोकराज
७. तर्कराज
७. भीमराज
७. कुवलयराज
७. यज्ञप्रिया+कृष्णदत्त पन्त
८. बुधकुमारी+नयराज पन्त
८. हेमराज
८. नयराज
९. महेशराज
९. दिनेशराज
९. केसरिराज
९. महेशराज
९. दिनेशराज
१०. प्रकाश ए. राज
१०. विकासराज
१०. कैलाशराज

यहाँ छापिएका पत्रहरूबाट आउने सामान्य कुराको बारेमा यहाँ चर्चा गरियो। पत्रहरू पूरा छापिएका र आफूले पाएको प्रतिलिपिलाई जस्ताको तस्तै छापिदिएकोले अनुसन्धाताहरूले यी सामग्रीहरूबाट निकै कुरा बाहिर ल्याउनुहुनेछ भन्ने आशा मैले लिएको छु। स्वयं म पनि आफ्नो ज्ञान बढाउँदै यसका अगामी संस्करणमा यताबाट प्रकाशमा आउने कुरालाई बाहिर ल्याउने वाचा गर्दछु।

यी पत्रहरूमध्ये अधिकांश पत्र अप्रकाशित हुन्। १, २०, २२, २९, ३२, ३५, ३६, ४०, ४२, ४५, ४६, ४७, १०१, १०३, १०८, १०९ सङ्ख्याका पत्र विजयराज पण्डितका २१, २५, २७-४२, ४४-४७ पृष्ठमा फोटोसहित छापिएका छन्। त्यसै गरी रोलम्ब ७ वर्ष १ अङ्कका ५१-५२ पृष्ठमा इतिहासका कुरा स्तम्भमा ३६, ४८, ११९ सङ्ख्याका पत्र छापिएका छन्।

यो पुस्तक छापिदिएकोमा खिलशर्म-राजीवलोचनजोशीस्मारिका प्रतिष्ठानका अध्यक्ष श्रीपुरुषोत्तमराज जोशीलगायत सबै सदस्यमा धन्यवाद ज्ञापन गर्दछु। यो सम्पादन गर्दा मैले दाइ डा. श्रीमहेशराज पन्त, सहप्रा. श्रीरुक्मनाथ पौडेल र श्रीयशस्वी पन्तबाट सहयोग पाएको छु। यसको लागि उहाँहरूलाई धन्यवाद ज्ञापन गर्दछु।

वि.सं. २०६८ मार्ग १ गते बृहस्पतिवार **-दिनेशराज पन्त**

(१ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेरजँदेवानां सदा समरविजइनाम्------

स्वस्ति श्रीनागेश्वरपंडितेषु प्रणामाः सन्तुः ञाहा कुसल ताहा कुसल चाहिये. आगे ञाहाको स्माचार भलो छ. उप्रान्त तपाञिका भाई आपनु घर जानि आउनुभयेथ्यो. हामिले तपाञिका भाइको द्वार गरि खातीरजामापूर्वक सर्व भाईको बनाइबक्स्यौं. तपाञि पनि विद्यावान् हुनुहुन्छ भनि गुणकिति सुन्यौ. तसर्थ यो घर भन्याको आफ्नै हो. मोहर देषत पाउ लाग्नुहवस्. विग्यषु किमधिकम्

इति सम्वत् १८४९ साल मिति आश्विनवदि ३० रोज १[१] मुकाम कान्तिपुर शुभ्म्---

(२ सङ्ख्या)

स्वस्ति श्रीसम्वत् १८५० साल माघसुदि १४ रोज ५ मा कुलप्रसाद पंडितले आपनु बिर्ताघरमा भानीज पशुपति जोसिलाइ दक्षिण अलंतिरको पट्टि वृत्ता गरिदिञा. तस्को साध भान्साचोटाको कठवारि उत्तरतरफ् नेवार पूर्व डुडसंमको कोठास्मेत् साध पश्चिम् गरुडको ... गऱ्याको साध पश्चिम र पूर्व कोठा दुइ कोठामुनिका छिडि... हुन् बारिमा दारिमाको बोट् साध छ. येतिभित्रको जगा दिया. ... एस पत्रका साछि दलेलसिं बषेति इछाराम शुभ्म्---

---

[१] वि.सं. १८४९ आश्विनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
आश्विन	४	आदित्य	अमावास्या	२१।	३२

(३ सङ्ख्या)

श्री ५ मुमाज्यू

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे रश्मीराज पाध्या चाल्स्याके सम्वत् १८५५ साल माघकृष्ण ५ सुक्रवारका[2] दिनमा ---१--- ले सैय्या दान गर्दा कुस पानि डल्लो संकल्प गरिबक्सनुभयाको जगाको सांध गोकर्णका अम्बलमध्ये पूर्व कुलो दक्षिण पश्चिम् उत्तर रैकरको लुहकिल एति चार किलाभित्र धनसिं डोल षेत मुरि चौवन्न ५४ औ पूर्व दक्षिण लामिछान्याका बिर्त्ताको सांध पश्चिम् उत्तर रैकरको लुहकिल एति सांधभित्र धन्सींडोल षेत मुरि आट् ८ औ पूर्व बाटे दक्षिण पश्चिम् उत्तर रैकरको सांध लुहकिल एति सांधभित्र धन्सींडोल मुरि छ ६ औ पूर्व दक्षिण सुवेदिका बिर्त्ताको लुहकिल पश्चिम् उत्तर लामिछान्याका बिर्त्ताको लुहकिल एति चार किलाभित्र धनसिंडोल षेत मुरि चौध १४ ज्मा षेत मुरि बयासि ८२ औ पूर्व रैकर लुहकिल दक्षिण बाटे पश्चिम् सिमषाडाको बिर्त्ताको सांध उत्तर रैकर लुहकिल एति सांधभित्र पाषो रोपनि साढे नौ ९।। षेतमा नपुग्याको षेतको साटे रोपनि साढे चार घड्यारि रोपनि पाचस्मेत्‌को मोहर तावापत्र गरिबक्स्यौ. हाम्रा संतानपर्यन्तको शुभ चिन्तना गरि आफना संतानपर्यन्त कुसबिर्त्ता जानि भोग्य गर. यो बिर्त्ता दान गर्दा संकल्पवाक्य पढन्या न्यायकेसरि अर्ज्याल् पानि हालन्या काजी त्रिभुवन सधियार हरि जोसि अर्ज्याल् भानुपाध्या षनाल् बाका पंथ वंसविर राना हरिवंस बोहरा काठमाडौका बुगल धनवंत षटन् चारकिलाभन्दा अर्ध्यालो ब्राह्मनले नचापनु विनातक्सीर श्रीराजाले हन्त नगर्नु. यो बन्देजमा जो रहोइन. सो यस श्लोकमा भन्याको पातकि होला.

---

[2] वि.सं. १८५५ माघकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
माघ	१५	शुक्र	चतुर्थी	२२। ५९

शुक्रवार चतुर्थी २२ घडी ५९ पलाउप्रान्त पञ्चमीमा शय्यादान भएको देखिन्छ।

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि बिष्टयां जायते कृमिः ।।

इति सम्वत् १८५६ साल मिति माघवदि ४ रोज २ मोकाम कान्तिपुर राजधानि शुभ्म्---

(४ सङ्ख्या)

श्रीभवानीहृषीकेशौ जयत
श्रीमहाराज मुकुंद सेन
१

स्वस्ति श्रीश्वरचरणस्मरणपूर्वकरुपनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीपालसेनबहादुरदेवानां सदा समरविजयीनाम्----

आगे जगन्निवास पंडीतकै प्रगने विनायकपुर तपै गोरावलमे मौजे पोषरभिडा ---- कै दानदातव्य बेतलब रहल आजु नागेश्वर पंडीतके सदर्थकै दिहल सकट सपथ सजल चतु सिवांनकै दिहल आपन षात्रीज्मांसे मांफ षांहि आसिर्वाद देहि.

सन १२०८ साल जेठवदि ९ रोज ४[३] मुकाम श्रीनगर शुभ्म्---

सदर्थ पत्र सही

---

३. पाल्पाका राजा पृथ्वीपाल सेनको यस पत्रमा सन १२०८ साल जेठवदि ९ रोज ४ लेखिएको छ। पृथ्वीपाल सेनका बाबु पाल्पाका राजा महादत्त सेनको एउटा पत्रमा पौषशुदि ६ रोज ४ सन १२०० साल संवत १८४९ लेखिएको छ (पाल्पा राज्यको इतिहास १ भागको २१५ पृ.)। यताबाट १८४९-१२०० = ६४९ सन् र वि.सं. को अन्तर देखिन्छ।

वि.सं. १८४९ पौषशुक्ल

	गते	वार	तिथि	घडी पला
पौष	८	बुध	षष्ठी	२०। ५८

यताबाट यो अन्तर प्रामाणिक देखिन आयो।

वि.सं. ६४९ देखि बिलायती सन् र अमली सन् चलेको देखिन्छ (पूर्णिमा ७१ पूर्णाङ्कका ५-६ पृ.)।

(५ सङ्ख्या)

स्वस्ति श्रीगिरीराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलिविराजमान–मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे वाणिविलास पंडितके सम्वत् १८५८ साल मिति पौषकृष्णत्रीतियायां ३ तिथौ[४] तदिने श्रीकान्छा मैञाबाट आर्ज्याघाटमा दान गऱ्याको मैया साहेबका बिर्त्ता पिपल नलांका षेतमध्ये कुस पानि डल्लो संकल्प गरिबक्स्याका बिर्त्ता तस्को सांध पूर्व मैला साहेबका बिर्त्ता लुहकिल सांध दक्षिण मैया साहेबका बिर्त्ता चिलाउन्याको रुष लुहकिल सांध पश्चिम् फट्कयाषोलो सांध उत्तर बाध्या ढुंगो चिलाउन्याको रुष लुहकिल सांध येति चारकिलाभित्रको फट्क्या षेत मुरि १४० पाषो दिहिसमेत औ पूर्व मैञासाहेबका बिर्त्ता लुहकिल सांध दक्षिण च्यांदु षोलो पश्चिम् षहऱ्या षोल्सी उत्तर कुलो ऐति चार किलाभित्रको असि मुऱ्या षेत मुरि ६० यो दुर ठाउका चारकिलाभित्रको ज्मा षेत २ औ डिही पाषो रोपनि १० समेतको मोहर तावापत्र गरिबक्स्यौं हाम्रा संतानपर्यन्तको शुभ चीतना गरि आफ्ना संतानपर्यन्त कुसबिर्त्ताबितलप जानि भोग्य गर. यो बिर्त्ता बक्सदा संकल्पवाक्य पढ्न्या प्रोहित देविदास अर्ज्याल् पानि हालन्या काजि कीर्तिमानसिंह सधियार हरि जैसि अर्ज्याल कासिराम पाडे भानुपाध्या षनाल बांका पंथ जगदीप बोहरा वंसविर राना डुंगल धनीवंत जगत क्याला पिपयल नलांगका रामकृष्ण अर्ज्याल जयमंगल अर्ज्याल तारु नलागका नारद सिलवाल छिताराम थपलिया देउरिषी सिलवाल पृथिधर सिलुवाल चक्रपाणि सिलुवाल श्रीकृष्ण कड्वाल् चार किलाभन्दा अर्घ्यालो ब्राह्मणले नचापनु. विनातक्सीर

वि.सं. १८५७ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	७	शनैश्चर	नवमी	२१। ३१

पत्रमा ज्येष्ठवदि ९ रोज ४ भनी लेखिए तापनि ज्येष्ठकृष्ण नवमीमा शनैश्चरवार पर्छ, शुक्रवार पर्दैन।

[४] वि.सं. १८५८ पौषकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी
पौष	११	बुध	तृतीया	१६

राजाले नहर्ण गर्नु. यो बन्देजमा जो रहोइन. सो यस श्लोकमा भन्याको पातकी होला

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।

इति सम्वत् १८५९ साल मिति जेष्टसुदि ५ रोज मोकाम कांतिपुर महानगरा राजधानि शुभ्म्---

(६ सङ्ख्या)

श्रीबुबाज्यू

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्----

आगे लछु जोसिके साल ४७ भाद्रपदवदि ५ रोज १[५] का दिन ---१ बाट कुस डल्लो संकल्प गरि बिर्त्ताबितलप बक्सनुभयाको चागुका अम्बलमहा कटुवा षेत रोपनि ५० डिहि रोपनि १० तस्को सांध पुर्व षोल्सीका कुलाको सांध दक्षिण रैकरको सांध पश्चिम् काभ्र्याषोल्सीको सांध उत्तर प्रोहित शक्तिवल्लभ पंडीतको षेतको सांध येति चार किल्लाभित्र षेत रोपनि ५० डिहि रोपनि दशको मोहोर तामापत्र गरि बिर्त्ताबितलप गरिबक्स्यौं. बिर्ताबितलप जानि संतानपर्यन्त परमसुख भोग्य गर. यो बिर्त्ता बक्सका पानि हालन्या बलभद्र साह संकल्प वाक्यवक्ता पुरोहित सक्तिवल्लभ पंडीत् सधियार जगजीत पाडे श्रीधर जैसि अर्ज्याल चुडामनि राना गजबल षत्रि चारकिला भन्दा अर्घ्यालो बिर्तवारले नचापनु. विनातक्सीर नहर्नु. यस बन्देजमा जो रहोइन. सो यस श्लोकमा भन्याको पातकि होला.

---

[५] वि.सं. १८४७ भाद्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
भाद्र	१७	आदित्य	पञ्चमी	५७। ३८

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टयां जायते कृमि ।।१।।

इति सम्वत् १८६१ साल मिति कार्तिकसुदि ५ रोज ४[६] शुभ्म्---

(७ सङ्ख्या)

श्रीबुबाज्यू

३

स्वस्ति श्रीमन्महाराजधीराजकस्य रुक्का-----

आगे नागेश्वर पंडीतके पालपाका तिम्रा बिर्त्ताबितलपको कुससहि बिसहि अघि पनि ---३--- बाट गरिबक्स्याको हो. वहि धर्म्म थामि आज पनि कुसहि बिसहि माफ गरिबक्स्यौ.

सम्वत् १८६१ साल पौष(व)दि ११ रोज ५[७] शुभ्म्---

मार्फत भीमसेन थापा
(मार्फत) त्रिभुवन १
मार्फत रणजीत पाडे १
रुजु सेरबहादुर सा(ह)
रुजु प्राण सा(ह)
(रुजु बष)तवारसिंह
.... सिंहः

---

[६] वि.सं. १८६१ कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी पला
कार्तिक	२५	बुध	पञ्चमी	४६। १७

[७] वि.सं. १८६१ पौषकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
पौष	१५	बृहस्पति	एकादशी	३७। ३६

(८ सङ्ख्या)

श्री ५ बुबाज्यू

१

श्री ५ ज्यूज्यूबुबा

२

(स्व)स्ति श्रीगिरिराजचक्रचूडामनिनरनारायणेत्यादिवि(विध)विरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधि(राज) श्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादु(रस)म्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---------

(आ)गे नागेश्वर पंडितके सहर काठमाडौको सिकंमुगल्(टेल) न्हुलक्षे घर किस्न बाडाको अपुतालि पर्दा सर्कारिया (भ)याको घर --१-- का वार्षिमा --२-- बाट संकल्प गरि... नारायन पंडितलाइ बिर्ता गरिबक्सनुभयाको उनछेउ ... पंडितले सुक्रिबिक्रि गरि किनिलियाको उन्लाइ बा(त) लाग्दा सर्कारिया भयाको घर आज तिमिलाइ कुसबिर्ता गरिबक्स्यौं. आफना षातिरजामासग हामिलाई आसिर्वाद दि(सं)तानदरसंतानसम्म कुसबिर्ता जानि भोग्य गर.

इति स(म्व)त् १८६१ साल मिति फाल्गुनसुदि १४ रोज ५[८] शुभ्म्-----

(९ सङ्ख्या)

श्रीबुबाज्यू

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्--

---

[८] वि.सं. १८६१ फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी पला
चैत्र	४	बृहस्पति	चतुर्दशी	२२। ४८

आगे नागेश्वर पंडीतके तिम्रा बाबालाइ पाल्पाका राजा मुकुन्द सेनले दियाका पर्वतका बिर्त्ताबितलप षेत ५।७० मध्येसगाउ येक १ आजसम्म चर्च्या बेहोऱ्याको लगापात घर घड्यारिस्मेत् ---१--- बनारस पाउलाग्यामा सेवामा रिझारइ थामिबक्स्याको रहेछ. तपसिलबमोजीं ६२ सालको बालिस्मेत् थामिबक्स्यौं. आफ्ना षातिर्जामासित संतानदरसंतानसम्म बिर्त्ताबितलप जानि भोग्य गर. आसिर्वाद दिदै रहु---

तपसिल

अर्गलिमध्ये लकुवा आठ बिसमध्ये	०।८०
माडिमध्ये बगरिया षेत	१।०
भुलुवाकुंड षेत	०।८०
माडिमध्ये कानाटार षेत	२।०
माडिमध्ये दामदर चिदि मुरी षेत	०।६०
धरम्पानिमध्ये काट्कटुवा षेत	०।६०
गौरवल्तप्पामध्ये पोषर पिडागाउ येक	१

इति सम्वत् १८६३ साल श्रावणसुदि ८ रोज ५[९] शुभम्---

मार्फत् भीमसेन थापा- १

मार्फत् रणजीत पाडे- १

मार्फत् बालनरसिं कुवर- १

मार्फत् बहादुर (र) भडारी- १

मार्फत् रणध्वज थापा- १

मार्फत् प्राण साह- १

(१० सङ्ख्या)

श्रीकान्छा मुमाज्यू

१

---

[९] वि.सं. १८६३ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी पला
भाद्र	८	बृहस्पति	अष्टमी	४४। ३०

श्रीगुरु सुर्जमणि मिश्रज्यू

२

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुविदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजेगीवाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्-------------

अगो ---१--- को आर्य्याछेत्रमा परिलोक हुदामा संकल्प भयाको बिगाहा पाच सय ५०० मध्ये ---२--- लाइ बिगहा यक सय १०० अवादि बिगहा ५० वैरानि कालाबंजर बिगहा ५० पसुपति पंडितलाइ बिगहा यक सय १०० अवादि बिगहा ५० वैरानि कालाबंजार बिगहा ५० जिल्ला बारा प्रगन्ना सिधमास मौजे बदुकी तेलीयाका जमीन बिगाहा दुइ सय २०० प्रंगन्ना बरवस्तका कठ्ठाले नाप येति जगाको माल सायेर जलकर वनकर डंड गुनहगारि सिंगार हाट्ट मोरो अपुतालि गादिममारष चुमावन गोडधुवा साहि हलाली हाट्ट छौरहि प्रोहिति मंडली आमिलानमै चौधरि कानुगोयेका दस्तुर बिआहदा... गौढा कठियारी फर्माइस बेगार भारा हुलाक भो... पंचषत फर्रोयात छतिस जातको आमदनी इस्तक... १८६२ सालका बालीदेषि सर्वकर अकर गरि कुस... बितलपको मोहर गरिबक्स्यौं. आफ्ना षातिरज्मासं... बन्दिभित्रको जमिन अवादि वैरानि कुसबिर्त्ताबि... जानि संतानदरसंतानसम्म भोग्ये गर आसिर्वा... दै रहु. येसका सधियार सुब्बा सक्तिवल्लभ पाध्या फौ... व्याकर्ण पाध्या मोतसद्दिसि बक्ससिं विचारि लक्ष्मी... ध्या ज्मादार धन्या थापा लाटा भडारि पेसकार भिष... भिनकलाल संकरदत्त मुनसिफ् कुमरसिं दा... सिंदा अगंदसिं कठैत रोभन भा बैज राउत जिमि... सिवनारायण चौधरी कानु गोये सोन फुलदास र... रामदत्त कुर्क जैवार ठगमनि चौधरि विहारि चौधरि... त्रि जैपाल भार्ति बीर्त्तवार मौजे विदुरा प्रगन्तना... मास जेठरैअति वादरि राय प्रगंन्ना मजकुर मोक... जगबंदन ठाकुर मौजे गोडपर्सा बिर्त्ता प्रगन्ना मज... बमोजीम् लालमोहोर मौजे मजकुर्को चौतर्फि सा... माना गाउका उत्तरको सिमाना बडका पैनीका पू... भिडको पछि पारि किनारा किला कोइला १ ताहा... सिडियाहि नदि सौ पूर्व दक्षिण गोडपर्साको उत्तर... का पछिम भिडका पछिम किला १ ताहादेषि भीड... सोभा पछिम सिडियाहि नदीका पुर्वारि किनाराभि... पुरब किला १ गोडपर्साका पैनिसौ पश्चिम बडुकि... या ताहिसौ पूर्व गोडपर्सा ताहिदेषि पैनि वहति उ... दक्षिणे गोडपर्साको दछिण र मौलि भडारकुना पैनी... पछवारि

किनारा भिडका भडारकोता किला १ ताहाके ... पश्चिम सिडियाहि नदिका पुर्बारि किनारा किल्ला... ताहादेषि सिडियाहि नदिका पश्चिम दक्षिण भिडका... श्चिम किनारा किल्ला १ ताहादेषि पश्चिम् मौजे मजकुर ... पुरानु पैनिका पूरुव भिडका पुरुव किल्ला १ ताहिदेषि ... नै आमका फेदका पश्चिम किल्ला १ ताहादेषि दक्षि... रैकर ताहादेषि उत्तर मौजे मजकुर गाउका पश्चिं मैति... पूर्व षेतमा किल्ला १ ताहादेषि पश्चिम उत्तरको नाव... का पैतिसौ २ र उत्तर भीडका पश्चिं किनारा किल्ला १... चौतर्फिको तपसिल पुरुवे पश्चिमे रसरि १० उत्तरे दक्षिणे नापरसरि २० के बिगाहा २००. पानि हालन्या काजी त्रिभुवन वाक्य पढन्या प्रोहित प्रद्युमन पंडित

इति सम्वत् १८६३ साल मिति कार्तिकसुदि १२ रोज २[१०] शुभ्म्---
(दायाँतिर छेउमा)
मार्फत् भीमसेन थापा १
मार्फत् रणध्वज थापा १
मार्फत प्राण साह १
रुजु बालनरसिं कुवर १
फार्फत् रणजीत पाडे १

(११ सङ्ख्या)

श्रीबुबाज्यू

१

श्रीमुमाज्यू ललितेश्वरिदेवी

२

---

१०. वि.सं. १८६३ कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी	पला
मार्ग	१०	आदित्य	द्वादशी	१।	३६

पत्रमा कार्तिकशुदि १२ रोज २ भनी लेखिए तापनि कार्तिकशुक्ल द्वादशीमा आदित्यवार पर्छ, सोमवार पर्दैन ।

श्रीङटेश्वरी

३

श्रीसिंभु

४

श्रीरक्तकाली

५

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजेगिर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे वृजलाल कुरुक्षेत्रि ब्राह्मणके सम्वत् १८६२ साल तुलासंक्रान्तिको दिनमा ---१--- का हुकुमले मेरा बिन्तिले ---२--- ले षेत ३ लगाडिहिस्मेत् संकल्प गरिबक्सनुभयो देउरालि ब्यासिमा ढाड्या षेत १।४४ तसको सांध पूर्व वैरागिको बिर्ता षेत दक्षिण मह्यास षोलो पश्चिम् रैकर षेत उत्तर चापा षोलो दफे सिंल्या षेत मुरि ८६ तस्को साध पूर्व रैकर षेत दक्षिण महभास षोलो पश्चिम रैकर षेत उत्तर शक्तिवल्लभको बिर्त्तषित र रामचन्द्र धितालको विर्ता पाषो दफे चिउरिबोट्या षेत मुरि ७० तस्को सांध पूर्व कुलो दक्षिण मह्यास षोलो पश्चिम् रैकर षेत उत्तर भट्टराइको बिर्त्ता षेत औ घड्यारि भिमढुंगाको पिपलिचौर रोपनि २१ तस्को सांध पूर्व पाटिको गुठि षेत दक्षिन मूलबाटो पश्चिम् रैकर पाषो उत्तर षाल्सी औ सहर काठमाडौ पोषलड्याङको घर १ तस्को सांध पूर्व मूल बाटो दक्षिन चिकिटि बाडाको घर पश्चिम् ठाकुरसिं बाडाको घर येति सांधभित्र घर षा ४ जवा ३ हात ।। अगुल ७ लिवि पाताल जवा ३ हात ६।। बारि षा ७ घाट् हात २ दफे डटपिठ्याको समय केव बारिको सांध पूर्व भान्नरसिं उदास् र संकर मनिधर धनविर बाडा ---३--- का अषाडा बारि दषिन नमसिं नाउ मोहोनकृष्ण झा श्री ---४--- जान्या बाटेको ढोका पश्चिम् सर्कारिया बारि उत्तर ५ जान्या बाटो येति येति सांधभित्रको जगह घर षेत बारि घड्यारि गादिममारष चुमाउन गोड्धुवा इ तिन कलमबाहिक् कुसडल्लो संकल्प सर्वांक माफ बिर्त्ताबितलप गरिबक्स्यौ आफना षातिरज्मासंग सन्तानदर्सन्तानपर्यन्त सुष भोग्य गर. यो ब्र्िता बक्सदा संकल्पवाक्यवक्ता प्रोहित देविदास अर्ज्याल् पानि हालन्या काजी भिमसेन थापा सधियार श्रीनाथ पंथ कासिराम

पाडे श्रीभक्त अर्ज्याल भानु पाध्या छिमडेल लछिमनारान् डंगोल धनवन्त बुढो मट्याङ् चारकिलाभन्दा अर्घ्यालो बिर्त्तवारले नचापनु विनातक्सीर सर्कारबाट नहर्नु. जो यस बन्देजमा रहोईनन्. सो यस श्लोकमा भन्याको पातकि होला ।।

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टयां जायते कृमिः ।।१।।

इति सम्वत् १८६३ साल मिति फागुनसुदि १२ रोज ६[११] शुभम्---
मार्फत् भिमसेन थापा १
मार्फत् रणउद्योत साह १
मार्फत् बालनर्सिंह कुवर १
मार्फत बाहादुर भडारि १
मार्फत् प्राण साह १
रुजु रणजीत पाडे १
रुजु रणध्वज थापा १

(१२ सङ्ख्या)

स्वस्ति श्रीमन्महाराजधिराजकस्य रुक्का-----

आगे बलभद्र पाडे दुर्योधन कार्तिप्रति. सिधवास तपामध्ये मौजे बडकि तेलिया श्रीगुरु रंगनाथ मिश्रज्यू पशुपति पंडितलाइ गादिममारष चुमावन गोडधुवास्मेत् सर्वांक माफ गरि कुसबिर्त्ताबितलपको मोहर गरिबक्स्याको छ. तेस गाउमा चुमावनबापत टंय तगादा न(ग)र छोडिदेउ. असुल गऱ्याका रुपैया फिर्त्ता गरिदेउ.

इति सम्वत् १८६५ साल मिति वैसाषवदि १० रोज ४ शुभम्------
मार्फत् भीमसेन थापा १
मार्फत् रणध्वज थापा १

---

[११] वि.सं. १८६३ फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी पला
चैत्र	८	शुक्र	एकादशी	१७। ५७

शुक्रवार एकादशी १७ घडी ५७ पलापछि द्वादशी लागेको देखिन्छ ।

(१३ सङ्ख्या)

श्रीबुबाज्यू

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजे गीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे श्रीकान्त पाध्या चालिस्याके सम्वत् १८६३ साल ज्येष्ठवदि ४ रोज ३[१२] का दिन ---१--- का शुद्धसान्तिमा संकल्प भयाको षेत मुरि ३० घड्यारि रोपनि १।। कु(श)डल्लो संकल्प गरि बिर्त्ता मोहर तावापत्र गरिबक्स्यौं यसमध्ये गोकर्णको अम्बल धन्सींडोल पाषामध्य मुरि ३० पानि षेतको पाषो रोपनि २८ का दरले मुरि ३८ घड्यारि रोपनि १।। तस्को सांध पूर्व रैकर कुलो काल्हो लुहकिल दक्षिण पश्चिम् आफ्ना पुरानु बिर्त्ता उत्तर रैकर लुहकिल येति सिवानाका चारकिला लुहकिलभित्र षेत मुरि ३८ घड्यारि रोपनि १।। कुसबिर्त्ता जानि सुष भोग्य गर यो बिर्त्ता बक्सदा संकल्पवाक्य पढन्या प्रोहित यदुनाथ अर्ज्याल् पानि हालन्या काजी भिमसेन थापा सधियार कासिराम पाडे श्रीनाथ पंथ श्रीनाथ अर्ज्याल भानु षनाल् हरिवंस बोहरा वंसविर् राना भास्कर पाध्या कृष्णानन्द पाध्या डंगोल धनवन्त षटन जगत भला मानिस गोकर्णको द्वाऱ्या सुनाकृष्ण उदैनारान पाध्या सुवेदि रिषि जैसि चारकिलाभन्दा अर्घ्यालो बिर्त्तवारले नचापनु. विनातक्सीर सरकारबाट नहर्नु. जो यस बन्देजमा रहोइन. सो यस श्लोकमा भन्याको पातकि होला.

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्ट्विवर्षसहश्राणि विष्ययां जायते कृमि

इति सम्वत् १८६५ साल मिति माघसुदि ३ रोज ४ शुभ्म्---

---

[१२] वि.सं. १८६३ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
वैशाख	२६	मङ्गल	चतुर्थी	५८।	६

(१४ सङ्ख्या)

श्रीसाहीला मुमाज्यू

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगिर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे रामभद्र पंडीत प्याकुर्याल्के सम्वत् १८६१ साल मिति आषाडवदि ३० रोज ७ का दिन ---१--- परलोक हुनुहुदा... योग सान्तिमा हाम्रा बाहुलिबाट संकल्प भयाको षेत १। तस्को सहरबमोजीमको घड्यारिस्मेत् गरिबक्स्यौं. डढुवाका अम्बल कोल्पुम... धुल्पुऱ्या षेत मुरि ।६८ सोति मुहान षेत मुरि ३२ तस्को साध पुर्व कंचऱ्याको षादको ठुलो (ढुं)गा लुहकिल् दक्षिण कोल्पुषोलाको ढिक सा(ध) पश्चिम् रैकर आलि साध लुहकिल उत्तर कुलाको साध लुहकिल् घड्यारि पाहाडका सह्राले थुंकि...(रो) पनि ७ तस्को साध पूर्व उत्तर काल्हो सांध लुहकिल दक्षिण पश्चिम बाटो साध लुहकिल येति सि...भित्र षेत येक घऱ्याडि पाषो रोपनि सात (बिर्ताबित)लप जानि संतानपर्य्यन्त परमसुख भोग्ये (गर.) (यो) बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या पुरोहित (य)दुनाथ पंडीत अर्ज्याल पानि हालन्या काजी (भीमसे)न थापा साध लाउन्या सधियार गणपति पं(डित) ... अर्ज्याल डंगोल नाएक मडुटेलको धन्त वरबहाल टोलको सिंजु डढुवाका भला मानीस द्वान्या प... (पा)ध्या नेउपान्या थरि भुल्लभ नेवपान्या महादेउ विष्णुहरि अर्ज्याल् जिवाराम थपलिया अं... बासकोटा जगेश्वर अधिकारि कासिराम पौड्या(ल) अधिकारि कपिलमनि घिमिऱ्या तिलु पौड्या(ल) ... मु कटुवाल. बिर्तवारले अर्घ्यालो नचापनु. विना(तक्सीर) जबद नगर्नु. जो यस बन्देजमा रहोइन. सो यस (श्लो)कमा भन्याको पातकि होला.

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्ययां जायते कृमि ।।१।।

इति सम्वत् १८७२ साल मिति .. वदि १४ रोज ४ शुभम्---

(१५ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे सहर भादगाउका ठंडुटेलको मस्त बाडा मरि अपुतालि षान्या टैढि बाडाले अपुतालि नषाई सर्कार चह्रायाको धालाषुसि षेत रोपनि १ तस्को साध पुर्व बाटे दक्षिण पश्चिम रत्नजोति सिद्धिजोतिको षेत उत्तर बाटे तस्को मोल सिक्का ५५ मा सुकृबिक्री फर्छा गरि बालाषुटेलको प्राणलक्ष्मीकन बक्स्यौ. तस्को बक्साउनि रोपनिको चार आनाका हिसाबले चार आना। अर्जवेगी कुलानन्दझामार्फत हाम्रा हजुर दाषिला भयो. बेचन्याको दाम पाको किंन्याको माटे पाको गरिबक्स्यौं. बाह्र हजारका सरहसंग वर्गप्रति पोता तिरी आफना षातीरजामासंग सुनाबिर्त्ता जानि षेतको भोग्य गर.

इति सम्वत् १८७२ साल मिति फागुनवदि ३० रोज ३[१३] शुभ्म्---

(१६ सङ्ख्या)

स्वस्ति श्रीगिरीराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे दिलभरसिं षत्रिले आफनु फिकधार बिर्त्ता पसांषेल डढुवाका अम्बलमध्ये भीमसिन ढाड षेत रोपनी बाइस् २२ तस्को साध पुर्व रैकर ठाडो बाटे दक्षिण कुलो मुहान लुहकिल पश्चिम षाणिषोलो उत्तर रेग्मी बाहुन्को बिर्त्ता यति चार किलाभित्रको जगा पानि हालि डल्लो गालि पारपर्छिंद गरि सुकृ बिकृ गरि ब्यच्यो. पसांषेल बस्न्या जगन्नाथ उप्रेतिले किन्यो. तस्को मोल मोहर सिक्का रुपैया २२०१ तस्को बक्साउनि

---

[१३] वि.सं. १८७२ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी
फाल्गुन	१८	मङ्गल	अमावास्या	६०

यक रोपनिका चार आनाका हिसाबले रुपैया साढे ५।। दसौध रुपैया २२०।। ज्मा रुपैया २२५।।" हाम्रा हजुर दाषिल भयो. बेचन्याको दाम पाको किंन्याको माटे पाको. आफना षातिरजामासंग बिर्त्ता जानि भोग्य गर.

इति सम्वत् १८९० साल मिति फागुनवदि ६ रोज ७ शुभम्----

(१७ सङ्ख्या)

श्रीनानि

१

स्वस्ति श्रीगिरीराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्------

आगे विजयराज पंडीतके सम्वत् १८९६ साल मिति आश्विनसुदि ७ रोज २[१४] का दिन ---१--- का जन्मोत्सवमा ---१--- बाट संकल्प भयाको षेत १।मध्ये षेत मुरि ।५० तस्को सरहबमोजीमको घड्यारिस्मेत् हाम्रा २६ वर्षको उमेर हुदा गादिममारषबाहिक सर्वांक माफ बिर्त्ताबितलप गरिबक्स्यौं. बेलकोटका अम्बलमध्ये गुना केटिले मानाचावल गरि षायाको ढाड्या षेत मुरि ।४१ तस्को साध पुर्व कुलाको ढीक र बेलकोट्षोलाको ढीक साध लुहकिल दक्षिण बाध्या ढुंगो मुहानको आलि साध लुहकिल पश्चिम् रैकर षेतको कंधा सो षर्षड्याषोलाको ढीक साध लुहकिल उत्तर बाध्या ढुंगो ढीक साध लुहकिल दफे षोलापार ढाड्या षेत मुरि ।९ घड्यारि पाहाडका सरहबमोजीम पाषो मुरि ।१४ को पानि षेत दिदा डेढो घटाइ षेत मुरि ।९।६।५।३ ज्मा षेत मुरि १८।६।५।३ तस्को साध पूर्व रैकर षेतको आलि साध लुहकिल दक्षिण पश्चिम बेलकोट्षोलाको ढीक साध लुहकिल उत्तर बेलकोट्षोलाको ढीक र कधासो साध लुहकिल येति सिमानाभित्र षेत घड्यारिस्मेत् ज्मा मुरि ।५९।६।५।३

---

१४. वि.सं. १८९६ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	३०	सोम	सप्तमी	६०। ०

बिर्त्ताबितलप जानी संतानदरसंतानपर्य्यन्त परमसुष भोग्य गर. यो बिर्ता संकल्प हुदा संकल्पवाक्य पढन्या प्रोहित रघुनाथ पंडीत अर्ज्याल पानि हालन्या चौतरीया पुष्कर साह साध लाउन्या संधीयार थरघर देवदत्त षनाल् मर्दनसिं राना तलाछिटोलको डंगोल धंनारान् पुनसिरी बेलकोट्को द्वाऱ्या दुबल्या मिझार थरि देवानन्द तेवारी राधु तेवारी माधौ तेवारी रघुनाथ तिवारी रामचन्द्र पाडे मधु कड्याल् वैजनाथ तेवारी जैकृष्ण नेवपान्या दाङमैका थरी श्रीहर्ष लोहनि कुस्माकर रेग्मी कालु वझा पूर्णभद्र रोहिल्ला वीरभद्र नेवपान्या हर्षदेव तेवारी रामदत्त तेवारी नुवाकोटका बालकृष्ण थपलिया विष्णुलाल तेवारी. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जो यस बन्देजमा रहोईन. सो यस श्लोकमा भन्याको पातकि होला.

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।

इति सम्वत् १८९६ साल मिति मार्गसुदि १२ रोज ३[१५] शुभ्म्
मार्फत् रणजङ्ग पाडे १
मार्फत् रणजोर थापा १
(किनारामा पछि लेखिएको)
यो लालमोहोरबमोजीं येहि बेहोराको येहि मितिको तामापत्र १ छ.

(१८ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराज राजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्---

आगे श्रीगुरु पंडितराज श्रीनारायण पडितज्यूलाइ पाठसालाका अखत्यारि गरिबक्स्यौं पाठसालामा रह्याका पंडित वैद्य जैसिहरुलाइ विद्यार्थी पढाउनलाइ ताकीत

---

[१५] वि.सं. १८९६ मार्गशुक्ल

	गते	वार	तिथि	घडी पला
पौष	४	मङ्गल	द्वादशी	४६। ४१

गर्नुभै पढाया नपढायाको र विद्यार्थीहरुले पर्ह्या नपर्ह्याको रोज रोजको विचार गर्दै रहनुहोला ---

पाठसालामा विद्यार्थी पढाउन्या पंडितहरुले दिनका १०।१२ घडि बित्यापछि पाठसालामा गै पढन आउन्या विद्यार्थीहरुलाइ पढाइदिनु. तेस्मा पनि बुद्धिमाफिक कसैलाइ एकै फेरा भन्दामा संभन्छन्. कसैलाइ ५।७ फेरा भनी सम्झाउनुपर्छ. तेस्तालाइ बेस गरि संझाइ .... तन्मन् लगाई पढाइदिनु. आलटाल गरि दीन काटन्या उपाय मात्र गरिनरहनु. ५।७ घडि दिन बाकि छदा विद्यार्थीहरुलाइ घरमा जाइ पह्याको पाठ घोकि आउदो गर्नु भंन्या उर्दि दी आफुले उठनु---

अघिल्ला दिन पढायाको पाठ आउदो भया नभयाको सोधपुछ गरि जसले ता अघिल्ला दीनको पाठ आउदो गरि राषेछ उसलाइ दोश्रो पाठ दिनु. अघिल्ला दिनको ता आउदो भयाको रहेनछ भन्या फेरि उधुन लगाइ आउदो गराइदिनु. पढिगयाका पाठ घोकन्याको याद राषनै गर्नु. कोहि सब्द मात्रै आउदो गर्न्या हुन्छन्. कोहि अर्थमात्रै टिपन्या हुन्छन्. एस्तालाई सब्द अर्थ दुवै आउदो हुन्या तजबीजसित पढाउनु---

वेद पढाउन्याले कंडिका सारस्व(र) ह्रस्व दीर्घ प्लुतको तजबीज वाधि वेद पढाउनु---

व्याकरण पढन्याहरुलाइ शब्द अर्थ दुवैमा बुद्धि बसन्यागरि .... व्याकरण पढाउनु---

न्याय शास्त्र पढन्याहरुलाइ केहि सब्द ढेरै अर्थांसमा बुद्धि बसन्या तजबीज बाधि न्यायशास्त्र पढाउनु--

वैद्यशास्त्र पढन्याहरुलाइ पहिले नाडी ज्ञानदेषि उपाय .... औषधीका प्रकार देसदेसका बोलिले जरीबुटिले चिन्ह गैह्र र बुद्धि बसन्या तजबीज बाधि वैद्य शास्त्र पढाउनु----

ज्योतिष शास्त्र पढन्याहरुलाइ शब्द अर्थ गणित फल सिद्धान्त गैह्र शास्त्रमा बुद्धि बसन्या तजबीज बाधि ज्योतिष शास्त्र पढाउनु---

अलंकार शास्त्र पढन्याहरुलाई काव्य साहित्य अलंकार ... मा बुद्धि बसन्या र वचन्मा अरु श्रोताहरुका मनमा राम्रो लागन्या तजबीज बाधि काव्य साहित्य अलंकार पढाउनु---

येति लेषियाका शास्त्रमा जस्जस्का जौन शास्त्र पढनाको इक्षा रहंछ उस्उस्लाइ उहिउहि शास्त्र पढाइ तयार गराउनु--

पाठसालामा पढन आउन्या विद्यार्थीहरुमा अल्क्षी ठग ढाट र काम छाडि कुरा गर्न्या गुरुका मुखमुख लाग्न्यालाइ नीकाली दिनु. मैन्हामैन्हा दीनमा विद्यार्थीहरुलाइ छेउ लैगी विचार गराउदै रहनु---

पाठसालामा चाहिन्या पण्डित र विद्यार्थीहरुलाइ तपसिलबमोजीमको षान्गी लीई सवालबमोजीम हाजीर रुजु रहि विद्यार्थी पढाउन्या काम गर---

तपसिल

काव्य साहित्य अलंकार पढाउन्या प्रोहित विद्यारण्डकेशरि पण्डितके षान्नी मधेसको प्रोहितीमा थप रुपैया--- १५०

वेद पढाउन्या बुद्धिनाथ भट्टराइके वर्ष १ को षानगी पैसा रुपैया---१००

व्याकर्ण पढाउन्या रमानाथ पंडित षकुराल के षानगी चतुर्मासाको पुराण--- १७५

न्यायशास्त्र पढाउन्या रामानाथ प्याकुन्यालके षानगी चतुर्मासाको पुराण--- २००

वैद्यसास्त्र पढाउन्या गंगानाथ वैद्य के वैद्यांगी षान्गी---

ज्योतिषशास्त्र पढाउन्या अरविन्द जैसिके षान्गी षर्दारी--- १५०

हटलुवा जना ४ के पैसा रुपैया--- १००

मिहिनती विद्यार्थीहरुलाइ प्रोहितले दानदक्षिणा दिलाइदिनु.

संक्रान्ति २ को दान

तुलादानको

तावोका तुला--- १

वस्त्रको तुला--- १

इति सम्वत् १८९७ साल मिति भाद्रवदि ९ रोज ७[१६] शुभम्---

मार्फत प्रसादसिंह बस्न्यात्

मार्फत तारानाथ अर्ज्याल्

---

[१६] वि.सं. १८९७ भाद्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
भाद्र	८	शुक्र	नवमी	४७। १

पत्रमा भाद्रवदि ९ रोज ७ भनी लेखिए तपानि भाद्रकृष्ण नवमीमा शुक्रवार पर्छ, शनिवार पर्दैन ।

(१९ सङ्ख्या)

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का-------

आगे शीता षसिनीके तेरा षसं कुरुक्षेत्रि व्रजलाल पाडेले मेरा सेषपछि सत्त्यमा रहि षानु बस्नु भनि देउरालीका अम्बलमध्ये मेरा बिर्ता चिउरिबोट्या षेत मुरि ७० र सहर काठमाडौ पोषलड्यांका घरको पूर्वपट्टिका लङ् कोठाचोटा छेडिस्मेत् तेरा सेषपछि दान पुन्य गरि जानु भनि तेरा षसमले लेषिदियाको बमोजीम कसैको धावा धक्का नास्ति गरि थामिबक्स्यौं. आफ्ना षातिरजामासंग षसंका ज्यूताभर टहल गरि सेषपछि सत्य धाइ बस्

इति सम्वत् १८९७ साल मिति मार्गसुदि २ रोज ५[१७] शुभ्म्---
रुजु फत्त्यजं साह
रुजु गुरुप्रसाद साह
रुजु अभिमान्सीं राणा
रुजु दलभंजन पाडे
रुजु तारानाथ अर्ज्याल्

(२० सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्---

आगे विजयराज पंडितके प्रोहित विश्वनाथ अर्ज्यालको षायेल जील्लै बारा पर्सा तप्पा रौतहट प्रगन्ना सर्लाहि असिभौ कोद्राहा ब्रह्मपुरी बदियानदिदेषि पूर्व अधवारादेषि पश्चिम् दरोबस्त मधेसको प्रोहितिमध्ये सम्वत् १८९७ साल पौषवदि ३ रोजदेषि आधि प्रोहिति बक्स्यौं. आफ्ना षातिर्जामासित परापूर्वदेषि चलिआयाबमोजीम रैतिप्रजा नपिराई असुलतहसिल गरि हाम्रो जय मनाइ प्रोहिति जानि भोग्य गर.

इति सम्वत् १८९७ साल मिति मार्गसुदि २ रोज ५ शुभ्म्---

मार्फत् तारानाथ अर्ज्याल् १

---

[१७] वि.सं. १८९७ मार्गशुक्ल

	गते	वार	तिथि	घडी पला
मार्ग	१३	बृहस्पति	द्वितीया	१०। १९

(२१ सङ्ख्या)

श्रीनानि युवराजधिराज

१

श्रीमहादेव

२

स्वस्ति श्रीगिरीराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्----

आगे विजयराज पंडीतके सम्वत् १८९७ साल मिति वैशाषसुदि ३ रोज २[१८] का दिन ---१--- का व्रतबन्ध विवाहमा ---१--- बाट संकल्प भयाको षेतमध्ये षेत मुरि ।५० तस्को सरहबमोजीमको घड्यारिस्मेत् हाम्रा वर्ष २८ का उमेर हुदा गादिममारषबाहिक सर्वांक माफ बिर्त्ताबितलप गरिबक्स्यौं. बेलकोटका अम्बलमध्ये डुड्या षेत मुरि ।१५ तस्को साध पूर्व डुड्याषोल्सीको ढिक् साध लुहकिल दक्षिण ---२--- का गुठि षेतको आलि साध लुहकिल पश्चिम बेलकोट षोलाका ढीकको साध लुहकिल उत्तर बेलकोट षोला र डुम्म्रा षोलसिका दोभानको ढीक साध लुहकिल दफे ऐंजन् षेत मुरि ।५ तस्को साध पूर्व कुलाको साध लुहकिल दक्षिण कुषुन्याषोल्सीको डिल् साध लुहकिल पश्चिम डुम्म्राषोल्सीका डील साध लुहकिल उत्तर रैकर षेतका आलि साध लुहकिल दफे गोकर्णका अम्बलमध्ये पानि षेत मुरि ।२८ को पानि षेत दिदा रोपनि ।२८ का दरले धनसिंडोल पाषो मुरि ।३१।७।३ तस्को साध पूर्व कुलो र रैकर आलि साध लुहकिल दक्षिण पुंन्यमाता ब्राह्मणिका बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम सिंषाडा ब्राह्मणका बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर कुलानन्द पाध्या चालिस्याका बिर्त्ता षेतको आलि साध लुहकिल बाकि पानि षेत मुरि ।२ को पाषो काठमाडौका अम्बलमध्ये धंचाषेल पाषो मुरि ।२।४।५ घड्यारिको ऐं पाषो मुरि ।१० दुवै पाषो मुरि ।१२।४।५ तस्को साध पूर्व रैकर पाषो साध लुहकिल

---

[१८] वि.सं. १८९७ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी पला
वैशाख	२४	सोम	तृतीया	४१। ३७

दक्षिण गौचरको साध लुहकिल पश्चिम् मुलबाटो साध लुहकिल उत्तर गौचर साध लुहकिल येति सबै सिमानाभित्र षेत पाषो मुरि ।५३।१२ घड्यारि मुरि ।१० ज्मा षेत घड्यारि ।६३।१२ बिर्त्ताबितलप जानि संतानदरसंतानपर्य्यन्त परमसुख भोग्य गर. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या प्रोहित रंगनाथ अर्ज्याल् पानि हालन्या काजी रणजङ्ग पाडे साध लाउन्या सधीयार थरघर जयदेव पंत भवानिसंकर षनाल् ब्राह्मटेलको डगोल बलभद्र ऐं टोलको भीष्वाल गोकर्णका द्वाया हरिदास् नाइक्या भांनरसिं हरिवंस चालिस्या पृथीधर चालिस्या जयनारायण पाध्या रिजाल रामचन्द्र पंडीत कुलानन्द पाध्या चालिस्या बेलकोट्का द्वान्या केदारनाथ तेवारी थरि राधु तेवारी श्रीवल्लभ इटनी कुसुक् रेग्मी दुर्गादत्त पाडे बालकृष्ण उप्रेति मुक्तिनाथ तेवारी. बिर्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जो यस बन्देजमा रहोईन. सो यस श्लोकमा भन्याको पातकि होला.

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टयां जायते कृमि ।।१।।

इति सम्वत् १८९८ साल मिति भाद्रवदि १२ रोज ७[१९] शुभम्

मार्फत प्रसादसिंह बस्न्यात्

(पछि लेखिएको)

यो लालमोहोरबमोजीं येहि बेहोराको यहि मितिको तामापत्र १ छ.

(२२ सङ्ख्या)

श्रीनानि युवराजाधिराज

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्----

---

[१९] वि.सं. १८९८ भाद्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
श्रावण	३२	शनि	द्वादशी	११। ५४

आगे विजयराज पंडितके सम्वत् १८९८ साल मिति प्रथमआश्विनसुदि २ रोज ६[२०] का दिन ---१--- बाट लाग्याको रामयण पुराण सांग्य हुदा ---१--- बाट संकल्प भयाको षेत १। तस्को सरहबमोजीमको घड्यारिस्मेत् हाम्रा २८ वर्षका उमेर हुदा गादिममारषबाहिक सर्वांक माफ् बिर्त्ताबितलप गरिबक्स्यौ. षोकनाका अम्बलमध्ये षालसि षेत मुरि ।७० तस्को साध पूर्व मुलबाटो र कुलाको साध लुहकिल दक्षिण प्रजाका सुना षेतको आलि साध लुहकिल् पश्चिम् उत्तर बाटो साध लुहकिल दफे ऐजन् षेत मुरी ।१६ तस्को साध पूर्व रैकर षेतको आलि साध लुहकिल् दक्षिण पश्चिम् मुलबाटो साध लुहकिल उत्तर रैकर षेतको अलि साध लुहकिल दफे ऐजन् षेत मुरि ।७ तस्को साध पूर्व दक्षिण पश्चिम उत्तर रैकर षेतको आलि साध लुहकिल औ सषा षेत मुरि ।१२ मध्ये षेतमा लाग्याको मुरि ।७ घड्यारिमा लाग्याको मुरि ।५ दुवै ज्मा मुरि ।१२ तस्को साध पुर्व दक्षिण पश्चि(म) रैकर षेतको आलि साध लुहकिल उत्तर कुलो र बाटे साध लुहकिल सरहबमोजीमको घड्यारि पाषो मुरि ।२० तस्को पानि षेत दिदा डेढो घटाइ पानि षेत मुरि ।१३।६।५।४ मध्ये अघि सषा षेतमा लाग्याको मुरि ।५ मिन्हा गरि बाकि रह्याको मुरि ।८।६।५।४ यस्को भर्ना दफे सषा षेत मुरि ।८।६।५।४ तस्को साध पुर्व दक्षिण उत्तर रैकर षेतको अलि साध लुहकिल पश्चिम बाटे साध लुहकिल येति सबै सिमानाभित्र षेत १। घड्यारि मुरि ।१३।६।५।४ ज्मा षेत घड्यारि १।१३।६।५।४ बिर्त्ता(बि)तलब जानि संतानदरसंतानपर्य्यंत परमसुख भोग्य गर. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या पुरोहित विद्यारंण्यकेशरि अर्ज्याल् पानि हालन्या चौतरिया फत्यजङ्ग साह साध लाउन्या सधियार थरघर भगिरथ पाडे जयदेव पंथ ब्राह्मणटेलको डंगोल बलभद्र वबाहालटेलको विंनरसिं यटषाटेलको बिलवन्त षोकनाको अमालि दसरथ नेवार मोहिनाइक्या सुर्जनारान् भलामानिस गिरेश्वर जौसि रतिविलास पंडीत् तीर्थराज पंडित् पद्मनिधि पाडे प्रधान कुमारी सिवनर लक्ष्मिनारान् कोत्या सुंनारान् मोहि धन्तसिं सदर दफदरषानाका सिपाहि अैमान कार्कि दलविर षत्रि. बिर्त्तावारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु.

---

[२०] वि.सं. १८९८ अधिकआश्विनशुक्ल

	गते	वार	तिथि	घडी	पला
आश्विन	३	शुक्र	द्वितीया	५।	३३

इति सम्वत् १८९८ साल मिति मार्गसुदि ५ रोज ७[21] शुभ्म्

रुजु फत्येजङ्ग साह १
रुजु रंगनाथ पंडीतराज १
रुजु अभीमान्सिं राना १
मार्फत् प्रसादसिंह बस्न्यात् १
रुजु नरहरिविक्रम साह १
रुजु तारानाथ अर्ज्याल् १

(किनारामा पछि लेखिएको)

यो लालमोहोरबमोजीं येहि बेहोराको येहि मितिको तामापत्र १ छ.

(२३ सङ्ख्या)

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का--------

आगे विजयराज पंडितको अघिको छापमा कलषुचा काजी कालु साहिलाइ जादा तस्को सट्टा डुक्रन्यापानि डंडविरले षायाको स्मेत् रोपनि १६ को उठति रुपैया १६ मध्ये रोपनि १४।। को उठति रुपैञा १४।। हाम्रा वर्ष ३० का उमेर हुदा डंडविरको छाप हानि छाप (ग)रिबक्स्यौ. रोपनि १ का आना १ का दरले रुपैया ।।।"।। ...र बाकि रोपनि १।। को ठेक रुपैया १।। सालवसाल चप्रास कंपनिमा तारि छाप जानि भोग्य गर.

इति सम्वत् १९९९(१८९९) साल मिति माघसुदि ४ रोज ६[22] शुभ्म्----

---

[21] वि.सं. १८९८ मार्गशुक्ल

	गते	वार	तिथि	घडी पला
पौष	६	शनि	पञ्चमी	११। ५५

[22] वि.सं. १८९९ माघशुक्ल

	गते	वार	तिथि	घडी पला
माघ	२२	शुक्र	चतुर्थी	४२। २०

(२४ सङ्ख्या)

श्रीजेठारानि

१

श्रीनानि युवराजाधिराज

२

(श्रीमाहि)लानानि

३

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नत श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्-----

आगे विजयराज पंडीतके सम्वत् १८९९ साल मिति आश्विनवदि ६ रोजका दिन ---१--- का वार्षिक श्राद्धमा ---२--- का बाहुलिबाट संकल्प भयाको षेत १६।मध्ये षेत १। तस्को सरहबमोजीम घड्यारिस्मेत हाम्रा वर्ष ३० का उमेर हुदा गादिममारषबाहेक सर्वाङ्क माफ बिर्त्ताबितलप गरिबंस्क्यौं. नर्जाका अम्बलमा फेदि बाह्रबिस्या षेतमध्ये षेत १।० तस्को साध पूर्व दक्षिण पश्चिम् रैकर षेतको आलि साध लुहकिल उत्तर रैकर काल्हाको साध लुहकिल् औ घड्यारि पर्वतका सरह पाषो रोपनि ७ का दरले दिदा सुगुऱ्या पाषो मुरि ।२४ तस्को साध पूर्व रैकर पाषाको साध लुहकिल् दक्षिण बाटाको डिल साध लुहकिल पश्चिम रैकर साध लुहकिल उत्तर रैकर काल्हाको साध लुहकिल औ काठमाडौका अम्बलमध्ये घड्यारि रोपनि ५ का दरले धन्चामल् पाषो मुरि ।२।१७।१ तस्को साध पूर्व दक्षिण रैकर पाषाको डिल् साध लोहकिल पश्चिम् आफ्ना बिर्त्ताको साध लुहकिल् उत्तर रैकर पाषाको डिल साध लुहकिल यति सबै सिमानाभित्र षेत १। घड्यारि पाषो मुरि ।२६।१७।१ ज्मा षेत घड्यारि १।२६।१७।१ गादिममारषबाहेक सर्वांक माफ बिर्त्ताबितलप जानि सन्तानदरसन्तानपर्य्यन्त परम सुष भोग्य गर. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या पुरोहित विद्यारण्यकेसरि पंडीत अर्ज्याल् पानि हालन्या ---३--- साध लाउन्या सधियार थरघर भगीरथ पाडे मर्दनसिं राना डंगोल सिनु गोदालटेलको भिमनर विजयापुतटेलको पुनसिरी ब्राह्मणटेलको विंनर्सिं नर्जाका अमालिबाट आयाका

वैजनाथ थपलिया थरी मकरानन्द भडारि गणपति उप्रेति गणपति षनाल इक्षाराम अधिकारी भलामानिस दौलथसिं बषतवारसिं अधिकारी श्रीकृष्ण भटराइ कासिराम पौड्याल् सदानन्द ढकाल् मोहि चन्दु भट्टराइ धर्मसिं दनुवार बलभद्र षत्रि जयनन्द भट्टराई बदल्सीं दनुवार जहरसिं दनुवार रामकृष्ण गौरुं. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातकसीर जबद नगर्नु.

इति सम्वत् १९०० साल मिति आषाडवदि ११ रोज ६[२३] शुभ्म्

मार्फत् कुलमान्सींह बस्न्यात् १
रुजु नरहरिविक्रम साह १
रुजु भीमविक्रम साह १
रुजु दलभंजन पाडे १
रुजु जंगवीर पाडे १
रुजु गुरुप्रसाद साह १
रुजु वीरवृन्दपराक्रम साह १
रुजु(जङ्ग) बहादुर कुवर १
रुजु ...
(किनारामा पछि लेखिएको)

नर्जाको १ षेत र तस्को घड्यारि मुरी २४ दान गरी दानपत्र गरीदियाको छ. यो लालमोहरबमोजीं येहि बेहोराको येहि मितिको तामापत्र १ छ.

(२५ सङ्ख्या)

(स्व)स्ति श्रीलिषितम् लक्षिमा जोस्यानि आगे मेरा षसं पसुपति (जो)सिलाइ कुलप्रसाद पंडितज्यूले दान गरिदियाको सिकग... को घरको साध भान्साचोटाको कठवार उत्तरतरफ् दक्षि(ण)... नेवार पूर्व डुडसम्मको कोठास्मेत् साध पश्चिम गरुडको ... गिन्याको साध पश्चिम २ पूर्व कोठा दुइ कोठामुनिका छि(डि)स्मेत्

---

२३. वि.सं. १८०० आषाढकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
आषाढ	११	शुक्र	एकादशी	३९। ४९

दक्षिण अलंतिरका बारि दारिमको साध येति ... जगा घरको निग्रह मोहर रुपैञा ६०० अक्षरेपि छ स(य) लि माया मारि दानपत्रस्मेत् विजयराज पंडितलाइ दिञा. (यस) पत्रका साछि षरिदार इसाराम जोसि लक्ष्मिकान्त (पंडि)त तिर्थराज पंडित रुद्रदेव लोहनि पंडित एकदेव पा(ध्या ऋ)षिराम पंडित भाननर्सिं बाडा ज्ञानमन्त साल्मि (ले)षक साक्षि गिरेश्वर जोसि.

इति सम्वत् १९०० साल मि(ति) फाल्गुणशुदि ३ रोज ४[२४] शुभ्म्-----

(२६ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरवीजयीनाम्-----

आगे विजैराज पंडीतके सम्वत् १९०० साल मिति कार्तिकशुदि १२ रोज ६[२५] का दिन पुराण सांग्यमा हाम्रा बाहुलिबाट संकल्प भयाको षेत १। तस्को सरहबमोजीमको घड्यारिस्मेत् हाम्रा वर्ष ३१ का उमेर हुदा गादिममारषबाहिक् सर्वांक माफ बिर्त्ताबितलप गरिबक्स्यौं. काठमाडौका अम्बलमध्ये गोंगलबु षेत मुरि ।५२।१० तस्को साध पूर्व विद्याविलास पंडीतको बिर्त्ता षेतको आलि र रैकर षेतको आलि साध लुहकिल दक्षिण प्रजाको सुना षेतको आलि साध लुहकिल पश्चिम् जैमंगल जैसिको बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर रैकर षेतको आलि र विद्याविलास पंडीतको बिर्त्ता षेतको आलि साध लुहकिल दफे गोलबु षेतको मुरि ।७।१० तस्को साध पुर्व रैकर पाषाको आलि साध लुहकिल दक्षिण उत्तर विद्याविलास पंडीतको बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम् षह्र्या षोलसि डिलको साध लुहकिल डुक्रन्यापानि

---

[२४] वि.सं. १९०० फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी पला
फाल्गुन	११	शुक्र	तृतीया	२२। ४३

[२५] वि.सं. १९०० कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी पला
कार्तिक	१९	शुक्र	द्वादशी	५४। ३०

पाषो मुरि ।८ तस्को साध पुर्व मुल बाटाको डिल् साध लुहकिल दक्षिण रैकर पाषो आलि साध लुहकिल पश्चिम रैकर पाषाको डिल् साध लुहकिल उत्तर रैकर पाषाको आलि साध लुहकिल षेत बाकि रह्याका मुरि ।३२ डुक्रन्यापानिमा पानि षेतको साटो पाषो लिदा ।२८ का दरले मुरि ८।१९।२मध्ये माथिका साधमा पऱ्याको मुरि ।८ बाकि पाथी ।१९।२ दुवै ज्मा मुरि ।३२।१९।२ येसमा भर्ना बुग्मतिका अम्बलमध्ये डुगुब्यासि नगनडोल षेत मुरि ।३२।१९।२ तस्को साध पूर्व रैकर षेतको आलि साध लुहकिल दक्षिण रैकर षेतको आलि साध लुहकिल पश्चिम विराज बिष्टको बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर कुलाका डिल्को साध लुहकिल घड्यारि डुक्रन्यापानि पाषो मुरि ।२० तस्को साध पूर्व रैकर षोलसिको साध लुहकिल दक्षिण रैकर कांल्हा डीलको साध लुहकिल पश्चिम आफ्नु बिर्त्ता पाषाको साध लुहकिल उत्तर मुल बाटो साध लुहकिल येति सबै सिमानाभित्र षेत १।।१९।२ घड्यारि मुरि ।२० ज्मा षेत घड्यारि १।२०।१९।२ गादिममारषबाहेक सर्वांकमाफ् बिर्त्ताबितलप जानि संतानदरसन्तानपर्य्यन्त परम सुख भोग्य गर. यो बित्ता संकल्प हुदा संकल्पवाक्य पढन्या प्रोहित गोविन्द अर्ज्याल् पानि हालन्या कप्तान् रणउज्जल्सिं थापा साध लाउन्या सधीयार थरघर प्रियव्रत षनाल् भगीरथ पाडे ब्रह्मटेलको डगोल मानविर सीनु गोदालटेलको भीमनर वबाहालटेलको विंनर्सिं मजाकदेवलटेलको धमनारां सदरको मोहिनाइक्या जश्राम सदरको ज्मादार उजुरसिं कार्कि सिपाहि महीन्द्र घर्ति सिपाहि रामनाथ जैसि रुद्रदेव लोहनि टुकुब्यासिको मिझार दलजित मिझार भिमसेन् मिझार गुजवीर गौरुं धनदेउ गंभीर षत्रि करविर षडका रणभिम थापा विराज बिष्ट. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु.

इति सम्वत् १९०१ साल मिति ज्येष्ठवदि १० रोज १[२६] शुभम्
मार्फत् मातवरसिंह थापा १
मार्फत् रणजोर थापा १
(किनारामा पछि लेखिएको)
यो लालमोहोरबमोजीम् येहि बेहोराको येही मितिको तावापत्र १ छ.

---

[२६] वि.सं. १९०१ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	१	आदित्य	दशमी	२।	११

(२७ सङ्ख्या)

श्रीनानियुवराजाधिराज

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे विजैराज पंडीतके सम्वत् १९०० साल मिति वैसाषसुदि १२ रोज ५[२७] का दिन ---१--- का विवाहमा ---१--- बाट संकल्प भयाको षेत १। तस्को सरहबमोजीमको घड्यारिस्मेत् हाम्रा वर्ष ३१ का उमेर हुदा गादिममारषबाहेक सर्वांक माफ बिर्त्ताबितलप गरिबक्स्यौं. सिंधुका अम्बलमध्ये सालबोट्या षेत १। तस्को साध पूर्व हुक्र्यापट्टिको षाडिको साध लुहकिल दक्षिण पश्चिम रैकर षेतको आलि साध लुहकिल उत्तर कुलाको डील साध लुहकिल औ घड्यारि काठमाडौका अम्बलमध्ये डुक्रन्यापानि पाषो मुरि ।२० तस्को साध पूर्व बाटो साध लुहकिल दक्षिण रैकर पाषाको साध लुहकिल पश्चिम माछाको गुठि पाषाको साध लुहकिल उत्तर बाट्यको साध लुहकिल् येति सिवानाभित्र षेत १। घड्यारि पाषाको मुरि ।२० ज्मा षेत घड्यारि १।२० गादिममारषबाहेक सर्वांक माफ बिर्त्ताबितलप् जानि सन्तानदरसंतानपर्यन्त परम सुष भोग्य गर. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या प्रोहित रघुनाथ अर्ज्याल पानि हालन्या चौतरिया फत्त्यजङ्ग साह साध लाउन्या सधियार घरथर सुकदेउ अर्ज्याल मर्दनसिं राना मजाकदेवलटेलको डगोल बिलवत ऐंटेलको डगोल भागिवन्त सिंधुका थरि भलामानिस् कासिराम सिकद्याल् प्रोहित लछुमन सिकद्याल् थरि गोपाल भट्टराइ महेश्वर नेपाल कृष्ण साप्कोट्य लक्ष्मिनारान् जैसि थरि चामु षत्रि मोहि गोपाल सिकद्याल् मोहि श्रीवत्स सिकद्याल् धर्मधोज सिकद्याल् जैकृष्ण मिश्र माहावीर षत्रि डुक्रन्यापानिको लछिमन पाध्या अचार्ज

---

[२७] वि.सं. १९०० वैशाखशुक्ल

	गते	वार	तिथि	घडी पला
वैशाख	३०	बृहस्पति	द्वादशी	१४। १७

मनरथ पाध्या अचार्ज विसिं लामा कालु लामा. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु.

इति सम्वत् १९०१ साल मिति जेष्टवदि १० रोज १[२८] शुभ्म्---

(२८ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे विजयराज पंडितके सल्यानका अम्बलमध्ये सिमक गाउ अघि सल्यानका राजा तषतमा छदै तिम्रा बाबा नागेश्वर पंडीतलाइ बिर्त्ता गरिदियाको ६२ सालमा पनि थामिबक्स्याको आजसम्म पनि तिमिले षाइचर्चि बेहोरिआयाको तेस जगाको स्याहामोहर सम्वत् १९०० साल माघ मैन्हामा तिम्रो घरमा तिलंगाहरुले हाह्हुड गर्दा हराउदा सोहि स्याहामोहरबमोजीम तिमिले षाइ चर्चि बेहोरिआयाको जगा सर्वांक माफ बित्तीबितलप १ को मोहर गरिबक्स्यौ. आफना षातिरज्मासंग सर्वांक माफ बित्तीबितलप जानि सन्तानदरसंतानपर्यन्त परम सुख भोग्य गर.

इति सम्वत् १९०१ साल मिति दुतीयश्रावणवदि ७ रोज २ शुभ्म्---
मार्फत रणजोर थापा १
मार्फत मातवरसिंह थापा १

(२९ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्---

आगे विजयराज पंडित पाडेके श्रीगुरु पंडितराज श्रीजनार्दन पंडितज्यूका षायेल सम्वत् १९०२ साल कार्तिकवदि १ रोज देषि १९०३ साल आश्विनसुदि १५ रोजसम्म

---

२८. वि.सं. १९०६ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
जेष्ठ	१	आदित्य	दशमी	२।	११

वर्ष १ धर्माधिकार मानको पगरि बक्स्यौं आफना षातिरजामासित भरमुलुकका चार वर्ण छत्तिसै जाका भात पानि संसर्ग र छितको कुरा पर्दा जाचि बुझि सास्त्र हेरि यथोक्त पारि छित्अनुसार पुस्तकको भेटि दछिना ली पूर्जीमा छाप लगाइ प्रायश्चित्त दिन्या काम गर.

इति सम्वत् १९०२ साल मिति कार्तिकवदि ५ रोज २[२९] शुभ्म्---

मार्फत् अभीमान राना १

मार्फत् उमाकान्त उपाध्या १

(३० सङ्ख्या)

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का---

आगे महाकालिपूर्व मेचिपश्चिम् दरोबस्त हाम्रा भर मुलुक पहाडमध्येस्का गुरु प्रोहित चौतरिया काजी सर्दार भरभारादार सुब्बा सुबेदार ज्मादार हुदा सिपाहि जगाजगाका अमालि द्वाऱ्या जेठाबुढा विचारी तल्पा बितलपपा वेष वुंन्याद मानाचावल् फीकढार गुठि मोहरिया षुवा छापछप्याली मिझाऱ्या प्रजा रैति महाजन देसी विदेसि भाट् भिछुक् जोगी संन्यासि गैह्रचार वर्ण छत्तिस जा प्रति श्रीगुरु पंडितराज श्रीजनार्दन पंडितज्यूका षायेल विजयराज पंडित पाडेलाइ सम्वत् १९०२ साल कार्तिकवदि १ रोजदेषि सम्वत् १९०३ साल आश्विनसुदि १५ रोज[३०] सम्म वर्ष १ धर्माधिकार मान बक्स्याको छ. जातभात पानि संसर्ग षतछितको कुरा पर्दा जात भात राषी जाचि पुस्तकको भेटि दछिना दि धर्माधिकार विजयराज पंडित पाडेको छाप लाग्याको पुर्जी ली पुर्जीमा लेख्यामाफिक प्रायश्चित गर्नु. परिआयाको कुरो नदबाउनु. षतछित पानि संसर्ग जाहेर नगरि पुर्जी सहि ली प्रायश्चित गर्नु. जो दबाइ छपाइ प्रायश्चित नगराई राषौला. सो पानिबाहेक हौला. जो हर हेमायत गरि धर्माधिकारको रकम अड्याउनामा पसला. तसलाइ भारि दण्ड सासना होला.

---

[२९] वि.सं. १९०२ कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
कार्तिक	६	सोम	पञ्चमी	३१। ९

[३०] वि.सं. १९०३ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	२०	आदित्य	पूर्णिमा	५३। १२

इति सम्वत् १९०२ साल मिति कार्तिकवदि ५ रोज २[३१] शुभम्---

मार्फत अभीमान्सीं राना १

मार्फत उमाकान्त पाध्या १

(३१ सङ्ख्या)

श्रीनानि महाराजधीराज

१

श्रीमछिन्द्रनाथ

२

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्-----

आगे विजयराज पंडीतके सम्वत् १९०१ साल मिति आश्विनसुदि ७ रोज ६[३२] का दिन ---१--- का जन्मोत्सवमा संकल्प भयाको षेत १। तस्को सरहबमोजीमको घड्यारिस्मेत हाम्रा वर्ष ३३ का उमेर हुदा गादिममारषबाहेक सर्वांक माफ बिर्त्ताबितलप गरिबक्स्यौं. चापागाउका अम्बलमध्ये ठबु षेत मुरि ।८।६।४ तस्को साध पूर्व बाटे डिल् साध लुहकिल दक्षिण ---२--- को गुठि षेतको आलि साध लुहकिल पश्चिम रैकर पाषो डिल् साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल दफे ठबु षेत मुरि ।३ तस्को साध पूर्व ---२--- को गुठि षेतको आलि साध लुहकिल् दक्षिण रैकर षेतको आलि साध लुहकिल पश्चिम रैकर पाषोको डिल् साध लुहकिल उत्तर ---२--- को गुठि षेतको आलि साध लुहकिल दफे ठबु षेत मुरि ।२० तस्को साध पूर्व बायको डिल साध लुहकिल दक्षिण रैकर भीर डीलको साध लुहकिल पश्चिम रैकर भीर डीलको साध

---

[३१] वि.सं. १९०२ कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
कार्तिक	२	बृहस्पति	प्रतिपद्	२१। ४८

[३२] वि.सं. १९०१ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
कार्तिक	४	शुक्र	सप्तमी	१८। ३७

लुहकिल उत्तर ---२--- को गुठि रैकर षेतको आलि साध लुहकिल दफे ठबु षेत मुरि ।९ तस्को साध पूर्व बाटाको डिल् साध लुहकिल् दक्षिण रैकर भिर डिल् साध लुहकिल पश्चिम् रैकर भीर डील् साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल येति सबै सिमानाभित्र षेत १। घड्यारि पाषो मुरि ।२० को साटे पानि षेत दिदा डेढो घटाइ षेत मुरि ।१३।६।५।४ ज्मा षेत घड्यारि १।१३।६।५।४ गादिममारषबाहेक सर्वांक माफ बिर्त्ताबितलप जानी सन्तानदरसंतानपर्य्यन्त परम सुष भोग्य गर. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या पुरोहित रघुनाथ पंडीत अर्ज्याल् पानी हालन्या काजी त्रिविक्रमसिं थापा साध लाउन्या सधीयार थरघर प्रियेव्रत षनाल् गिरिधारि पंत ब्राह्मणटेलको डगोल बलभद्र मट्याङ् मानविर डगोल द्वान्या केसर श्रेष्ठ मोहिनाइक्या जिन्नरसिं प्रधान् लांजु कुलानन्द हाकुसिं नमसिं मोहि सिताराम धोजे रघुविर भोट्या जबरजं बुक मरजित मानसिं भलामानिस रुद्रदेउ लोहनि पंडीत् गंगाराम तेवारी. गोपि तेवारी बिर्त्तवारले किलाकिलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जो यस बन्देजमा (र)होइन. यो श्लोकमा भन्याको पातकि होला.

स्वदतांपरदतां वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।

इति सम्वत् १९०२ साल मिति पौषसुदि ४ रोज ५[३३] शुभ्म्

रुजु फत्यजङ्ग साह १
मार्फत् कुल्मानसींह बस्न्यात् १
रुजु गगनसिंह १
रुजु अभिमानसीं राना १
रुजु जङ्गबहादुर कुवर १
रुजु दलभंजन् पाडे १
रुजु उमाकान्त उपाध्या १
(अर्कै अक्षरले पछि लेखिएको)
यो लालमोहोरबमोजीं येहि बेहोराको यहि मितिको तामापत्र १ छ.

---

[३३] वि.सं. १९०२ पौषशुक्ल

	गते	वार	तिथि	घडी पला
पौष	२०	बृहस्पति	चतुर्थी	३१। ३

(३२ सङ्ख्या)

श्री(सा)झिला नानि

श्रीसाझिला दुलहि बुहारि

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजधिराजपट्टराज्ञीश्रीश्रीश्रीश्रीश्रीराजलक्ष्मीदेवीनां सदा सौभाग्यधर्मशीलवतीनाम्------

आगे विजयराज पण्डितके तिमिहरु अघिका पनि हाम्रा गुरुघर हौ. तसर्थ हाम्रा --- को दीक्षागुरु पदवीको मोहर गरि तिमिलाइ बक्स्यौ. हामिहरुको जय मनाई गुरुले गर्न्या शुभचिन्तना गरि रहु.

इति सम्वत् १९०३ साल मिति आश्विनसुदि १ रोज २[३४] शुभम्---
मार्फत जङ्गबहादुर कुवर १

(३३ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे धर्माधिकार विजयराज पंडितके १९०३ साल. आश्विनवदि ९ रोज २[३५]का दिन हंगामा हुल हुदा हाम्रा गातका रक्षानिमित्त बढिया बिन्ति पारि भित्र चलाउदा तेस रीझमा तिमिहरु हाम्रा दर्बारका अघिदेषिका १ घर हुनाले स्वदेसि पर्देसि पंडित ज्योतिषि वैदिक सास्त्रि गैह्लाइ हाम्रा हजुरमा आसिर्वाद चढाउन

---

[३४] वि.सं. १९०३ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	७	सोम	प्रतिपद्	४०। ११

[३५] वि.सं. १९०३ आश्विनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
भाद्र	३१	सोम	नवमी	९। ५१

आउन्या औ बिदा भै देस जान्याहरु र अरु सामान्य ब्राह्मणहरुलाइ तिमिले कम्यांडर इन चिफसंग साधि हाम्रा हजुरमा बिन्ति पारि निकासि पैसारिको बिन्ति पार्नु. तिमिबाहिक अरु कसैले बिन्ति नगर्नु भंन्या बंदेज बाधि आजदेषि तिमिलाइ राजपंडितको षिताबसमेत बक्स्यौं. येस बन्देजमा नरहि जो बिन्ति पार्नामा पसला. सो अप्सरिया होला. आफ्ना षातिरज्मासंग परिआयाका काजकाममा हाजीर रुजु रहि हाम्रो जय मनाई निमकको सोझो चिताई काजकाम गर.

इति सम्वत् १९०३ साल मिति कार्तिकवदि १ रोज २[३६] शुभ्म्---
रुजु जङ्गबहादुर कुवर - १
मार्फत् बंबहादुर कुवर - १
मार्फत् रघुनाथ अज्याल् -१
मार्फत् उमाकान्त पाध्या - १
रुजु जयबाहादुर कुवर - १
रुजु कुल्मान्सींह बस्न्यात् - १
रुजु पृथ्वीध्वज थापा - १
मार्फत हेमदल् थापा - १
रुजु करविर षत्रि - १
रुजु श्रीजर्नादन पंडितराज - १

(३४ सङ्ख्या)

श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यू
१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराज राजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्---

---

[३६] वि.सं. १९०३ कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
आश्विन	२१	सोम	प्रतिपद्	४२। २६

आगे ---१--- के षान्गी षेत ८० पुवा वदे नगद रुपैया १६०० को जागिर गरिबक्स्यौं. तपसिलबमोजीमको भर्ना ली राजअंकबाहेक आफना बन्दोबस्तले बढाउन सक्याको बढाइ ली हामिलाइ आसिर्वाद जागीर जानि भोग्य गर्नुहवस्---

तपसिल

भर्ना षेत---	२१।१०।९
किर्तिपुर षुनाल् तेजनरसिंस्मेत ७ मोहि चौतरिया खड्गविक्रमसाहको---	१।१५
हरिसिद्धि थसिलको १।२६मध्ये धनसिंस्मेत् ३ मोहि काजी कर्णवीर पाडे ।६५।१०मध्ये बिर्तामा गयाको ।१८।६ बाकि---	।४७।४
सतंगोल .... का भ्र्या २।४ मा बिर्ता साध लागी बाकि रह्याको षेत मुरि---	।२०
ठिमी चौतरिया जान साहले षायाको	।१६
ताडोल भाजुराम---	।२
ऐ भान्नरसिं---	।२
ऐ चिगढि	।८
चाडो चोभिन्या---	।.।१०
निकोचो गुनसंकर---	।.।१०
जसिडोल् मकै---	।३
धुलषेल तल्लो थाम्बु १।२०मध्ये महन्त काजि गगनसिंको---	।१५
षडपु मस्याल्गुठि ब्राह्मणगाउ ।२०मध्ये काजी अभिमानसिं रानाको---	।५
धादिङ धुवाकोट चौतरिया दक्ष साहको---	२।६
महसुल तिरि षायाको कासिरामको बुढो सेरो---	।५६
ऐं जोषु रानाको चिसापानि सिस्न्या २ ठाउ---	।८०
ऐं सेत्या रानाको सार्क्या जामुन्या २ ठाउ---	।४५
ऐं नरसिं रानाको केउऱ्यानि---	।२५
उपल्लो गेर्षु चामु मिझार सुरविर मिझारपट्टि झिकुवा काजि कालु साहिको---	१।७१
थान्सीं वर्नसिं देउकोयको कालिमाटि १।४०मध्ये ददा रससिंको---	।८९
झिलटुङ् तल्लो पातल्या इच्छाराम नेवार काजी कर्णवीर पाडेको---	।४
माझि फेदा चौतरिया दक्ष साहको---	।९५।१५

ठुटिगाउ मुकुन्द भाजुदत्त सिद्धिनारां के पोकपासैलको लामुडाडा काफलबोट विलापु सिरिस्या---	।७४।१०
नागऱ्या वागसीं मिझार कनकसिं मिझारको कोचदिपध्यारो	।२१।५
नर्जा किपट कट्टि चापाबोट्या सूर्यसिं सि(मि)झार जिम्मा कटुज्या रातमाट्या ऐंजनूले षायाको---	।३०
सिं. रास् चौतरिया गुरुप्रसाद साहको कलस्या---	।६६
तन्हौ---	९।९३
चौतरिया खड्गविक्रम साहको चुदि भवानिबक्सको ४। मध्ये ३।६० ज्मामिऱ्या ।९० ज्मा ४।८०मध्ये षोला ।८७ बाकि धनंजयां पाध्या---	३।९३
काजी त्रिविक्रं थापाले षायाको वसन्तपुर वगुवा १।८०मध्ये षोलो ।५५ बाकि धोकल् अधिकारि १।२५मध्ये षोलो ।१५ बाकि जाचस्मेत्---	१।७०
काजी अैमान रानाले षायाको वन्दिपुर आम्बोट्यां १।२० म. षो ।१० बाकि हर्षसिं षत्रि---	१।१०
ऐं ऐं काजि कर्नवीर पाडेले षायाको पाल्चोक ढुंग्याषर्क देराज गुरुंको कृष्णवीर रोकाया श्रीपाडे---	।२०
ऐं षायाको कलेस्ति धर्मानन्दको लोकु षनाल्को गैह्रि २।९२ मध्ये षो ।१२ बाकि करवीर---	२।८०
ऐं लेषायाको दोर्दोर उप्रेतिले षायाको कटबास्या कासिराम विरभद्र---	।२०
गजुरि चौतरिया गुरुप्रसाद साहको---	२।१।१०
टारि कान्तु डल्ला कोटि दलषम्बर भंडारि---	१।२१।१०
ऐं. रामभद्र थापाको छबिस्या---	।४०
ऐं. षलि थापा---	।४०
षुवा वदे रुपैया---	१६२४
जिल्लै बारा प्रगंना चेरवंत मौजे सोनामार १ के	४०८
जील्लै महोत्तरी प्रगन्ना महोत्तरि मौजे सोनमा १ के १४७०मध्ये---	४४७
तप्पा रौतहटमध्ये मौजे ब्रह्मपुरि १ के---	३००
जिल्लै बारा प्रगन्ना वसन्तपुरमध्ये मौजे भवानिपुर १ को ज्मा ७९५।।मध्ये बिर्त्ता साध लाग्याको ५७८।। बाकि---	२१७
महा. भार. कर्ताप्.--- १ के	१०९।।″
लेले १ के---	१४२।″

पट्टा बमोजीम चाहिन्या षेत ८०मध्ये भना षेत २१।१०।९ बाकि नपुग्याका षेत ५८।८९।११ के षेत १। को रुपैया २५ का दरले रुपैया १४७२।"।। चाहिन्या षुवा रुपैया १६०० मध्ये भर्ना षुवा रुपैया १६२४' फाजील् षुवा रुपैया २४' षेतका दर्दमा मिन्हा गरि बाकि षेतको दर्द रुपैया--- १४४८।'१

इति सम्वत् १९०३ साल मिति माघवदि ९ रोज १[३७] शुभ्म्---

मार्फत् जयबहादुर कुवर -१

(३५ सङ्ख्या)

श्री ५ नानिमहाराजाधिराज

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

स्वस्ति श्रीब्रह्मशिवेन्द्रादिवृन्दारकलन्दवन्दितचरणेदिरादयितमन्दिरायमानहृदयारविन्द श्री ६ गुरुराजपंडितविजयराजपंडितकेषु प्रणामपुर्वकपत्रमिदं. ञाहा कुसल छ. ताहा कुसल चाहिये. आगे ञाहाको समाचार भलो छ उप्रान्त तिमिले कार्किहस्ते चढाइ पठायाको अर्जी हाम्रा हजुरमा आइपुग्यो. विस्तार मालूम भयो. अर्जी चढाइ पठाउन्या कां बढिया गर्‍याछौ. ताहा ---१--- का गाथको संभार र सबै कामको अंजां गर्न तिमि जांन्यै छौ हामि र ञाहा २०।२५ दिन् राज गरि नेपालतर्फ कूंच गरिबक्स्या छौं. जनरललाइ पनि लेष्याको छ. तिमि र बद्रिनर्सिंले बाटासम्म लिन आउन्या काम गर्‍या बढिया होला.

इति सम्वत् १९०३ साल मिति माघसुदि ३[३८] रोज मुकां बनारस असि शुभ्म्---

---

[३७] वि.सं. १९०३ माघकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
पौष	२८	आदित्य	अष्टमी	५। ३९

[३८] वि.सं. १९०३ माघशुक्ल

	गते	वार	तिथि	घडी पला
माघ	८	मङ्गल	तृतीया	४३। १

(३६ सङ्ख्या)

गुरुराज पंडित विजयराज पंडितजी

१

स्वस्ति श्रीप्राइम्मिनीष्टर यान् कम्यांडर इन चीफ जनरल जङ्ग बहादुर कुवर राणा ---१--- र मेरा तपसिलबमोजीमका भाइ गैह्लह. हामि सबैका सल्लाहाले मारकाट लेनदेन राजकाज गद्दिमा राज गराउनु सब कुरामा हामि सबैको सल्लाह छ. राजकाज गद्दिमा राजकाज गराउन्या कुरामा मेरो सल्लाह छैन भनि मैले भन्या मेरा भाइ गैह्लले भन्या सो झुट्टा जसले छैनौ भन्ला सो दुइ बाबुले जन्मायाका भनि लेखिदिञा.

सम्वत् १९०३ साल मिति फाल्गुनवदि ३[३९] रोज शुभ्म्---

काजी जङ्गबहादुर कुवर- १
कपर्दार भक्तवीर कुवर- १
काजी बंबहादुर कुवर- १
काजी बद्रिनर्सिङ् कुवर- १
कर्णैल बषत्जङ्ग कुवर- १
कर्णैल रणउद्योतसिं -१
कर्णैल जगत्सम्सेर जङ्ग कुवर- १
कर्णैल धीरसम्सेर जङ्ग कुवर-१
कप्तान कृष्णधोज कुवर- १
कप्तान् गभीर अधिकारी- १
बडा कप्तान् रणमेहर अधिकारी- १

(३७ सङ्ख्या)

श्रीराजगुरु विजयराज पंडितज्यू

१

श्रीराजगुरु पंडितराज श्रीरंगनाथ पंडितज्यू

३

---

[३९] वि.सं. १९०३ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
माघ	२३	बुध	तृतीया	३१। १५

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे ---१--- के ---२--- ढोकादेषि बाहिर हाम्रा परिआयाका प्रतिष्ट्य शांति ---३--- बाट गर्नु भनि मोहर गरिबक्स्याको हो. अबउप्रान्त ---२--- ढोकादेषि बाहिर परिआयाको प्रतिष्ठा शान्ति स्वस्त्ययन गैह्र तपाञिबाट गर्नु भनि ---३--- का नाउमा भयाको मोहोर हानि मोहर गरिबक्स्यौं. आफ्ना षातिरज्मासंग ---२--- ढोकादेषि बाहिर परिआयाका प्रतिष्ट्य शांति स्वस्त्ययन गैह्र कामकाज गरि हाम्रो जय मनाउन्या काम गर्नु.

इति सम्वत् १९०३ साल मिति फागुणवदि १० रोज $४^{४०}$ शुभम्---
मार्फत बँबहादुर कुवर -१
मार्फत उमाकान्त पाध्या -१
मार्फत रघुनाथ अर्ज्याल् -१
रुजु सुरथसिं पंत -१

(३८ सङ्ख्या)

श्रीगुरुराज पंडित धर्माधिकार विजयराज पंडितज्यू

१

श्री ५ महाराजाधिराज

२

श्रीदक्षिणकालिका

३

---

४०. वि.सं. १९०३ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
फाल्गनु	१	बुध	दशमी	४७। ३२

श्रीगुरु

४

स्वस्ति श्रीमन्महाराजाधिराजपट्टराज्ञी श्री ५ महारानिसुरराजलक्ष्मीदेवीकस्य रुक्का-----

आगे ---१--- के तिमिसित मैले दिक्षाका निमित्त वरण गरिबक्स्याको छ. सो पनि साएत आयेपछि लिइबक्सौला. अत्तोतर पनि मेरा संतान भयापछि तिम्रा संतानलाइ मबाट कृतसक्य गरि ---४--- गराइबक्सौला. ---२--- का सोभ्को र हाम्रो सोभ्को गरिंज्यालसम्म तिमिलाइ कसैले बिगार्न लाग्या बिगार्न बक्सन्याछैन भनि धर्मपत्र लेषि ---३--- का स्थानमा बक्स्या. एस धर्मपत्रमा रहिन भन्या मेरो भलो नहवस्. एस धर्मपत्रमा रह्या भन्या मेरो भलो हवस्.

इति सम्वत् १९०३ साल मिति फाल्गुनवदि ४ रोज[४१] शुभ्म्

(३९ सङ्ख्या)

श्रीगुरुराज पंडित विजयराज पंडितज्यू

१

श्रीस्वेष्टदेवता

२

श्रीदक्षिणकाली

३

स्वस्ति श्रीमन्माभिलासाहेबज्यूकस्य रुक्का---

आगे ---१--- के तिमिसित आफना इक्षाले गुरुको वरण गरिबक्स्याको छ. मेरा रानिलाइ पनि तिम्रा छोराबाट दिक्षा दिलाउला भनि हुकुम बक्स्याको छ. सो कुरो सायेत आयापछि गरिबक्सौला. अत्तोत्तर पनि मेरा सन्तानलाई पनि तिम्रा संतानदेखिन्

---

[४१] वि.सं. १९०३ फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी पला
फाल्गुन	१०	शुक्र	चतुर्थी	३। ५८

बाहेक अर्कालाइ गुरु गराई मबाट बक्स्या छैन भनि ---२--- स्थानमा धर्मपत्र गरिबक्स्या. एस धर्ममा चलीन भन्या ---३--- को मलाइ कुदृष्टि हवस्. एस धर्ममा चल्या भन्या ---३--- ले सुदृष्टि गरि मेरो भलो गरुन् भनि स्याहामोहर गरिबक्स्या.

इति सम्वत् १९०३ साल मिति फागुणव ४ रोज[४२] शुभ्म्---

(४० सङ्ख्या)

श्री ५ महाराजधिराज श्रीमहारानि

१

श्री ५ नानि महाराजधिराज

२

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्-------

स्वस्ति श्रीब्रह्मसिवेन्द्रवृन्दारकवृन्दवन्दितचरणेन्दिरादयितमन्दिरायमानहृदयारविन्दश्री ६ गुरुराजपंडितश्रीविजयराजपंडितकेषु प्रणामपूर्वकपत्रमिदं. ञाहा कुसल छ. ताहा कुशल चाहिये. आगे ञाहाको समाचार भलो छ. फागुनवदि १२ रोज ६ का मितिमा चढाइ पठायाको अर्जीए शुदि १५ रोज २ का दिन आइपुग्यो अर्थ मालुम् भयो. उप्रान्त म त जानाको तयारि गऱ्या जान्छु भनि श्री ---१--- हजुरका हजुरमा बिन्ति पाऱ्याथ्यां. जनरलबाट पनि जाउ भन्याथ्या तिमिलें जानु हुदैन. जनरल जाला भंन्या हुकुम हुदा मेरा अवाइ भयेन. अघि पनि हजुरमा वारंवार बिन्ति गऱ्यैको हो. ---१--- हरुबाट पनि कैल्हे पाउलागिबक्सनुहोला भनि वारंवार हुकुम हुन्छ. जनरल पनि हजुरका भक्तिभावमा छन् ---१--- हरुका गाथमा पनि आराम छ. हजुरबाट पनि औलाको याम् आयो. चाडो गरि पाउलागिबक्सनुभया बढिया होला

---

[४२] वि.सं. १९१० फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
माघ	२४	बृहस्पति	चतुर्थी	३६। ५०

भन्या विस्तार बढिया लेषि चढाइ पठायाछौ. तिमिले जानुपर्दैन जनरल जाला भनि २ बाट बढिया हुकुं बक्स्याछन्. कैल्हे पाउलागीबक्सनुहोला भन्या अर्थलाइ र अरु विस्तार गाजीपूर मुकाम्‌बाट जनरललाइ बक्सी पठाया. चिठिले बुझौला अब चैत्रवदि ३ रोज ६ का दिन गाजीपूरबाट कूंच गरिबक्स्यौं. अब सरासर नेपालतरफ कूंच गरिबक्सौला. ताहा तिमिले र ---२--- का गाथको बहुत तरहले सम्भार राषन्या काम् गऱ्या बेस् होला. ताहा परिआयाको कामकाज गर्दा र ---२--- बाट हुकुं बक्स्याबमोजीम गर्नु.

इति सम्वत् १९०३ साल मिति चैत्रवदि ६ रोज २ मुकाम दरौंलि चलिचलाउ शुभ्म्---

(४१ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्र(राजेन्द्र) विक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्---

स्वस्ति श्रीब्रह्मशिवेन्द्रादिवृन्दारकवृन्दवन्दिचरणेन्दिरादयितमन्दिरायमानहृदयारविन्दश्री ६ गुरुराजपंडितश्रीविजयराजपंडितकेषु प्रणामपूर्वकपत्रमिदं. ञाहा कुसल छ. ताहा कुसल चाहिये. आगे ञाहाको समाचार भले छ. उप्रान्त दसै गर्न्या कुरालाइ हामि ताहा आइकन गरौला भंन्या पाठले भन्या बर हुन गयो. अब र ताहा तिमिले बढिया तरहसंग हामिबाट पठाइबक्स्याका पूर्जीबमोजीम् दसै गर्न्या काम गऱ्या बढिया होला.

इति सम्वत् १९०३ साल मिति चैत्रसुदि १ रोज ४[४३] मुकाम् गोविन्दगंज शुभ्म्

(४२ सङ्ख्या)

श्री ५ नानिमहाराजधिराज

१

---

[४३] वि.सं. १९०३ चैत्रशुक्ल

	गते	वार	तिथि	घडी पला
चैत्र	६	बुध	प्रतिपद्	४६। ११

श्रीनारायणी

२

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्------

स्वस्ति श्रीब्रह्मशिवेन्द्रादिवृन्दारकवृन्दवन्दीचरणेन्दिरादयितमन्दिरायमानहृदयराविन्दश्री ६ गुरुराजपंडितविजयराजपंडितकेषु प्रणामपूर्वकपत्रमिदं. ञाहा कुशल छ. ताहा कुसल चाहिये. आगे ञाहाको समाचार भलो छ. उप्रान्त वैसाषवदि ५ रोज ३ का मितिमा चढाइ पठायाको अर्जी आइपुग्यो. अर्थ सबै जाहेर भयो. मेहर्वानिले बक्सीस् भयाका २ षेतको माटे र लालमोहर वासुदेव जोसिहस्ते आइपुगि बाहुलिबाट छुवाइदिनु भन्या हुकुं हुदा सोबमोजीम् गरि साध लगाइदिनु भन्या हुकुम हुदा भोलि पर्सिमा लाग्छ भन्या कुरालाइ मैले पठाइबक्स्याको २ षेतको माटे ताहा पुग्दा --- बाट षुसि भै साध लगाइदिनु भंन्या हुकुम बक्स्याछन्. बढिया भयेछ. म ट्याढा हुनाले साना ठुला सत्रुहरुले चुक्ली पाऱ्या हुन्. चुकली गर्न्या मानीसको नाउ र रिसानि भयाको कुरासमेत् जर्नैल्को चौवन्नीका कुरामा चुकली पाऱ्याको उहा फरक पाऱ्या हुन्. दुइ हामिमा फ्रक परायाका हुनन् भन्न्या कुरा जर्नैललाइ राषि म बसि जोसिबाट बिन्ति गराउदा उस्मा ञाहा पनि बहुतै षुस हुनुभयो. अब त जर्नैल पनि षुसिराजी छन् भंन्या कुरा बढिया लेष्याछौ. जर्नैल् र तिमि --- का हजुरमा बसि जोसिबाट बिन्ति गराउदा षुसि भयाछन् बेस् भयेछ. तिमिले र कौनै कुराको सन्देह मान्नु पर्दैन बीचमा कसैले घटिया कुरा बिन्ति पाऱ्या पनि म सुनिबक्सन्याछैन. जर्नैलले पनि कौनै कुराको सन्देह मान्नुपर्दैन. अघि पनि --- निमित्त र मेरा निमित्त गाथको पनि माया नराषि अघि सऱ्याको हो. आज पनि तेस्तै माया गऱ्याकै छ --- का हुकुंबमोजीम् कामकाज गऱ्यापछि जनरलदेषि म पनि बहुतै षुसि छु. श्रीबुढा गुर्ज्यूसंग र भगुवाहरुसंग मुलाकात्का कुरालाइ आफना अघिदेषिका भलाआदमी आसिर्वाद दर्सन् गर्न आयापछि भेट्घाट् गर्नैपर्छ गरिबक्स्या. श्रीप्राइम्मिनीष्टर यान् कम्याण्डर इन चिफ जनरल जङ्गबहादुर कुवरलाइ दगाको कुरा गरियाको छैन. एस्तो झुट्टा कुरा ताहा प्रतित् मांदा र पठदा आश्चर्य लाग्दछ. दधिराम र मेरा हजुरमा आई मैले दगाको कुरा आट्याको भया मलाई कायेल गर्न कोहि आवस्. जोरि निसाफ गरिबक्स्या जावस् भनि बिन्ति

गर्दछ. जोरिनसकन्या कोहि वादी छ भन्या जोरिन आवस् र निसाफ गरिबक्सुला दधिरामका षेल भयो भन्या हाम्रा सिमानाभित्र ल्याइ मुडि धपाइ निकाला गरिबक्सुला जगत्सिंग्या बस्न्यातलाइ विरध्वज्या चंडाल्या बस्न्यातले गाथसंबंधिको कुरा गर्दा उसमेत् बाह्र जना मेरा हुकुमले काटिया. तंसंग पनि विरुध्वज्या चंडालले गाथसंबंधिको कुरा गऱ्याको सबै विस्तार मेरा हजुरमा बिन्ति गर भनि मैले हुकुम गर्दा मैले तेस् विरुध्वज्या चण्डालसित केहि कुरा गऱ्याको छैन मलाइ निसाप् भनि बिन्ति गर्दा तंले नेपाल जा तेरो निसाप अदालतमा होला भंन्या हुकुम् गर्दा जांछु भनि रंगील्दास्का तलाउमा बिन्ति गर्दा कप्तान् धीरबहादुर कुवरले पनि सुन्याको छ. मैले भरिसक्य जगत्सिंग्यालाइ बनारसबाट झिकाइ हाम्रा सिमानाभित्र ल्याउन सक्यां भन्या बाधि ताहा इय्चपलीमा सौपि पठाउला. गाथसंबंधिका कुरामा जगत्सिंग्या कायेल् भयो भन्या जगत्सिंग्याको छाला काढि नुन् चुक लाउनु. मकै षत्रि प्रभृतिलाइ ञाहा आउन नदिनु भनि उर्दि ञाहा रहन्याहरुलाइ बक्स्यौं अब आउन पाउन्याछैनन्. ढडामा सहि हालन्या कुरालाइ र चमक् मेटाउना निमित्त भंन्या लेष्या छौ मैले त्यो ढडा २ बाट पैल्है पठायाको हो. चमक मेटाउनानिमित्त होइन. जनरललाई सम्झाइ सहि हलाइ पठाउन्या काम गऱ्या पनि बेसै छ. हजूरबाट दोहोरो माया गरि साध्य छैन. एसै चक्रको माया गरिबक्स्या बढिया होल भंन्या कुरालाइ अघिदेषि पनि तेसै चक्रको माया ज्यादा गरिबक्स्याको छ. अरुतिरको त भेट गर्न आयापछि षानालाइ कोहि दिन्या हो भनि मात्र केहि षर्च बक्स्याको हो. उन्हेरुसितको मायामुलाहिजा केहि छैन. तेस चक्रको माया छाडि अरुतिरको माया गऱ्याको पनि छैन गरिन्या पनि छैन. एस् कुरामा कत्ति संदेह नराष्या बढिया होला.

इति सम्वत् १९०४ साल मिति वैसाषवदि १४ रोज ४ मुकाम सुगौली शुभ्म्

(४३ सङ्ख्या)

श्रीगुरुराज पंडीत् धर्माधिकार विजयराज पंडीतज्यू

१

श्रीमाहिलानानि

२

श्रीजेठाबुहारि

३

श्रीसाहिला बुहारि

४

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्म हाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्------

आगे ---१--- लाइ सम्वत् १९०३ साल मिति फाल्गुणसुदि ९ रोज ३[४४] का दिन दिक्षामंत्र सुन्दा ---२--- बाट संकल्प भयाको षेत मुरि ।३३।६।४ औ एहि साल मिति फाल्गुणसुदि १० रोज ४[४५] का दिन दिक्षा मंत्र सुन्दा ---३--- बाट संकल्प भयाको षेत मुरि ।६६।११ ---४--- बाट संकल्प भयाको षेत मुरि ।६६।११ सबै पटक भयाको ज्मा षेत १।६६।८।४ तस्को सरहबमोजीम घड्यारिस्मेत् हामा वर्ष ३४ का उमेर हुदा सर्वांक माफ बिर्त्ताबितलप गरिबक्स्यौं. सतंगोलका अंबलमध्ये षेत १।६६।८।४ घड्यारि पाषो मुरि ।३३।४।०।६ को पानि षेत दिदा डेढो घटइ षेत मुरि ।२२।२।५।८ ज्मा काम्य्रा षेत १।८८।३।६।२ तस्को साध पूर्व रैकर षेतको आलि साध लुहकिल दक्षिण मुल बाटो साध लुहकिल पश्चिं सानु बाटो र प्रजाका सुनाबिर्त्ताको आली साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल येति सिमानाभित्र षेत १।६६।८।४ घड्यारि मुरि ।२२।२।५।८ ज्मा षेत घड्यारि १।८८।३।६।२ सर्वांक माफ् बितलप जानि संतानदरसंतानपर्यन्त परम सुख भोग्य गर्नुहवस्. हामिलाइ आसिर्वाद बक्सदैरहनुहवस्. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या ---१--- पानि हालन्या काजी बंबहादुर कुवर साध लाउन्या सधियार थरघर वीरभद्र बोहरा मर्दनसिं नारा ब्रह्मटेलको डगोल भीमनर वबाहाटेलको डगोल विन्द्रसिं मजागदेवलको

---

४४. वि.सं. १९०३ फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी पला
फाल्गुन	१४	मङ्गल	नवमी	४७। १८

४५. वि.सं. १९०३ फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी पला
फाल्गुन	१५	बुध	दशमी	४७। १४

डगोल् धमनारान् तलाछिटोलको डंगोल धमनारां सतंगोलको द्वाऱ्या अमरसिं थापा न्होछे शिवनन्द ल्याह्य रतंचा भवानी जितमान् सिंनारान् प्रमानन्द विष्णु मोही तुल्या थापा पाटन्का षरिदार लक्ष्मीनाथ गजुऱ्याल् थापागाउका लक्ष्मिनाथ थपलिया गोर्षाका हबल्दार महिन्द्र षत्रि सुनागुठिको महाविर कार्कि मंढन्को हर्कवीर आले नुवाकोट्को दलमर्दन बुढा सिकर ब्यासिको बागसिं कृतिपुरको मोहिनाईक्या लक्ष्मीनर. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सिर जबद नगर्नु. जो येस बन्देजमा रहोइन. सो यस श्लोकमा भन्याको पातकि होला.

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमिः ।।१।।

स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
परदत्तापहारेण स्वदत्तं निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९०४ साल मिति वैसाषवदि ३० रोज ५[४६] शुभम्--

मार्फत् जङ्गबहादुर कुवर-१
मार्फत् जयबहादुर कुवर-१
रुजु बद्रिनरसिंह कुवर-१
रुजु चतुर्भुजदत्त अर्ज्याल्-१
रुजु कनकसिं महत्-१
रुजु हेमदल् थापा-१
रुजु कुलमान्सिंह बस्न्यात्-१
रुजु करविदव-१
रुजु वीरवृन्दपराक्रम साह-१
रुजु जित्मान्सींह बस्न्यात्-१
रुजु सुरथसिं पंथ-१
रुजु फत्तेसिं-१

---

[४६] वि.सं. १९०४ वैशाखकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
वैशाख	४	बृहस्पति	अमावास्या	१५। २

(४४ सङ्ख्या)

श्रीगुरुराज पंडीत धर्माधीकार श्रीविजयराज पंडीतज्यू

१

श्रीनारायणि

२

श्रीभीमभक्तेश्वर

४

श्रीतलेज्यू

५

श्री(दे)गुतले

६

श्री(म)छिन्द्रनाथ

७

श्रीभगवान्

८

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---------

आगे ---१--- के सम्वत् १९०३ साल मिति चैत्रवदि ३० रोज ३[४७] का दिन सल्पम्पूरमा ---२--- का तीरमा हाम्रा बाहुलिबाट संकल्प भयाको षेत २।० तस्को सरहबमोजीम घड्यारिस्मेत हाम्रा वर्ष ३४ का उमेर हुदा सर्वांक माफ बिर्त्ताबितलप गरिबक्स्यौ. पाटन्का अम्बलमध्ये क्वाछे षेत मुरि ।२० तस्को साध पूर्व रैकर षेतको आली साध लुहकिल दक्षिण ---३--- का बिर्त्ता षेतको आलि साध र प्रजाका सुनाषेतको आलि साध लुहकिल पश्चिम् ब्राह्मणका बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर रैकर बाझाको डिल् र पाटिको सांध लुहकील दफे सरस्वति षेत

---

[४७] वि.सं. १९०३ चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
चैत्र	५	मङ्गल	अमावास्या	५२। २

मुरि ।२१।१५ तस्को साध पूर्व प्रजाको सुनाबिर्ता षेतको आलि साध लुहकिल दक्षिण ---३--- का बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम कुलाको डिल् साध लुहकिल् उत्तर ---४--- का गुठि षेतको आलि साध लुहकिल् दफे सामुगल् षेत मुरि ।१२।१५ तस्को साध पूर्व प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण बाटाको डील् साध लुहकिल पश्चिम उत्तर प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल दफे गोषा षेत मुरि ।२० तस्को साध पुर्व गोदावरी षोलाको डिल् साध लुहकिल दक्षिण ---५--- का गुठि षेतको आलि साध लुहकिल पश्चिम कुलाको डिल साध लुहकिल उत्तर ---६--- का गुठि षेतको आलि साध लुहकिल दफे बलमडु षेत मुरि ।३० तस्को साध पूर्व देउभाजुको बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण चिहान् र प्रजाका सुनाबित्ता षेतको आलि साध लुहकिल पश्चिम् बाटाको डिल् साध लुहकिल उत्तर कुलाको डिल् साध लुहकिल दफे बलमडु षेत मुरि ।२८ तस्को साध पूर्व बाटाको डिल् साध लुहकिल दक्षिण देउभाजुको बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम् कुलाको डिल् साध लुहकिल उत्तर प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल दफे डोडोल् षेत मुरि ।२० तस्को साध पूर्व जनरल भीमसेन थापाको बिर्त्ता षेतको आलि साध लुहकिल् दक्षिण बांडाको बिर्त्ता षेतको आ आलि साध लुहकिल पश्चिम् प्रजाको सुनाबिर्त्ता षेत र रैकर षेतको आलि साध लुहकिल उत्तर कुलाको डिल् साध लुहकिल दफे मिलं षेत मुरि ।२० तस्को साध पूर्व दक्षिण प्रजाको सुनाबिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम उत्तर बाटाको डिल् साध लुहकिल दफे भेलुपा षेत मुरि ।१२।१५ तस्को साध पूर्व दक्षिण रैकर षेतको आलि साध लुहकिल पश्चिम रैकर षेतको आलि साध लुहकिल उत्तर ---७--- का गुठि षेतको आलि साध लुहकिल् दफे सुकुंति षेत मुरि ।१४।१५ तस्को साध पूर्व ब्राह्म(ण)का बिर्त्ता षेतको आलि साध लुहकिल् दक्षिण प्रजाका सुनाबिर्त्ता षेतको आली र कुलाको डिल् साध लुहकिल पश्चिम ब्राह्मणका बिर्त्ता षेतको साध लुहकिल उत्तर कुलाको डिल् र ब्राह्मणका बिर्त्ता षेतको आलि साध लुहकिल दफे इषुहिटि षेत मुरि ।६ तस्को साध पूर्व प्रजाका सुना बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण बुबाहालका ---८--- का गुठि षेतको आलि साध लुहकिल पश्चिम प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल उत्तर प्रजाका सुना बिर्त्ता षेतको आलि साध लुहकिल दफे इकुहिटि षेत मुरि ।२०।१३।२।६ तस्को साध पूर्व ---८--- का गुठि षेतको आलि र विश्वनाथ थपलियाको बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण रैकर षेतको

आलि र ---८--- का गुठि षेतको आलि साध लुहकिल पश्चिम् ब्राह्मणका बिर्त्ता षेत र रैकर षेतको आलि साध लुहकिल उत्तर प्रजाको सुनाबिर्त्ता षेतको आलि र कुलाको डील साध लुहकिल येति सबै शिवानाभित्र षेत २।० घड्यारि पाषो मुरि ।४० को साटे पानि षेत दिदा डेढो घटइ षेत मुरि ।२६।१३।२।६ ज्मा षेत घड्यारी २।२६।१३।२ सर्वांक माफ बिर्त्ताबितलप जानि संतानदरसन्तानपर्य्यन्त परम सुष भोग्य गर्नुहवस्. हामिलाइ आसिर्वाद बक्सदैरहनुहवस्. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या पुरोहित सोमनाथ अर्ज्याल् पानि हालन्या कप्तान् षड्गबहादुर कुवर यो बिर्त्ता साध लाउन्या सधियार थरथर भगीरथ पाडे विरभद्र बोहोरा डगोल ब्रह्मटेलको बलभद्र मट्याङ हरिचा पाटन्का अमालिबाट आयाको लक्ष्मीनारान् कोटल् सदरको मोहिनाईक्या जस्राम् पाटन्को मोहिनाइक्या हर्क धिन्नारान् कंपूको मोहिनाईक्या देवनारान् भलामानिस विश्वनाथ थपलिया त्रैलोक्यनिवास् गजुर्‍याल् मोहि लाजमान्सीं मोहि बेषासिं क्वाछे रत्नसिं षोकनाको टैढि मोहि भवानि ज्यापू. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जो यस बन्देजमा रहोईन. सो यस श्लोकमा भन्याको पातकि होला ।।

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
परदत्तापहारेण स्वदत्तं निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९०४ साल मिति वैसाषवदि ३० रोज ५ शुभ्म्----

मार्फत् जङ्गबहादुर कुवर १
मार्फत् जयबहादुर कुवर १
रुजु बद्रिनरसिंह कुवर १
रुजु करवीर षत्रि १
रुजु जीतमानसिंह बस्नेत १
रुजु हेमदल थापा
रुजु उमाकान्त उपाध्या १

(४५ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्--

स्वस्ति श्रीब्रह्मशिवेन्द्रादिवृन्दारकवृन्दवन्दितचरणेन्दिरादयितमन्दिरायमानहृदयारविन्दश्री ६ गुरुराजपंडितविजयराजपंडितकेषु प्रणामपूर्वकपत्रमिदं. ञाहा कुल छ. ताहा कुसल चाहिये. आगे ञाहाको समाचार भलो छ उप्रान्त वैसाषवदि रोज मा लेष्याको पत्र आइपुग्यो. विस्तार सबै जाहेर भयो. दधिरामका कुरालाइ ताहा पठाइदिउ भन्या अर्काका मुलुकमा बढिया पर्दैन. केरकार गर्नुपर्छ. दधिरामलाइ ञाहा पठाइ बक्स्याजाला भन्या विस्तारसमेत् ढडामा सहि हालन्या कुरालाई जर्नेलको पनि मन्सुवा थियो. गाजीपूरबाट राउतले हजुरबाट प्रतित विश्वास भयाका मानिसले कह्याको बात दगाको सुन्दा हाल्न सकेनन्. अब त वासुदेव जोसीले हजुरबाट पेट षोलिबक्सको सुन्दा सावधान् छन् भंन्या विस्तार बढिया लेष्याछौ. दधिरामलाइ म आउदा साथैमा ली आउला र ताहि निरूपन् गरिबक्सौला आयेन अंग्रेजका सिमानाभित्रैमा भागी गयो भन्या त्यो सरासर झुठ रहेछ. ञाहा तेस्को संगि आइसक्तैन भन्या तेसले लेष्याको बेहोरा वारको कागजपत्र जो छ. ञाहा पठाइदिनु र त्यो कागज र एस्लाइ जोरि निरुपन गरिबक्सौला. पछि जो ठहर्ला. सो होला. श्रीप्राइम्मिनिष्टर यान् दगाको बात सुन्दा हडबडाउछन् भंन्या कुरालाइ मैले तेस्तो दगा गर्‍याको पनि छैन कसैसित मद्दत गर्‍याको पनि छैन. गंजसिं राउतले भन्याको कुरालाइ त्यो पनि ञाहा छैन. तेस्को मानिस् पनि ञाहा छैन कसो गरि श्रीबुढागुर्ज्यूसित कुरा पुग्दछ र तेस्को तहकित् होईसक्तछ. श्रीप्राइम्मिनिष्टर यान् पनि एस्ता कुरामा अर्काका कुरा सुनिकन किन हडबडाउछ. एस्मा कति सन्देह नगर्नु. लेषिकन मात्रै केहि हुदैन. म ताहि आयापछि विस्तार हुन्यैछ औलो बचाइ पावलागीबक्सया जाला भंन्या कुरालाइ विभुत्या औलो बचाइ आउन्या काम गरिबक्सुला. विवाहको उद्योग पनि भयाको छ भंन्या कुरालाइ बढिया हो. तहा आयापछि विस्तार होला. अंग्रेजले देउरालीको जगा छाडिदियाछन् बेस् भएछ. ती रजीडंट बढियै हुनन् भन्न्या मेरा चित्तमा पनि लागीरहेछ. तीर्थराज पण्डित सरणमा छन् भन्न्या कुरालाइ हाम्रा साथैमा हाजीर छन्. एस्मा सन्देह मान्नुपर्दैन. हामीबाट निगाहा राषिबक्सन्यैछौ.

इति सम्वत् १९०४ साल मिति वैसाषशुदि ३ रोज १[४८] मुकाम् सुगौली शुभम्---

(४६ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहा(राज)राजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्------

स्वस्ति श्रीब्रह्मशिवेन्द्रादिवृन्दारकवृन्दवन्दिचरणेन्दिरादयितमंदिरायमान हृदयराविन्दश्री ६केषु प्रणाम्पूर्वक पत्रमिदं. ञाहा कुसल छ. ताहा कुसल चाहिये. आगे ञाहाको समाचार भलो छ. उप्रान्त अब हजुरमा पनि मेरो बिन्ति छ. वि(वा)हको हजुरको उद्योग गरिराष्याको छ. विवाह भयापछि मोहर गरिबक्स्यैको छ. मेहमान्गी हजुरबाट रहोस् भनि वैसाषशुदि ६ रोज ३ मा तपाञिबाट मेरा हजुरमा चढाइ पठाउनुभयाको अर्जी वैसाषशुदि ९ रोज ७ का दिन आइपुग्यो. म षुसि भञा. मेरा १२ का हजुरमा बिन्ति पारि हुकुंमाफिक मेरा विवाहको उद्योग हवस्. मेरा अब विवाह भयाका १३ काले १४ हुनु भनि मोहर गरिबक्स्यौं.

सम्वत् १९०४ साल मिति वैसाषशुदि १० रोज १ मुकाम् सुगौली शुभम्---

(४७ सङ्ख्या)

श्री ५ नानिमहारा(ज)धिराज

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्---

---

[४८] वि.सं. १९०४ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
वैशाख	१४	आदित्य	दशमी	९।	६

स्वस्तिश्रीब्रह्मसिवेन्द्रदिवृन्दारकेवृन्दवन्दिचरणोन्दिरादयितमन्दिरायमानहृदयराविन्द श्री ६ गुरुराजपंडितश्रीविजयराजपंडितकेषुप्रणाम पूर्वक पत्रमिदं ञाहा कुसल छ. ताहा कुसल चाहिये. आगे ञाहाको समाचार भलो छ. उप्रान्त वैसाषवदि १४ रोज ४ का मितिमा चढाइ पठायाको अर्जी आइपुग्यो अर्थ सबै जाहेर भयो. हजूरलाइ चलाउनानिमित्त पल्टन् र पगरिको ठुलो रौला उठिरहेछ. एस्को २।४ दिन्मा बढियै थालि बस्ला भन्या जस्तो देषिन्छ भन्या विस्तारको अर्जि चढाइ पठाउन्याकां बढिया हो. यो अर्जी नजर गर्दा म बहुतै षुसि भञ. पल्टन् पगरिको र श्रीप्राइम्मिनिष्टर यान्का सल्लाहमा ठहऱ्याको विस्तार चाडो लेषि पठाउन्या काम गर्नु. अरु विस्तार तीर्थराज पण्डितका चिठिले सबै जाहेर भयो ताहा र ---१--- सबै तरहले सम्भार राषन तिमि जान्यै छौ. बाकि दधिरामका कुरालाइ ताहा तेस्का साथिले क्या भन्छ तेसले भन्याको जवान्वन्दी जो छ त्यो जवान्वन्दि ञाहा पठाइदिनु ञाहा दधिरामसंग पनि जवान्वन्दि लेषाइदिउला २ जवान्वन्दि जोरि ञाहि होला तपनि जाहा छिन्न्या... तजवीजले ठहर्ला ताहि छिन्न्या काम गरिबक्सौला.

इति सम्वत् १९०४ साल मिति वैशाषसुदि ११ रोज २[४९] मुकाम सुगौली शुभ्म्---

(४८ सङ्ख्या)

श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यू

१

श्रीनारायण

२

धर्म

३

---

४९. वि.सं. १९०४ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी पला
वैशाख	१५	सोम	एकादशी	१४। ७

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्---

आगे ---१--- प्रति तपाञीले हाम्रा गाथसंबंधि हुदामा मिहिनेत गरि गाथ बचाइ गद्‌दिमा राज गराइ राज्याभिसेष गराउदाका रीझमध्ये तपाइका सन्तानले सोझो गरंजिसम्म हाम्रा सकल संतानले तपाञिका संतानसित मन्त्र लिनु भनि गुरुपदवीको मोहर गरिबक्स्यौ. यस बन्देजमा जो रहोइन. तपाञिका संतानले रहेनन् भन्या पनि हाम्रा सकल संतानले रहेनन् भन्या पनि पंचेमहापातक लागला. जसले यो बन्देजमा रहला. उसलाइ ---२--- ले भलो गरुन् भनि ---३--- पूर्वक गुरुपदवीको लालमोहर गरिबक्स्यौं. आफ्ना षातिरज्मासित रहनुहवस्.

इति सम्वत् १९०४ साल मिति प्र.ज्येष्टशुदि १२ रोज ५[५०] शुभम्---

मार्फत जङ्गबहादुर कुवर - १
मार्फत बंबहादुर कुवर - १
रुजु जयबहादुर कुवर - १
रुजु बद्रिनर्सिं कुवर - १
रुजु भक्तवीर कुवर - १
मार्फत रघुनाथ अर्ज्याल - १
रुजु सुरथसिं पंत - १
मार्फत उमाकान्त उपाध्या - १
रुजु चतुर्भुजदत्त अर्ज्याल् - १
रुजु रामनारायन मिश्रज्यू - १
मार्फत कुलचन्द्र साह - १
रुजु जित्मानसिंह बस्न्यात् -१
मार्फत तारानाथ अर्ज्याल् - १
मार्फत करवीर षत्रि - १

---

[५०] वि.सं. १९०४ अधिकज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	१४	बुध	द्वादशी	५९। ४०

(४९ सङ्ख्या)

श्रीगुरुराज पंडीत् धर्माधिकार श्रीविजयराज पण्डितज्यू

१

श्रीगुरुराज पंडीत् श्रीनगेन्द्रराज पंडीतज्यू

२

श्रीकांछारानी

३

श्रीमाहिला बुहारी

४

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्----

आगे ---१--- ---२--- लाइ सम्वत् १९०४ साल मिति वैसाषशुदि ८ रोज ५[५१] का दिन दिक्षा मंत्रका चतुर्थिमा हाम्रा बाहुलिबाट संकल्प भै ---२--- लाइ बक्स्याको षेत् ३। औ यहि साल यहि दिन यहि काममा हाम्रा ---३---बाट संकल्प भै ---१--- लाई बक्स्याको षेत् मुरि ।६६।११ औ यहि साल यहि दिन यहि काममा ---४--- बाट संकल्प भै ---२--- लाइ बक्स्याको षेत् मुरि ।२२।३ तिनै पटक् संकल्प भयाको षेत् ३।८८।१४ तस्को सरहबमोजीम घड्यारिस्मेत् हाम्रा वर्ष १७ का उमेर हुदा सर्वाङ्क माफ बिर्त्ताबित(ल)प् गरिबक्स्यौं. कविलासको अम्बलमध्ये षेत् ३।८८।१४ घड्यारि पाषो १।१६।६ तस्को पानि षेत् दिदा डेढो घयाई षेत् ।७२।११।१।३ ज्मा नौबिस्या षेत् ४।६१।५।१।२ तस्को सांध पूर्व रैकर षेत्को आलि र कुलाको डिल् सांध लुहकिल् दक्षिण षादषोल्सिको डिल् सांध लुहकिल पश्चिम् उत्तर रैकर षेत्को आलि सांध लुहकिल् यति सिमानाभित्र षेत् ३।८८।१४ घड्यारि ।७२।११।१।३ ज्मा षेत् घड्यारि ४।६१।५।१।२ सर्वाङ्ग माफ् बिर्त्ताबितलप जानि सन्तानदरसंतानपर्य्यंत परम सुख

---

[५१] वि.सं. १९०४ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी पला
वैशाख	११	बृहस्पति	अष्टमी	६०। ०

भोग्य गर्नुहवस्. हामिलाई आसिर्वाद बक्सदैरहनुहवस्. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या ---२--- पानि हालन्या श्रीप्राइम्मिनिष्टर यान् कम्याण्डर इन चिफ जनरल जङ्गबहादुर कुवर सांध लाउन्या सधियार थरघर भगिरथ पाडे भवानिसंषर षनाल् डंगोल यट्याषाटेलको बिलवन्त बिज्यापूतको पुनसिरि टेगलटेलको हिमन्त कविलासको द्वाऱ्या इष्याराम मिश्र थरी विष्णुकान्त मिश्र इच्छाराम मिश्र वैजनाथ षतिवडा छिताराम सिटैला डिट्ठाबाट आउन्या उदैनारान् पौड्याल् भलामानिस् सिवदत्त बोहोरा नन्दलाल जैसि विष्नुकान्त जैसि रंजित षत्रि अंगिरस सिटौला भैरव षत्रि नन्दराम गोताम्या विसु षतिवडा पदम गिरी देउसिं मिझार थापागाउका जगंनाथ पाध्या थपलिया विरभद्र पाध्या उदैराज पंथ लक्ष्मण पाडे रामहृदय जैसि सिलवाल् थानसिंका गौरिदत्त पाठक् गुननिधि भेटुवाल् बुद्धिविलास् भेटुवाल् रघुनाथ भेटुवाल् रामचन्द्र सेढाइ. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जो येस बन्देजमा रहोईन. सो यस श्लोकमा भन्याको पातकी होला.

स्वदत्ताम्परदत्तां वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टीवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तांनुपालनात् ।।
परदत्तांपहारेण स्वदत्तं निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्वा नत्वा याचते रामचन्द्रः ।।
सामांन्योयं धर्म्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९०४ साल मिति आश्विणसुदि २ रोज २[५२] शुभ्म्---

मार्फत् जङ्गबहादुर कुवर
मार्फत् जयबहादुर कुवर
रुजु जितमानसिंह बस्न्यात्
रुजु बद्रिनरसिंह कुवर
रुजु हेमदल् थापा
रुजु करवीर षत्रि
रुजु उमाकान्त उपाध्या

---

[५२] वि.सं. १९०४ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	२७	सोम	द्वितीया	२८। ३६

(५० सङ्ख्या)

(स्वस्तिश्री) गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविवि(धविरु)दावली-विराजमानमानोन्नतश्रीमन्महाराजाधिराज (श्रीश्री) श्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूर-सम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्------

---१--- के काठमाडौ फसिकेव टेलको काजी दलभंज(न पाडे).. उसलाई टुकुचापारि सट्टा गरिबक्सी पछि बस्(न (ब)क्स्याको फसिकेव घरबारि लगापातस्मेत्को सम्व(त्) १९०४ साल मिति ज्येष्टसुदि १० रोज ४ का दिन हाम्रा बा(हुलीबाट)संकल्प गरिबक्स्याको हो. तस्को दानपत्र गरि स(र्वकर) अकर सर्वांक माफ् गरि बिर्त्ताबितलप गरिबक्स्यौ. आ(फ्ना बि)र्ताबितलप जानि भोग्य गर्नुहवस्.

स्वदत्ताम्परद(त्ताम्वा यो) हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टा(यां जाय)ते कृमि ।।१।।

इति सम्वत् १९०४ साल मिति पौ... १२ रोज २ शुभम्---
मार्फत् सिवप्रसाद अर्ज्याल १
रुजु करविर षत्रि १
रुजु हेमदल थापा १

(५१ सङ्ख्या)

सम्वत् १९०४ साल मिति शुद्धज्येष्ठशुदि १० रोज [५३]... (फ)सिकेवटेलको दलभंजन पाडे बस्याको घरबारि... श्री ५ महाराजधिराजका बाहुलिबाट संकल्प... पंडितराज श्रीनगेन्द्रराज पंडितज्यूलाइ बिर्ता बक्स... साध लाइमागनु संकल्पवाक्य पढन्या श्रीप... (चतु)र्भुजदर्त्त अर्ज्याल्. पानि हालन्या श्रीप्राइंमिमिनिष्टर कम्यांडर इन चीफ जनरल जङ्गबहादुर कुवर.

इति सम्वत् १९०४ साल मिति पौषशुदि १० रोज ७[५४] शुभम्

---

[५३] वि.सं. १९०४ ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी पला
आषाढ	११	बुध	दशमी	२८। ५०

[५४] वि.सं. १९०४ पौषशुक्ल

	गते	वार	तिथि	घडी पला
माघ	३	शनैश्चर	दशमी	४२। २४

(५२ सङ्ख्या)

(स्वस्ति श्री)गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिवि(विधरु)दावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधि (राजश्री) श्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसंसे (रजङ्गदे)वानां सदा समरविजयीनाम्---

(स्वस्ति श्री)गुरुराज पंडित नगेन्द्रराज पंडितके काठमाडौ फ(सिकेवटे)लको काजी दलभंजन पाडेको घर उसलाइ टुकु(चा)... सट्टा गरिबक्सी पछि बसनुलाई बक्स्याको फसि(केव)... रि लगापातस्मेत्‌को घरको सम्वत् १९०४ (मिति) ज्येष्टसुदि १० रोज ४ का दिन हाम्रा बाहुलिबाट... गरिबक्स्याको तस्को दानपत्र गरि सर्वकर अकर (सर्वांक माफ) गरि बिर्ताबितलप गरि १९०४ साल पौषसुदि... दिन बक्स्याका मोहर हराउदा तस्को सट्टा मोह(र)... यो. आफ्ना षातिरज्मासंग बिर्ताबितलप जानि... हवस् ।।

स्वदत्ताम्परदत्ताम्वा ब्रह्मवृत्तिं हरेच्च (यो ।)
(षष्टि)वर्षसहश्राणि विष्ठयां जायते कृमि ।।१।।

इ(ति सम्वत्) १९०५ साल मिति ज्येष्टवदि २ रोज ७ शुभम्---

(५३ सङ्ख्या)

श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यू

१

श्रीयुवराजधिराज श्रीत्रैलोकवीरविक्रम साहबहादुरसंसेरजङ्ग साह

२

धर्म

२(३)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजपट्टराज्ञीश्रीश्रीश्रीत्रैलोक्यराज्यलक्ष्मीदेविनां सदा सौभाग्यधर्मशीलवतीनाम्-----------

आगे ---१--- के हाम्रा साहेबज्यादा ---२--- र अरु साहेबज्यादाहरु सबै जनालाइ हाम्रा गाथगादि ढुंगाको सोभो चिताउदासम्म तपाइलाइ र तपाइका सन्तानलाइ

गायत्रि र दीक्षाका गुरुपदवीको स्याहामोहरको ---२(३)--- पत्र गरिबक्स्यौं. सो जानि हाम्रो जय मनाइ रहनुहवस्.

इति सम्वत १९०५ साल मिति ज्येष्टवदि २ रोज ७[५५] शुभम्------

मार्फत जङ्गबहादुर कुवर राणाजी -१
मार्फत बँबहादुर कुवर राणाजी -१
मार्फत जयबहादुर कुवर राणाजी-१
मार्फत बद्रिनर्सिंह कुवर राणाजी-१
मार्फत शिवप्रसाद अर्ज्याल-१
मार्फत चतुर्भुजदत्त अर्ज्याल्-१

(५४ सङ्ख्या)

स्वस्ति श्रीमन्महाराजधिराजकस्य रुक्वा---

आगे श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यूके बझांगिया साहेबका नाउमा श्रीगंगोत्तरिका जल झिकाउनु भंन्या अषतियारि गरिबक्स्याको लालमोहर हानि सम्वत् १९०५ साल वैसाषवदि २ रोज[५६] देषि तपाञिका नाउमा उहिबमोजीम मानिस राषि श्रीगंगाका जलको काम चली आयाबमोजीम कामको अषतिरयारि गरि श्रीगङ्गोत्तरिको जल झिकाउनाको लालमोहर गरिबक्स्यौं.

इति सम्वत् १९०५ साल मिति ज्येष्ठवदि २ रोज ७ शुभम्----

मार्फत जङ्गबहादुर कुवर राणाजी -१
मार्फत बँबहादुर कुवर राणाजी -१
मार्फत सिवप्रसाद अर्ज्याल् -१

---

[५५] वि.सं. १९०५ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	९	शनैश्चर	द्वितीया	२२। २९

[५६] वि.सं. १९०५ वैशाखकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
वैशाख	१०	बृहस्पति	द्वितीया	४३। ३३

(५५ सङ्ख्या)

श्रीगुरुराज पंडीत धर्माधिकार श्रीविजयराज पंडीतज्यू

१

श्रीजेठाबडारानि

४

श्रीसाहिलारानि

५

श्रीमाहिला भाइ

३

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्-----

आगे ---१--- लाई अघि मलाइ बक्स्याका बिर्त्ताबितलपमध्ये सतंगोल षोकनाको षेत चल्दोमिल्दो भयेन ---२--- का गुठि काठमाडौका अम्बलमध्ये गुसल्का षेतमा हालका पैदावारसंग बरोबर पारि सट्टा गरिबक्स्या चल्दो मिल्दो भै बेहोर्दा हुं भनि तपाञिले श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान् कम्याण्डर इन चिफ जनरल जङ्गबहादुर कुवर राणाजीमार्फत् हाम्रा हजुर्मा बिन्ति पारि जाहेर गराउदा तपाइलाइ अघि बिर्त्ताबित(ल)प गरिबक्स्याको सम्वत् १८९८ साल मिति प्रथमआश्विनसुदि २ रोज ६ का दिन हामिबाट लाग्याको रामायण पुराण सांग्यमा हाम्रा बाहुलिबाट संकल्प भैबक्स्याको बिर्त्ता षेत १। र तस्को घड्यारिस्मेत् षोकनामा साध लाग्याको षेत १।१३।६।५।३ औ सम्वत् १९०३ साल मिति फाल्गुणसुदि ९ रोज ३ का दिन दिक्षा मंत्र सुन्दा ---३--- बाट संकल्प भयाको षेत मुरि ।३३।६।४ औ यहि साल मिति फाल्गुणसुदि १० रोज ४ का दिन दिक्षा मंत्र सुंदा हाम्रा ---४--- बाट संकल्प भयाको षेत मुरि ।६६।११ ---५--- बाट संकल्प भयाको षेत मुरि ।६६।११ ज्मा षेत १।६६।८।४ र तस्को घड्यारिस्मेत् सतंगोलमा साध लाग्याको १।८८।३।६।२ सब ज्मा षेत ३।१।१०।३।६ झिकि हालको पैदावारमा गुठितिर बढता पारि ---२--- का गुठिमा दरि तस्को सट्टा ---२--- को गुठि काठमाडौका अम्बल विष्णुमतिपारि

गुसल्का षेतमध्ये षेत ३।१।१०।३।६ भिकि हाम्रा वर्ष १९ का उमेर हुदा सर्वांक माफ् सट्टा बिर्त्ताबितलप गरिबक्स्यौं. काठमाडौका अम्बलमध्ये विष्णुमतिपारी गुसल षेत मुरि ।८४ तस्को साध पुर्व दक्षिण बाटो साध लुहकिल पश्चिम् ---२--- का गुठि षेतको आलि र प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल उत्तर ---२--- का गुठि षेतको आलि साध लुहकिल दफे गुसल् षेत १।५५।१०।३।६ तस्को साध पुर्व दक्षिण उत्तर ---२--- का गुठि र प्रजाका सुनाषेतको आलि साध लुहकिल दफे गुसल् षेत मुरि ।६२ तस्को साध पूर्व दक्षिण पश्चिम उत्तर ---२--- का गुठि षेतको आलि साध लुहकिल येति सबै सिमानाभित्र ज्मा षेत ३।१।१०।३।६ सर्वांक माफ् सट्टा बिर्त्ताबितलप जानि सन्तानदरसन्तानपर्य्यन्त परम सुख भोग्य गरनुहवस्. हामिलाई आसिर्वाद बक्सदैरहनुहवस्. यो सट्टा बिर्त्ता सांध लाउन्या सधियार थरघर जयदेव पंथ खड्गविलास् अर्ज्याल् ब्राह्मणटेलको डगोल् बलभद्र मानविर विजयापूतटेलको पुनसिरी सदर दफदरषानाको मोहिनाइक्या जसराम् ---२--- का गुठि षेतको मोहिनाइक्या मधसिं क्वाछे गुणवन्त साल्मी भलामानिस् षरिदार लक्ष्मीनाथ गजुर्‍याल् भवनाथ अर्ज्याल् अब्जनाभ पाध्या घिमिर्‍या हबल्दार हरिभक्त थापा अमल्दार रामचन्द्र थपलिया सिपाहि दलसुर थापा पुलचोकको वाग्सीं नेवार मोहि पाण्डौ रामनारान् लाय थाकुसिं राजविर गनदेउ. बिर्त्तावारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जो यस बन्देजमा रहोईन. सो य(स) श्लोकमा भन्याको पातकि होला.

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परंदत्तांनुपालनात् ।।
परदत्तांपहारेण स्वदत्तं निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९०५ साल मिति आश्विनसुदि ६ रोज ३[५७] शुभ्म्

---

५७. वि.सं. १९०५ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	२०	मङ्गल	षष्ठी	४७। १४

मार्फत् जङ्गबहादुर कुवर राणाजी १
मार्फत् बंबहादुर कुवर राणाजी १
मार्फत् जयबहादुर कुवर राणाजी १
रुजु बद्रिनरसिंह कुवर राणाजी १
रुजु भक्तवीर कुवर राणाजी १
मार्फत् संसेरजङ्ग साह १
रुजु गंभीरसिं अधिकारी १
मार्फत् सिवप्रसाद अर्ज्याल् १
रुजु उमाकान्त उपाध्या १
रुजु चतुर्भूजदत्त अर्ज्याल् १
रुजु हेमदल थापा १
रुजु कुलमानूसींह बस्नेत् १
रुजु करवीर षत्रि १
रुजु रविध्वज अधिकारी १
रुजु कर्णसिं बोगटि १
रुजु हरिनाथ उपाध्या १
रुजु दीर्घसिंह भडारि १

(५६ सङ्ख्या)

स्वस्ति श्रीसम्वत् १९०५ साल मिति आश्विनशुदि ९ रोज ६[५८] तद्दिने लिषितं धनिकनाम श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यू रिणीकनाम काठमाडौ बस्न्या लक्ष्मी जोसिनि हस्तेगत चादिका मोहर रुपैञा येक हजार एक १००१. इ रुपैयामध्ये मेरा षसं पसुपति पंडितका नाउका मोहोरबमोजिंको मेरो मधेस बिर्त्ता तेलियागाउ लगापातस्मेत मारिमेटि पानि हालि डल्लो गालि पारप्रछिन्न गरि लेषिदिञा. यस बातका साछि भतिजा शिवदत्त जोसि १ धुर्जटि जोसि १ लिमिठाना

---

[५८] वि.सं. १९०५ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	२३	शुक्र	नवमी	५४। ४९

बस्न्या साछि श्रीविष्णुप्रसाद पंडितज्यू श्रीइन्द्रविलास पंडितज्यू मणिराम पंडित वासुदेव जोसि लेषक साछि षरिदार लक्ष्मीनाथ गजुर्‍याल शुभ्म्--------

सिवदत्त जोसि धूर्जटि जोशिको सही
सही दामोदर पंडितकि ब्राह्मणीको

(५७ सङ्ख्या)

श्रीकाशि

१

लिषितं काठमाडौ बस्न्या दामोदर पंडितकी ब्राह्मणि राज्यलक्ष्मी आगे मेरि भाउज्यू छिमाले मलाई ---१--- मा दान दियाको तेलियागाउ आधाको मोहरुपैया चार शय महतारि लक्ष्मीसित निग्रह लि मेरो भाउज्यूको दातव्य ते... लिया. आधा गाउ आफनु षुस गर्नुहवस् भनि मेरा मानोमानसित महतारिलाइ भइपाइ लेषिदिञा. येस बातका साछि सुबेदार लक्ष्मीनाथ पाध्या षरिदार रुद्रदेव लो(ह)नि लेषक साछि षरिदार लक्ष्मीनाथ गजुर्‍याल

इति सम्वत् १९०५ साल मिति आश्विनसुदि ९ रोज ६ शुभ्म्-----

(५८ सङ्ख्या)

श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यूलाई नीजका छाप पाटन्मध्ये सान्हेपा रोपनि ४ के रुपैया ८ जुडिमालिको भेडिगोठ रोपनि ९ के रुपैया ९ ज्मा रोपनि १३ को ज्मा मोहर रुपैया १७ के पैसा रुपैया २२।। साल १९०६ का बालिलाइ भिकि टुसाल धन्सारमा भर्ना हुदा तस्को सट्टा तेहि सालका बालिदेषि काठमाडौमध्ये डाडागाउ टुसाल धंसारबाट भिकियाको पैसा रुपैया २३ को जगा सट्टा भर्ना गरिदिञ्यूं.

इति सम्वत् १९०५ साल मिति पौषवदि १२ रोज ५[५९] शुभ्म्-----

---

५९. वि.सं. १९०५ पौषकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
पौष	९	बृहस्पति	एकादशी	१६। १९

बृहस्पतिवार एकादशी १६ घडी १९ पलाउप्रान्त द्वादशी लागेको देखिन्छ ।

(५९ सङ्ख्या)

श्रीसम्वत् १९०५ साल मिति माघसुदि १२ रोज १[६०] तद्दि(ने लिषि)तं श्रीरामनारायण मिश्रज्यू श्रीज्वालादत्त मिश्रज्यू (हा)म्रो बिर्त्ताबितलब जिल्ला पर्सा प्रगन्ना सिधमास् मौजे बडकि तेलिया माल माहाल्लादस्मेत् चतुःसिमा १ पसुपँति पंडितका साधको तेलियागाउ बिगहा १००... बिगाहा सयको १९०४ सालका गादिमुमारष र सालको बालिस्मेत् हर्सन्ना पटना गौराइस्मेत् रु १००१ अक्षरेपि एक हज्जार एकमा श्रीगुरुराज धर्माधिकार श्रीविजयराज पंडितज्यूलाइ पा(र) डल्लो गालि पारप्रछिन्न सुक्रिबिक्रि गरि बिर्त्ताबितलप जानि सुखभोग गर्नुहवस्. कालकला संतानको दावामुद्दा नास्ति. दाताको दाम पाको. (किंन्या)को माटे पाको. एस बातका साछि डिठ्ठा मणिरा(म) सुबेदार लक्ष्मीकान्त रुपाषेति पंडित प्याकुऱ्याल षडानन्दोपाध्याय कुइक्याल... हर्षा पाडे जगंनाथ पाध्या टिकाराम घिमिरे (ले)षकसाछि रामदत्त पं. रिमाल् श्रीशाके १७७० शुभ्म्----

---

(६0 सङ्ख्या)

श्रीबडाकांछामुमाज्यू

१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरु(दावली)विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्री(महा)राजसुरेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरवि(जयी)नाम्------

श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइमिनिष्टर यान् कम्या(डर इ)न चीफ जनरल जङ्गबहादुर कुवर राणाजीके हाम्रा ---१--- ... दाषचोक ढुकुटिका रुपैञा ६३१५०० बक्सदा उनिहरुला... अघिअघि बक्स्याका जगाजमिन् ढुकुटिमा राषि ढुकुटिका रु(पै)या भर्ना नहुनज्याल जगा नछोडनु कदाचित् कोहि भरादा... ले यो भना

---

[६०] वि.सं. १९०५ माघशुक्ल

	गते	वार	तिथि	घडी पला
माघ	२४	आदित्य	द्वादशी	३७। ५६

भना जगामध्ये केहि जगाजमीन् मोहोर हुकुं गराई... टिको बेतालुक् गरायो भन्या भर्ना नभयाको रुपैया उसैका (घर)घरानाबाट भर्नु भन्या बन्देजको लालमोहर गरिबक्स्याको (थियो) आज तिमिले हाम्रा हजुरमा सुंदरप्रसाद मकुंना मत्ता हा(ति)...हाति १ दाहिना एकदन्ता मझौला हात ५ को हाति १ हि... ११४ लाग्याको बाजु जोडा १ चह्राउदा तिमिले केहि बिन्ति... हाम्रा आफना षुसिले ढुकुटिबाट लियाका ति रुपैयाबाट... मिनकाफट्मा लाग्याको रुपैञा १७९०२। को जगा सहर का(ठमा)डौका अम्बलमध्ये बमोजीम तपसिलका षेत रोपनि १५० (ढु)कुटिबाट झिकि ---२--- लाइ संकल्प गरिदिनानिमित्त्य... लाइ सम्वत् १९०५ साल मिति फागुनवदि ३० रोज ...[६१] का दिन हाम्रा वर्ष २० का उमेर हुदा सर्वकर अकर सर्वां(क मा)फ आफ्नु बिर्ताबितलप जानि संकल्प गरि दान दि आ... नाउको दानपत्रस्मेत् गरिदिन्या काम गर----

तपसिल

..फल----			३०।।
..विरले कमायोका रोपनि -----	३	अर्को -------- कमायाको ---ऐं ----	४
याको ऐ ---------	२।	.... कमायाको ऐं ---------	६।।
बेषाले कमायाको ---------	४	वंतले कमायाको ऐं ---------	२।।
विसमान्ले कमायाको ---------	३	नर्सिंले कमायाको ऐं ---------	५
सिजुंले कमायाको ऐं ---------	१०	भाजुदेउले कमायाको ---------	५
विरवसिंले कमायाको ऐं ------	५।	वुनारांले कमायाको- ---------	४।
गजाधरले कमायको ऐं- ----------	२।	पंचमनिले कमायको- ---------	२
धुलोषा---------------------			४८।।
देवुले कमायाको ऐं ---------	३	धर्मसिंले कमायको ---------	८
दफे धर्मसिंले कमायाको ऐं -----	२	ज्यूंनर्सिंले कमायाको ---------	२०
गजाधरले कमायाको ऐं -----	२।।	रांनारांले कमायाको बारीस्मेत् ------	१

---

[६१] वि.सं. १९०५ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	१४	शुक्र	अमावास्या	१।	२२

दफे गजाधरले कमायाको ऐं ------ ४ दफे धर्मसिंले कमायाको --------- १२
रत्नेले कमायाको ऐं --------- २ दफे रत्नले कमायाको --------- ६।।
डुठमा--------------------- २८।।।
बुधंसिले कमायाको ऐं --------- ५ विरले कमायाको --------- ५
मठले कमायाको ऐं --------- ५ जुधनले कमायाको --------- ५
धन्तले कमायाको ऐं --------- ४ धंन्यार विष्नुसिंले कमायाको--- ४।
लछिमन गिरिले कमायाको ऐं -----।।
विकुहिटि ----------------- ९।। धीजवरले कमायाको ऐं --------- ४
धर्मासिंले कमायाको --- २।। धर्मसिंले कमायाको ऐं ---------३

इति सम्वत् १९०५ साल मिति चैत्रवदि ५ रोज ४[६२] शुभ्म्-----

(६१ सङ्ख्या)

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान् कम्यांडर इन चीफ जनरल जङ्गबहादुरकुवरराणाजीकस्य पत्रम्----

आगे श्रीगुरुराज पंडित श्रीनगेन्द्रराज पंडितज्यूके मैले हातिहरु र हिरा लाग्याको बाजु जोर १ श्री ५ सर्कार्मा चढाउदा येसै रिझमा मलाइ बिर्ता गरिबक्सनुभयाको जगा श्रीबडा कान्छामहारानिले दाषचोक ढुकुटीका रुपैञा लि जगाजमिन् ढुकुटिमा राषि ढुकुटिबाट लियाका ति रुपैयास्मेत् जमिन्फाटमा लाग्याका रुपैञा १७९०२। मध्ये जगामा गन्याको सहर काठमाडौका अम्बलमध्ये तपसिलबमोजिमका टहाचल षेत रोपनि १५० ढुकुटिबाट झिकि श्री ५ सर्कारबाट मलाइ सर्वकर अकर सर्वांक माफ बिर्त्ताबितलप गरि मोहर गरिबक्सनुभयाको जगा मैले सम्वत् १९०५ साल फागुणवदि ३० रोज ६ का दिन श्री ५ सर्कारबाट मलाइ भयाको मोहोरस्मेत् दि जगा संकल्प गरि बिर्ता गरिदिञ्यू. येस्मा हाम्रा वा हाम्रा संतानदरसंतानसंम दावा मुद्दा नास्ति भनि लेषिदिञ्यू. तपसिलबमोजीमका

---

६२. वि.सं. १९०५ चैत्रकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला
चैत्र	३	बुध	पञ्चमी	१२। १४

लालमोहरमा लेषियाका षेत रोपनि १५० लि हाम्रो जय मनाइ बिर्त्ताबितलप जानि भोग्य गर्नुहवस्.

इति सम्वत् १९०५ चैत्रवदि १० रोज २[६३] शुभम्----

(६२ सङ्ख्या)

श्रीदूर्गाज्यू

श्रीगुरुराज पण्डित् धर्माधिकार श्रीविजयराज पण्डितज्यू

१

श्रीनानिमहाराज

२

श्रीजेठाबडारांनी

३

श्रीतलेजु

४

श्रीमनामैजु

५

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्------

आगे ---१--- लाई सम्वत् १९०५ साल मिति मार्गवदि ८ रोज ७[६४] का दिन जन्मोत्सवमा ---२--- का बाहुलिबाट संकल्प भयाको षेत् ११० औ येहि साल मिति

---

[६३] वि.सं. १९०५ चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
चैत्र	८	सोम	दशमी	३५। २२

[६४] वि.सं. १९०५ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
मार्ग	५	शनैश्चर	अष्टमी	२६। ३९

मार्गवदि १० रोज २[६५] का दिन हाम्रा ---३--- का बाहुलिबाट संकल्प भयाको षेत् ४।० दुवै पटक् संकल्प भयाका ज्मा षेत् ५।० तस्को सरहबमोजीम घड्यारिस्मेत् हाम्रा वर्ष २० का उमेर हुदा सर्वाङ्ग माफ बिर्त्ताबितलप् गरिबक्स्यौं. भादगाउका अम्बलमध्ये विदुऱ्याको गडेषेत् मुरि ।२८ तस्को साध पूर्व दक्षिण कुलाको डिल् साध लोहकिल् पश्चिम् प्रजाका सुनाबिर्त्ता षेत्को आलि साध लोहकिल् उत्तर रैकर षेत्को आलि र प्रजाका सुनाबिर्त्ता षेत्को आलि साध लोहकिल् दफे चोगा षेत् मुरि ४।१० तस्को साध पूर्व रैकर षेत्को आलि साध लोहकिल् दक्षिण पश्चिम् रैकर बाझाका काल्हाको साध लोहकिल् उत्तर रैकर षेत्को आलि साध लोहकिल् दफे लाभाडोल षेत् मुरि ।२५ तस्को सांध पूर्व ---४--- का गुठिषेत्को आलि साध लोहकिल् दक्षिण ---४--- का गुठि षेत्को आलि र प्रजाका सुनाबिर्त्ता षेत्को आलि साध लोहकिल् पश्चिम् कुलाको डिल् र प्रजाका सुनाबिर्त्ता षेत्को आलि साध लोहकिल् उत्तर प्रजाका सुनाबिर्त्ता षेत्को आलि र ---४--- का गुठिका षेत्को आलि साध लोहकिल् दफे भाडोल् षेत् मुरि ।।१ तस्को साध पूर्व दक्षिण पश्चिम् उत्तर प्रजाका सुनाबिर्त्ता षेत्को आलि साध लोहकिल् औ पलांचोकका अम्बलमध्ये भीमथान षेत् १।३४ तस्को साध पूर्व रैकर षेत्को आलि साध लोहकिल् दक्षिण थपलिया ब्राह्मणको बिर्त्ता षेत्को आलि र कुलाको डिल् साध लोहकिल् पश्चिम् पाठक् ब्राह्मणका जबदी षेत्को आलि र कुलाको डिल् साध लोहकिल् उत्तर रैकर षेत्को आलि साध लोहकिल् औ नर्जाका अम्बलमध्ये बाह्रबिस्या षेत् १।० तस्को साध पूर्व दक्षिण पश्चिम् रैकर षेत्को आलि साध लोहकिल् उत्तर रैकर षेत्को आलि र आफ्ना पुराना बिर्त्ता षेत्को आलि साध लोहकिल् औ थान्सिंका अम्बलमध्ये अर्चल्या षेत् मुरि ।६१ तस्को साध पूर्व दक्षिण पश्चिम् उत्तर रैकर षेत्को आलि साध लोहकिल् औ कपिलासका अम्बलमध्ये छबिस्या षेत् १।४० तस्को सांध पूर्व रैकर षेत्को आलि साध लोहकिल् दक्षिण रैकर षेत्को आलि र आफ्ना पुराना बिर्त्ता षेत्को आलि साध लोहकिल् पश्चिम् आफ्ना पुराना बिर्त्ता षेत्को आलि साध लोहकिल् उत्तर रैकर षेत्को आलि र बाटको डिल् साध लोहकिल् दफे छबिस्या षेत् मुरि ।२ तस्को साध पूर्व षांदका षोल्सिको डिल् साध लोहकिल् दक्षिण पश्चिम्

---

[६५] वि.सं. १९०५ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
मार्ग	७	सोम	अष्टमी	२७।	३९

रैकर षेत्‌को आलि साध लोहकिल् उत्तर षादका षोल्सिको डिल् साध लोहकिल् औ काठमाडौका अम्बलमध्ये पिलांष्वाट् पाषो मुरि दसमध्ये षेत्‌मा नपुग्याको मुरि चार पाथि दसको साटो पाषो दिंदा षेत् येक्‌को अट्ठाईस रोपनिका दरले षेत्‌मा भर्ना पाषो मुरि ।४।१९।१।८ घड्यारिमा भर्ना पाषो मुरि ।५।०।६।२ ज्मा पिलाङ्ष्वाट पाषो मुरि ।१० तस्को साध पूर्व दक्षिण बाटो साध लोहकिल् पश्चिम् उत्तर प्रजाका सुनाबिर्त्ता पाषाको डिल् साध लोहकिल् दफे डाँडागाउमध्ये पाषो मुरि ।९५।६।५ तस्को साध पूर्व ---५--- का गुठि र रैकर पाषाको आलि साध लोहकिल् दक्षिण प्रजाका सुनाबिर्त्ता पाषाको डिल् साध लोहकिल् पश्चिम रैकर पाषाको डिल् र बाटो साध लोहकिल् उत्तर रैकर बाझाको डिल् र बाटो साध लोहकिल् येति सबै सिमानाभित्र षेत् ४।९५।१० पाषो १।५।६।५ ज्मा षेत् घड्यारि ६।०।१६।५ सर्वाङ्क माफ बिर्त्ताबितलप् जानि सन्तानदरसन्तान्‌पर्य्यान्त परमसुख भोग्य गर्नुहवोस्. हामिलाइ आसिर्वाद बक्सदैरहनुहवस्. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या पुरोहित चतुर्भूजदत्त अर्ज्याल् पानि हालन्या श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्‌मिनिष्टर यान् कम्याण्डर इन चिफ जनरल जङ्गबहादुर कुवर राणाजी सांध लाउन्या सधियार थरघर भगिरथ पाडे डंगोल ब्रह्मटोलको बलभद्र मट्यांमजाकदेवलको धंमुनारान् भादगाउका अमालिबाट आयाको ढलवा भाट मनिरांम वीर मोहिनाईक्या जयसंषर अचार भान्नारान् भान्नर्सिङ् ज्यापु पांडौ व्यङ्रत्ला ज्यापु पलांचोकका अमालिबाट आयाको थरि इच्छाराम षत्याल् बालानन्द थपलिया जज्ञनिधि तेवारि भोटु उप्रेति रुद्रदत्त हटुवाल मेजर राधु मैनाली चन्द्रसेषर षकुन्याल् राधाकृष्ण थपलिया नर्जाका द्वारा दत्तु लामिछान्या थरि कृष्णानन्द पाध्या षनाल् बालकृष्ण उप्रेति सुबेदार नैनसिङ् अधिकारि भैरविदत्त पंडीत् लम्साल् कासिराम पौड्याल् रामकृष्ण गौरुं दनुवार चन्दु जैसि भट्टराई थानसिंका द्वाऱ्या जगेश्वर पाध्या षतिवडा थरि सिवनिधि पाध्या अधिकारी रविदत्त पाध्या भंडारि सिद्धिकर्ण पाध्या ढुंगाना रणकेसर भंडारि भूमीनन्द पाध्या साप्‌कोटा लक्ष्मिदत्त नेवार ज्यूना कटुवाल् कपिलास्‌का द्वाऱ्या नैनसिं कार्कि थरि विष्णुकान्त मिश्र विसु षतिवाडा सदासिव सिटौला अजिटन् रणजित् षत्रि ज्मादार अैमान् कार्कि सिवदत्त बोहरा नन्दलाल् जैसि षनाल् भैरवसिं षत्रि काठमाडौ ठंहवेलको जित्मान षत्रि ज्मादार श्रीकृष्ण कार्कि आसामडु नेवार नाइक्या पारसिं पुनसिं लालसिं बिर्त्तवारले किला किलाभन्दा अघ्यर्ालो नचापनु. विनातक्‌सिर जबद नगर्नु जो येस बन्देजमा रहोइन. सो यस (श)लोकमा भन्याको पात्तकी होला.

स्वदत्ताम्परदत्तां वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्ग(र्ष)सहश्राणि विष्ययां जायते कृमिः ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तामुपालनात् ।।
परदत्तापहारेण स्वदत्तां निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतु नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९०५ साल मिति चैत्रवदि ३० रोज ६[६६] सुभ्म्---

मार्फत् जङ्गबहादुर कुवर राणाजी
मार्फत बँबाहादुर कुवर राणाजी
मार्फत् जयबहादुर कुवर राणाजी
रुजु बद्रिनरसिंह कुवर राणाजी
रुजु भक्तवीर कुवर राणाजी
रुजु सम्सेरजङ्ग साह
रुजु चतुर्भूजदत्त अर्ज्याल्
रुजु सिवप्रसाद अर्ज्याल्
रुजु उमाकान्त उपाध्या
रुजु हेमदल् थापा
रुजु करवीर षतृ
(किनारामा पछि लेखिएको)

एस लालमोहोरमध्ये नर्जाको १ षेत् दान गरि दानपत्र गरीदियाको छ.

(६३ सङ्ख्या)

श्रीगुरुराज पंडित धर्माधीकार श्रीविजयराज पंडीतज्यू

१

---

[६६] वि.सं. १९०५ चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
चैत्र	१२	शुक्र	चतुर्दशी	३६। २१

शुक्रवार चतुर्दशी ३६ घडी २१ पलाउप्रान्त औँसीमा यो पत्र लेखिएको देखिन्छ ।

श्री ५ बुबाज्यू

२

श्रीत्रिपुरेश्वर

३

स्वस्ति श्रीगिरीराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजसुरेन्द्रविक्रमसाहबहादुरसंसेरजङ्गदेवानां सदा समरविजयीनाम्-----

आगे ---१--- लाइ सम्वत् १९०३ साल मिति मार्गशुदि १५ रोज ४[६७] का दिन जन्मोत्सवमा ---२--- का बाहुलिबाट बरेवाकचहरिमा संकल्प भयाको षेत १। औ सम्वत् १९०५ साल मिति आश्विनसुदि ७ रोज ४[६८] का दिन जन्मोत्सवमा हाम्रा बाहुलिबाट संकल्प भयाको षेत १। दुवै पटक संकल्प भयाका ज्मा षेत २। तस्को सरहबमोजीम घड्यारिस्मेत् हाम्रा वर्ष २० का उमेर हुदा सर्वांक माफ बिर्त्ताबितलप गरीबक्स्यौं. पाटन्का अम्बलमध्ये थासलढोकाबारी षेत मुरि ।१७ पाषो मुरि ।८ ज्मा षेत पाषो मुरि ।२५ तस्को साधपूर्व बाटो साधलुहकिल दक्षिण ठंठमुगलको सिव नेवारले राष्याका गुठि बारिको आलि साध लुहकिल् पश्चिम बाटो साध लुहकिल उत्तर रैकर बारी र धलाछे प्रधान्का बारिको आलि साध लुहकिल दफे भोलढोकाबारि षेत मुरि ।८ पाषो मुरि ।४ ज्मा षेत पाषो मुरि ।१२ तस्को साध पूर्व धर्मानन्द पंडीतका बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण धलाछे प्रधान्का बिर्त्ता बारीको आलि साध लुहकिल पश्चिम बाटो साध लोहकिल उत्तर सिकर्मिको बिर्त्ताबारी र बाटो साध लुहकिल दफे वुग्मतिका अम्बलमध्ये नषु मलेजुडोल षेत मुरि ।३४ तस्को साध पूर्व ---३--- का गुठि षेतको आलि र रैकर षेतको आलि साध लुहकिल दक्षिण पश्चिम रैकर षेतको आलि साध लुहकिल उत्तर बाटो साध लुहकिल् दफे मलेजुडोल

---

[६७] वि.सं. १९०३ मार्गशुक्ल

	गते	वार	तिथि	घडी पला
मार्ग	१९	बुध	पूर्णिमा	५१। ४७

[६८] वि.सं. १९०५ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	२१	बुध	सप्तमी	५०। ५२

वषा षेत मुरि ।२४ तस्को साध पुर्व रैकर षेतको आलि साध लुहकिल दक्षिण रैकर षेतको आलि र रामगिरि गोसाञिका गुठि षेतको आलि साध लुहकिल पश्चिम ऐं गोसाञिका गुठि षेतको आलि साध लुहकिल् उत्तर रैकर षेतको आलि साध लुहकिल दफे मलेजुडोल वषा षेत मुरि ।३२ तस्को साध पूर्व रैकर षेतको आलि साध लुहकिल दक्षिण पश्चिम नीज राम गिरीका गुठि षेतको आलि साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल दफे किर्तिपुरका अम्बलमध्ये वधान्या साना बाटवरीपरिको षेत मुरि ।४०।१० तस्को साध पूर्व षम्बुषोल्साको डील साध लुहकिल दक्षिण पश्चिम उत्तर रैकर षेतको आलि साध लुहकिल दफे भादगाउका अम्बलमध्ये लुकुंडोल षेत मुरी ।२६ तस्को साध पूर्व बाटो साध लुहकिल दक्षिण रैकर षेतको आलि साध लुहकिल पश्चिम प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल उत्तर प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल दफे लुकुंडोल षेत मुरि ।२० तस्को साध पूर्व प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण रैकर षेतको आलि र प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम उत्तर प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल दफे काठमाडौका अम्बलमध्ये मदनपुर हिल्याडोल पाषो मुरि ।२५।१५ तस्को साध पूर्व दक्षिण पश्चिम उत्तर रैकर पाषाको आलि साध लुहकिल येति सबै सिवानाभित्र षेत ।२।१।१० पाषो मुरि ३७।५ तेसमध्ये षेतमा भर्ना षेत मुरि ।२ घड्यारिमा भर्ना पाषो मुरि दुई पाथी पांचको साटो पानिषेत दिदा डेढो घटाइ षेत मुरि ।१।१० घड्यारि भर्ना पाषो मुरि ।३७।१५ सब ज्मा षेत २।१।१० घड्यारि पाषो ।३७।१५ ज्मा षेत २।३९।५ सर्वांक माफ् बिर्त्ताबितलप जानि सन्तान्दरसन्तान्पर्य्यन्त परमसुख भोग्य गर्नुहवस्. हामिलाइ आसिर्वाद बक्सदैरहनुहवस्. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या प्रोहित् हेमलाल् अर्ज्याल् चतुर्भुजदत्त अर्ज्याल् पानि हालन्या श्रीमद्राजकुमारकुमारात्मज कर्णैल षड्गबहादुर कुवर राणाजी श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान् कम्याण्डर इन चिफ जनरल जङ्गबहादुर कुवर राणाजी सांध लाउन्या सधीयार थरघर जयदेव पंत डंगोल ब्रह्मटेलको बलभद्र मानवर मट्या भादगाउको मोहिनाइक्या जयसंषर अचार पाटन्का अमालिबाट आयाको कोतवाल धमसुन्दर बुग्मतिको द्वाऱ्या धिर्जराम् ऐं ठाउको मोहिनाइक्याको छोरा राजमान बाडा छत्रपति भलामानिस भवनाथ अर्ज्याल् सुबेदार लक्ष्मीनाथ पाध्या षरिदार लक्ष्मीनाथ जैसि जैसि गजुऱ्याल् बुग्मतिको माहान्या धजु आसामडु गोडा बलवीर भादगाउको थापल्या हुलाकि दयाकिष्न मोहि जर षडका विंनरसिं अजित

कार्कि नर्सिं भडारी रणधोज भडारि भादगाउको ढलपा रामसिं मोहि धीर्ज जसनारान् काठमाडौ मदनपुर बस्न्या ज्मादार श्रीकृष्ण कार्कि सिपाहि दीर्घसिं षडका सरुप कार्कि रामनारान् बेषासिं सिसिंग्या धंजु तेजधन. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जो यस बन्देजमा रहोईन. सो यस श्लोकमा भन्याको पातकि होला ।।

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
परदत्तापहारेण स्वदत्तं निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९०५ साल मिति चैत्रवदि ३० रोज ६ शुभ्म्

मार्फत् जङ्गबहादुर कुवर राणाजी-१
मार्फत् बंबहादुर कुवर राणाजी-१
मार्फत् जयबहादुर कुवर राणाजी-१
रुजु बद्रिनसिंह कुवर राणाजी १
रुजु भक्तवीर कुवर राणाजी-१
रुजु चतुर्भूजदत्त अर्ज्याल्-१
रुजु शिवप्रसाद अर्ज्याल्-१
रुजु उमाकान्त उपाध्या-१
रुजु सम्सेरजङ्ग साह-१
रुजु हेमदल थापा-१
रुजु करवीर षत्री-१

(६४ सङ्ख्या)

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान् कम्यांडर इन चीफ जनरलजङ्गबहादुरकुवरराणाजीकस्य पत्रम्---

आगे बडीयापुर्व मेचिपश्चिम् दरोबस्तमध्ये ससातै जील्लाका सुब्बा फौजदार चौधरि कानुगोये जेठरैयत गैह्रके जथोचित् उप्रान्त कृष्णाराम पंडितलाई चन्द्रायनको काम छदा जस्ता रितसित तिमिहरुले चन्द्रायन गरिआयाको हो. अबउप्रान्त पनि चन्द्रायनको कुरो पर्दा श्रीगुरुराज पंडित धर्माधिकार विजयराज पंडितज्यूका मानीसछेउ जाइ सोहि रीतसंग तिरि चन्द्रायन लिन्या काम गर्नु. अघिदेषि कृष्णाराम पंडितलाइ चन्द्रायनका बेहोरामा तिरि आयाबमोजीम नतिरि अन्त गै चन्द्रायन लिनामा जो पसला. तेसलाइ भारि दण्ड होला.

इति सम्वत् १९०६ साल मिति ज्येष्ठवदि ५ रोज ७[६९] शुभ्म्---

(६५ सङ्ख्या)

(स्वस्ति श्री)गिरिराजचक्रचूडामणिनरनारायणेत्यादि(विविधरु)दावलीविराजमानमानोन्नतश्रीमन्महाराजा(धिराजश्रीश्री)श्रीमहाराज सुरेन्द्रविक्रमसाहबहादुरसम्सेरज(ङ्गदेवानां स)दा समरविजयीनाम्---

(बनार)सदेषि काठमाडौ इन्द्रचोकटोल बस्न आउन्या... सिलाइ फसिकेवटोलको रंगनाथ पंडित प्या(कुरेलले) आफ्ना सुनाबिर्ता फसिकेवटोलको बारिपा...(फ) तस्को साध फर्सिकेवको ढल्देषि पश्चिं श्री... लको बारि पातालदेषि उत्तर ----- बाट च... (फ)सिकेवको तबेलाको गारोदेषि पूर्व भुक्ताले स... अर्ज्यालसंग किनिलियाको बारिपाताल... येति साधभित्र बारिपाताल षा ७ जवा १ ... गुल १२ दफे सोहि ठाउको बारिपाताल त... तलको वल्यानि षस्याको जमीन् र पर्षाल... म् मुलबाटको जीमिन्देषि उत्तर ----- वा... फसिकेवको तबेलाको गारोदेषि पूर्व श्रीम... को बारिपातालदेषि दक्षिन् येति साधभि... बारिपाताल षा ४ जवा १ हात २ अंगुल ६ ज्मा पातालषा ११ जवा २ हात १४ अंगुल १८ बावत् सम्वत् १८९० साल पौषशुदि ७ रोजका दिन डल्लो गालि दिइराष्याको सुक्रिबिक्री गरि बेच्यो. तस्को मोल रुपैया २००. तस्को दसवद रुपैया २० छेभडेल सिद्धिनारान् राजभडारिमार्फत् हाम्रा हजुर

---

[६९] वि.सं. १९०६ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	१	शनैश्चर	पञ्चमी	३८।	५२

दाषिला भयो. बेचन्याको दाम पाको. किंन्याको बारिपाताल पाको.... दृष्टसाछि दाताको भाइ रामनाथ पंडित अंतरसाछि... अमीर अर्ज्याल् ज्मादार राचमरण बलभद्र अर्ज्याल नरोत्तं प्याकुयाल थाकस्थापित कर्मिनायेक तेजव... चनुन्नु. आफ्ना मनोग्य गर्नु. आफ्ना षातिरज्मासंग सुनाबिर्ता जानि भोग्य गर.

इति सम्वत् १९०६ साल मिति चैत्रवदि १० रोज ६[७०] शुभम्----

(६६ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि(विवि)धविरुदावली विराजमानमानोन्नतश्रीमन्महाराजाधि(राज)श्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादुरसम्सेर(जङ्ग)देवानां सदा समरविजयीनाम्---

आगे बनारसदेषि काठमाडौ इन्द्रचोकटेल बस्न आउन्या जयराम जोसिलाई फसिकेवटेलको सक्तिवल्लभ अर्ज्याल्ले आफ्ना सुनाबिर्ता सोहि फसिकेवटेलको बारि पाताल बेच्यो. तस्को साध फेसिकेवको ढलदेषि पश्चिम् भुक्ता... नाथ पंडित प्याकुयालसंग किनीलियाको बारि पाताल उत्तर ----- बाट चर्च्याको फसिकेवको तबेलाको गारो... पूर्व कप्तान् ---- घर्तिका घरको किलास गारो र चोक... पर्षालदेषि दक्षिन येति साधभित्र बारि पाताल षा ७ जवा... हात १३ अंगुल १२ बापत् सम्वत् १८९१ साल वैसाषसुदि ... रोजका दिन मेरा बाबा वाचस्पति पाध्या अर्ज्याल्ले डल्लो... दिइराष्याको बाबा वाचस्पति पाध्या मरिगयापछि... वल्ल पाध्या अर्ज्याल दाता भै सुक्रिबिक्रि गरि बेच्यो. तस्को... ल रुपैया १०० तस्को दसौद रुपैया १० छेभडेल सिद्धिनारान् राजभडारिमार्फत् हाम्रा हजुर दाषिल भयो. बेच्न्याको दाम पाको. किन्याको बारि पाताल पाको. तस्को दृष्टसाछि दाताको श्रेष्ट भ्राता बलभद्र अर्ज्याल. अंतरसाछी षरदार शिव अर्ज्याल ज्मादार रामचरण विश्वनाथ षतिवडा उत्तम् पंडित रेग्मी गंगाधर भट्ट सर्मा थाक स्थापित कर्मिनायेक तेजवन्त. बेचनु किन्नु आफ्ना मनोग्य गर्नु. आफ्ना षातिरज्मासंग सुनाबिर्ता जानि भोग्य गर.

इति सम्वत् १९०६ साल मिति चैत्रवदि १० रोज ६ शुभ्म्----

---

[७०] वि.सं. १९०६ चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
फाल्गुन	२७	शुक्र	दशमी	३५। ३२

(वीरपुस्तकालयमा रहेको ऐ पात्रोबाट)

(६७ सङ्ख्या)

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मजश्रीजनरलबद्रिनरसिंहकुवरराणाजी-बहादुरकस्य पत्रम्---

आगे श्रीगुरु पंडीतराज विजयराज पंडीतज्यूका बिर्ता ठवहेल पिलाष्वाट् परालको छाना भयाको घरस्मेत् घैयाबारि रोपनि २।। हाम्रा बघैचा बनाउदामा पर्षालभित्र पर्दा हामिले किन्याको बन्‌जारहिटि बस्न्या अडै कनैयालाल झासित सुकृ बिक्रि गरि लियाको टोषाका अम्बलमध्ये साङ्‌लाषोलाको पानि षेत रोपनि ६मध्ये तल्लो षण्ड रोपनि २।। भोग गर्नु भनि सट्टापत्र लेषिदिव्यू.

इति सम्वत् १९०७ साल मिति भाद्रसुदि ५ रोज ४[७१] शुभम्----

(६८ सङ्ख्या)

श्रीगुरुप्रोहित धर्माधिकार श्रीविजयराज पंडितज्यू

१

श्रीगुह्यश्वरि

२

श्रीमाहिला भाइ

३

श्रीगुरु वटुकनाथ मिश्रज्यू

४

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्-----------

---

[७१] वि.सं. १९०७ भाद्रशुक्ल

	गते	वार	तिथि	घडी पला
भाद्र	२७	मङ्गल	पञ्चमी	५५। ५८

पत्रमा भाद्रशुदि ५ रोज ४ भनी लेखिए तापनि भाद्रशुक्ल पञ्चमीमा मङ्गलवार पर्छ, बुधवार पर्दैन ।

आगे ---१--- लाइ सम्वत् १९०६ साल मिति पौषवदि ५ रोज ३[७२] का दिन ---२--- मा पूर्णाभिशेष ली शिलाका षम्बमाथी आफ्ना सालिक स्थापना गर्दा ---३--- बाट बिर्त्ता संकल्प गरिबक्स्याको षेत २।० को पछि आफै जगामा सवारि भै साध धुमि संकल्पको माटो छरि बिर्त्ता बक्स्याबमोजीम् ---४--- संग ---३--- बाट फाछर्या गरि किनिलियाका पाटन्का षेत ३। मध्ये तपसिलबमोजीमका षेत २। हाम्रा वर्ष २२ का उमेर हुदा सर्वांक माफ् बिर्ताबितलपको मोहर गरिबक्स्यौ. आफ्ना षातिरज्मासंग बिर्ताबितलप जानि संतानदरसंतानपर्यन्त परम सुख भोग्य गर्नुहवस्. हामिलाइ आसिर्वाद बक्सदैरहनुहवस्.

तपसिल

सुइबहाल रत्नसिं च्यासि बस्न्याले कमायाको ---	।२१
ऐ. गजीन्द्रले कमायाको--	।२१
ऐं बागदलले कमायाको--	।२१
ऐं धीर्जले कमायाको ---	।२१
ऐं सिंहवीरले कमायाको--	।२१
ऐं दसपिंछेले कमायाको--	।१२
ऐं इकुडोल सिलदेउ पिंछेले कमायाको---	।२०
ऐं च्यासि दसरथ षतृकि बुहारि ज्मादारनीले कमायाको-----	।२०
ऐं राम्या घर्तिले कमायको ----	।२०
ऐं भज्या घर्तिले कमायाको ----	।२०

ऐं ऐं बगर मुरि ।१२ मध्ये षोलो ।७ बाकि रत्नविर ठिमि ।५ मध्ये ।३

इति सम्वत् १९०८ साल मिति वैशाषवदि ११ रोज ७[७३] शुभम्

---

[७२] वि.सं. १९०६ पौषकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला
मार्ग	२१	मङ्गल	पञ्चमी	३७। ५२

(ढुङ्गे छापाको भारतीय पञ्चाङ्गबाट)

[७३] वि.सं. १९०८ वैशाखकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला
वैशाख	१५	शनैश्चर	दशमी	३। २५

शनैश्चरवार दशमी ३ घडी २४ पलाउप्रान्त एकादशी लागेको देखिन्छ।

(दायाँतिर)

मार्फत् जङ्गबहादुर कुवर राणाजी १
रुजु कृष्णबहादुर कुवर राणाजी १
रुजु रणउद्दिपसिंह कुवर राणाजी १
मार्फत् जगतसंसेर जङ्ग कुवर राणाजी १
मार्फत् धीरसंसेर जङ्ग कुवर राणाजी १
रुजु भक्तवीर कुवर राणाजी १

(६९ सङ्ख्या)

लिषितं काठमाडौ पोषलड्यांटेल बस्न्या भानुर्नसिं बाडा राजविर बाडा धीर्जविर बाडा कृष्णधन् बाडा आगे हामिहेरुको सुनाबिर्ता नीज पोषलड्यांटेलको बारि पाताल पूर्व पश्चिम हात ११ उत्तर दक्षिण हात ५ येतिभित्रका जगाको मोहर रुपैया पचास् हामिहरुले लिञ्यू. जगा श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यूलाइ चढाञ्यू. आजउप्रान्त हजुरको जगा पाको हाम्रो रुपैया पाको भनि हाम्रा मनोमान षुसिराजीसँग पारप्रछिन्न गरि जगा बेच्याको तमसुक लेषि श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यूका हजुर्मा चढाञ्यू. यस पत्रका साछि कुलविर बाडा साछि चन्द्रवीर बाडा साछि राजमुनि बाडा साछि वषत्मान् श्रेष्ठ साछि ज्मादार भीमसेन षत्रि साछि ज्मादार महिन्द्रसिं षत्रि लेषक साछि षरिदार हरिलाल पाडे.

इति सम्वत् १९०९ साल मिति चैत्रशुदि १ रोज ७[७४] शुभम्---

(७० सङ्ख्या)

श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यू

१

---

[७४] वि.सं. १९०९ चैत्रशुक्ल

	गते	वार	तिथि	घडी पला
चैत्र	२९	शनैश्चर	प्रतिपद्	३१। १६

लिषितं धन बडेनि आगे ---१--- बाट राजमनि बाडासित कि(न्या)को पाकोटेलको घर १ तस्को लिग पाताल्स्मेत् ---१--- (बा)ट मलाइ सट्टा बक्सनुहुदा मलाइ मेरि सानिआमाले ... राषदा लेषिदियाको पोषलड्यांको लिग फसिकेवटेलको घर १ तस्को लिग पातालस्मेत् ---१--- का (हजु)र्मा चह्राञा. येस घरको लिग पातालसमेत्मा मेरा संतान्दर्संतान्को झैझगरा लाग नास्ति भनि मेरो मनोमान षुसिराजी(सं)ग सट्टापत्र लेषि ---१--- का हजुर्मा चह्राञा. येस काम(का) साछि सोपुत्र विर बाडा अन्तरसाछि सोहि टेलको राजमा(न) बाडा साछि ज्मादार महिन्द्र षत्रि लेषक साछि राजमा(न) जोसि.

इति सम्वत् १९१० साल मिति वैसाषवदि ६ रोज[७५]...

(७१ सङ्ख्या)

स्वस्ति श्रीलिषितं सहर काठमाडौ भोसिको टेल बस्न्या गौरिदत्त पंडितका नाति उत्तम् पंडितका पुत्र विश्वरुप पंडित रामचन्द्र पंडित रेगमी आगे बेलकोटका अम्बलमध्ये हाम्रो बितलप कुसबिर्त्ता घड्यारि १ को सांध पूर्व मुलबाटे दक्षिण कालु कड्यालका मोहरि छापको काल्से पश्चिम पध्याराको षोल्सी उत्तर चिलाउन्याका रुषको लुहकिल येति ४ किलाभित्रको पाषो जगा घरबारिको मोल पटक चादिका मोहर रुपैया २४० दुइ सय चालिसमा डल्लो गालि पारप्रछिन्न फर्छा गरि पटकबमोजीमका रुपैञा डिट्ठा पद्मनिधि पंडितलाइ सुकृ बिकृ गरि बेच्यौ. नीज पंडीतले किन्या. यो बेच्याका जगामा हाम्रो हाम्रा संतानदरसन्तानको लाग नास्ति. येस जगामा कसैको हडिक ठह्र्यो कालकला केहि झगडा आइलाग्यो भन्या हामि बुझाउला. येस जगाको लालमोहोर अरु बिर्त्तास्मेत्का गोश्वारा हुदा हामिसंग रह्याको छ भनि हाम्रा मनोमान षुसिराजीसंग जगा बिकृ सुकृ बेचिएको फर्छ्यापत्र लेषि निज भुक्ता पद्मनिधि पंडितलाइ दिञ्यू. यो जगा बेचदा गौराइ षान्या नहुदा गौराई षान्या नीज दाताका भिनाज्यू मेजर गोविन्द पाध्या अधिकारि अरु पंच साछि लंजुङ् जिता तान्द्राङ् बस्न्या

---

[७५] वि.सं. १९१० वैशाखकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
वैशाख	१९	शुक्र	षष्ठी	४।	१४

गोविन्द पाध्या सेढाई धैबुं बस्न्या द्वाऱ्या कृष्णलाल् लामिछान्या लेषकसाछि मुषिया विश्वामित्र पाध्या पाठक

इति सम्वत् १९१० साल मिति ज्येष्टवदि १ रोज २[७६] मा काठमाडौ ठंहिटिंयेलमा लेषियाको शुभ्म्--

(७२ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्--

आगे श्रीगुरुराज पंडीत धर्माधिकार श्रीविजयराज पंडीतज्यूलाई सम्वत् १९०५ साल मिति चैत्रसुदि १५ रोज ७[७७] का दिन जन्मोत्सवमा हाम्रा जेठा रानिबाट संकल्प भयाको षेत १। औ सम्वत् १९०६ साल मिति मार्गवदि ९ रोज ५[७८] का दिन जन्मोत्सवमा श्रीनानी महाराजबाट संकल्प भयाको षेत मुरि ।२० औ यहि साल मिति मार्गसुदि १५ रोज ६[७९] का दिन जन्मोत्सवमा श्री ५ बुबाज्यूका बाहुलीबाट

---

७६. वि.सं. १९११ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	१२	सोम	प्रतिपद्	५१।	५४

७७. वि.सं. १९०५ चैत्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
चैत्र	२७	शनैश्चर	पूर्णिमा	३६।	२४

७८. वि.सं. १९०६ मार्गकृष्ण (पूर्णान्तानले)

	गते	वार	तिथि	घडी	पला
कार्तिक	२५	बृहस्पति	नवमी	५१।	५६

(विरपुस्तकालय चतुर्थ १९३७ सङ्ख्याको पात्रोबाट)

७९. वि.सं. १९०६ मार्गशुक्ल

	गते	वार	तिथि	घडी	पला
मार्ग	१७	शुक्र	पूर्णिमा	६।	३०

(ऐ पात्रोबाट)

संकल्प भयाको षेत मुरि ।२५ तिनै पटक् संकल्प भयाको ज्मा षेत १।४५ तस्को सरहबमोजीमको घड्यारि मुरि ।२९ ज्मा षेत घड्यारिस्मेत् १।७४ को १९०६ साल मिति पौषवदि १२ रोज ४[८०] का मितिमा येहि साल मिति चैत्रवदि १२ रोज ४ का मितिमा थरघरका नाउमा प्रमान्गीको लालमोहर भै सांध लाग्याको हो. सो षेतमध्ये काठमाडौका अम्बलका श्रीजगन्नाथका देवलमनिका पोषरिमा बाझो मुरि ।३९ सांध लाग्दा यो जगा षेत बिह्राउनुनहुन्या पोषरिको पोषरि थामि रैकर तुल्याइ राषन्या ठहर्दा तेस पोषरिमा अघि गाड्याका लोहकिल् उषेलि तस्को सट्टास्मेत् भर्ना गरि अघि साध लाग्याबमोजीमका जगामा १९०६ साल मिति चैत्रवदि १० रोज ६[८१] का दिन गरिबक्स्याका दानपत्रको मोहर धुल्याइ ज्मा षेत घड्यारिको पाषोस्मेत् १।७४ हाम्रा वर्ष २४ का उमेर हुदा सर्वांक माफ बिर्त्ताबितलप गरिबक्स्यौ. बुग्मतीका अम्बलमध्ये गालबु षेत मुरि ।१३ तस्को साध पूर्व दक्षिण पश्चिम उत्तर रैकर षेतको आलि साध लुहकिल दफे देवथौ षेत मुरि ।२ तस्को साध पूर्व बाटाको डील साध लुहकिल दक्षिण पश्चिम उत्तर रैकर षेतको आलि साध लुहकिल दफे देवथौ षेत मुरी १।५ तस्को साध पूर्व दक्षिण रैकर षेतको आलि साध लुहकिल पश्चिम बाटाको डील साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल दफे देवथौ षेत मुरि ।१०।५ तस्को साध पूर्व रैकरषेतको आलि साध लुहकिल दक्षिण षोल्साको साध लुहकिल पश्चिम उत्तर रैकर षेतको आलि साध लुहकिल औ किर्तिपूरका अम्बलमध्ये गामचा षेत मुरि ।७ तस्को साध पूर्व भीमसेन थापाको जबदि षेतको आलि साध लुहकिल दक्षिण बाटाको डील साध लुहकिल पश्चिम ब्राह्मणका बिर्त्ता षेतको आलि साध

---

८०. वि.सं. १९०६ पौषकृष्ण (पूर्णान्तानले)

	गते	वार	तिथि	घडी पला
मार्ग	२८	मङ्गल	द्वादशी	२२। ५१

(ऐ पात्रोबाट)

८१. वि.सं. १९०६ चैत्रकृष्ण (पूर्णान्तानले)

	गते	वार	तिथि	घडी पला
फाल्गुन	२७	शुक्र	दशमी	३५। ३२

(ऐ. पात्रोबाट)

पत्रमा पौषवदि १२ रोज ४ भनी लेखिए तापनि पौषकृष्ण द्वादशी मङ्गलवार पर्छ, बुधवार पर्दैन ।

लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल दफे सौडोल षेत मुरि ।५।१० तस्को साध पूर्व रैकर बाझाको आलि साध लुहकिल दक्षिण पश्चिम श्रीवैरामेश्वर महादेवका गुठि षेतको आलि साध लुहकिल उत्तर बाटामाथीको डील् साध लुहकिल औ पुराना थामियाको षेत पलांचोकका अम्बलमध्ये तिमालब्यासि काल्ह्या षेत मुरि ।५६ तस्को साध पूर्व भीमथान् सेरा षेतको आलि साध लुहकिल दक्षिण अधिकारि ब्राह्मणका जबदि षेतको आलि साध लुहकिल पश्चिम गोताम्या ब्राह्मणका बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर पंतका जबदि षेतको आलि साध लुहकिल दफे भीमथान सेरो षेत मुरि ।२४ तस्को साध पूर्व थपलियाका बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण पश्चिम आफ्ना पुराना बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल औ टोषाका अम्बलमध्ये चिमढि षेत मुरि ।१७ तस्को साध पूर्व रैकर षेतको आलि साध लुहकिल दक्षिण प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम रैकर षेतको आलि साध लुहकिल उत्तर प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल दफे ष्वाटबु षेत मुरि ।६।८ तस्को साध पूर्व रैकर षेतको आलि साध लुहकिल दक्षिण मुल बाटाको डील साध लुहकिल पश्चिम उत्तर प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल औ सुनागुठिका अम्बलमध्ये गल पाषो मुरि ।३२ षेतमा नपुग्याको षेत मुरि ।२।१२ को साटो पाषो दिदा अठ्ठाइस रोपनिका दरले षेतमा भर्ना पाषो मुरि ।३ घड्यारिमा भर्ना पाषो मुरि २९। षेत घड्यारिको ज्मा नीज गल पाषो मुरि ।३२ तस्को साध पूर्व रैकर पाषाको डील साध लुहकिल दक्षिण मुल बाटाको डील साध लुहकिल पश्चिम ठेचोका नेवारका सुनार गुठि षेतको आलि र रैकर षेतको आलि साध लुहकिल उत्तर रैकर पाषाको डिल् साध लुहकिल येति सबै सिवानाभित्र षेत १।४५ घड्यारि पाषो मुरि ।२९ ज्मा षेत घड्यारि १।७४ सर्वांक माफ बिर्त्ताबितलप जानि संतानदरसंतानपर्यन्त परम सुख भोग्य गर्नुहवस्. हामिलाई आसिर्वाद बक्सदैरहनुहवस्. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या चतुर्भुजदत्त अर्ज्याल् श्रीगुरुप्रोहित तीर्थराज पंडितज्यू पानि हालन्या श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान् कम्याण्डर इन चीफ जनरल जङ्गबहादुर कुवर राणाजी साध लाउन्या सधीयार थरघर जयदेव पंथ लक्ष्मीध्वज पंथ येकदत्त अर्ज्याल् डगोल ब्राह्मणटोलको मट्याङ् वुबहालटोलको विन्नर ब्राह्मणटोलको बलभद्र मानविर हरि पलांचोकका द्वाऱ्या रामनाथ षऱ्याल् थरि ब्रह्मा उप्रेति बालानन्द थपलिया चन्द्रसेषर षऱ्याल् भक्तु षऱ्याल् चन्द्रसेषर उप्रेति भक्तु

सेढाइ बस्तिलाल षत्र्याल रुद्रदत्त थपलिया राधाकृष्ण थपलीया चक्रपानी थपलीया विश्वामित्र पाठक विष्णुहरि मर्हट्टा लछिमन पाडे भलामानिस ज्मादार जीत्मान्सीं महंत राम गिरी मोहिनाइक्या विष्णुसिं थकुजु काछे कुह्माल नारांदत्त पंथ सुनागुठिका अमालीबाट आयाको नाइक्या पद्मसिं नाइक्या जीत्मान् विश्वनाथ भट्ट सिवनर ज्यापू धंजु अम्बल्दार बलवीर पाडे टोषाको अमाली भैरवसिं षत्रि लोकनाथ अचार मोहि स्यामलाल काफ्ल्या सिवनरसिं कुवऱ्या कालु कटुवाल बुगमतीका द्वाऱ्याबाट आयाको मोहिनाइक्या हर्क बाडा नाइक्या सुंदर धनजोति मटेंसिं धीर्ज धन महान्या गोरा आसामडु बलवीर धंजु मोहि मनोसिं मानसिं किर्तिपुरका द्वाऱ्याबाट आयाको सिद्धिनारान् प्रधान् कालीदास् मोहिनाइक्या लक्ष्मीना मोहि देविसिं भाजुनारां नसिडोलको मोहि धीन्नर्सिं. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जो यस बन्देजमा रहोइन. सो यस श्लोकमा भन्याको पातकि होला.

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्ट्यायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
परदत्तापहारेण स्वदत्तां निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९१० साल मिति श्रावणसुदि १० रोज १[८२] शुभम्---

मार्फत जङ्गबहादुर कुवर राणाजी १
मार्फत बँबहादूर कुवर राणाजी १
रुजु तीर्थराज पंडितज्यू १
रुजु उमाकान्त षत्रि १
रुजु सनकसिं षत्रि १
रुजु सिवप्रसाद अर्ज्याल् १
रुजु डिल्लिसिंह बस्न्यात् १
रुजु कृष्णबहादुर कुवर राणाजी १

---

८२. वि.सं. १९१० श्रावणशुक्ल

	गते	वार	तिथि	घडी पला
श्रावण	३२	आदित्य	दशमी	२०। १७

(७३ सङ्ख्या)

स्वस्ति श्रीगुरुराजपंडितधर्माधिकारश्रीविजयराजपंडि(त)कज्यूकस्य पत्रम्--

आगे डिट्ठा पद्मनिधि पंडित पाडे सपत्निकके हामिले ... मुनि बाडासित षरिद गरि गालिलियाको पाकोटेलको ... पातालस्मेत् घर १ धन बडेनिलाइ सट्टा दि नीज धन बडेनिसित पारप्रछिन्न गरि गालिलियाको पोषलड्यांको ... लिग फसिकेवटेलको नीज धन बडेनिको बिर्ता घर १ ... लगा पातालमध्ये दक्षिणपट्टि ९ नौ हात १५ पन्ध्र ... ल पाताल र पश्चिमपट्टि हामिले बनायाको पाताल... गारो १ बाहेक राषि ६ छ अंगुल घटि १३ हात गज १२... लामु भयाको चारतल्या घर १ र पातालमध्ये निज ... इ निकास दक्षिणपट्टि चार अंगुल घटि सात हात ... स्मेत् १९१० साल भाद्रवदि १३ रोज ६[८३] का दिन ... जेठा नानि नगेन्द्रराज पंडितज्यू श्रीमाहिला नानि द्विजराज पंडितज्यूलाइ साछि राषि तिमिलाइ बक्स गरि बिर्ता दिज्यू. आजउप्रान्त येस घरमा हाम्रो र हाम्रा संतानको दावाधक्का नास्ति. तिमिले संतानदरसंतान ... भोग्य गर्नु भनि दस्कत् गरिदिज्यू. आफ्ना षातिरज्मासंग बिर्ताघर जानि भोग्य गर.

इति सम्वत् १९१० साल (मि)ति भाद्रशुदि ३ रोज ३[८४] शुभम्--

(७४ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्--

---

[८३] वि.सं. १९१० भाद्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
भाद्र	१८	बृहस्पति	त्रयोदशी	२८। ३६

पत्रमा भाद्रवदि १३ रोज ६ भनी लेखिए तापनि भाद्रकृष्ण त्रयोदशीमा बृहस्पतिवार पर्छ, शुक्रवार पर्दैन ।

[८४] वि.सं. १९१० भाद्रशुक्ल

	गते	वार	तिथि	घडी पला
भाद्र	२३	मङ्गल	तृतीया	१९। १६

(वीरपुस्तकालय २०५ क्रमसङ्ख्यामा रहेको पात्रोबाट)

आगे सदर काठमाडौ भोसिटेल बस्न्या विश्वरुप रामचन्द्र पंडीत रेग्मीहरुले बेलकोट्मध्येको आफ्ना बितलप कुसबिर्त्ता घड्यारि तस्को सांध पुर्व मूलबाटे दक्षिण कालु कड्यालका मोहरिया छापको काल्हो पश्चिम् पध्याराको षोल्सी उत्तर चिलाउन्याको रुष येति चार किलाभित्रको पाषो जगा घरबारिको मोल मोहर रुपैया २४०मा सुकृ बिकृ गरि बेच्या डिट्ठा पद्मनिधि पंडीतले किन्या. तस्को बक्सउनि रुपैया १। दसवध रुपैया २४ ज्मा रुपैया २५। सदरदफदरषानामार्फत् हाम्रा हजुर दाषिल भयो. बेचन्याको दाम पाको. किंन्याको माटे पाको. आफ्ना षातिरज्मा बिर्त्ता जानि भोग्य गर.

इति सम्वत् १९११ साल मिति वैसाषवदि ९ रोज ६[८५] शुभम्---

मार्फत् वेणिमाधव उपाध्या १

(७५ सङ्ख्या)

श्रीगुरुराज वीजयराज पंडित

१

श्री ५ सर्कार

२

श्रीधर्माधिकार

३

श्रीसिंहसार्दूर्जङ्कंपति

४

श्रीधर्म

५

---

[८५] वि.सं. १९११ वैशाखकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
वैशाख	११	शुक्र	नवमी	३७। ४३

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्ट(र) यान कम्यांडर इन चिफ जनरल जङ्गबहादुर कुवर राणाजी श्रीकम्यांडर इन चीफ जनरल बंबहादूरकुवरराणाजी कस्य पत्रम्------

आगे ---१--- ज्यूलाइ हाम्रो मुषत्यारि भयामा ---२--- को गुरु पद्वी गुरु पदवीको षानकी ---३--- ---४--- दियाको छ. तपसीलबमोजीमका तिन बाबुका सन्तानले आफ्नाआफ्ना घरपिछेको जना १ को बाहेक गुरुपदवी आफ्ना घरको दियाको छ. षोसमोस हुन्याछैन. तपाञिपछि पनि तपाञीका छोरा नाति सन्तानपर्य्यन्त पनि यो मानमर्यादा ---२--- को गुरुपदवी गुरुपदवीको षानकी ---३--- ---४--- हाम्रा घरको जना १ को बाहेक गुरु पदवी षोस्मोस् गर्नु भनि ---५--- को दस्कत गरिदिञ्यू. तपाञिले र तपाञिका छोरा नातिले हाम्रा जीयको रोटिको बेगार नगरिञ्यालसम्म यो दस्कतबमोजीम रोल भयाका तिन बाबुका संतानले पनि थामनु. जस्ले थामैन. उस्लाइ पंचमहापातक् लाग्ला--

तपसिल

श्रीजनरल बद्रिनरसिंह कुवर राणाजी १ श्रीजनरल कृष्णबहादुर कुवर राणाजी २ श्रीजनरल रणउद्योत्सिंह कुवर राणाजी ३ श्रीजनरल जगत्सम्सेर जङ्ग कुवर राणाजी ४ श्रीजनरल धीरसम्सेर जङ्ग कुवर राणाजी ५ श्रीजनरल भक्तवीर कुवर राणाजी ६ श्रीकम्यांडर कर्णैल बषत जङ्ग कुवर राणाजी ७ श्रीकर्णैल कृष्णधोज कुवर राणाजी ८ श्रीकर्णैल षड्गबहादुर कुवर राणाजी ९ श्रीकर्णैल पृथीध्वज कुवर राणाजी १०

इति सम्वत् १९११ साल मिति वैसाषवदि १० रोज[८६] शुभ्म्---

(७६ सङ्ख्या)

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान् कम्यांडर इन चीफ जनरल जङ्गबहादुर कुवर राणाजी श्रीकम्याण्डर इन चीफ जनरल बँबहादुर कुवर

---

[८६] वि.सं. १९११ वैशाखकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
वैशाख	१२	शनैश्चर	दशमी	२३। ३

राणाजी श्रीजनरल कृष्णबहादुर कुवर राणाजी श्रीजनरल रणउद्दिप्सिंह कुवर राणाजी श्रीजनरल जगत्सम्सेर जङ्ग कुवर राणाजी श्रीजनरल धिरसम्सेर जङ्ग कुवर राणाजी श्रीजनरल भक्तविर कुवर राणाजी श्रीकम्याड कर्णैल बषतजङ्ग कुवर राणाजी श्री कर्णैल कृष्णबहादुर कुवर राणाजी श्रीकर्णैल षड्गबहादुर राणाजी श्री छोटा कर्णैल पृथ्वीधोज कुवर राणाजी श्रीकर्णैल केदारनसिं कुवर राणाजीकस्य पत्रम्-----

आगे श्रीगुरुज्यूके पूर्विया कुमाहि भट्ट तेह्रौत्या ब्राह्मण गैह्रका जातभातको कुरा परिआउदा अदालथ ठानाका डिट्ठा विचारि डाकि जात भाइ राषि तपाञिका दलान्मा कचहरि गरि अयनबमोजीम् निसाफ गरि छिनिदिनु घुसपेस षाई कसैका मोलायजापहि लागी पन्पक्ष गर्नामा पस्नुभयो भन्या अयनबमोजीम् बुझाउन पर्ला.

इति सम्वत् १९११ साल मिति श्रावनसुदि ८ रोज ४ शुभ्म्---

प्रमान्गी सुबेदार फत्त्यसिं थापा-१

(७७ सङ्ख्या)

श्रीगुरु

१

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर कम्यांडर इन चिफ जनरल जङ्गबहादुर कुवर राणाजी श्रीकम्यांडर इन चिफ बंबहादुर कुवर राणाजी श्रीजनरल कृष्णबहादुर कुवर राणाजी श्रीजनरल रणउद्दिपसिंह कुवर राणाजी श्रीजनरल जगत्संसेर जङ्ग कुवर राणाजी श्रीजनगर धीरशमशेर जङ्ग कुवर राणाजी श्रीजनरल भक्तवीर कुवर राणाजी श्री कम्यांडर कर्णैल कृष्णध्वज कुवर राणाजी श्रीकणेल खड्गबहादुर कुवर राणाजी श्रीछोटा कर्नेल पृथ्वीध्वज कुवर राणाजी श्रीकर्णैल केदारनसिंकुवरराणाजीकस्य पत्रम्----

आगे ---१--- के दर्बारमा दानदक्षिना जप पाठपूजा पुराण गैह्र सानु ठुलो काजकाम परिआउदा तपाइले मुक्तियारसंग साधि परिआयाको काजकाम गराउनु. तपाइसंग नसाधी दर्बारमा परिआयाको दान दक्षिना जप पाठ पुजा पुराण गैह्र सानु ठुलो कामकाज् कसैले गऱ्यो भन्या ऐनबमोजीम सजाय होला.

इति सम्वत् १९११ साल मिति श्रावणसुदि ८ रोज ४[८७] शुभ्म्---

प्रमान्गी सुबेदार फत्यसिं थापा

(७८ सङ्ख्या)

श्रीगुरुराज पंडीत धर्माधिकार श्रीविजयराज पण्डितज्यू

१

श्रीजेठा मैञा नानी

२

श्रीमछिन्द्रनाथ

३

श्रीफुल्चोकिदेवी

४

श्रीकुंभेश्वर महादेव

५

श्रीगुरुप्रोहित तीर्थराज पंडितज्यू

६

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीश्रीश्रीमन्महाराजाधिराजश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्----

आगे ---१--- के सम्वत् १९११ साल मिति वैसाषसुदि १२ रोज ३[८८] का

---

[८७] वि.सं. १९११ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी पला
श्रावण	२०	बुध	अष्टमी	१२। २४

[८८] वि.सं. १९११ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी पला
वैशाख	२९	मङ्गल	द्वादशी	४९। ४७

चावल दिन १ का सिधा ४ के दर डेढमानाले चामल माना ।.।६ का दर्ले वर्ष १ के चावल मुरि १३।१० को चावल ।९।४ को धान मुरि १। का हिसाबले धान मुरि २८।८।४ के दर ।९ ताके मोहरु ------ ६३″।।३

दाल दिन १ के मुठि ५ का दरले वर्ष १ के मास मुरि १।७ के दर ।४ ताके मोहरु ---६।।।.

नुन दिनको ऽ। का दरले वर्ष १ के पैसारु ५।।″ के २२।। गंडिले मोहरु ---४

बेसार वर्ष १ के मोहरु-----------१

घ्यू दिनको तोला ८ का दरले वर्ष १ के घ्यू धार्नि १२ऽ२।। के दर १।।. ताके मोहरु ------------–१९।.

दारुवा दिनका′ हिसाबले पैसा रु २२।। के मोहरु--------- १६

शुक्ल पक्षका त्रयोदसि १२ ---३--- का पूजा के मोहर्रु ९′। भेटि पूजा के पैसा रु ।। का दरले पैसा रु के मोहरु----------- ४।.।१

पूजाको सराजामके पुजा १ के पै रु ।।. दरले पैसा रु ६ के मोहरु ------ ४।.।१

..आवर्ति १२ के पैसा रु ।।।. के मोहरु ------ ।।.।।

शुक्ल पक्षका अष्टमि १२ मा ---४--- का पूजा के------ २८।।″′

...का १२ के दर १।।. ताके मोहरु---------- १८

.. पुजा १ के पैरु ।। का दर्ले ६ ताके मोहरु--------- ४।.।

..सराजामके पुजा १ के पैरु ।।. का दरले ६ ताके मो ------ ४।.।१

..आवर्ति १२ के पैरु ३ का दरले मोहरु ------ २″२

घरको संभार गर्न्या प्रजा गर्न्या सिधा बाडन्या मानिसको षान्गी मोहरु---- ४०

बाकि जगेरा मोहरु------ २८

यो गुठिका षेत २। का आमदानिले लेषियाबमोजिमको षर्च गर्नु र साल तमाम् भयापछि आमदानि षर्चका भाउ घट्याबढ्याको कसर वासिल बाकि गरि बाकि ठह्र्या रुपैया सबै जगेरामा ज्मा गरि राषनु. देउपाटन्को घर भत्क्याबिग्र्यामा र षेतमा असिना गैह्रले साबुद बालि नउठ्यामा तेहि जगेराका रुपैयाले काम चलाउनु

इति सम्वत् १९१८ साल मिति फागुणवदि ७ रोज ६[११३] शुभम्---

मार्फत श्री ३ महाराज जङ्गबहादुर राणा जि सि बि प्राइंमिनिष्टर यान्ड कम्यांडर इन चीफ १

मार्फत कम्याण्डर इन चीफ जनरल कृष्णबहादुर कुवर राणा १

(९७ सङ्ख्या)

स्वस्ति श्रीगुरुराज विजयराज पंडितज्यूको आफुलाइ आफ्ना छोरालाइ १८ सालसम्म दियाको षाइपाइ आयाको तैनाथ दियाको षाइ घर बसि आनन्दसंग सुती आनन्दसंग उठि आनन्दसंग षाइ राजा वजीर भरभारादार दुनिञा रैयत प्रजा कसैको षुसामत् आसा नगरि आनन्दपूर्वक आफ्ना राजीषुसिसंग १९१८ सालसम्म षाइपाइ आयाको षाइ आनन्दपूर्वकसंग आफ्नु षुसि गरि षानुहवस् भनि हाम्रा औलादक षत्यारभर तपाञिका जिंदगीभर आफ्ना घरमा मनोग्य गरि कसैलाइ यक रौमजती नमानि भोग्य गर्नुहवस्. तपाञिले दुनिञामा अंन्याय गर्‍याका कुरामा अन्याय गर्न दिन्या छैन. अंन्याय गर्‍याका कुरामा डंड गर्न्याछैन. कसैलाइ तपाञिका हातले षुन गर्नुभया षुन गर्‍याका बातमा तपाइलाइ राज्यमा राषन्याछैनौ. तेस कुरामा डंड जरिवाना गर्न्याछैनौ. हाम्रा ५ भाइका ज्यूमा धनमा रोटिमा मानमा लागनुभइ बिगार्नामा

---

११३. वि.सं. १९१८ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी
फाल्गुन	१२	शुक्र	सप्तमी	१०

तत्पर भै जालसाजी गरि हवस् जालसाजी नगरि हवस् मैले गर्‍याको हु भनि तपाञिले कायेलनामा लेषनु भया पनि तपाञिलाइ गरिदियाको धर्मपत्रबमोजीम हामि ५ भाइले तपाञिलाइ र तपाञिका औलादलाइ बेइजत् डंड जरिवाना तपाञिका गुरुपदवी धन ज्यू इजत् मान्मा मुषले तुछे वचन बोलन्याछैनौ. केहि कुराको हाम्रा ५ भाइमाथि लाग्याका कुरामा सुनि यो गरिदियाको धर्मपत्र उच्युत गर्‍यौं भन्या श्रीबालनरसिंको संतान् होइनौ. कोटि जन्म नर्कवास होला. लेषियाबमोजीम हामिले धर्म थाम्यौ भन्या हामिहरुको वैकुंठवास होला. तपाञिले गुन गर्‍याको बदला होला. शुभम्

भारादारि कचहरिमा लेषिदियां जङ्गबहादुर थामिदीउला लेषियाबमोजीम सहि शुभम्

यो लेषिदियाबमोजीम थामिदिउला, सहि धीरसम्सेरजङ्

यो लेषियाबमोजीम थामिदिउला सहि रणउदिप्सिंह १

यो लेखियाबमोजिम थामिदिउला कृष्णबहादुर सहि १

(५८ सङ्ख्या)

श्रीगुरुराज पंडीत श्रीलोकराज पण्डितज्यू

१

लिषितं काजि जस्पाउ थापाकि मोहिलि मुषेनि चित्ररेषा आगे ---१--- लाई सम्वत् १९१९ साल मिति आश्विनसुदि १५ रोज ३[११४] का दिन हाम्रा बित्ताबितलप धुनिब्यासि नौबिस्या सोति षेत मुरि ।४० आरुबोटे षेत मुरि ।२० ज्मा षेत मुरि ।६०मध्ये मेरा अंस षेत मुरि ।३० संकल्प गरि चढाञा. १९१९ सालका बालिदेषि नीज षेत हजुरबाट भोग गरिबक्सनुहवस्. यस षेतमा मेरो र मेरा संतानदरसंतानको दावा मुद्दा

---

[११४] वि.सं. १९१९ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	२३	मङ्गल	पूर्णिमा	४८। ५७

(वीर पुस्तकालयको ऐ. सङ्ख्याको पात्रोबाट)

नास्ति भनि दानपत्र लेषि चढाञा. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या कुसाल बस्न्या प्रोहित भैरवानन्द पाध्या पाडे पानि हालन्या गोर्षा थापाथोक बस्न्या नाति कुलधोज थापा साछि कुमेदान हरिलाल् पाडे डिट्ठा कालिदास धमला दहचोक बस्न्या गंगादत्त पाध्या सुवेदि ठमेल बस्न्या मानवीर श्रेष्ठ ठमेल बस्न्या सुबेदार जीत्मानसिं श्रेष्ठ

इति सम्वत् १९१९ साल मिति मार्गवदि ५ रोज ३[115] शुभ्म्

(छेउमा लेखिएको)

चित्ररेखाको दानपत्र सही

(९९ सङ्ख्या)

लिषितं कप्तान् अम्मरविक्रम पाडे क्षेत्रि आगे मैले श्रीगुरुराज पंडीत धर्माधिकार श्रीविजयराज पंडीतज्यूसित मोहर रुपैया पंध्र सये येक १५०१ लिया. यस रुपैञामा तावागुरु काभ्रे षेत ३। र तस्को ब्यासि डिहि रोपनि ३०मध्ये मेरी आमा दीर्घकुमारीलाइ बाज्या जनरल भेमसेन थापाबाट दाइजो दियाको मेरि आमाले भोग गरि षायाको सम्वत् १९०४ साल मिति माघवदि १[116] रोजमा श्री ३ महाराजबाट पनि दस्षत् गरि थामिबक्स्याको नीज काभ्र्या मुहान षंड षेत १। र तस्को ब्यासिको डिहि रोपनि १०स्मेत् डल्लो गाली सुकृ बिकृ पारप्रछिन्न गरि चढाञा. येस षेत् घड्यारिस्मेत्मा मेरो र संतानदरसंतानको लाग नास्ति भनि मेरा मनोमान षुसिराजीसग सुकृ बिक्रीको फाछर्यापत्र लेखि श्रीगुरुराज पंडीत धर्माधिकार

---

[115] वि.सं. १९१९ माघकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
कार्तिक	२७	मङ्गल	पञ्चमी	५१। ५४

(वीर पुस्तकालयको ऐ. सङ्ख्याको पात्रोबाट)

[116] वि.सं. १९०४ माघकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
माघ	९	शुक्र	प्रतिपद्	२६। १९

श्रीविजयराज पंडीतज्यूका हजुर्मा चढाञा. येस बेहोराका साछि मेरि भाउज्यु गनेसकुमारी क्षेत्रिनी मेरो जेठा छोरा नरविक्रम् पाडे क्षेत्रि माहिला छोरा नरधोज पाडे क्षेत्रि साछि द्यौपाटन् बस्न्या गौरीसंकर भट्ट तावागुरु बस्न्या ढुंडिराज पंडीत अर्ज्याल डिट्ठा लक्ष्मीनाथ गजुर्याल् सुबेदार गुरुप्रसाद गेलाल् लेषक साछि मेजर राजमान जोसि.

इति सम्वत् १९१९ साल मिति फागुणसुदि ३ रोज ७[११७] शुभ्म्---

(१०० सङ्ख्या)

श्रीगुरुराज धर्माधिकार नगेन्द्रराज पंडितज्यू

१

श्रीगुरु द्विजराज पंडितज्यू

२

श्रीगुरु वेदराज पंडितज्यू

३

स्वस्ति श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जि सी बी प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफकस्य पत्रम्---

आगे ---१--- ---२--- ---३--- के हाम्रा कुलमा रानि छोरा बुहारिहरुमा पीढिपिछे १ जनालाई अधिकारि षलकले दिक्षा मंत्र सुनाउनु १ जनालाइ सत्यालहरुले गायत्री सुनाउनु १ जना मात्र भयो भन्या हजुरैका हजुरैका सन्तानले सुनाउनु मंत्र

---

[११७] वि.सं. १९१९ फागुनशुक्ल

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	९	बृहस्पति	प्रतिपद्	०।	५०
	१०	शुक्र	तृतीया	५५।	५८

(वीरपुस्तकालयको ऐ. सङ्ख्याको पात्रोबाट)

यस पक्षमा द्वितीया छुटेको छ । द्वितीया छुटेको याद नगरी सुरुसुरु गन्दा तृतीयामा शुक्रवार लेख्नुपर्नेमा शनिवार लेख्न पुगेको देखिन्छ ।

सुनाउदा लोग्न्यालाइ लोग्न्यैले सुनाउनु. स्त्रीजातिलाइ स्त्रीजातिले सुनाउनु भंन्या बन्देज गरि पांचायनमा धर्म भाक्याबमोजीम्‌का रोलमा षलल हुन्या कुरो नगरनज्याल र हाम्रा कुलमा स्त्री गैह्रहरुसित व्यभिचार नगरुनज्यालसम्मलाइ धर्मपत्र लेषि चढाञ्यूं. पांचायनमा धर्म भाक्याबमोजीम्‌का रोलमा षलल हुन्या कुरो भयो भन्या र १ जना मात्र भयो भन्या हजुरैका सन्तानले सुनाउनु यो लेषियाको धर्मपत्र रद्दि होला औ दरबारमा र हाम्रा घरमा ब्राह्मण गैह्र देसि पर्देसि हाल्दा र बिदा गराउदा रोलबमोजीम्‌का तपाञिका संतानले गर्नु. अरुले गर्‍या भन्या जरिवाना होला.

इति सम्वत् १९२० साल मिति द्वितीय श्रावणसुदि १० रोज २ शुभ्म्---

(१०१ सङ्ख्या)

श्रीगुरुराज पंडित विजयराज पंडितज्यू

१

श्रीगुरु गौरेश्वर पंडितज्यू

२

श्री ३ महाराज जङ्गबहादुर राणा जी सि बी प्राइंमिनिष्टर याण्ड कम्यांडर इन चीफ

३

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्----

आगे ---१--- प्रति अघि तपाइका बाज्या ---२--- बाट गुरु हुनुहुदा हाम्रा बाज्याज्यूंहरुको सोझो गरिरह्याको हुनाले र पौड्याल गुरु हुदा हाम्रा मैञा बिगार्‍याको ६२ सालमा ब्राह्मणको बिर्ता गुठ गैह्र जफत हुन्या कुरामा सल्लाह दियाको घुसरोसवतपछि लागि राजकाजमा वजीरहरुको अदलीबदली गराउन्या खेलखालपछि लाग्याको सुन्दा देषता र मिश्रहरुले पनि पाडेसंग मिलि ३६ वर्ष मुषतियारि गरि हाम्रो सोझो गर्न्या वजीर जनरल भीमसेन थापालाइ र अरु भैभारादारहरुलाइस्मेत् जाल गरि बिगार्‍याको र घुसरोसवतपछि लागी हाम्रो बिगार्‍याको सुन्दा पौड्याल मिश्रहरुलाइ

षारेज गरि तपाइलाई गुरु मान्याको हो. तपाइबाट अरुका षेलषालले गुरु दर्जा छुटइदिदा पनि हाम्रा निमकको सोझो चिताई हाम्रा हजुरमा रह्याको हामिबाट गुरु मान्यापछि राजकाज षेलषाल लोभपापपछि नलागी हाम्रा वजीर ---३--- का सल्लाहबमोजीम् सबै कामकाज गर्नुभयाको र आफुलाइ बक्स्यादेषि बाहेक १ दाम लालच नगर्नुभयाको हाम्रा गाथगादिपछि लाग्न्या कुल्याहाहरुलाइ मार्नुपर्दा हतियारस्मेत् बाधि तैयार भै हाम्रा गाथगादि बचाऊन्या वजीर ---३--- संग सामेल भै काम गर्नुभयाको हाम्रा मानिसहरुलाइ ---३--- का मैञा र ---३--- का छोरालाइ हाम्रा मैञाको विवाहबारी गराइ पछिपरन्तुसम्म हाम्रो र हाम्रा वजीरको येकचित्त रहन्या सलतनत गराउनुभयाको हामि गादिमा राज गर्दा हाम्रा वजीर ---३--- बाट ६२ सालमा जबद भयाका ब्राह्मणका बिर्ता गुठिगैह्र सबै फुकाइदिउ भन्या पल्टनै षारेज हुन्या भयो. पुगेन तापनि यो ब्रह्मश्व देवश्वले बढिया हुन्याछैन. यस्को सट्टा बक्सनुपर्न्या हो भन्या बिन्ति पार्दा सामेल भै सल्लाह दि संकल्प गराउनुभयाको तपाइलाइ गुरु मान्यादेषि हाम्रा वजीर ---३--- ले तजबिज गरि आट्याको भोटमधेसको लडाइ फत्य भै हाम्रो तेगतरवार षडा रह्याको र हामिलाइ सबै कुराबाट शुभ भयाको हुनाले हाम्रा गाथगादिको र हाम्रा रोलबमोजीमका वजीरहरुको रोटिज्यानमा षलल हुन्या काम नगरंज्याल र हाम्रा कुलमा स्त्रीगैह्रहरुसित व्यभिचार नगरुंज्यालसम्म तपाइका सन्तानलाई श्रीपेच सुनका गजुर भयाको छाता सुनका आसा बक्सी हाम्रा सन्तानदरसंता(न)ले हजुरका संतानदरसंतानसंग मात्र दिक्षा गायत्रिमंत्र सुनि गुरु मान्नु. अरुलाइ गुरु तुल्याइ मंत्र नसुन्नु भन्या धर्मपत्रको लालमोहर गरिबक्स्यौं. यो धर्मपत्र जसले उल्लंघन गर्ला. पंचमहापाक लाग्ला. सो जानि हाम्रा निमषको सोझो चिताई संतानदरसंतानपर्यन्त गुरु भैरहनुहवस्.

इति सम्वत् १९२० साल मिति द्वितीयश्रावणसुदि १० रोज २[११८] शुभम्---

मार्फत श्री ३ महाराज जङ्गबहादुर राणा जी सि बि प्राइम्‌मिनिष्टर याण्ड कम्यांडर इन चिफ -१

मार्फत श्रीकम्यांडर इन चीफ जनरल रणउद्दिपसिंह कुवर राणा- १

मार्फत श्रीकम्यांडिङ् जनरल जगतसंसेरजङ्ग कुवर राणा -१

मार्फत कम्यांडिङ् जनरल धीरसंसेरजङ्ग कुवर राणा- १

---

११८. वि.सं. १९२० श्रावणशुक्ल

	गते	वार	तिथि	घडी पला
भाद्र	१०	सोम	दशमी	२१। ४७

(१०२ सङ्ख्या)

श्रीगुरुराज धर्माधिकार नगेन्द्रराज पंडितज्यू

१

श्रीगुरु द्विजराज पंडितज्यू

२

श्रीगुरुवेदराज पंडितज्यू

३

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मजश्रीजनरलबषतजङ्गकुवर राणाकस्य पत्रम्------

आगे ---१--- ---२--- ---३--- के हाम्रा कुलमा रानि छोरा वुहारिहरुमा पीढिपिछे १ जनालाइ अधिकारी षलकले दिक्षा मंत्र सुनाउनु. १ जनालाइ सत्यालहरुले गायत्री सुनाउनु ञाहादेषि बढता जतिसुकै भया पनि हजुरहरुले र हजुरका सतान्तले सुनाउनु. १ जना मात्र भयो भन्या हजुरैका सन्तानले सुनाउनु. मंत्र सुनाउदा लोगन्यालाइ लोग्न्यैले सुनाउनु. स्त्रीजातिलाइ स्त्रिजातिले सुनाउनु भंन्या बन्देज गरि पांचायनमा धर्म भाक्याबमोजीम्का रोलमा षलल हुन्या कुरो नगरुज्याल् हाम्रा कुलमा स्त्री गैह्रहरुसित व्यभिचार नगरुनज्यालसम्मलाइ धर्मपत्र लेखि चढाज्यू पांचायनमा धर्म भाक्याबमोजीमका रोलमा खलल हुन्या कुरो भयो भन्या र हाम्रा कुलमा स्त्री गैह्रहरुसित व्यभिचार भयो भन्या यो लेखियाको धर्मपत्र रद्दि होला औ दर्बारमा र हाम्रा घरमा ब्राह्मण गैह्र देसि पर्देसि हाल्दा र बिदा गराउदा रोलबमोजीम्का तपाञिका सन्तानले गर्नु. अरुले गन्या भन्या जरिवाना होला.

इति सम्वत् १९२० साल मिति दुतियश्रावणसुदि १५ रोज ६ शुभ्म्---

(१०३ सङ्ख्या)

श्रीगुरुराज धर्माधिकार नगेन्द्रराज पंडितज्यू

१

श्रीगुरु द्विजराज पंडितज्यू

२

श्रीगुरुवेदराज पंडितज्यू

३

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज पूर्वतर्फका कम्याण्डिङ् जनरल श्रीधीरसम्सेर जङ्ग कुवर राणाकस्य पत्रम्--

आगे ---१--- ---२--- ---३--- के हाम्रा कुलमा रानि छोरा बुहारिहरुमा पिढिपिछे १ जनालाइ अधिकारी खलकले दिक्षा मंत्र सुनाउनु. १ जनालाइ सत्यालहरुले गायत्रि सुनाउनु. ञाहादेषि बढता जतिसुकै भया पनि हजुरहरुले र हजुरका संतानले सुनाउनु. १ जनामात्र भयो भन्या हजुरैका संतानले सुनाउनु. मंत्र सुनाउदा लोग्न्यालाइ लोग्न्यैले सुनाउनु. स्त्रीजातिलाइ स्त्रीजातिले सुनाउनु भंन्या बन्देज गरि पांचायनमा धर्म भाक्याबमोजीमका रोलमा षलल हुन्या कुरो नगरुनज्याल र हाम्रा कुलमा स्त्री गैह्रहरुसित व्यभिचार नगरुनज्यालसम्मलाइ धर्मपत्र लेषि चढाज्यू. पांचायनमा धर्म भाक्याबमोजीमका रोलमा षलल हुन्या कुरो भयो भन्या र हाम्रा कुलमा रुत्रीकुलमा स्त्री गैह्रहरुसित व्यभिचार भयो भन्या यो लेषियाको धर्मपत्र रद्दि होला औ दर्बारमा र हाम्रा घरमा ब्राह्मण गैह्र देसि पर्देसि हाल्दा र बिदा गराउदा रोलबमोजीमका तपाञिका सन्तानले गर्नु. अरुले गऱ्या भन्या जरिवाना होला.

इति सम्वत् १९२० साल मिति द्वितीयश्रावनसुदि १५ रोज ६ शुभम्--

(१०४ सङ्ख्या)

श्रीगुरुराज धर्माधिकार नगेन्द्रराज पंडितज्यू

१

श्रीगुरु द्विजराज पंडितज्यू

२

श्रीगुरुवेदराज पंडितज्यू

३

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज दछिनतर्फका कम्यांडीङ जनरल श्रीजगतसम्सेरजङ्ग कुवरराणाकस्य पत्रम्---

आगे ---१--- ---२--- ---३--- के हाम्रा कुलमा रानी छोरा बुहारिहरुमा पीढि पीछे १ जनालाइ अधिकारि षलकले दिक्षा मंत्र सुनाउनु. १ जनालाइ सत्यालहरुले

गायत्रि सुनाउनु. ञाहादेषि बढता जतिसुकै भया पनि हजुरहरुले र हजुरका संतानले सुनाउनु. १ जनामात्र भयो भन्या हजुरैका संतानले सुनाउनु. मंत्र सुनाउदा लोग्न्यालाइ लोग्न्यैले सुनाउनु. स्त्रीजातिलाइ स्त्रिजातिले नै सुनाउनु भंन्या बन्देज गरि पांचायनमा धर्म भाक्याबमोजीम्का रोलमा षलल हुन्या कुरो नगरुनज्याल र हाम्रा कुलमा स्त्री गैह्रहरुसित व्यभिचार नगरुनज्यालसम्मलाई धर्मपत्र लेखि चढाज्युं. पांचायनमा धर्ममा भाक्याबमोजीमका रोलमा षलल हुन्या कुरो भयो भन्या र हाम्रा कुलमा स्त्री गैह्रहरुसित व्यभिचार भयो भन्या यो लेषियाको धर्मपत्र रद्दि होला औ दर्बारमा हाम्रा घरमा ब्राह्मण गैह्र देसि पर्देसि हाल्दा र बिदा गराउदा रोलबमोजीमका तपाञिका सन्तानले गर्नु. अरुले गऱ्या भन्या जरीवाना होला.

इति सम्वत १९२० साल मिति दुतीयश्रावणसुदि १४।१५ रोज ६[११९] शुभ्म्--

(१०५ सङ्ख्या)

श्रीगुरुराज धर्माधिकार नगेन्द्रराज पंडितज्यू

१

श्रीगुरु द्विजराज पंडितज्यू

२

श्रीगुरुवेदराज पंडितज्यू

३

स्वस्तिश्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इन चिफ जनरल रणउद्दिपसिंह कुवर राणाकस्य पत्रम्-----

आगे ---१--- ---२--- ---३--- के हाम्रा कुलमा रानि छोरा बुहारिहरुमा पीढिपिछे १ जनालाइ अधिकारि षलकले दीक्षा मंत्र सुनाउनु. १ जनालाइ सत्यालहरुले

---

[११९] वि.सं. १९२० श्रावणशुक्ल

	गते	वार	तिथि	घडी पला
भाद्र	१३	बृहस्पति	त्रयोदशी	२८। ३७
				५१। ३१
	१४	शुक्र	पूर्णिमा	५२। १

गायत्रि सुनाउनु. ञाहादेषि बढता जतिसुकै भया पनि हजुहरुले र हजुर्का सन्तानले सुनाउनु. १ जना मात्र भयो भन्या हजुरैका सन्तानले सुनाउनु. मंत्र सुनाउदा लोग्नयालाई लोग्न्यैले सुनाउनु. स्त्रीजातिलाइ स्त्रिजातिले सुनाउनु भंन्या बन्देज गरि पांचायनमा धर्म भाक्यबमोजीम्का रोलमा षलल हुन्या कुरो नगरंज्याल र हाम्रा कुलमा स्त्री गैह्रहरुसित व्यभिचार नगरुन्ज्यालसम्मलाई धर्मपत्र लेषि चढाञ्यूं. पांचायनमा धर्म भाक्याबमोजीमका रोलमा षलल हुन्या कुरो भयो भन्या र हाम्रा कुलमा स्त्री गैह्रहरुसित व्यभिचार भयो भन्या यो लेषियाको धर्मपत्र रद्दि होला औ दरबारमा र हाम्रा हारमा ब्राह्मण गैह्र देसि पर्देसि हाल्दा र बिदा गराउदा रोलबमोजीमका तपाञिका सन्तानले गर्नु. अरुले गऱ्या भन्या जरीवाना होला.

इति सम्वंत १९२० साल मिति भाद्रवदि १२ रोज ४[१२०] शुभम्---

(१०६ सङ्ख्या)

(लि)षितम् संषु बस्न्या कृष्णदत्त उपाध्या प्याकुऱ्याल् (ध)र्मदत्त उपाध्या प्याकुऱ्याल् आगे ---१--- संग मोहर (रुपै)ञा २५०१ अक्षरेपि मोहर रुपैञा पच्चिस सय एक रुपैया लिञ्यू. इ रुपैयामा हाम्रा बिर्त्ताबितलप डढुवाका ....लमध्ये कोलपु ब्यासि तल्लो धुलपुऱ्या षेत मुरि ।६८ ... मुहान षेत मुरि ।३२ ज्मा षेत १। र तस्को घड्यारि थुंमकि पाषो रोपनि ७ स्मेत् डल्लो गालि पारप्रछिन्न सुकृ बिकृ गरि ---१--- लाइ चढाञ्यू. इ रुपैया लियाको बापत अघि १९ साल मिति भाद्रसुदि ३ रोज ५[१२१] मा सोहि षेत र घड्यारि भोग बन्धक् राषि ---का हजुर्मा तमसुक लेषि लग्याको मोहर रुपैया २०५१ तिर्नाके र येमितिमा घरषर्चके लियाको मोहर रुपैया ४५० लिञ्यू. हाम्रा मनोमान षुसिराजीसित सुकृ बिकृको फाछ्र्यापत्र लेषि ---१--- का हजुरमा चढाञ्यू. इ षेतका बेहोराको दानपत्रको लालमोहर १ इ षेतको भोगबंधक राषि सर्दार गुंजमानसिं बस्न्यात् क्षेत्रिसंग लियाका रुपैया तिरि ल्यायाको नीज सरदारको भरपाइ १ ज्मा

---

[१२०] वि.सं. १९२० भाद्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
भाद्र	२६	बुध	द्वादशी	५८।	१८

[१२१] वि.सं. १९१९ भाद्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
भाद्र	१४	बृहस्पति	तृतीया	१७।	२०

(वीरपुस्तकालय चतुर्थ २९३७ सङ्ख्यामा रहेको पात्रोबाट)

कागज दुइ २ स्मेत् सपुर्त गरिदिञ्यू. यस बातका साछि संधु बस्न्या गजाधर प्याकुऱ्याल काठमाडौको काजी उद्योत्सीं थापा क्षेत्रि कुम्मेदान लक्ष्मीनाथ थपलिया षरिदार गुरुप्रसाद गेलाल् सुबेदार पद्मनिधि पाडे लेषक साछि राइटर सिवदास

इति सम्वत् १९२० साल मिति आश्विनसुदि १ रोज ३[१२२] शुभम्---

(१०७ सङ्ख्या)

स्वस्ति श्रीमद्दतिप्रचण्डभूजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जी सि बि प्राइंमिनिष्टर यान्ड कम्यांडर इन चीफकस्य रुक्का-----

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इन चिफ् जनरल रणउद्दिपसिंह कुवर राणा पश्चिमतर्फका कम्यांडिङ जनरल श्रीजगत्संसेर जङ्ग कुवर राणा पूर्वतर्फका कम्यांडिङ जनरल श्रीधीरसम्सेरजङ्ग कुवर राणा श्रीजनरल श्रीजगत्जङ्गबहादुर कुवर राणा श्रीजनरल श्रीजितजङ्गबहादुर जितजङ्ग बहादुर कुवरराणाकस्य पत्रम्----

आगे श्रीगुरुराज पंडित धर्माधिकार श्रीनगेन्द्रराज पंडितज्यू श्रीगुरुराज पंडित द्विजराज पंडितज्यू श्रीगुरुराज पंडित श्रीवेदराज पंडितज्यूके आहाबाट धपायाका र आफै गयाका गुरुषलक र अरु ब्राह्मण गैह्रलाइ नेपालषाल्डामा ल्याउन्या नल्याउन्याका हजुरहरु ३ को अषत्यारि गरिदियाको छ. कदाचित् इनहरुलाइ नेपाल षाल्डामा ल्याञ्यूं भन्या गुरु कोहि गऱ्याको पाप हामिहरुलाइ लाग्ला भनि रुक्का दस्षत् गरिबक्स्यौं.

इति सम्वत् १९२१ साल मिति मार्गवदि ११ रोज ५[१२३] शुभम्--

(१०८ सङ्ख्या)

श्रीमद्विजयराजशर्मपण्डितराजात्मजः श्रीनगेन्द्रराजशर्मपण्डित्तो नेपालवनिपाल गुरुर्व्याकरणो सिद्धान्तकौमुदीं मनोरमां शब्दरत्नं परिभाषेन्दुशेखरं शेखरं महाभाष्यं

---

[१२२] वि.सं. १९२० आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	२९	मङ्गल	प्रतिपद्	४४। ४६

[१२३] वि.सं. १९२१ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
मार्ग	११	बृहस्पति	एकादशी	६०। ०

काव्यसाहित्ययोः रघुवंशं माघं किरातार्जुनीय नैषधं कुवलयानन्दं धर्मशास्त्रे मनुस्मृतिं मिताक्षराया दायभागं न्यायशास्त्रे च कारिकावलीमुक्तावलीं व्याप्तिपञ्चकं व्यधिकरण धर्मावच्छिन्नाभावं सिद्धान्तलक्षणीं सम्यगधीतवान्. अथ च नेपालनृपालतोऽधिगतेन राजगुरुधर्माधिकारीतिपदवीद्वितयेनालङ्कृतो महान् कोविदः कुलीनश्चास्तीति शिवम् । बापूदेवशास्त्री राजारामशास्त्री संमन्यते २ बालशास्त्री च ।।

(१०९ सङ्ख्या)

स्वस्ति श्रीगुरुज्यू विजयराज पंडितज्यूके पाउमा जङ्गबहादुरको पाउलागी दण्डवत् उप्रान्त तिम्रा खिरको दूना दोपटिदा मेरा दूदको दुना घोपटियामा संतोषै छ भन्या नपालनुहवस्. तिम्रा षिरको दुना पनि नघोप्टियोस्. मेरा दूदको दुना पनि नघोप्टियोस् भन्नुहुन्छ भन्या म ६ मैन्हा बिलायत् गयेर आउन्ज्यालसम्म नेपाल पाल्नुहवस्. म बिलायतबाट नेपाल आयापछि फेर श्रीकाशी जानुहोला. आउन्या भया म आउछु भनि लेषिपठाउनुहवस्. ञाहा नेपाल पालनुहुदा उसै पालनुहुदैन. मेरो मार्फत हालि श्री ५ महाराजधीराजको मोहर पठाउला. तिम्रै चिठिमा म आउछु मलाइ मोहर किन चाहिन्छ भन्नुहोला. दुनिञाले देषन्या बडाको दर्बारि इज्जत् चालचलन् छोडनहुदैन. पालनुहुन्छ भन्या ताहाको आफ्नु बन्दोबस्त गर्नुहवस्. मंसिरभरमा पालनु हुनुपर्न्या छ. मंसिरैमा म मोहर पठाउला.

इति सम्वत् १९२२ साल मिति मार्गवदि १० रोज ५[१२४] शुभ्म्---

सहि जङ्गबहादुर

(११० सङ्ख्या)

श्री ३ माहिलासाहेबज्यू उपेन्द्रविकम साह

१

---

[१२४] वि.सं. १९२२ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
कार्तिक	२९	आदित्य	दशमी	१३। ९

पत्रमा मार्गवदि १० रोज ५ भनी लेखिए तापनि मार्गकृष्ण दशमीमा आदित्यवार पर्छ, बृहस्पतिवार पर्दैन ।

लिषितं पाटन् मंगलटेललोहदेगोलमनि बस्न्या सुबेदार हरिवंस षत्रि छेत्रि आगे ---१--- बाट चागुमा लाष होम् हुदा सांगेमा दान गर्नाके मेरा किनुवा बिर्त्ता भादगाउ धालाषुसि षेत रोपनि १ को मोल मोहोर रुपैया १२५ बुझिलि सोहि मोलले सोहि षेत फर्छा गरि चह्राञ्युं. येस बातका दृष्टसाक्षि मुषिया माधवसिं राजलवत दात्ताका स्वास्नि मानेलक्ष्मि भादगाउ तुलाछेटेलका सिपाहि गोपाल लिषिनि भादगाउका केहरसिं

इति सम्वत् १९२४ साल मिति श्रावणसुदि ३ रोज ७ शुभ्म्---

(१११ सङ्ख्या)

लिषितं आगे अन्नपूर्णा लोहन्यानिले जेष्ठसुदि १५[१२५] पूर्णमासिमा लघुरुद्रि गर्दामा मैले धर्मपुत्रि पाल्याकि हरिमाया भन्याकि छोरिलाइ मैले दांमै अम्बलमध्ये धाईको डिहि मेरो बिर्त्ता पूर्व दिनाकर लोहनिका बिर्त्ता साध पश्चिम संकर लोहनिका बिर्त्ताको साध उत्तर कुला उभो साध दक्षिन रैकरको साध यो चार किल्लाभित्रको जगा र बलंबु बिर्तामा मेरो मुरि १० षेत पनि मैले धर्मपुत्रि छोरिलाइ दाइजो दातव्य संकल्प गरिदिञा. यस पत्रका साछि विद्यानिधि पाडे तथा साछि तारानिधि पाडे तथा साछि दुर्गादत्त पाडे तथा साछि भक्तविलास सिलुवाल तथा साछि महारुद्र सिलुवाल तथा साछि रामसालि पाडे तथा साछि चामु सिलुवाल तथा साछि चन्द्रदत्त सेढाइ तथा साछि भयहरन सेढाइ तथा साछि गंगाधर पाडे तथा साछि ... लक्ष्मिदत्त पाडे तथा साछि लक्ष्मीदत्त लोहनि. ले.(षक) साछि विद्यानिधि लोहनि

इति सम्वत् १९२४ सा(ल) मिति १५ रोज २ शुभ्म्---

(११२ सङ्ख्या)

स्वस्ति श्रीमद्भवानिचरणासमाराधनासाधितपुरुषार्थचतुष्टयश्रीश्रीश्रीश्रीश्रीगुरुराज पंडितधर्माधिकारश्रीविजयराजपंडितज्यूचरणेषु स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्त्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज-

---

[१२५] वि.सं. १९१७ ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	२३	आदित्य	पूर्णिमा	४१। ५४

श्रीश्रीश्रीमहाराजसुरेन्दविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम् कोटिसाष्टांगदण्डवत्सेवापूर्वकपत्रमिदं. आसिर्वादले ञाहा कुशल छ. ताहा कुशल मङ्गल भया हाम्रो उत्तरोत्तर वृद्धि होला. आगे ञाहाको समाचार भलो छ. उप्रान्त यो साल माघ मैन्हामा हामिलाइ नाति पैदा हुन्याछन्. तसर्थ आसिरवाद बक्सनालाइ पुस लाग्न्या संक्रान्तिका दिन कडरवना आइपुग्नुभया बढिया होला.

इति सम्वत् १९२४ साल मिति कार्तिकवदि ८ रोज २[१२६] मुकाम कान्तिपुर शुभ्म्--

(११३ सङ्ख्या)

श्रीगुरुराज पंडित विजयराज पंडितज्यू

१

लेफ्टेन् कर्णैल गजराजसिंह थापा क्षेत्रिले अबउप्रान्त मेरा सन्तानले मंत्र सुन्दा ---१--- का संतानसंग सुन्नु भनि यो कागज लेषि ---१--- का हजुरमा चढाञा.

इति सम्वत् १९२४ साल मिति फागुनवदि रोज शुभ्म्--

(११४ सङ्ख्या)

श्रीगुरुराज पंडित श्रीवेदराज पंडितज्यू

१

श्री ५ वलिअहद कान्छामहारानि

२

श्रीबडाकान्छा गुरुमा

३

श्री ५ वलिअहद महाराजधिराज

४

---

[१२६] वि.सं. १९२४ कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
कार्तिक	५	आदित्य	अष्टमी	५२। ५९

पत्रमा कार्तिकवदि ८ रोज २ भनी लेखिए तापनि कार्तिककृष्ण अष्टमीमा आदित्यवार पर्छ, सोमवार पर्दैन ।

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुद्रावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्------

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजत्रैलोक्यवीरविक्रमसम्सेरजङ्गबहादुरसाहबहादुरदेवानां सदा समरविजयीनाम्------

आगे ---१--- के ---२--- लाइ तपाइका ब्राह्मणिबाट मंत्र सुनाउनु भन्या भयाको हो. नीज ---२--- लाइ ---३--- बाट मंत्र सुनाउनुभयो. अब हुन्या ---४--- लाइ तपाइबाट गायत्री मंत्र सुनाउनु. अबउप्रान्त हाम्रा दरबारका कामकाजमा दक्षिणा पनि मोहर रुपैया १० लिनु भनि गुरुपदवीको लालमोहर गरिबक्स्यौं. आफना षातिरज्मासंग गुरुपदवी चलाइ आसिर्वाद बक्सदैरहनुहवस्.

इति सम्वत् १९२५ साल मिति आषाडवदि ३ रोज २[127] शुभ्म्---

मार्फत श्री ३ महाराज जङ्गबहादुर राणा जी सि बि पाइम्मिनिष्टर याण्ड कम्यांडर इन चिफ- १

मार्फत कम्यांडर इन चीफ जनरल रणउद्दिपसिंह कुवर राणा- १

मार्फत् गुरुपुरोहित षजांचि वामदेव पंडितज्यू- १

(११५ सङ्ख्या)

श्रीगुर्ज्यू

१

स्वस्ति श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीमहाराज जङ्गबहादुर राणा जि सि बि प्राइममिनिष्टर यान्ड कम्यांडर इन चीफकस्य रुक्का----

---

[127] वि.सं. १९२५ आषाढकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	२८	सोम	तृतीया	२६। ३५

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मजश्रीकम्यांडर इन चिफ जनरल रणउद्दिपसिंह कुवर राणा पश्चिमतर्फका कम्यांडिङ् जनरल श्रीजगत्संसेर जङ्ग कुवर राणा पूर्वतर्फका कम्यांडिङ् जनरल श्रीधीरसम्सेर जङ्ग कुवर राणा दक्षिण तर्फका कम्यांडिङ् जनरल श्रीजगत्जङ्गबहादुर कुवर राणा श्रीजनरल जीतजङ्ग बहादुर कुवर राणा श्रीजनरल पद्मजङ्ग बहादुर कुवर राणा श्रीलेफटेन्ट जनरल बबजङ्ग बहादुर कुवर राणा श्रीलेफटेन् जनरल रणवीरजङ्ग बहादुर कुवर राणा श्रीकर्णैल जुद्धप्रताप जङ्गबहादुर कुवर राणा श्रीमेजर जनरल केदारनसिंह कुवर राणा मेजर जनरल बंवीरविक्रं बहादुर कुवर राणा श्रीमेजर जनरल बुद्धिविक्रम बहादुरकुवरराणाकस्य पत्रम्----

आगे ---१--- के दर्बारमा दान दक्षिणा जप पाठ पूजा पुराण गैह्र सानु ठुलो कामकाज परि आउदा हजुरले मुक्तियारसंग साधि परिआयाको काजकाम गराउनु. हजुरसंग नसाधि दर्बारमा परिआयाको दान दक्षिणा जप पाठ पुराण गैह्र सानु ठुलो कामकाज कसैले गऱ्यो भन्या अैनबमोजीम् सजाय होला.

इति सम्वत् १९२५ साल मिति श्रावणवदि ७ रोज ७[१२८] शुभ्म्--

(११६ सङ्ख्या)

स्वस्ति श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जी सी बी प्राइममिनिष्टर याण्ड कम्यांडर इन चीफकस्य रुक्का----

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इन चिफ जनरल रणउद्दीप्सिंहकुवरराणाकस्य पत्रम्

आगे श्रीगुरुराज पंडित धर्माधिकार नगेन्द्रराज पंडितज्यूके यथोचित् उप्रान्त नञा पाठसालामा पंडितले पढाया नपढायाको र हाजीर भया नभयाको र विद्यार्थीहरुले पढ्या नपढ्याको हाजीर भया नभयाको हेरचाह गरि हाम्रा हजुरमा सो हाजीर जाहेर गर्नु. बेस गरि मन लगाई नपढन्या लुच्चा विद्यार्थीलाइ र पटकपटक गरि भयो वा येकै

---

[१२८] वि.सं. १९२५ श्रावणकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
आषाढ	३०	शनैश्चर	षष्ठी	१७। ३४

पट्क गरि भयो येक मैन्हा सम्म गयेर पर्न्या विद्यार्थीलाइ हाम्रा हजुरमा जाहेर गरि षारेज गर्नु. सो षारेज हुन्या ठाउमा बेस गरि मन लगाइ पढन्या विद्यार्थी भर्ना गर्नु भंन्या प्रमानीको रुक्का दस्कत गरिबक्स्यौं.

इति सम्वत् १९२५ साल मिति मार्गवदि ६ रोज ६[१२९] शुभ्म्---

(११७ सङ्ख्या)

लिषितम् सहर काठमाडौ पोषलड्याङटोल बस्न्या सितादेवि क्षेत्र्यानि. आगे मेरा षसं कुरुक्षेत्रि वृजलाल पाडेले मेरा सेषपछि सत्यमा रहि षानु दानदातव्य आफ्नु षुसि गर्नु भनि लेषिदियाको कागजमुताबिक १८९७ साल मार्गसुदि २ रोज ५ मा ---१--- बक्साइ मेरा नाउमा लालमोहर गराइदियाबमोजीम मेरा बिर्त्ता देउरालिका अम्बल चिउरीबोट षेत ७० मध्ये मैले १५ साल माघसुदि २५ (१५) रोज ५ का दिन सोपस्करण सैयादान गर्दा नीज षेतमध्ये यथासंष्या भन्या वाक्य गरि दान भयाको पछि २६ साल प्रथम वैसाषवदि ५ रोज ५ मा म जगामा गै माटो छरी जगा छुट्याइदिदा षेत मुरि ।४० तोक गरि माटो छरि छुट्याइदियाको तस्को सांध षेत माथिल्लो षंड मुरि ।२० को पूर्व गंगाधर पाध्याको बिर्ता दक्षिण नीजको पश्चिम् कालिगढको बिर्त्ता उत्तर भट्टराइको जिल्ला तल्ला षंडका २० को सांध पूर्व गंगाधर पाध्याको बिर्त्ता दक्षिण महेस षोला पश्चिम् कालिगढको बिर्त्ता उत्तर गंगाधर पाध्याको बिर्त्ता यति चार किलांभित्रको ज्मा षेत मुरि ४० पद्मलाल उपाध्या भट्टराइलाइ कुसपानि संकल्प गरि दानदातव्य गरि दानपत्र लेषिदिञा. हाम्रो शुभचिन्तना गरि तिम्रा संतानदरसंतानपर्यन्त बिर्त्ता जानि सुभोग्य गर. यो षेत मैले वर्ष ७५ का उमेरमा संकल्प गर्दा वाक्य पढन्या चामु पंडित अर्ज्याल पानि हालन्या नाति हिक्मतसिं षत्रि क्षेत्रि साछि स्वपुत्र सुबेदार भिमसेन षत्रि क्षेत्रि साछि दहचोकका हरिदत्त पाध्या सिकद्याल् मेहेलेका गंगाधर पाध्या सापकोटा लछिमन पाध्या लुइट्याल्.

---

[१२९] वि.सं. १९२५ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
कार्तिक	२३	शुक्र	षष्ठी	९।	२५

सिमांगढका महंत रामकृष्णदास वैरागी देउरालिका इक्षाराम पाध्या श्रीलाल पाध्या भट्टराइ दुर्गादत्त पाध्या ल्त्रीट्ट्याल. साध घुमाइ माटो छर्दाका साछि मेजर बलभद्र पाध्या सापकोटा मुसु पाध्या पोषऱ्याल कालु षत्रि क्षेत्रि विष्नुहरि पाध्या लुञिट्याल् थरि पद्मलाल पाध्या धिताल्. लेषक साछि मुषिया इन्द्रध्वज लोहनि. यो दातव्य गरिदियाका जगामा जसले लोभानि पापानि गर्ला पंचमहापातक लाग्ला

स्वदत्तां परदत्तां वा यो हरेद्वै वसुन्धरां ।।
षष्टिवर्षसहश्राणि विष्टयायां जायते कृमिः ।।१।।
इति सम्वत् १९२६ साल प्रथमवैसाषवदि ८ रोज १ शुभम्---------

(११८ सङ्ख्या)

श्रीमहाराज रणबहादुर साह
१
श्री ५ महारानि ललितेश्वरिदेवी
२
श्रीङ्टेश्वरी
३
श्री ३ महाराज
४
श्रीबडागुरुज्यू विजयराज पंडितज्यू
५

लिषितम् कुरुक्षेत्र बस्न्या व्रजलाल कुरुक्षेत्रिका जेठा छोरा सदासुक सदासुकका कान्छा छोरा म जानकी कुरुक्षेत्रि पाडे सदासुकका जेठा छोरा बुद्धिराम कुरुछेत्री पाडेकि विवाहिता विधवमान गुलाफि पडेनि कुरुक्षेत्र्यानि व्रजलालका कान्छा छोरा सर्वसुक सर्वसुकका छोरा हरिजस् पाडे कुरुक्षेत्रिकि विवाहिता विधबाम पार्वति पडेनि कुरुक्षेत्र्यानि आगे हाम्रा बाज्या हाम्रा बुढा ससुरा व्रजलाल

पाडे कुरुक्षेत्रिलाइ सम्वत् १८६२ साल तुलासंक्रान्तिका दिन ---१--- का हुकुमले ---- बाहुलिबाट संकल्प गरिबक्स्याको देउराली बेसि ढाड्या षेत मुरि १।४४ घड्यारि भिमढुंगाको पिपलचोर रोपनि २१ ---३--- आडा बारि जिल्लै बाराका प्रगन्ना वसन्तपुर मौजे लछुमनुवाकट्टि जोवागामा बिगहा १५० हाम्रा बाज्या हाम्रा बुढा ससुरा व्रजलाल कुरुछेत्रिलाइ संकल्प गरि कुस बित्तां बक्स्याको हाम्रो बित्तांबितलपका ---४--- बाट गरिबक्स्याका अैनबमोजीम दर्बन्दिले देउरालि ब्यासि ढाड्या षेत मुरि १।४४ को उठति मोहर रुपैञा ७३।।'।।।१ के सयकडा मोहर रुपैया ६ का दरले मोह रुपैया १२२५ घडेरि भीमढुंगाको पिपलचौर रोपनि २१ को उठति मोहर्रुपैञा ५५० ---३--- का अषाडा बारीका मोल मोहोर रुपैञा ४२० ज्मा पाहाडका बित्तां मोल मोहोर रुपैञा २१९५ कै सैकरा २१।। का दर्ले लाट्साहि रुपैञा १८० ६।।'।२ जिल्लै बारा प्रगंना वसंतपुर मौजे लछुमनुबाकट्टि जोवागामा बिगाहा १५० को उठति कंपनि रुपैञा २२९ के सयकडा कंपनि रु ६ का दर्ले मोल कंपनि रुपैञा ३८१६।।"।।२ ज्मा पाहाड मध्येसका हाम्रो बित्तांबितलप सुक्रि बिक्रि गरि ज्मा कंपनि रुपैञा ५६२३। ---५--- बाट ली येति जगाका पाहाडको लालमोहर मध्येसको मेडबंदि डल्लो गालि पारपरछिन्न फार्स्या गरि ---५--- का हजुरमा चढाञ्यूं. इ बित्तांको सुक्रिबिक्रिको लालमोहर हजुरका नाउमा गरिबक्सनुहवस् इ बित्तांमा हाम्रो अंस छ हाम्रो नेडिक छ भनि कोहिले भन्न आया भन्या अैनबमोजीं हामिहरुले बुझाउला. येस बित्तांमा हाम्रा संतानदरसंतानको लाग नास्ति भनि फार्स्या गरि फार्स्यापत्र लेषि ---५--- का हजुर्मा चढाञ्यूं. यस बातका साछि कपतान बलदेव पंथ काकुराम कुरुक्षेत्रि नन्दराम कुरुछेत्रि मोहनलाल कुरुक्षेत्रि वैजनाथ मिश्र सिवदेवि मिश्यानि नरोत्तम लोहनि सुबेदार बलवीर बिष्ट छेत्रि सुबेदार श्रीप्रसाद थपलिया ज्मादार भिमबाहादुर षत्रि क्षेत्रि विश्वनाथ प्याकुन्याल नरोत्तं पंडित प्याकुन्याल् चन्द्रदत्त पंडित देउकोटा षगाराम जोसि लेषकसाछि चिरंजिवि पाध्या

इति सम्वत् १९२६ साल मिति शुद्धवैशाषसुदि १ रोज ४ शुभम्---

(पछि अर्कै असरले लेखिएको)

येस्मध्ये नरदेवीको घरबारी ताराकुमारीके दान मीति १९४२ मार्गशुदि १५ रोज २ शुभम्---

(११९ सङ्ख्या)

स्वस्ति श्रीमद्भवानिचरणसमाराधनासाधितपुरुषार्थचतुष्टयश्री ६ गुरुराजपंडितधर्माधिकारश्रीविजयराजपंडितज्यूचरणेषु

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायोत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम् कोटि साष्यंगदण्डवत्सेवापूर्वक पत्रमिदं. आसिर्वादले ञाहा कुसल छ. ताहा कुसल मंगल भया हाम्रो उत्तरोत्तर बुद्धि होला आगे ञाहाको समाचार भलो छ. उप्रान्त श्रीगुरुराज पंडित धर्माधिकार श्रीनगेन्द्रराज पंडितज्यूलाइ आराम नभयाको अझसम्म आराम भयाको छैन. कैले सुरका कुरा गरि म अंसलि भिन्न हुन्छु भनि भन्नुहुन्छ. कैल्हे विशुद्धिका कुरा गर्नुहुन्छ भन्न्या विस्तार श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्री ३ समधिमहाराज जङ्गबहादुर राणा जी सि बि प्राइम्मिनीष्टर यान्ड कम्यांडर इन चिफबाट हाम्रा हजुरमा बिन्ति गर्दा जाहेर भयो. तसर्थ येक फेरा हजुर ञाहा पालनु भया सबै कुराको बढिया होला भंन्या मेरा चित्तमा लाग्छ. पाल्नु भया बढिया होला.

इति सम्वत् १९२७ साल मिति कार्तिकवदि ४ रोज ५[१३०] मुकाम् कान्तिपुर शुभ्म्---

(१२० सङ्ख्या)

स्वस्तिश्रीमद्भवानिचरणसमाराधनासाधितपुरुषार्थचतुष्टयश्री ६ गुरुमाज्यूचरणेषु स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजधिराज श्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबाहादुरसम्सेरजङ्ग देवानां सदा समरविजयीनाम् कोटिसाष्यंगदण्डवत्सेवापूर्वकपत्रमिदं आशीर्वादले ञाहा कुशल छ. ताहा कुशल मंगल भया हाम्रो उत्तरोत्तर वृद्धि होला. आगे ञाहाको समाचार भलो

---

१३०. वि.सं. १९२७ कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी पला
कार्तिक	१३	शुक्र	चतुर्थी	१४। ४३

छ. उप्रान्त श्रीगुरुज्यू आरामसाथ ञाहा कार्तिकवदि १० रोज ४ का दिन आइ पुगीबक्सनुभयो. श्रीगुरुज्यू ञाहा राज गर्नुहुन्छ. हजुर पनि यो मोहर पुग्नि मात्र असल सायेत् हेरि रेलको कोठरि १ षरिद गरि पटनासम्म पालनुहवस्. पटनादेषि हजुरलाइ लिनानिमित्त ञाहाबाट हजुरका छोरा भतिजाहरुमा आइपुग्न्याछन्. पटनादेषि म्यानामा सवारि गराई इज्जत्साथ चलाइ ल्याउन्याछन्. श्रीगुरुर्ज्यू ताराज हुन्ज्याल् हजुर पनि ञाहि राज होला. काशी पाउलाग्नुभयो भन्या हजुर पनि साथै पादलागिबक्सनुहोला विज्ञेचरणेषु.

इति सम्वत् १९२७ साल मिति कार्तिकशुदि ४ रोज ६ मुकाम् कान्तिपुर शुभ्म्---

(१२१ सङ्ख्या)

जुद्धप्रतापजङ्ग बाहदूरलाइ तिन पुस्ताका गुरु तुल्याउनानिमित्ति यो नानिलाइ श्रीगुरु लोकराज पण्डितज्यूले गायत्रि सुनाउनु भनि मैले दिञा.

सम्वत् १९२८ साल मिति ज्येष्टवदि रोज ६ शुभ्म्---
जङ्गबहादुर
सहि जगतसम्सेर जङ्ग
सहि धीरसम्सेरजङ्ग कुवर राणा

(१२२ सङ्ख्या)

(लिषि)तं सुबेदार भीमसेन षत्रि क्षेत्रि आगे कुरुक्षात्रिको सहर काठमाडौ नेटपिठ्याटेलको अषडा बारिका (दक्षि)णपट्टि छेउमा नीज कुरुक्षात्रिसंग भनि मैले र पंच्या (ज्यापू)ले १९१५ सालमा घर बनायाका थिञ्यू. पछि श्री(गुरुराज) पंडित श्रीविजयराज पंडितज्यूबाट त्यो घरको पाता(ल्) कुरुक्षेत्रिसंग फाछर्या गरिलिबक्सदा हाम्रा जगा(मा) बनायाका रहऱ्याछौ आज त्यो घर पंचकृति मोल ... छौ कि भनि मर्जी हुदा नीज पंच्या ज्यापुको यो घ(र बना)उदा लाग्याका रुपैया मबाट दि उस्को भरपाइ नि(लि) मैले येकोटि गऱ्याको सो घर पंचकृति मोल मोहर रुपैया तिन्सय ३०० श्रीगुरुराज पंडित श्रीविजयराज पंडितज्यूबाट लि फार्स्या गरि नीज पंच्या ज्यापुको भरपाइस्मेत् श्रीगुरुराज पंडित श्रीविजयराज पंडितज्यूका हजुर्मा चढाञा.

यस घरमा मेरो र मेरा संतानदरसंतानको लाग नास्ति भनि फार्स्यापत्र लेषि चढाञा. येस बेहोराका साछि मेरा जेठा छोरा डिल्लिसिं षत्रि छेत्रि कान्छा छोरा हिक्मत् बाहादुर षत्रि क्षेत्रि नीज ठहटिटेलको पंच्या ज्या(पु) बलदेव पंत षरिदार गुरुप्रसाद गेलाल बहिदार हर्कवीर श्रेष्ट लेषक साछि राइटर राजमान जोसि.

इति सम्वत् १९२८ साल मिति माघशुदि १ रोज ७ शुभ्म्------

(१२३ सङ्ख्या)

(लिषि)तं पंच्या ज्यापु आगे कुरुछेत्रिको बिर्ता सहर काठ(माडौ ने)तपिठ्यायेलको अषडा बारिका दक्षिणपट्टि ... नीज कुरुछेत्रिसंग भनि सुबेदार भिमसेन (षत्रि) छेत्रिले र मैले गरि १५ साल्मा साजा घर बनाया(का थी)ञ्यू. आज मेरा लगत् घर बनाउदा लाग्याका ... रुपैञा २३२ नीज सुबेदार भिमसेन षत्रि क्षेत्रि (सग बु)झिलि निज घर छाडिदिञा. यस घरमा मेरो र मे(रा सन्ता)नको लाग नास्ति भनि नीज सुबेदारलाइ लेषिदि(ञा य)स पत्रका साछि मेरा छोरा हर्षमान् ज्यापु द... (ब)स्न्या कालु श्रेष्ट लेषक साछि राइटर राजमा(न जो)सि.

इति सम्वत् १९२८ साल मिति माघशुदि २ रोज १[१३१] शुभ्म्----

(१२४ सङ्ख्या)

(स्व)स्ति श्रीसम्वत् १९२८ साल मिति माघसुदि ८ रोज ६[१३२] तद्दि(ने)

---

[१३१] वि.सं. १९२८ माघशुक्ल

	गते	वार	तिथि	घडी पला
माघ	२९	शनैश्चर	द्वितीया	५७। २८
				५३। २९

यस पक्षमा प्रतिपद् छुटेको छ। यो याद नगरी सुरुशुरु गन्दा माघशुदि द्वितीयामा आदित्यवार लेखिन गएको देखिन्छ।

[१३२] वि.सं. १९२८ माघशुक्ल

	गते	वार	तिथि	घडी पला
फाल्गुन	६	शुक्र	अष्टमी	५२। ४४

लिषितं धनिकनाम श्रीगुरुराज पंडित श्रीविजयराज पंडितज्यू धनबेहोरिणिकनाम सहर काठमाडौ पा(को)पोषल्ड्याङ्टेल बस्न्या भांनरसिं बाडा गत चादिका ... रुपैया चार सय साढे बाह्र कर्जा लिञा. बापत् मेरा अंसको सुनाबिर्ता घर भोगबंधक दियाको घडिक साहु सुबेदार जोधासिं थापा छेत्रिलाइ तिर्जाके रु ३११।। जोगनर तमोट्लाइ तिर्नाके मोहरु १०१ लियाको हो. येस रुपैञाको सोहि टेलको मेरा अंसको सुनाबिर्ता घरबारिस्मेत् भोगबन्धक लेषिदिञा. भाका आजका सुर्ज्यभरमा निषन्न सकिन भन्या येहि मोलले फाछर्या भयो. सुक्रिबिक्रिको लालमोहर गराइलिनु. यस घरबारिमा मेरो र मेरा दरसंतानको लाग नास्ति भनि मेरा मनोमान षुसिराजीसंग अलिपत्र लेषि श्रीगुरुराज पंडित श्रीविजयराज पंडितज्यूका हजुरमा चढाञा. यस पत्रका साछि जिलरत्न बाडा गोराचा बाडा बलदेव पंत सुबेदार प्राणनाथ थपलिया सुबेदार दयाराम भट्ट षरिदार गुरुप्रसाद गेलाल् र अदालत इट्यचपलि साभासमुच्चये शुभ्म्----

(१२५ सङ्ख्या)

(स्वस्ति) श्रीसम्वत् १९२८ साल मिति माघसुदि १५ रोज[१३३]...(त)द्दिने लिषितं धनीक नाम श्रीगुरुराज पडित् श्री(विज)यराज पंडितज्यू धनबेहोरीनिकनाम पाकोपो(षल्)ड्याङ्टेल बस्न्या व्रजलाल पंडित वभा गत चा(दिका) मोहर रुपैञा ८०० अक्षरेपि मोहर रुपैञा (आ)ठ सये कर्जा लिञा. बापत् घर किन्नाके लिया. यस रुपैयाको हाम्रा किनुवा बिर्त्ता पाकोपोष(ल्)ड्याङ्टेलका पुरोहित रघुनाथ अर्ज्याल्संग कि(न्या)को घरबारी लगास्मेत्को र मनिथकुं साकेभि(क्षु) संग किन्याको घरबारी लगापातस्मेत् भोगबं(धक) लेषिदिञा. भाका आजका सूर्य भरमा निषन्न (आउ)ला. आजका सुर्ज्येभरमा निषन्न सकीन भन्या ... मोलले फाछर्या भयो श्री ५ सकारमा गै सुक्रि(बि)क्रिको लालमोहर गराईलिनु. इ दुइ घरबारिमा ... संतान्दरसंतानको लाग नास्ति भनि मेरा म(नोमा)न षुसिराजीसंग अलिपत्र लेषि

---

[१३३] वि.सं. १९२८ माघशुक्ल

	गते	वार	तिथि	घडी पला
फाल्गुन	१४	शनैश्चर	पूर्णिमा	२४। ३१

नीज घरबा(रि)को लालमोहर १ तमसुक फाछर्‍यापत्र १ दान(पत्र) १ अलिपत्र १ स्मेत् श्रीगुरुराज पंडित श्रीविज(यरा)ज पंडितज्यूका हजुर्मा चढाञा. येस पत्रका साछि सानिआमा चन्द्रकुमारी वज्यानि डिट्ठा लक्ष्मीना(थ ग)जुरेल् प्रोहित सोमनाथ अर्ज्याल डमरुव(ल्लभ) पंडित सुबेदार दयाराम भट्ट कप्तान् बलदेव (पन्त) षरिदार गुरुप्रसाद गेलाल् सुबेदार प्राणना(थ थ)पलिया लेषक साछि राइटर राजमान् जोसि शुभम्---

(१२६ सङ्ख्या)

श्री ५ सर्कार

२

श्रीसम्वत् १९२८ साल मिति फागुणवदि १ रोज १ लिषितं धनिकनाम --- १--- धनबेहोरिणिकनाम काठामाडौ पाकोपोषलड्याङ्टेल बस्न्या धमानि व... (ग)त चादिका मोहर् रुपैया ३०१ अक्षरेपि मोहर रुपै(या ति)न सय येक कर्जा लिञा. बापत् पिंगलादेवि उत्त(र) पाटिका रीन तिर्ना के र घर किन्नाके लियाको. यस ...को मेरो सुनाबिर्ता सोवासिक सोहि पाको पोष(लड्या)ङ्टेलको घरबारि लगापातस्मेत् भोगबंधक ले(षिदि)ञा. आजका सुर्ज्येभरमा निषनि आउला. आज (का सु)र्ज्येभरमा निषन्न सकीन भन्या येहि मोलले फा(छर्‍या) भयो. ---२--- गै सुक्रिबिक्रिको लालमोहर गराइ(लिनू). यस घरबारिमा मेरा संतानको र मेरि ज्येठि सौता(का) छोरा कुलवीर बाडाको र नीजका संतान्को लाग ना(स्ति) भनि मेरा मनोमान षुसिराजीसंग अलिपत्र लेषि ---१--- का हजुर्मा चढाञा. यस पत्रका साछि मेरा छो(रा) ...वीर बाडा ज्येठि बुहारि प्रान्मति बडेनि दयाथ(कुं ब)डेनि भांनरसिं बाडा कप्तान बलदेव पंत डिट्ठा ल(क्ष्मी)नाथ गजुर्‍याल् षरिदार गुरुप्रसाद गेलाल् सुबेदार (दया)राम भट्ट सुबेदार प्राननाथ थपलिया डमरुवल्ल(भ पं)डित पंत विरकृष्ण बाडा राइटर राजमान् जोसि ज(ना)र्दन् अधिकारी व्रजलाल् वझा लेषक साछि (षरि)दार हर्कवीर शुभम्------

(१२७ सङ्ख्या)

स्वस्ति श्रीसम्वत् १९२८ साल मिति फागुनवदि १ रोज १[१३४] तद्दिने लिषितं धनिकनाम श्रीगुरुराज पंडित श्रीविजयराज पंडितज्यू धनबेहोरिनीकनाम सहर काठमाडौ पाकोपोषलड्यांटेल बस्न्या दयाथकुं बडेनि गत चादिका मोह रुपैया ४०१ अक्षेरेपि मोहर रुपैया चार सय येक् कर्जा लियाबापत् घर किन्नाके लियाको. यस रुपैयाको मेरा सुनाबिर्ता सोवासिक सोहि पाकोपोषलड्यांटेलको घरबारि लगापातस्मेत् भोगबन्धक लेषिदिञा. आजका सुर्ज्येभरमा निषन्न आउला. आजका सुर्ज्येभरमा निषन्न सकिन भन्या येहि मोलले फाछ्र्या भयो. सर्कारमा गै सुक्रिबिक्रिको लालमोहर गराइलिनु. यस घरबारिमा मेरो दरसंतानदरसंतान्को लाग नास्ति भनि मेरा मनोमान षुसिराजीसंग अलिपत्र लेषि श्रीगुरुराज पंडित श्रीविजयराज पंडितज्यूका हजुर्मा चढाञा. यस पत्रका (सा)छि मेरि छोरि मानिथकुं बडेनि धमानि बडेनि ह... बाडा कप्तान् बलदेव पंत डिट्ठा लक्ष्मीनाथ गजु(र्‍याल) षरिदार गुरुप्रसाद गेलाल् सुबेदार प्राणनाथ (थप)लिया डमरुवल्लव पंडित लेषका साछि राइटर ... शुभ्म्---

(१२८ सङ्ख्या)

श्रीगुरुराज पंडित श्रीविजयराज पंडितज्यू

१

लिषितं सहर काठमाडौ पाकोपोषलड्याङ्टेल बस्न्या लक्ष्मीधन् उदास कृष्णधन् उदास आगे ---१--- बाट व्रजलाल वभ्कासंग किनिबक्सनुभयाको घरबारिका लालमोहरमा हाम्रा बिर्ता बारिको पर्षाल साध लेषियाको हुदा हाम्रा बिर्ता घरको विल्हास् गारोदेषि पूर्व इदारसम्मको हाम्रो बिर्ता पर्षाल हामिले लि ---१--- का पर्षाल् सोझ्याउनानिमित्त हाम्रा बिर्ता कटेरोको पश्चिं कुनादेषि धिजमान् श्रेष्ठको बारिका पर्षालसम्मको पर्षाल १ ---१--- लाइ चह्राञा. येस्को सट्टा हाम्रा कटेरोको पश्चिं

---

[१३४] वि.सं. १९२८ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
फाल्गुन	१५	आदित्य	प्रतिपद्	२६। ३४

कुनादेषि इदारको पश्चिं कुना(त)क्को बारि ---१--- बाट पाञा. हाम्रा बिर्ता पर्षाल हाम्रो सन्तान्दरसन्तान्को लाग नास्ति भनि हामि २ भाईको मनोमान षुसिराजीसंग कागज लेषि ---१--- का हजुर्मा चढाञा. यस पत्रका साछि हाम्रा छोरा लक्ष्मीनारान् उदास सोहि टेलको मत्य साल्मी वीर बाडा कप्तान् बलदेव पंत लेषकसाछि राइटर राजमान् जोसि.

इति सम्वत् १९२८ साल मिति फागुनवदि ४ रोज ४[१३५] शुभ्म्--------

(१२९ सङ्ख्या)

श्रीगुरुराज पंडित श्रीलोकराज पंडितज्यू

१

श्रीगुरुराज पंडीत धर्माधिकार श्रीनगेन्द्रराज पंडितज्यू

२

श्रीगुरुराज पंडित श्रीद्विजराज पंडितज्यू

३

स्वस्ति श्रीगुरुराजपंडीतश्रीविजयराजपंडीतज्यूकस्य पत्रम्-----

आगे माहिलि छोरी नानि प्रेमकुमारिके सम्वत् १९२८ साल मेषसंक्रान्तिका दिन हाम्रा कान्छा ब्राह्मणि भु(मु)क्तलक्ष्मीबाट धर्मार्थनिमित्त संकल्प भयाको षेत् १। हाम्रा बिर्ताबितलप काठमाडौका अम्बलमध्ये गुसल षेत् ३।१।१०।३।६मध्ये तपसिलबमोजीम्का मोहिले कमायाको ज्मा धान ५२।१० गहु ५।१७ घ्यूषानी रु १२।। उठति भयाको षेत् १। तिमिलाइ बिर्ता दातव्य गरिदिञू. आफ्ना षातिरजामासंग बिर्ता जानि भोग्य गर. यो बिर्ता संकल्प हुदा संकल्पवाक्य पढन्या पण्डित प्रेमानन्द पाडे पानि हालन्या ---१--- यस पत्रका साक्षी ---२--- ---३--- कपतान बलदेव पंत डिट्ठा लक्ष्मीनाथ गजुर्याल् सुबेदार दयाराम भट्ट राइटर राजमान जोसि लेषका साछि कप्तान् पद्मदेव पंत

---

[१३५] वि.सं. १९२८ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
फाल्गुन	१८	बुध	चतुर्थी	२४। ३९

तपसिल

असामि	षेत्	धान	गहु	घ्यू
मोहि जमान्सीं कार्कि	।१८	९।९	१।	२।
ऐं नैनसिं बुढा	।२०	१०।१०	१।५	२॥
ऐंगेकुल थापा	।५४	२८।७	३।२	६॥।
ऐं पाण्डोवरम	।८	४।४	।१०	१
	१।	५२।१०	५।७	१२॥

इति सम्वत् १९२९ साल मिति वैसाषसुदि ७ रोज ३[136] शुभ्म्

(१३० सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्------

आगे श्रीबडागुरुमा मुक्तलक्ष्मिदेविका र श्रीनगेन्द्रराज पंडीतज्यू श्रीगुरुराज पंडीत श्रीलोकराज पंडीतज्यूहरुके श्रीगुरुज्यू बडागुरुमा मुक्तलक्ष्मिदेविहरुलाइ १९२५ सालमा सर्कारबाट दिक्ष्या मन्त्रका चतुर्थिमा संकल्प गरिबक्सनुभयाको षेत ४।८८।११।४ साध लाउनालाइ श्रीगुरुज्यूहरुका षान्गीमा दरियाको नेपाल पाहाडका षेत ४।८८।४ को उठति रु ४०९///।।३ भयाको जगा साध लाइसक्यो संकल्प बिर्त्ताको लालमोहोर भयाको छैन लालमोहोर हवस् भनि श्रीगुरुज्यूबाट श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जी सि बि थोङ् लिन् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ र श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्याण्डर इन चीफ जनरल रणउद्दिप सिंह कुवर राणाका हजुरमा मर्जि हुदा श्रीमद्दत्तिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जी सि बि थोङ् लिन्

---

[136] वि.सं. १९२९ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	३	मङ्गल	सप्तमी	६०। ०

पिम्मा कोकाङ्वाङ् स्यान् प्राइम्मिनिष्टर याण्ड कम्यांडर इन चिफ श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इन चिफ जनरल रणउद्दिप्सिह कुवर राणाबाट पनि हाम्रा हजुरमा बिन्ति पार्दा १९२५ साल मार्गसुदि (रो)ज ५ का दिन दिक्ष्या मंत्रका चतुर्थिमा रैकर षेतको आलि साध लुहकिल दक्षिण रैकर षेत र श्रीगुरुराज पण्डित् धर्माधिकार श्रीनगेन्द्रराज पंडीतज्यूका बिर्त्ता षेतको साध लुहकिल पश्चिम् मुल बाटो र पाटिका बल्यानि र सानु बाटो रैकर षेत साध लुहकिल उत्तर रैकर षेत र सानु बाट्यको डिल् साध लुहकिल दफे हरसिद्धि व्रजधुं षेत ३६।४ तस्को साध पूर्व दक्षिण पश्चिम उत्तर रैकर षेतको आलि साध लुहकिल दफे ठेचोको अम्बलमध्ये ढुंपो षेत मुरि ।१७ तस्को साध पुर्व कोट्कुषोलाको डिल् साध लुहकिल दक्षिण नीज कोट्कुषोलाको डिल सांध लोहकिल पश्चिम् उत्तर रैकर षेतको आलि साध लुहकिल दफे ठेचोको अम्बलमध्ये ढुंपो षेत ।३२ को साध पूर्व दक्षिण पश्चिम उत्तर रैकर षेतको अलि साध लुहकिल दफे भंसाढिक षेत ।१ तस्को साध पूर्व नषु षोला बगरको डिल् साध लुहकिल दक्षिण श्रीगुरुराज पंडीत श्रीलोकराज पंडितज्यूका बिर्त्ता षेतको साध लुहकिल पश्चिम कुलाको डिल् साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल दफे भंसाढिक ५ नानि वलिअहदमहाराजधिराजका बाहुलिबाट संकल्प गरि श्रीगुरुराज पंडीत श्रीलोकराज पंडीतज्यूलाइ बिर्त्ता बक्स्याको षेत ३। श्री ५ बुहारिनानि वलिअह(द) जेठा महारानिका बाहुलिबाट संकल्प गरिबक्स्याको षेत ।६६।११ श्री ५ बुहारी नानि वलिअहद कान्छा महारानिका बाहुलिबाट संकल्प गरिबक्स्याको षेत् ।६६।११ श्री ५ बुहारी नानि माहिला जेठा महारानिका बाहुलिबाट संकल्प गरिबक्स्याको षेत् ।२२।३ श्रीबडागुरुमा मुक्तलक्ष्मिदेविलाइ बिर्त्ता गरिबक्स्याको ज्मा षेत् १।५५।५ श्री ५ माहिलानानिका बाहुलिबाट संकल्प गरि श्रीगुरुराज पंडीत् धर्माधिकार श्रीनगेन्द्रराज पण्डितज्यूलाइ बिर्त्ता बक्स्याको षेत ।३३।६।४ ज्मा षेत् ४।८८।११।४ हाम्रा वर्ष ४३ का उमेर हुदा २६ सालदेषि सर्वकर अकर सर्वांक माफ बिर्त्ताबितलब गरिबक्स्यौं. १९२६ साल आश्विणसुदि १५[१३७] रोजका मेडबन्दिबमोजीम हरसिद्धिका अम्बलमध्ये व्रजधुं षेत मुरि ।२१ तस्को साध पूर्व रैकर षेतको आलि

---

[१३७] वि.सं. १९२६ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
कार्तिक	६	बुध	पूर्णिमा	३०। ५८

र श्रीगुरुराज पंडीत धर्माधिकार श्रीनगेन्द्रराज पंडितज्यूका बिर्त्ता षेत ।२०।१ तस्को साध पूर्व महसुल्या षेत र नषु षोलाको डिल् साध लुहकिल दक्षिण महसुल्या षेत र रैकर षेतको आलि साध लुहकिल पश्चिम् कुलाको डिल् साध लुहकिल उत्तर श्रीगुरुराज पंडीत श्रीलोकराज पंडीतज्यूका बिर्त्ता षेतको आलि र रैकर षेत र महसुल्या षेतको साध लुहकिल दफे ठेचोका अम्बलमध्ये ढुंपो षेत मुरि ।८ तस्को साध पूर्व दक्षिण पश्चिम उत्तर रैकर षेतको आलि साध लुहकिल दफे ठेचोका अम्बलमध्ये ढुंपो षेत मुरि ।२० तस्को साध पूर्व दक्षिण पश्चिम् उत्तर रैकर षेतको आलि साध लुहकिल दफे भन्साधिक् षेत मुरि ।३२ तस्को साध पुर्व नषुबगर बिह्नौटेको साध लुहकिल दक्षिण चापागाउका महसुल्या षेत र श्रीगुरुज्यूका बिर्त्ता षेतको अलि साध लुहकिल पश्चिम् श्रीगुरुज्यूका बिर्त्ता षेत् र रैकर षेतको आलि र कुलाको डिल् साध लुहकिल उत्तर रैकर षेतको आलि साध लोहकिल दफे भन्साढिक् षेत मुरि ।४५ तस्को साध पूर्व नषु षोला र नीज षोलाको बगर रैकर बिह्नौटेका आलि साध लुहकिल दक्षिण रैकर षेतको आलि र श्रीगुरुज्यूका पुरानु बिर्त्ता षेतको आलि र रैकर षेतको आलि साध लुहकिल पश्चिं श्रीगुरुज्यूका पुराना बिर्त्ता र रैकर षेत र कुलाको डिल् साध लुहकिल दफे भन्साढिक् षेत .।.।५ तस्को साध पूर्व दक्षिण पश्चिम् उत्तर रैकर षेतको आलि साध लुहकिल दफे भन्साढिक् षेत मुरि ।२९।१० तस्को साध पूर्व महसुल्या षेतको आलि साध लुहकिल दक्षिण श्रीबडागुरुमा भु(मु)क्तलक्ष्मीदेविका बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम् कुलाको डिल् साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल दफे बेलकोट्का अम्बलमध्ये पेटको क्यौऱ्यानि षोलाबाहेक चह्रैट्या षेत मुरि ।३२ तस्को साध पूर्व चह्रैट्या र बढ्ऱ्या रैकर षेतको आलि साध लुहकिल दक्षिण रैकर बढ्ऱ्या षेतको आलि र कुलाको डिल् साध लुहकिल पश्चिम् ठाडो बाटो र क्यौऱ्यांनि षोलाको डिल् साध लुहकिल उत्तर रैकर चह्रौट्या षेतको आलि साध लुहकिल दफे सेरा षेत मुरि ।६० तस्को साध पुर्व रैकर षेत र कुलाको डिल् साध लुहकिल दक्षिण रैकर षेतको आलि साध लुहकिल पश्चिं श्री ५ माहिलानानिका गुठिका षेतको आलि साध लुहकिल उत्तर कुलाको डिल् साध लुहकिल दफे बेलकोट् सिमलुजुऱ्या षेत १।१ तस्को साध पूर्व बेलकोट्षोलाको डिल् र रैकर षेतको आलि साध लुहकिल दक्षिण पश्चिं उत्तर रैकर षेतको आलि साध लुहकिल दफे हरिसिद्धिका अम्बलमध्ये व्रजधुं षेत मुरि ।१३।२।४ तस्को साध पुर्व दक्षिण रैकर षेतको आलि साध लुहकिल पश्चिं

श्रीबडागुरुमा भु(म)क्तलक्ष्मीदेविका बिर्त्ता षेत र षेलबाटाको डिल् साध लुहकिल उत्तर श्रीबडागुरुमा भु(मु)क्तलक्ष्मीदेविका बिर्त्ता षेत र रैकर षेतको आलि साध लुहकिल दफे व्रजधुं षेत मुरि ।३।१४ तस्को साध पूर्व दक्षिण पश्चिम् उत्तर रैकर षेतको आलि साध लुहकिल दफे व्रजधुं षेत मुरि ।२।१० तस्को साध पूर्व दक्षिण पश्चिम् उत्तर रैकर षेतको आलि साध लुहकिल दफे ठेचोका अम्बलमध्ये भन्साढिक् षेत मुरि ।९ तस्को साध पूर्व नषु षोलाको डिल् साध लुहकिल दक्षिण रैकर षेत र श्रीगुरुज्यूका पुराना बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर श्रीगुरुज्यूका पुराना बिर्त्ता र रैकर षेतको आलि साध लुहकिल दफे हरिसिद्धिका अम्बलमध्ये व्रजधुं षेत मुरि ।५ तस्को साध पूर्व दक्षिण पश्चिम् उत्तर रैकर षेतको आलि साध लुहकिल दफे ठेचोका अम्बलमध्ये भन्साधिक षेत मुरि ।.।५ तस्को साध पूर्व दक्षिण पश्चिम् उत्तर रैकर षेतको आलि साध लुहकिल येति सबै सिमानाभित्र सबै ज्मा षेत ४।८८।११।४ सर्वकर अकर सर्वांक माफ बिर्त्ताबितलब जानि संतान्दरसंतानपर्य्यंत परमसुख भोग्य गर्नुभै हामिलाई आसिर्वाद बक्सदैरहनुहवस्. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या श्रीगुरुप्रोहित अम्बरराज पंडितज्यू पानि हालन्या श्रीमद्राजकुमारकुमारात्म श्रीदक्षिणतर्फका कम्यांडिङ् जनरल श्रीजगत्जङ्ग बहादुर राणा यो बिर्त्ता साध लाउन्या सधियार थरघर हिरालाल घोरासैनी डंगोल ब्रह्मटेलको भिमनर कुलवत मजादेवलको चिगढि सदरबाट जान्या अमल्दार चन्द्रविर षत्रिक्षेत्रि हरसिद्धिका द्वान्या लक्ष्मिमसंषर विचारि दिसंकर नाइक्या बेषा शिवनारान् वाग्सीं मोहिनाइक्या गोपाल जिम्मावाल राजमानसिं नाइक्या गुणकरसिं दिसंकर दसरथ माहान्या दसविर धनविर संखनारान् धिजवीर दिसंकर नाइक्या चिलनरसिं मोहि गुणकरसिं ज्ञानदत्त धीर्ज कृष्णवीर लक्ष्मिनारान् विस्मानसिं श्रीमान् ठेचोका द्वान्या ड्कुसिं भगिनारान् जिम्मावाल दसरथ नाइक्या कृष्णविर सिंह बेषा गोपाल बेलकोटका जिम्मावाल् जयेदेव त्रिपाठि पंडीत् अमालबाट आउन्या थरि रघुलाल् कड्याल् भोटु राना भलादमि वानिविलास पाडे लेफटेन् बलभद्र त्रिपाठि जगजीत बस्न्यात् छेत्रि कोत्या बलभद्र बस्न्यात् छेत्रि दाङ्मैका थरि तारानिधि पाडे विश्वनाथ पाडे मोहि विष्णुदत्त अधिकारी विष्णुलाल पाडे कृष्णदत्त गजुऱ्याल् महासुर बस्न्यात् छेत्रि बिर्त्तावारतरफबाट आउन्या डिट्ठा लक्ष्मीनाथ गजुऱ्याल् षरिदार गुरुप्रसाद गेलाल बहिदार पृथुधर पाध्या पौड्याल बिर्त्तावारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जो यस बन्देजमा रहोईन. सो यस श्लोकमा भन्याको पातकि होला.

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
परदत्तापहारेण स्वदत्तं निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९२९ साल मिति श्रावणशुदि १४ रोज ४[१३८] शुभम्----

मार्फत् श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जी सि बि थोङ् लिन् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनीष्टर यान्ड कम्याण्डर इन चिफ-१
मार्फत् श्रीकम्यांडर इन चीफ जनरल रणोद्दिप्सिंह कुवर राणा-१
मार्फत् पश्चिमतर्फका कम्यांडिङ् जनरल श्रीजगत्सम्सेर जङ्ग राणा-१
मार्फत् पूर्वतर्फका कम्यांडिङ् जनरल श्रीधीरसम्सेर जङ्ग राणा बहादुर-१
मार्फत् चौतरिया सम्सेर जंग साह-१
मार्फत् चौतरिया रणसेर साह-१
मार्फत् गुरुप्रोहित अमरराज पण्डितज्यू-१
मार्फत् गुरुप्रोहित षजांचि वामदेव पंडितज्यू-१
मार्फत् कम्याण्डर कर्णैल सनकसिङ् टंडं लाहुरि छेत्रि-१
मार्फत् बीर्गिडियर कर्णैल रणसिं सिजापति छेत्रि-१

(१३१ सङ्ख्या)

श्रीमद्दतिप्रचंडभुजदण्डेत्यादि श्री ३ महाराज जङ्गबहादुर राणा जि सि बि थोङ् लिन् पीम्मा कोकाङ वाङ् स्यान् प्राइंमिनिष्टर यांड कम्यांडर इन चीफ

१

---

[१३८] वि.सं. १९२९ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
भाद्र	३	शनैश्चर	त्रयोदशी	४।	३९
	४	आदित्य	पूर्णिमा	५२।	२७

पत्रमा श्रावणशुदि १४ रोज ४ भनी लेखिए तापनि श्रावणशुक्ल चतुर्दशीको दिन शनिवार पर्छ, बुधवार पर्दैन ।

श्रीगुरुराज पंडित श्रीद्विजराज पंडितज्यू

२

श्रीगुरुराज पंडित लोकराज पंडितज्यू

३

लिषितं श्रीगुरुराज पंडित धर्माधिकार श्रीनगेन्द्रराज पंडितज्यू आगे ---१--- बाट मोहर रुपैया चार सय पचास् ४५० लिञ्यू. यस रुपैयामा हामिले इन्द्रचोक बस्न्या कृष्णाराम जोसि पिडा बस्न्या भालचन्द्र पंडित लामिछानेहरुसंग सुक्रिबिक्रि गरिलियाको बिर्ता सहर काठमाडौ फसिकेवटोलको बारि पाताल १ र पषाल पाटिस्मेत् मारिमेटि सुक्रिबिक्रि फर्फाछ्र्या गरि ---१--- का हजुर्मा चढाञ्यू. बेचन्याको दाम पाको. किंन्याको जगा पाको. यस्मा हाम्रा संतानदरसंतानको लाग नास्ति भनि हाम्रा मनोमान षुसिराजीसंग फार्छापत्र लेषि ---१--- का हजुर्मा चढाञ्यू. यस फार्छ्र्याका साछि ---२------३--- कर्णैल सिद्धिमानसिं राजभडारि कप्तान बलदेव पंत षरिदार गुरुप्रसाद गेलाल्. लेषक साछि बहिदार सिद्धिलाल्

इति सम्वत् १९२९ साल मिति आश्विनसुदि १३ रोज ३[१३९] शुभम्---

(१३२ सङ्ख्या)

लिषितं श्रीगुरुराज पंडित धर्माधिकार श्रीनगेन्द्रराज पंडितज्यू आगे श्रीमद्दतिप्रचण्ड भुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जी सि बि थोङ् लिन् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनिष्टर यान्ड कम्यांडर इन चीफबाट मोहर रुपैया तिन हजार ३००० लिञ्यू. यस रुपैआमा हाम्रा बिर्ताबितलप सहर काठमाडौ फसिकेवटोलको चौघरा घरमध्ये दक्षिणतर्फको २ नालको लग् १ र तस्को लगा दक्षिणतर्फको आधा इदारस्मेत चोक १ र भित्रि चोक १ मध्ये ४ षंडको १ षंड

---

१३९. वि.सं. १९२९ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
आश्विन	३०	सोम	त्रयोदशी	४४। ५४

पत्रमा आश्विनशुदि १३ रोज ३ भनी लेखिए तापनि आश्विनशुक्ल त्रयोदशीमा सोमवार पर्छ, मङ्गलवार पर्दैन ।

लगापातालस्मेत् मारिमेटि सुक्रिबिक्रि फरफाछर्या गरि श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्री ३ महाराज जङ्गबहादुर राणा जी सि बि थोङ् लिङ् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनिष्टर यान्ड कम्यांडर इन चीफका हजुरमा चह्राज्यू. बेचन्याको दाम् पाको किंन्याको घर पाको. यस्मा हाम्रा संतानदरसंतानको लाग नास्ति भनि हाम्रा मनोमान षुसिराजीसंग फाछर्यापत्र लेषि श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्री ३ महाराज जङ्गबहादुर राणा जी सि बि थोङ् लिन् पिम्मा कोकाङ् वान् स्यान् प्राइंमिमिनिष्टर यान्ड कम्यांडर इन चीफका हजुर्मा चह्राज्यू. यस फाछर्याका साछि श्रीगुरुराज पंडित श्रीद्विजराज पंडितज्यू श्रीगुरुराज पंडित श्रीलोकराज पंडितज्यू कप्तान् बलदेव पंत षरिदार गुरुप्रसाद गेलाल लेषक साछि बहिदार सिद्धिलाल.

इति सम्वत् १९२९ साल मिति आश्विनशुदि १३ रोज ३ शुभम्---

(१३३ सङ्ख्या)

श्रीमद्दतिप्रचण्डभूजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जी सि बि थोङ् लिङ् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनिष्टर याण्ड कम्यांडर इन चीफ

१

श्रीगुरुराज पंडीत श्रीलोकराज पंडीतज्यू

२

स्वस्ति श्रीगिरीराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराज सुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्ग देवानां सदा समरविजयिनाम्----

आगे ---१--- के मैले १९२९ साल कार्त्तिकसुदि ९ रोज ७[१४०] का दिन गोकर्णमा सिविका दान गर्दछु. तेसमा दान गर्नालाइ सरकारबाट वाचस्पति पंडीतकि ब्राह्मणि प्रेमकुमारि पंडीत्यानिसंग मोहर रुपैया ७२२५ ले फार्छा गरि किनिबक्स्याको

---

[१४०] वि.सं. १९२९ कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी पला
कार्तिक	२६	शनैश्चर	नवमी	३०। १०

काठमाडौका अम्बलमध्ये गुसल षेत १। बिर्त्ताबितलप गरि मलाई बक्स्या ---२--- लाइ दान गरि दानपत्र गरिदिदा हु भनि तिमिले हाम्रा हजुरमा बिन्ति पार्दा हामिले नीज प्रेमकुमारि पंडीत्यानिसंग मोल मोहर रु ७२२५ दी फार्छा गरि किनिबक्स्याको काठमाडौका अम्बलमध्ये गुसल षेत १। को उठति मोहरु १४८।।२२ भयाको षेत तिमिले दान गर्नानिमित्त १९३० सालका बालीदेषि हाम्रा वर्ष ४४ का उमेर हुदा सर्वकर अकर सर्वांक माफ बिर्त्ताबितलपको लालमोहर गरिबक्स्यौं. नीज ---२--- लाइ तिम्रो दानपत्र गरिदि सो जगामा सदर दफदरषानाबाट थरघर डगोल गै साधसिवाना गरि २९ साल मार्गवदि ३ रोज २[१४१] मा गरिदियाका मेज्ड्वंदिबमोजीमको साध काठमाडौका अम्बलमध्ये गुसल षेत मुरि ।२० तस्को साध पूर्व घन्ट गुठि षेतको आलि र नीज गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण नीज गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम् प्रजाका सुना बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर घंट गुठि षेतको आलि साध लुहकिल दफे गुसल षेत मुरि ।३६ तस्को साध पूर्व प्रजाका सुना बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण नीज गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम् घन्ट गुठि षेतको आलि साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल दफे गुसल षेत मुरि ।४४ तस्को साध पूर्व गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम् गुरुज्यूका बिर्त्ता षेतको आलि र प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल उत्तर गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल येति साधभित्र ज्मा षेत १। सर्वकर अकर सर्वांकमाफ् बिर्त्ताबितलप जानि दानपत्र गरि दिन्या काम गर. यो बिर्त्ताबितलप साधसिवाना गर्दाका सधियार थरघर हिरालाल् घोरासैनि डंगोल ब्रह्मटेलको छ्याक वबहालटेलको इन्द्रवीर सदरबाट जान्या हबल्दार इन्द्रविर थापा छेत्रि मोहि जमानसिं कार्कि छेत्रि गोकुल थापा छेत्रि नैनसिं बुढाथोकि छेत्रि पांड भलाआदमि फौदसिं षत्रि छेत्रि सधि(या)र भांनर्सिं हर्षमान्. बिर्त्तावारतर्फबाट जान्या कप्तान् पद्मदेव पंत सिपाहि लक्ष्मन् बुढाथोकि छेत्रि. बिर्त्तावारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जसले यो बिर्त्ताबितलप षिचोला गर्ला. तेसलाइ यो श्लोकमा भन्याको पातकि होला.

---

[१४१] वि.सं. १९२९ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
मार्ग	५	सोम	तृतीया	१४।	४९

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
परदत्तापहारेण स्वदत्तं निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९२९ साल मिति मार्गवदि ४ रोज ३[१४२] शुभ्म्

मार्फत् कम्यांडर इन चिफ जनरल रणउद्दिप्सिंह राणा : १
मार्फत् गुरुराज नगेन्द्रराज पण्डितज्यू -१
मार्फत कम्यांडिङ जनरल जगत्संसेर जङ्ग राणा -१
मार्फत् पूर्वतर्फका कम्यांडिङ् जनरल श्रीधीरसम्सेर जङ्ग राणा बहादुर -१
मार्फत् गुरुप्रोहित अमरराज पंडीतज्यू -१
मार्फत् गुरुप्रोहित् षजांचि वामदेव पंडीतज्यू -१
मार्फत् दक्षिणतर्फका कम्यांडिङ् जनरल श्रीजगत् जङ्गबहादुर राणा -१
मार्फत् बिर्गिडियर कर्णैल रणसेर सिजापति क्षेत्रि -१
मार्फत् चौतरिया रणसिंह साह -१
मार्फत् कम्यांडर कर्णैल सनकसिंह टण्डन लाहुरि छेत्रि -१
मार्फत् चौतरिया सम्सेरजङ्ग साह -१

(१३४ सङ्ख्या)

श्री ५ सर्कार

१

---

[१४२] वि.सं. १९२९ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
मार्ग	६	मङ्गल	चतुर्थी	१८। ५९

लिखितं वाचस्पति पंडीतकि ब्राह्मणी प्रेमकुमारि पंडीत्यानि आगे चादिका मोह रुपैया बहत्तर सय पचिस् ७२२५ कर्जा लिञा बापत् घरषर्चलाइ लियाको हो. सो रुपैयाबापत् मेरा बिर्त्ता काठमाडौका अम्बलमध्ये गुसल षेत् १। को कुत धान मुरि ५२।१० के दर ।६ ताके मोरु १७५ गहु मुरि ५।१७ के दर ।४ ताके मोहर रु २९। घ्यूषानि मोरु १२।। ज्मा मोहर रु २१६।।। उठति भयाको जगाको सैकडा मोहर रु ३ का दरले मोल ली डल्लो गालि पारपरछिन्न सुक्रिबिक्रि गरि चह्राञ्यां. यो मैले मोल लि चह्रायाको जगा यस मितिअघि दानदातव्य गरिदियाको र अरु साहुलाइ भोगबन्धक दृष्टिबन्धक दियाको अर्काको अंस ज्यूनि गुठि राष्याको सनदपत्र तमसुक निस्कि जगा भोग भयेन कच्चा ठह्र्यो भन्या अैनबमोजीम सजाय गरिबक्सी थैली जुन रीतसंग षडा हुन्छ. सो रीत गरिलि बक्सनु. मेरो उजुर नास्ति भानि मेरा मनोमान षुसिराजीसंग फाछ्र्यापत्र लेषि ---१--- का हजुर्मा चढाञा. येस पत्रका साछि पंडीत जयदेव पंत दिव्यदेव पंत कास्कि बस्न्या बुद्धिसागर पौड्याल लेषक साछि सिद्धिलाल् श्रेष्ठ

इति सम्वत् १९२९ साल मार्गवदि ४ रोज ३ शुभ्म्

(१३५ सङ्ख्या)

श्रीगुरुराज पंडीत श्रीलोकराज पंडीतज्यू

१

श्री ५ सर्कार

२

स्वस्ति श्रीमद्दतिप्रचण्डेत्यादिश्रीश्रीश्रीमहाराज जङ्गबहादुर कुवर राणा जि सि बि थोङ लीन पिम्मा कोकाङ् वाङ् स्यान प्राइम्मि(नि)ष्टर यान्ड कम्याण्डर इन चीफकस्य रुक्का

आगे ---१--- लाइ ---२--- बाट पंडीत वाचस्पति पंतकि ब्राह्मणि प्रेमकुमारिसंग निजको बिर्त्ता षरिद गरि हामिलाई सिविका दान गर्नालाइ बक्स् भयाको गुसल षेत १। को उठति मोहर रुपैया १४८।।"।।२ भयाको जगा हामिले १९२९ साल कार्तिकशुदि ९ रोज ७ का दिन सिविका दान गर्दा संकल्प गरि १९३० सालका बालिदेषि दानदातव्य गरि माटै छरिबक्स्यौ. यो दान गरिबक्स्याको षेतमा सदर दफदरषानाबाट थरघर डगोल

गै साधसिमाना गरि मेदबंदि गरिदियाबमोजीम तस्को साध काठमाडौका अम्बलमध्ये गुसल षेत मुरि ।२० तस्को साध पूर्व घंट गुठि षेतको आलि र नीज गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण नीज गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम् प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल उत्तर घंट गुठि षेतको आलि साध लुहकिल दफे गुसल षेत मुरि ।३६ तस्को साध पूर्व प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण नीज गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम् घंट गुठिषेतको आलि साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल दफे गुसल षेत मुरि ।४४ तस्को साध पूर्व गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम् गुरुज्यूका बिर्त्ता षेतको आलि र प्रजाका सुनाबिर्त्ता षेतको आलि साध लुहकिल उत्तर गुरुज्यूका बिर्त्ता षेतको आलि साध लुहकिल येति साधभित्र षेत १। संकल्प बिर्त्ताको सनद गरिबक्स्यौं. यो जगा संकल्प हुदा संकल्पवाक्य पढन्या पानि हालन्या प्रोहित् कासिराज सत्याल्. यो संकल्प बिर्त्ता जानि संतानदरसंतानपर्य्यन्त सुष भोग्य गर्नुहवस्. यो संकल्प बिर्त्तामा जसले षरषिचोला गर्ला. तेसलाई यो श्लोकमा भन्याको पातकि होला ।।

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
परदत्तापहारेण स्वदत्तं निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९२९ साल मिति मार्गवदि ४ रोज ३ शुभ्म्

(१३६ सङ्ख्या)

स्वस्ति श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जि सि बि थोङ् लिन् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफकस्य रुक्का------------

आगे श्रीगुरुराज पंडित श्रीलोकराज पंडितज्यूलाइ हामिबाट श्रीगुरुराज पंडित धर्माधिकार श्रीनगेन्द्रराज पंडितज्यूसंग नीजका बिर्ता षरिद गरिलियाको फसिकेवटेलको बारि पाताल १ र पर्षाल पटिस्मेत् हामिले १९२९ साल कार्तिकसुदि ९ रोज ७[१४३] का दिन सिविका दान गर्दा संकल्प गरि दानदातव्य गरि माटो छरि संकल्पबिर्ताको सनद गरिबक्स्यौं. यो बिर्ता संकल्प हुदा संकल्पवाक्य पढन्या र पानि हालन्या प्रोहित कासिराज पंडित सत्याल्. यो संकल्पबिर्ता जानि संतानदरसंतानपर्यंत सुखभोग्य गर्नुहवस्. यो संकल्पबिर्तामा जसले षर्षिचोला गर्ला य(स) श्लोकमा भन्याको पातकि होला.

स्वदत्तां परदत्तां वा यो हरेद्वै वसुन्धरां ।।
षष्टिवर्षसहश्राणि विष्टयायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
पंरदत्तापहारेण स्वदत्तं निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्वा नत्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।
इति सम्वत् १९२९ सालमिति मार्गवदि ४ रोज ४[१४४] शुभम्--------

(१३७ सङ्ख्या)

स्वस्ति श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादिश्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जि सि बि थोङ् लिन् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनिष्टर याण्ड कम्यांडर इन चीफ कस्य रुक्का----

---

१४३. वि.सं. १९२९ कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी पला
कार्तिक	२६	शनैश्चर	नवमी	३०। १०

१४४. वि.सं. १९२९ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
मार्ग	७	बुध	पञ्चमी	२३। ४५

आगे श्रीगुरुराज पंडित श्रीलोकराज पंडितज्यूलाइ हामिबाट श्रीगुरुराज पंडित धर्माधिकार श्रीनगेन्द्रराज पंडितज्यूसंग निजका बिर्ता षरिद गरिलियाको सहर काठमाडौ फसिकेव टोल... घरमध्ये दक्षिणतर्फको २ नालको लंग् १ र त... दक्षिणतर्फको आधा इदारस्मेत्को चोक १ र भित्रि(म)ध्ये ४ षण्डको १ षंड लगापातालस्मेत् हामिले १९ ... कार्तिकसुदि ९ रोज ७[१४५] का दिन सिविका दान गर्दा ... दानदातव्य गरि संकल्पबिर्ताको सनद गरिब(क्सि)... बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या र पा(नि हालन्)या प्रोहित कासिराज पंडित सत्याल् यो संकल्प... नि संतानदरसंतानपर्यन्त सुषभोग्य गर्नुहवस्. ... बिर्त्तामा जसले षिर्षिचोला गर्ला. यस श्लोक(मा भन्या) को पातकि होला.

स्वदत्तां परदत्तां वा यो हरे(द्वै वसुन्ध)राम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते (कृमि ।।१)।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
... पहारेण स्वदत्तां निष्फलं भवेत् ।।२।।
भूयो... विनो भूमिपालान् नत्वा नत्वा याचते रामचन्द्रः ।।
... यं धर्मसेतुर्नृपाणां काले काले पालनीयो ... ।।३।।
इति सम्वत् १९२९ साल मिति मार्गवदि ... (रोज) ४ शुभ्म्----

(१३८ सङ्ख्या)

(स्वस्ति श्री)गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध(विरुदाव)ली - विराजमानमानोन्नतश्रीमन्महाराजाधिराज(श्रीश्री) श्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादुर-सम्सेरजङ्गदेवा(नां सदा) समरविजयीनाम्--------------------

(श्री)गुरुराज विजयराज पण्डितज्यूके मैले बनायाका (भिक्षा)षोरि पौवा १ भीमढुंगाको पौवा १ ज्मा पौवा २ का... ई जिल्लै पर्सा प्रगंना सिधमासमध्ये पसुपतिकि ब्रा(ह्मणीस)ग लियाको मौजे १ रामनारान मिश्रसंग लियाको... ज्मा बिर्ता बडुकि तेलियागाउ २ को साल १ उठति कं(पनिरुपै)या ३१२ को तपसिलमा

---

[१४५] वि.सं. १९२९ कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी पला
कार्तिक	२६	शनैश्चर	नवमी	३०। १०

लेषियाबमोजीम् साल(वसाल) गुठि चलाउनु भनि ३५ साल ज्येष्ठसुदि ११ रोज २ मा (दा)न गरि गुठि राष्याको हो. सो दानपत्रबमोजिं लालमो(हर गरि) दिनु भंन्या हुकुम बक्स्याको हो. सनद भयाको छैन (त)पाञिबाट श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्री(महा)राज रणाउद्दिप्सिंह राणाबहादुर के सि यस आइ (थोङ्) लिङ् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनिष्टर याण्ड कम्यांडर इन चीफ र श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इन चिफ जनरल जगत्संसेर जङ्ग राणा बहादुरमार्फत हाम्रा हजुर्मा बिन्ति पार्दा जिल्लै पर्सा प्रगंना सिधमासमध्ये पसुपतिकि ब्राह्मणिसंग लियाको मौजे १ रामनारान् मिश्रसंग लियाको मौजे १ ज्मा बिर्त्ता बटकि टेलियागाउ २ को उठति साल १ को कंपनि रुपैया ३१२ सम्वत् १९३५ साल मिति ज्येष्ठसुदि १० रोज २[१४६] देषि भिक्ष्याषोरि पौवा १ भीमढुंगा पौवा १ ज्मा पौवा २ धर्मषातिर गुठि राषनुभयाको सो आमदानिले तपसिलबमोजिम्को कामकाज सालवसाल चलाउनु. सदावर्त बाडि बाकि रहन (ग)यो भन्या जगेरा राषि बेसधनी भयो भन्या जगेराले चलाउनु अथवा भत्क्याबिग्र्यामा बनाउन नपुग्या उसैमा लाउनु वा लेषियाबमोजीम्का सदावर्तलाई चाहिन्या चावल दाल नुन् घ्यू बेसार हंडि पाला निज तेलियाका सालवसालका ठेकेदारले ताकिति गरि बषतबषतमा तपसिलबमोजीमका सिराभाउले षरिद गरि भिक्ष्याषेरिमा पुऱ्याइ बुझाइ रसिद लिनु. रसिदले मोजरा होला भनि बन्देज बाधि गुठिको सनद गरिबक्स्यौं भंन्या तपाइबाट ३५ साल ज्येष्टसुदि ११ रोज ३ मा दानपत्र गरि गुठि राष्याको हामिबाट पनि सोहि दानपत्रबमोजीम् सदर गरि सालवसाल गुठि चलाउन लालमोहर गरिबक्स्यौ. जो यो लेषियाबमोजिंका बन्देजमा रहोइन लोभानिपापानि गर्नामा लागला तेसलाई यस श्लोकमा भन्याको पातकि होला ।।

स्वदत्तां परदत्तां वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।

तपसिल

साल १ को नीज गाउको ठेक कंपनि रुपैया ----३१२
येमध्ये षंच कंपनि रुपैया ---------३१२

---

[१४६] वि.सं. १९३५ ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	२९	सोम	दशशी	२२। ४४
	३०	मङ्गल	एकादशी	१६। ५६

भिक्ष्यर्याषोरि पौवा १ भीमढुंगा पौवा १ ज्मा पौवा २ भत्क्याबिग्ग्रामा बनाउनाके कंपनि रु ---------१००

भिक्ष्याषोरिका पौवालिके वर्ष १ को षान्गी य सदावर्त पनि बाडनु कंपनि रुपैया ----४०

शिवरात्रिमा आउन्या जात्रु षान नपाउन्या फकिरफकेडाहरुलाइ भिक्ष्याषोरि पौवाबाट हंडी बाडनाके ------१७२

...के	---------६२।।	दालके-	-----------१४′
...	-------- १८।।।	बेसारके	---------६।
...	------ २०।।।′२	हंडिके	--------११।।‴।।
...	---------११।।‴।।		

... राषनाके भडार बोकि ल्याइ पौवा दा... उनाको मजुरि------२६″।।।२

(इति स)म्वत् १९३५ साल मिति मार्गसुदि १५ रोज २[१४७] शुभ्म्------

मार्फत् श्री ३ महाराज रणउदीपसिंह राणा बहादुर के सि यस आइ थोङ् लीन पिम्मा कोकाङ् वाङ् स्यान प्राइम्मिनीष्टर याण्ड कम्यांडर इन चीफ १

मार्फत् कम्याण्डर इन चीफ जनरल जगत्सम्सेर जङ्ग राणा १

मार्फत् गुरुद्विजराज पंडितज्यू १

मार्फत् गुरुप्रोहित षजांचि वामदेव पंडितज्यू

मार्फत् चौतरिया रणसेर साह १

मार्फत् चौतरिया केसरिजङ्गपराक्रम साह १

मार्फत कम्याडर कर्णेल सनकसिंह टंडं लाहुरि छेत्रि १

मार्फत् बिर्गेडीयेर कर्णेल रणसिं सिजापति क्षेत्रि १

(१३९ सङ्ख्या)

श्रीकाशी

१

---

[१४७] वि.सं. १९३५ मार्गशुक्ल

	गते	वार	तिथि	घडी पला
मार्ग	२५	सोम	पूर्णिमा	४७। ६

श्री ६ बडागुर्ज्यू मुक्त

२

श्री ६ माहिलागुरुज्यू

३

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्ग देवानां सदा समरविजयीनाम्-----

स्वस्तिश्रीमद्भवानिचरणसमाराधनासाधितपुरुषार्थचतुष्टयश्री ६ बडागुरुज्यूमहासयेषुदण्ड वत्प्रणामपूर्वकपत्रमिदं. आशीर्वादले ञाहा कुसल छ. ताहा कुसल मङ्गल भया हाम्रो उत्तरोत्तर वृद्धि होला. आगे ञाहाको समाचार भलो छ. उप्रान्त हजुरको ---१--- वास् गर्न्या बषत् पनि भयाको थियेन उस्मा पनि ---२--- भैबक्स्यापछि अब हजुरले ताहा राज गर्नु हुदैन. --२--- भैबक्स्नुभयो तापनि हजुरबाट कौनै कुराको सुर्ता फिक्रि मानिबक्सनुपर्दैन. हजुरको इमान् दर्जा कौनै कुरामा षलल हुन्याछैन. यो लालमोहर पुग्नि मात्र बढिया सायेत हेराइ ---३--- का साथमा ञाहा (पा)व लागिबक्सनुहवस्. किमधीकम् विज्ञेचरणेषु.

इति सम्वत् १९३५ साल मिति माघवदि १० रोज ७[148] मुकाम् कान्तिपुर शुभम्---

(१४० सङ्ख्या)

श्रीगुरुराज पंडीत श्रीलोकराज पंडीतज्यू

१

---

१४८. वि.सं. १९३५ माघकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
माघ	५	शुक्र	दशमी	४२। २

(वीरपुस्कालयको ऐ. पात्रोबाट)

पत्रमा माघवदि १० रोज ७ भनी लेखिए तापनि माघकृष्ण दशमीमा शुक्रवार पर्छ, शनिवार पर्दैन ।

श्रीकालिबहादुर

२.

श्रीपुराना गोरष

३

श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज रणउद्दिप्सिंह राणा बहादुर के सि येस आइ थोङ् लीन पिम्मा कोकाङ् वाङ् स्यान प्राइम्मिनिष्टर याण्ड कम्याडर इन चीफ

४

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नत्श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरवीजयीनाम्---

आगे ---१--- के हाम्रा बिर्ताबितलब थानसिन् फाटका छबिस्या नौबिस्या षेत् ६।३।५मध्ये उठति २५।।।.।३ भयाको षेत् मुरि ४४।१०।६ येस पाला बनायाका नुवाकोट् जान्या नञा सटक्भित्र पर्नु जादा तस्को सट्टा जगाजमीनका गोस्वाराका ८ लम्बरका अैनमा कम्पू पल्टनमा दरीयाको जगा कसैलाई बिर्त्ता सांध लाइदिनु भंन्या हुकुम मर्जी लालमोहोर भया पनि सांध लाइनदिनु सांधलाई लिनेलाई बात लाग्दैन सांध लाई दिन्यालाई जागिरदेषि बर्षास गरि बिगोबमोजीम दण्ड गर्नु भंन्या अैन छ तापनि दिक्षा मत्र सुनिबक्सदा संकल्प गरिबक्स्याको हुनाले जागिरदारलाइ नगदि सट्टा बक्सी सो जागीरदारका षान्गीबाट झिकिबक्स्याको जगा ३६ सालका बालिदेषि देषि ---२--- पल्टन ५।१६५ अमलदार दलकेसर गुरुंका षान्गीको थान्सिं पंचकंन्या चन्द्रविर थापा षेत् मुरि ।२० ---३--- पल्टनका पछाडि निसान नर्सिं रानाका षांगीको थानसिं पंचकंन्या कनकसिं १।१२मध्ये गौरिदत्त पाठक् षेत् मुरि ।२२ नीज नर्सिं रानाको थानसिं पचकंन्या कनकसिं १।१२मध्ये ।५६ मध्ये भवदत्त ।३४मध्ये षेत् मुरि ।२।१०।६ को ज्मा पंचकन्या षेत् ।४४।१०।६ को उठति रु २५।।।.।३ भयाको षेत् सांधसिवाना मेडबन्दि गरीदिनु भंन्या थरघरका नाउमा ३६ साल श्रावणवदि ७ रोज ५ मा प्रमानगिको लालमोहर गरिबक्सदा सांधसिवाना कीलाकोईला भै मेडबंदि भयाको छ सट्टा बिर्त्ताको सनद गरिबक्स्याको छैन सट्टा बिर्त्ताको लालमोहोर गरिबक्स्या हुदो हो भनि हजुर्बाट ---४--- र

श्रीमद्राराजकुमारकुमारात्मज श्रीकम्याण्डर इन चिफ जनरल धीरसंसेरजं राणाबहादुरमार्फत हाम्रा हजुरमा बिन्ति पार्नुहुदा जाहेर भयो. तसअर्थ हजुरको बिर्त्ताबितलब थानसिं फाट्का छबिस्या नौबिस्या षेत् ६।३।५मध्ये उठति रु २५।।।.।३ भयाको षेत् मुरि ।४४।१०।६ येस पालि बनायाका नुवाकोट् जान्या नञा सटक्मा पर्न जादा तस्को सट्टा ---२--- पल्टन ५।१६५ अमल्दार दलकेशर गुरुंका षान्गीको थानसिं पंचकंन्या चन्द्रविर थापा षेत् मुरि ।२० र ---२--- पल्टंका पछाडि निसान् नर्सिं रानाका षान्गीको थानसिं पंचकंन्या कनकसिं १।१२मध्ये ।५६मध्ये भवदत्त ।३४मध्ये षेत् मुरि ।२।१०।६ ज्मा पंच कंन्या षेत् ।४४।१०।६ को उठति रु २५।।।.।३ भयाको जगा सट्टा बक्सदा जगाजमिन गोश्वाराका ८ लम्बरका अैनमा कम्पु पल्टनमा दरीयाको जगा कसैलाइ बिर्त्ता सांध लाइदिनु भन्न्या हुकुम मर्जी लालमोहोर भया पनि सांध लाइनदिनु सांध लाइ लिन्यालाइ बात लाग्दैन सांध लाइदिन्या हाकिमलाइ जागीरदेषि बर्षास गरि बिगोबमोजीम दण्ड गर्नु भंन्या अैन छ तापनि जागीरदारलाइ नगदि सट्टा बक्सी सो जागीरदारका षानगीबाट झिकियाको जगा १९३६ सालका बालिदेषि हाम्रा वर्ष ५० का उमेर हुदा सर्वकर अकर सर्वाङ्क माफ बिर्त्ताबितलप गरिबक्स्यौ. ३६ साल भाद्रवदि ११ रोज ४ को मेडबंदिबमोजीमको सांध थान्सींका अम्बलमध्ये पंचकंन्या षेत् मुरि ।४४।१०।६ तस्को सांध पूर्व लक्ष्मिदत्त पाध्या भडारिले कमायाको रैकरका आलिको डिल् सांध लुहकील दक्षिण दनुवारका बारिको तेर्छो डील सांध लोहकील् पश्चिम् रैकर सिवालि घारिका डिल् सांध लोहकिल् उत्तर पसुपति लोहनिका बिर्त्ताको र रैकर षेत्का कुलाका डिल् सांध लुहकील येति चार किलाभित्रको रु २५।।।.।३ उठति भयाको षेत् ।४४।१०।६ साल ३६ का बालिदेषि सट्टा बिर्त्ता गरिबक्स्यौ. आफ्ना षातिरजामासंग सर्वकर अकर सर्वाङ्क माफ बिर्त्ता जानि हजुर्का सन्तानदरसंन्तानपर्य्यन्त सुख भोग्य गर्नुहवस्. हामिलाई आसिर्वाद दिदै रहनुहवस्. यो सट्टा बिर्त्ता सांधसिवाना गर्न्या थरघर सिवसंषर पाध्या अर्ज्याल् ब्रह्मटोल बस्न्या डगोल छ्याक १ सिरिमान १ सहरबाट जाने सिपाहि भवनाथ पाध्या अर्ज्याल् सधियार विष्ने दनुवार सधियार लक्ष्मीदत्त पाध्या भडारि द्वाऱ्या पृथ्वीधोज षत्रि छेत्रि जीम्मावाल श्रीप्रसाद पाध्या भेटुवाल् थरी केसरीदत्त पाध्या पाठक् थरि मुषिया नरधोज षत्रि छेत्रि थरी रुद्रलाल पाध्या पाठक् मुषिया जयेमंगल पाध्या भडारी मुषिया कुलनाथ पाध्या भडारि भलामानिस गोप्रसाद पाध्या पाठक् धनसिरि नेवार बीर्त्तवारबाट आउन्या

ज्मादार त्रिलोचन रीजाल अमल्दार कविराज राना. बिर्त्तावारले किलाभन्दा अर्घ्यालो नचापनु. वीनातक्सीर जफत नगर्नु. जसले यो सट्टा बिर्त्ता वीनातक्सीर जफत गर्ला. यो श्लोकमा भन्याको पातक लागला.

स्वदात्ताम्परदत्तां वा यो हरेद्वै वसुन्धराः ।।
षष्टिवर्षसहश्राणि विष्टयां जायते कृमि ।।१।।

इति सम्वत् १९३६ साल मिति भाद्रवदि ३० रोज १[१४९] शुभम्

मार्फत् श्रीश्रीश्रीमहाराज रणद्दीपसिंह राणा बहादुर के सी यस् आइ थोङ् लिन पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनिष्टर याण्ड कम्यांडर इन चिफ

मार्फत् कम्यांडर इन चिफ जनरल श्रीधीरसम्सेर जङ्ग राणा बहादुर
मार्फत् चौतरिया रणकेशर साह
मार्फत् चौतरिया केशरिजङ्ग(प)राक्रम साह
(मा)र्फत् गुरुपुरोहित षजांचि वाम(देव) पंडीतज्यू
(मा)र्फत् कम्यांडर कर्णेल सनक(सिंह टं)डं लाहुरि छेत्रि
(मा)र्फत् बिर्गेडियेर कर्णेलसिं सिजापति छेत्रि

(१४१ सङ्ख्या)

श्रीजेठा गुर्मा गंगादेवि
१
श्रीमाहिला गुर्मा दुर्गाकुमारि
२
श्री ५ बडामहारानि
३
श्री ५ बलिअहद कांछामहारानी
४

---

[१४९] वि.सं. १९३६ भाद्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
भाद्र	३	आदित्य	अमावास्या	४९। २२

श्रीमाहिला साहिला महारानी

५

श्रीमाहिला कांछा महारानि

६

श्रीबडागुर्ज्यू

७

श्रीगुरुराज पंडीतज्यू श्रीलोकराज पंडीतज्यू

८

श्रीमद्दतिप्रचंडभुजदंडेत्यादि श्रीश्रीश्रीमहाराज रणउद्दिप्सिंह राणा बहादुर के सि येस् आइ थोङ लीन् पिम्मा कोकाङ् वाङ् स्यान प्राइममिनीष्टर यांड कम्यांडर इन चीफ

९

श्रीगुरुप्रोहित अम्बरराज पंडीतज्यू

१०

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्-----

आगे ---१--- ---२--- के ३४ साल कार्तिकसुदि १२[१५०] रोजमा र मार्गवदि ३[१५१] रोजका दिक्षा मंत्रका चतुर्थिमा ---३--- बाट संकल्प भै मलाई बक्स्याको षेत् मुरि ।६६।११ ---४--- बाट संकल्प भै मलाई बक्स्याको षेत् मुरि ।६६।११ ---५ बाट संकल्प भै मलाइ बक्स्याको षेत मुरी ।२२।३ ---६--- बाट संकल्प भै मलाइ बक्स्याको षेत् मुरि ।२२।३ ज्मा नेपालको षेत् १।७७।८ को साबिकमा साध लाइदियाबमोजीमका

---

[१५०] वि.सं. १९३४ कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी पला
मार्ग	४	शनैश्चर	द्वादशी	४९। १०

[१५१] वि.सं. १९३४ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
मार्ग	१०	शुक्र	तृतीय	४६। ५०

षेत् साध लाइदीना लाई डको षेत् जगेरा नभयाको हुनाले ऐन्मा जागिरदारका षान्गीका षेत् झिकि सांध नलाउनु भन्न्या छ तापनि साबिकमा ---७--- बाट आफ्नै षान्गीको षेत् झिकि साध लाई मागनुभयाको हुनाले जगाजमीन गोस्वाराका ८ लम्बरका अैनमा कम्पुपल्टनमा दरियाको जगा कसैलाइ दिनु भंन्या मर्जी हुकुम लालमोहर भया पनि साध लाइनदिनु साध लाइ लिन्यालाइ बात लाग्दैन साध लाइ दिन्यालाई जागीरदेषि बर्षास गरि बिगोबमोजीम दण्ड गर्नु भंन्या अैन छ तापनि साबिकमा आफ्नै षान्गीबाट झिकि साध लाग्याको हुनाले ---८--- का षानगीमा दरियाको जगा साबिकबमोजीम षेत् १।७७।८ को बिक्रिबमोजीमको उठति मोहरु २१७।ʹ।३ भयाको जगा १९३६ सालका बालिदेषि झिकिबक्सी तस्को सट्टा जागीरदारलाई कौसितोसाषानाबाट लेना नगदि दर्द भर्ना गरिबक्सी सो जागिरबाट ३६ सालका बालिदेषि झिकिबक्स्याको जगा साधसिवाना गरिदिनु भंन्या थरघरका नाउमा प्रमांगीको लालमोहर भै साध सिवाना भैसकियाको छ. संकल्प बिर्त्ताको लालमोहर गरिबक्स्याको छैन संकल्प बिर्त्ताको लालमोहर गरिबक्स्या हुदो हो भनि हजुरहरुले ---९--- र श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्याण्डर इन चिफ जनरल धीरसम्सेर जङ्ग राणा बहादुरमार्फत् हाम्रा हजुरमा बिन्ति पार्नुहुदा जाहेर भयो. तसर्थ ३४ साल कार्तिकसुदि १२ रोजमा र मार्गवदि ३ रोजका दीक्षा मंत्रका चतुर्थिमा हाम्रा --३ बाट संकल्प भै नीज ---१--- लाई बक्स्याको षेत् मुरि ।६६।११ हाम्रा बुहारी ---४--- बाट नीज ---२--- लाई बक्स्याको षेत मुरि ६६।११ हाम्रा बुहारि ---५--- बाट संकल्प भै नीज ---१--- लाइ बक्स्याको षेत् मुरि ।२२।३ हाम्रा बुहारि ---६--- बाट संकल्प भै नीज ---२--- लाई बक्स्याको षेत मुरि ।२२।३ ज्मा नीज ---१--- लाइ संकल्प गरिबक्स्याको षेत मुरि ।८८।१४ नीज ---२--- लाई संकल्प गरीबक्स्याको षेत मुरि ।८८।१४ ज्मा षेत १।७७।८ साबिक्मा साध लाइदियाबमोजीमको षेत् साध लाउनालाइ डको षेत् जगेरा नभयाको हुनाले जगाजमिन गोस्वाराका ८ लम्बरका अैनमा कम्पु पल्टनमा दरियाको जगा कसैलाइ बिर्त्ता साध लाइदिनु भंन्या मर्जी हुकुम लालमोहर भया पनि स साध लाइनदिनु साध लाइलिन्यालाइ बात लागदैन साध लाइदिन्यालाई जागीरदेषि बर्षास गरि बिगोबमोजीम डंड गर्नु भंन्या अैन छ तापनि साबिकमा आफ्नै षानगीबाट झिकि साध लाग्याको हुनाले ---८--- का षान्गीमा दरियाको जगा साबिकबमोजीम षेत् १।७७।८ को बिक्रिबमोजीमको उठति मोरु २१७।ʹ।३ भयाको जगा १९३६ सालका बालिदेषि झिकिबक्सी तस्को सट्टा जागीरदारलाइ कौसितोसाषानाबाट लेना गदि दर्द भर्ना गरिबक्सी सो जागीरबाट झिकिबक्स्याको

बिक्रिबमोजीमको उठति मोहर रुपैया २१७।'।३ भयाको षेत १।७७।८ हाम्रा वर्ष ५० का उमेर हुदा १९३६ सालका बालिदेषि सर्वकर अकर सर्वांक माफ बिर्त्ताबितलप गरि संकल्प बिर्त्ताको लालमोहोर गरिबक्स्यौं. संकल्प बिर्त्ता जानि हजुरका संतानदरसंतानपर्य्यंत भोग्य गर्नुहवस्. यो संकल्प बिर्त्ता ३६ साल श्रावणसुदि ६ रोज ३[१५२] का मेडर्बंदिबमोजीमको साध कीर्तिपुर बुसिंडोल षेत मुरि ।८ तस्को साध पूर्व रैकर षेत र बिर्त्ता षेतको आलि साध लुहकिल दक्षिण बिर्त्ता षेत र बाटाको साध लुहकिल पश्चिम रैकर षेत र बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर रैकर षेतको आलि साध लुहकिल दफे ऐं षेत मुरि ।३६ तस्को साध पूर्व रैकर षेतको आलि साध लुहकिल दक्षिण कुलाको डील साध लुहकिल पश्चिम् ब्राह्मणका बिर्त्ता षेतको रैकर षेतको आलि साध लुहकिल उत्तर मुलबाटाको डील साध लुहकिल दफे चोभार मगलबु षेत मुरि ।४० तस्को साध पूर्व रैकर षेत र बाटाको डील साध लुहकिल दक्षिण लुछु पाध्याका बिर्त्ता षेतको आलि साध लुहकिल पश्चिम कुलाका डील र नीज ब्राह्मणका बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर कुलाको डिल् साध लुहकिल दफे ऐं षेत मुरि ।२०।१० तस्को साध पूर्व कुलाको डील साध लुहकिल दक्षिण ब्राह्मणका बिर्त्ता षेतको आलि र कुला कुलाको डिल् साध लुहकिल पश्चिम् बाटे र नीज ब्राह्मणका बिर्त्ता षेतको आलि साध लुहकिल उत्तर बाटे र कुलाको डील साध लुहकिल दफे ऐं बलंबु सिंप्वाट षेत मुरि ।३६ तस्को साध पूर्व रैकर षेतको आली र रैकर बाटाको डील साध लुहकिल दक्षिण रैकर षेतको आलि र रैकर बाटाको डील साध लुहकिल पश्चिम् बाटे र रैकर षेतको आलि साध लुहकिल उत्तर रैकर बाटे र रैकर षेतको आलि साध लुहकिल दफे ऐं षेत मुरि ।२२ तस्को साध पूर्व बुढिवलिषोलाको डिल् साध र रैकर षेतको आलि साध लुहकिल दक्षिण नीज षोलसि र रैकर षेतको आलि साध लुहकिल पश्चिम उत्तर रैकर षेतको आलि साध लुहकिल दफे ऐं षेत मुरि ।१२ तस्को साध पुर्व रैकर षेतको आलि साध लुहकिल दक्षिण बुढिवलिषोल्सिको डिल् र रैकर षेतको आलि साध लुहकिल पश्चिम उत्तर रैकर षेतको आलि साध लुहकिल दफे देउपाटन् सोबाहाल षेत मुरि ।२।१८ तस्को साध पूर्व

---

[१५२] वि.सं. १९३६ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
श्रावण	११	शुक्र	षष्ठी	४।	१

पत्रमा श्रावणशुदि ६ रोज ३ भनी लेखिए तापनि श्रावणशुक्ल षष्ठीको दिन शुक्रवार पर्छ, मङ्गलवार पर्दैन ।

कोत्याले कमायाको रैकर बारिको डिल् साध लुहकिल पश्चिम उत्तर तेजवीर बाडाको बिर्त्ता षेतको आलि साध लुहकिल येति सबै सिवानाभित्र ज्मा षेत मुरि १।७७।८ यो बिर्त्ता कार्तिकशुदि १२ रोजमा संकल्प हुदा पानि हालन्या श्रीमद्राजकुमारकुमारात्मज श्रीजनरल बंविरविक्रम बहादुर राणा संकल्पवाक्य पढन्या ---१०--- मार्गवदि ३ रोजमा संकल्प हुदा वाक्य पढन्या ---१०--- पानि हालन्या श्रीमद्राजकुमारकुमारात्मज श्रीमेजर जनरल भैरवनरसिंह कुवर राणा यो संकल्प बिर्त्ता साध लाउन्या थरघर मक्रानन्द पाध्या बास्कोटय डंगोल ब्रह्मटेल बस्न्या भाजुवीर छ्याक कुलवन्त भीमनर सदरको सिपाहि माहाविर थापा वसिंडोलको सधियार द्वाऱ्या माष्टर बहादुर मोहिनाइक्या कालिदास् सधियार धर्मराज बस्न्यात् छेत्रि इन्द्रवीर बस्न्यात् छेत्रि भलादमि सूर्यमान भडारी रघुवीर राउत भ्यूंसिन् षत्रि चंपसिं अधिकारि लक्षिमन् पसल्या षड्गबहादुर बस्न्यात् चोभारको सधियार धीर्जविर लछिमन बलंबुको सधियार द्वाऱ्या हर्षवीर मोहिनाइक्या भीमनर पहलमान बुढाथोकि चामु बुढाथोकि कालु बुढाथोकि प्रतापसिं सधियार सोमान्सीं थापा ग्वाम्पा थापा देउपाटन्का सधीयार ज्मानसिं बिष्ट श्रीदत्त पाध्या ग्यानसंकर बीर्त्तवारतर्फबाट आउन्या षरिदार जानकिर(म)ण थपलिया सुबिदार दलसुर बस्न्यात् छेत्रि ज्मादार त्रिलोचन् रिजाल् सिपाहि भक्तवीर षड्का. बिर्त्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विनातक्सीर जबद नगर्नु. जसले यो संकल्प बिर्त्ता विनातक्सीर जफत गर्ला. यस श्लोकमा भन्याको पातकी होला ।।

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुंधराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।
स्वदत्तां द्विगुणं पुण्यं परदत्तानुपालनात् ।।
परदत्तापहारेण स्वदत्तां निष्फलं भवेत् ।।२।।
भूयो भूयो भाविनो भूमिपालान् नत्त्वा नत्त्वा याचते रामचन्द्रः ।।
सामान्योयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ।।३।।

इति सम्वत् १९३६ साल मिति भाद्रसुदि ८ रोज २[१५३] शुभम्

---

[१५३] वि.सं. १९३६ भाद्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
भाद्र	११	सोम	अष्टमी	९।	१७

मार्फत् श्रीश्रीश्रीमहाराज रणउदीपसिंह राणा बहादुर के सि यस आइ थोङ् लीन पिम्मा कोकाङ् वाङ् स्यान प्राइम्मिनीष्टर याण्ड कम्यांडर इन चीफ

मार्फत् कम्याण्डर इन चीफ जनरल धीरसम्सेर जङ्ग राणा बहादुर

मार्फत् चौतरिया रणसेर साह

मार्फत् गुरुप्रोहित षजांचि वामदेव पंडितज्यू

मार्फत् बिर्गेडियर कर्णैल रणसिं सिजापति छेत्रि

मार्फत कम्याडर कर्णैल (सनकसिंह) टंटन् लाहुरि छेत्रिः

मार्फत् चौतरिया केसरिजङ्ग साह

(१४२ सङ्ख्या)

श्रीजेठा गुरुमाज्यू

१

श्रीगुरुराज पंडीत श्रीलोकराज पंडीतज्यू

२

श्रीमाहिला रानि

४

कांछारानि

५

सेरनरसिंहबहादुर राणा

६

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीजनरलकेदारनरसिंहबहादुरराणाकस्य पत्रम्--------

आगे सहर काठमाडौ फसिकेवटेल बस्न्या ---१--- के र हामि ---३--- ले र हाम्रा ---४--- ---५--- ले र हामा छोरा नानि ---६--- ले १९३४ साल अश्विनसुदि १२ रोज ६[१५४] मा दिक्षा मंत्रका चतुर्थि गरिबक्सदा तपसिलबमोजीमका दरले

---

[१५४] वि.सं. १९३४ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला
कार्तिक	५	शुक्र	द्वादशी	५। ८

संकल्प भयाको भुमिदान षेत रोपनि ४ मा भर्ना १९२६ साल श्रावणवदि ११ रोजमा त्यौडटोलको क्वाछेननिको मोहिनाइके मानवीरसंग मोहरु ४०० मा फाछ्र्या गरि किनिलियाको इउडा षेत रोपनि ४ को लगापातस्मेतको कुत धान मुरि ८। घ्यूषानि मोहरु २ भयाको नीज षेत् १९३५ सालका बालिदेषि हजुर्मा दानपत्र गरि चढाञ्यूं. दानपत्रबमोजीम कुसबिर्त्ता जानि जगाको चलन गरि सालवसाल्का पोता तिरी आम्दानी हजुर्बाट र हजुर्का सन्तानले षानु. यो जगामा हाम्रो र हाम्रा संतानको लाग नास्ति भनि दानपत्रको दस्कत् गरि चह्राञ्यूं. येस बातका साछि सुब्बा बषत्बहादुर थापा क्षेत्रि लेफटेन् लेषमानसिं बस्न्यात् क्षेत्रि डिट्ठा बहादुरसिं सुबेदार वाणिविलास् पाध्या मुषिया चंडिकादास् लेषकसाछि षरिदार जानकिरमण थपलिया

तपासिल

असामि--------- षेत रोपनि धांन घ्यू मोहरु
हामिले ---३--- र हाम्रा छोरा ---६--- ले
---२--- लाइ षेत रोपनि ४ मध्ये रोपनि २।४।१
हाम्रा ---४--- ---५--- ले ---१--- लाइ षेत रोपनी ४ मध्ये रोपनि २।४।१
(इति सम्वत्)... पौषवदी ८ रोज ६ शुभ्म्----
(पछि लेखिएको)
मोहि नीज असामि पोता पैसा रु २ऽ।। धरंथलिपट्टी शुम्भ्-----

(१४३ सङ्ख्या)

स्वस्ति श्रीगिरीराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराज सुरेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्------

आगे श्रीगुरुराज पंडित धर्माधिकार श्रीद्विजराज पंडीतज्यूके ३५ साल मार्गशुदि ५[१५५] रोजका दिन श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज रणउद्दीपसिंह राणा बहादुर के सि यस् आइ थोङ् लिङ् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनीष्टर

---

[१५५] वि.सं. १९३५ मार्गशुक्ल

	गते	वार	तिथि	घडी	पला
मार्ग	१५	शुक्र	पञ्चमी	९।	१२

याण्ड कम्याण्डर इन चीफबाट चांदिका तुलादान गरिबक्सदा मोहरु ४०।।″।। मा उठति भयाका सुब्बा सोमनाथ पाध्या अर्ज्याल्का षान्गी षारेज भै सदर दफदरषानाका जगेरा पालचोक गाउ १८ मध्ये प्राइम्मिनीष्टरको वाजबी रु ९९३।.।।। को उठति रु १०१२‴।।।।३ मध्ये ६७३।।.।। मध्ये डबल्यांगाउ १ को ६०।″ मध्ये ढाक्र्याघरका कुरियाको उठति रु ३०।′ षरकको उठति रु १०।′।। ज्मा मोहरु ४०।।″।। भयाको जगा ३६ सालका बालिदेषि संकल्प बिर्त्ता गरिबक्सी सो जगा सांधसिवाना भै मेडबंदिस्मेत भैसकियाको छ. संकल्प बिर्त्ताको लालमोहर भयाको छैन. संकल्प बिर्त्ताको लालमोहर गरिबक्स्या हुदो हो भनि हजुरबाट श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज रणउद्दिप्सिंह राणा बहादुर के सि यस् आइ थोङ् लिङ् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइंमिनिष्टर यान्ड कम्यांडर इन चीफ र श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इन चीफ जनरल धीरसंसेरजं राणा बहादुरमार्फत् हाम्रा हजुरमा बिन्ति पार्नुहुदा जाहेर भयाको तसर्थ श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज रणउद्दिपसिंह राणा बहादुर के सि यस् आइ थोङ् लिङ् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम् मीनीष्टर यान्ड कम्यांडर इन चिफबाट ३५ साल मार्गसुदि ५ रोजका दिन चांदिका तुलादान हुदा गाउ १ संकल्प भयाको उठति मोहरु ४०।।″।। भयाका जगा सुब्बा सोमनाथ पाध्या अर्ज्यालका षान्गी षारेज भै सदर दफदरषानाका जगेरा पालचोक गाउ १८मध्ये प्राइम्मिनिष्टरको वाजबी रु ९९३।.।।। को उठति १०१२।।।‴।।३ मध्ये ढाक्र्या घर कुरियाको उठति रु ३०।′ षरकको उठति रु १०।′।। ज्मा मोरु ४०।।″।। भयाको सो डबल्यागाउ १ साल १९३६ का बालिदेषि हाम्रा वर्ष ४२ का उमेर हुदा संकल्प बिर्त्ता गरिबक्स्यौं. आफ्ना षातीरज्मासंग संकल्प बिर्त्ता जानि संतानदरसंतानपर्यन्त भोग गर्नुहोला. यो संकल्प बिर्त्ता साधसिवाना गर्न्या थरघर लक्ष्मीनाथ पाध्याले ३७ साल कार्तिकवदि १२ रोज ७[१५६] मा सहिछाप गरिदियाको मेडबंदिबमोजिम्को साध पालचोक डबल्यागाउमध्ये मोहरु ४०।।″।। उठति भयाको जगाको साध क्षेत्रि गाउघर ११ तस्को साध पूर्व भुपाल मिझारको देवीथानको काचो वन पुछार डील चेपट्या

---

[१५६] वि.सं. १९३७ कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
कार्तिक	१६	शनैश्चर	द्वादशी	४६। ७

(वीरपुस्तकालय चौथो २९३७ सङ्ख्यामा रहेको पात्रोबाट)

ढुंगा साध लुहकिल दक्षिण हर्कबहादुर थापाको काफलका रुषको षोल्सी नीजका बारि पुछार चिलाउन्याको रुष साध लुहकिल पश्चिम् महेलका रुष चिलाउन्याका रुष भुपालको डोके षेतको आलि डील साध लुहकिल उत्तर ढाक्र्या पध्येरा आरुबोट्याको षोल्सी तेर्सो बाटो सिंघरामको बारिको डील नीज भुपालको डोक्या षेतको डोबाटो पधेंरो षोल्सी लप्सीको रुष साध लुहकिल नीज डबल्यांमध्ये मनवीरको घट्ट र सार्कि घट् जसराजका घरको साध पूर्व अधेरि षोलो साध लुहकिल दक्षिण भैरिषोरको फेदि सानु पैराको दोभान भुपालको बिह्रौटो षेतका डील साध लुहकिल अवलाको रुष पेरेकीलो पश्चिम् जसराज थापाको बारि पुछारको सल्लो चिलाउन्याको रुष देउरालि षोल्सी साध लुहकिल उत्तर भेडिषोरको पहरो टंदल थापाको बारि डीलको पट्वनको साध लुहकिल ऐं डबल्यामध्ये सुमान्सीं घर्तिषरक कासिनाथका षरक धनराज थापाको घर रन्जीत गिरिको षरक गुरुप्रसाद गिरीको षरक हर्ष मुगतान्को घर साध पुर्व वष्रेनि षोल्सी नीज घर्तिको बारिको पुछार साध लुहकिल दक्षिण मिद्दलको रुष चिलाउन्याको रुष साध लुहकिल पश्चिम् देउरालि षोल्सीको सिह्रान् डाडाको पानि वल्लो धनराज थापाको बारिको सिह्रान् साध लुहकिल उत्तर गुरुप्रसाद गिरिको षोल्सी कालु लामाका षायलको थुंकि साध लुहकिल ऐंमध्ये इछ्याराम षऱ्याल लाट्या कार्कि छेत्रि हिरा गिरिका षरकको पूर्व देउरालि षोल्सी साध लुहकिल दक्षिण अधेरि षोल्सी साध लुहकिल पश्चिम् हिरा गिरिका सुवाराका उत्तर षोल्सी मेहेल्का रुष साध लुहकिल उत्तर च्याहानडाडा साध लुहकिल ऐंमध्ये हर्कसिं षडकाको षरक अइवर्ण बिष्ट क्षत्रिका पूर्व च्याहानषोल्सी साध लुहकिल दक्षिण च्याहानषोल्सी अर्जुन थापाको लोस्याको सिह्रान् बाभ्को चौरको थुंकि साध लुहकिल पश्चिम् राम कार्किको सुवारोको पुछार साध लुहकिल उत्तर सिंषोल्सी पेट्याकिलो भुपाल्को किपटका डील साध लुहकिल ऐंमध्ये ज्मान्सीं घर्तिको घर १ धनेसिं घर्तिको घर १ को साध पूर्व षऱ्याषोलो साध लुहकिल दक्षिण नीज पैदोषोलो र भवनाथका बिर्त्ता साध लुहकिल पश्चिम् चिलाउन्या स्वाराको पल्लो छेउको काल्हो भुपालको काचो वनको डील साध लुहकिल उत्तर बाभ्को षेतको डील सुनडुंगाको षोल्सी डाडा षेतका डील काफलका रुष साध लुहकिल् ऐंमध्ये दुवल् पाध्याका घर १ को साध पुर्व ज्मानसिं लामाको डोके षेतको डील दौलतसिं गौरुंको डोके बारिको डिल साध लुहकिल दक्षिण दौलतसिंका रैकर षेत र नीज ज्मानसिंको डोके षेतको डील साध लुहकिल पश्चिम् नीज दुवल पाध्याको रैकर षेत र भडालषोलाको डील साध लुहकिल उत्तर दौलतसिंको

डोकेबारि तेर्सो गल्लि भडारषोला डील साध लुहकिल ऐंमध्ये प्रिथ्याको घर स्याल् दोर्ज्याको घर पुर्व काढेषोल्सि नीज भुपालको किपट साध लुहकिल दक्षिण लोते मुगतानको डोके बारि र गल्लि साध लुहकिल् पश्चिं डोबाटो र दौलतसिंको बारि डील साध लुहकिल उत्तर मिझारको किपट् बारिको डिल् साध लुहकिल नीजमध्ये अर्जुन थापाको सुवार हर्षबहादुर थापाको सुवार १ विरु बस्न्यात्का सुवार १ जितारामको षायेल १ जितमान् लामाको षायेल १ को साध पुर्व ष्याषोलो मेहेलको रुष साध लुहकिल दक्षिण ष्याषोल्सी भुपालको किपट् काचो वन् साध लुहकिल उत्तर भुपालको किपट् कर्मिषोलो काफल्को रुष साध लुहकिल ऐंमध्ये लिकस्वारोको साध पूर्व भुपालको षरषको डिल् साध लुहकिल पश्चिम् नीजको बारि डील साध उत्तर नीजका बारि डील साध लुहकिल दक्षिण निज किपट् बारि डील साध लुहकिल ऐंमध्ये सुनासिं लामास्मेत्को षरष ३ को पूर्व ऐं बारि डिल् साध लुहकिल दक्षिण भुपाल्को किपट्को डिल् साध लुहकिल पश्चिम् नीज किपट् साध लुहकिल उत्तर चिलाउन्याको रुष किपट् वन साध लुहकिल ऐं अर्जुन थापाको सुवारो १ को साध पूर्व नीजको रैकर षेतको डील उतिस्का रुष साध लुहकिल दक्षिन आरुबोट्याको षोल्सी डील साध लुहकिल पश्चिम भुपालको किपूट सानो चिलाउन्याको रुष साध लुहकिल उत्तर नीज षेतका डील साध लुहकिल ऐंमध्ये रामु कार्किको घर १ को साध पूर्व तेर्सो बाटेमुनि मेहलको रुष साध लुहकिल दक्षिण पानिगौडो साध लुहकिल पश्चिम् चिलाउन्याको रुष साध लुहकिल उत्तर करास्याषोल्सी साध लुहकिल ऐंमध्ये दुवल पाध्याको फर्क्या षरक १ को पूर्व काफल रुष साध लुहकिल दक्षिण ठाडो बाटे साध लुहकिल पश्चिम् ज्मानसिं लामाको डोके षेतको डील साध लुहकिल उत्तर तेर्सो बाटेमुनिको चिलाउन्याको रुष डिल् साध लुहकिल ऐंमध्ये जबऱ्या सार्किको षरष अर्जुन थापाको घट्ट साध पूर्व अधेरीको डील साध लुहकिल दक्षिण नीज अधेरि र सुनषानिका कुलाको डील साध लुहकिल पश्चिम् भुपाल्को किपट् साध लुहकिल उत्तर नीजको किपट् साध लुहकिल नीज मोहरु ४०॥"॥ को जगा साधसिवाना गऱ्या थरघर लक्ष्मीनाथ पाध्या लामिछान्या ब्रह्मटोल बस्न्या भाजुमान डगोल मजादेवल् बस्न्या चिगढी डंगोल देवनारान् सिपाहि केसर थापा मगर भलादमि द्वाऱ्या ज्मान्सीं कार्कि क्षेत्रि १ मिझार भुपाल १ गौरुं दौलतसिं लामा १ ज्मानसिं लामा १ रंजित गिरिं १ गुरुप्रसाद गिरि १ कासिनाथ वली १ सुभान्सिं घर्ति १ इक्षाराम ष्याल् १ हिरा गिरी १ अइवर्ण बिष्ट क्षेत्री १ कहर्सिं षडका क्षेत्रि १ अरिमर्दन षडका क्षेत्रि १ तुलाराम

षडका क्षेत्रि १ रघुविर थापा क्षेत्रि १ अर्जुन थापा क्षेत्रि १ दुवल पाध्या ढुंगाना १ कर्नबहादुर थापा क्षेत्रि १ रामु कार्कि क्षेत्रि १ जगत्बहादुर पंथ क्षेत्रि १ बिरु बस्न्यात् क्षेत्रि १ भोटु थापा क्षेत्रि १ हर्षबहादुर थापा क्षेत्रि १ जसराज थापा क्षेत्रि १ जीतराम लामा १ बिर्त्तवारतर्फबाट आउन्या ज्मादार त्रिलोचन रिजाल् सिपाहि पहल्सीं घर्ति १

स्वदत्ताम्परदत्ताम्वा यो हरेद्वै वसुन्धरां ॥
षष्टिवर्षसहश्राणी विष्टयां जायते कृमि ॥१॥

इति सम्वत् १९३७ साल मिति पौषसुदि ११ रोज ३[१५७] शुभम्---

मार्फत् श्रीश्रीश्रीमहाराज रणोददीपसिंह राणा बहादुर के सि येस् आइ थोङ् लिङ् पिम्मा कोकाङ् वाङ् स्यान् प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ

मार्फत् कम्यांडर इन चीफ जनरल धीरसंसेर जङ्ग राणा बहादुर १

मार्फत् श्रीजगत्जङ्ग बहादुर राण १

मार्फत् चौतरिया केशरिजङ्गपराक्रम साह १

(मा)र्फत् गुरुप्रोहित (अ)म्बरराज पंडीत(ज्यू) १

(मा)र्फत् गुरुप्रोहित (षजां)चि वामदेव पंडी(तज्यू) १

(मा)र्फत चौतरिया रण... साह १

(मा)र्फत् बिर्गेडीयेर कर्णै(ल र)णसिंह सिजापति (ष)त्रि १

(१४४ सङ्ख्या)

श्रीसम्वत् १९३८ साल मार्गवदि ९ रोज ३[१५८] तद्दिने लिषितं धनिकनाम श्रीगुरुराज पंडीत धर्माधिकार श्रीद्विजराज पंडीतज्यू रिणिकनाम अघि पसांषेल हाल्

---

[१५७] वि.सं. १९०६ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
पौक्ष	२९	मङ्गल	एकादशी	३। ५५

(वीरपुस्तकालयको ऐ. सङ्ख्याको पात्रोबाट)

[१५८] वि.सं. १९३८ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
मार्ग	२	मङ्गल	नवमी	३०। ४

गजुरि तालति बस्न्या कासिनाथ जैसि उप्रेति गत चादिका मोहर रुपैया अठचालिस सय यक ४८०१ कर्जा लिञा. हाम्रा किनुवा बिर्त्ता डढुवा भीमसेन ढाड षेत मुरि ।८८मध्ये मेरि दिदिलाइ दातव्य दियाको ।४० बाकी षेत ।४८ र मैधी नलां षेत २।४८ को हडिक रामनाथ सदानन्द सिवंकर रिजाललाइ तमसुकी तिर्नाके ४००१ घरषर्चके ८०० हुन्. येस रुपैयाको धितो सोहि नी षनीयाको भिमसिन ढाड षेत ।४८ नलाङ् षेत २। तस्को लिग पाषो ।४०स्मेत् ज्मा षेत २।४८ पाषो ।४० लेषिदिञा. भाका आजका सुर्यभरमा र पैया तिरि जग निषनिलिउला सुर्यभरमा रुपैया बुझायेनौ भन्या सो षेत २।४८ पाषो ।४० स्मेत् येसै मोलमा सुकृ बिकृ फरि फाछर्या भयो. श्री ५ सर्कारमा बक्साइ सुकृ बिकृको लालमोहर गराइलिबक्सनु. किंन्याको जगा पाको बेचन्याको दाम पाको. यस जगामा कसैले मेरो अंस ज्यूनी हडीक छ भनि केहि कल झगडा आयो भन्या म बुझाउला भनि मेरा मनोमान षुसिराजीसंग अलिपत्र लेषि सो जगा किन्दा हामीले लेषाइलियाको फाछर्या हराउदा हाम्रा दाता वाणिविलास पंडीतका नाउको नलाङ् षेत पाषाको तावापत्र १ हाम्रा बाबाका नाउमा भयाको भिमसेन ढाड षेतको सुकृ बिकृको लालमोहर १ हडिक तिरेको फट्टा तमसुक १ भाका पत्र चिठि २ स्मेत साहु श्रीगुरुराज पंडीत धर्माधिकार श्रीद्विजराज पंडीतज्यूका हजुर्मा चह्राञा. यस बातका साछि छोरा षड्गसिं उप्रेति क्षेत्रि हरिप्रसाद उप्रेति अंतर साछि डिट्ठा भैरवसिं क्षेत्रि त्रिलोचन रिजाल कप्तान् पद्मदेव पंत यककृष्णविलास पंडीत सुबेदार प्राणनाथ थपलिया लेषक साछि षरिदार सिद्धिलाल मिति सदर शुभ्म्---

(१४५ सङ्ख्या)

(श्रीसम्व)त् १९३९ साल मिति चैत्रवदि ८ रोज १ तद्दिने लिषि(तं ध)नीक नाम श्रीगुरुराज पंडित धर्माधिकार श्रीद्विजराज पंडितज्यू धनबेहोरीनिक नाम दाङमै बस्न्या हरिदत्त ... चादिका मोहर रुपैञा चार सय साढे बहत्तर ....केपि ४७२।। कर्जा लिया बापत अघिका हंदिकसा तिर्नाके र घरषर्च गर्नास्मेत्के लियाको हो. यस रुपैञा... को धितो २४ साल ज्येष्ठसुदि १५ रोज २ का दिन अन्न(पू)र्ण लोह्यानिले लघुरुद्रि गर्दा मेरा ब्राह्मणि हरिप्रि(या) लाइ दान गरिदियाको जगामध्ये बलंबु सेरो षेत मु... ।१० को कुत धान ३।१८ गहु ।९ घ्यू मोहरु ।। भयाको ... षि चह्राञा. भाषा आजका दिन ३५ मा रुपैञा तिरि ज... निषनि लैजाउला सो भाषामा रुपैञा तिर्न

सकेनौ ... सो षेत फरिफाक्ष्र्या भयो श्री ५ सर्कारमा बक्सा... सुक्रिबिक्रिको लालमोहर गराइलिबक्सनु यस जगा... कसैको ज्यूनि पेठिया रैकर ठहरि र अरू केहि कु... साहुले जगा भोगचलं गर्नु पायेन भन्या सावा ब्या(ज)बुझाउला भनि सो जगाको दानपत्र थान १ ... चह्राइ मेरा मनोमानसंग फाछ्र्यापत्र लेषि नीज साहुका हजुर्मा चह्राञा. यस पत्रका साछि मेरा दज्यू ...दत्त पाडे सुबेदार प्राणनाथ थपलिया सुबेदार दलविर राउत क्षेत्रि. लेषक ललितमान जोसि शुभम्----

(१४६ सङ्ख्या)

स्वस्ति श्रीगिरिराज्येत्यादि श्री ५ कान्छामैञादीपकुमारीदेविकस्य रुक्का-----

आगे श्रीगुरुराज पंडीत श्रीलोकनाथ(राज) पंडीतज्यूके सम्वत् १९३९ साल आषाडसुदि ६ रोजका दिन हाम्रा श्रीसासुज्यू श्री ५ बडा कान्छा महारानिलाई आराम नभै श्रीपशुपति आर्ज्याघाट्मा चलाउदा नीज श्रीसासुज्यू श्री ५ बडा कान्छा महारानिबाट दशदानमा संकल्प गरिबक्स्याको नीजका अंसको काठमाडौ हिटिचोक सेरा षेत्मध्ये काठमाडौ बाहाफल सेराका तपसीलबमोजीमको मोहिहरुले कमायाका षेत १। सम्वत् १९३९ सालका वर्ष्या बालिदेषि हजुरलाइ बिर्त्ता गरि सनद गरिबक्स्यौं. आफ्ना षातिरज्मासंग बिर्त्ता जानी भोग्य गरिबक्सनुहवस्. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढन्या प्रोहित लक्ष्मीकान्त भट्टराइ पानि हालन्या श्रीमद्राजकुमारकुमारात्मज श्रीजनरल वीरसंसेर जङ्ग राणा बहादुर दाज्यैज्यू

तपसिल

काठमाडौं वाहाफल सेराषेत्			१	
असामि	षेत्	चावल	गहु	घ्यू
ढोलषा				
सुंदर	।२१	५।५	१।६।२	१।।″।
पलसिं ।१६।१०मध्ये	।११	२।१५	।१३।६	।।′।।
बाहाफल				
भवानसिं	।८	२।	१०	।।″
सिरीमान	।२४	६।	१।१०	१।।।″

सिवधन	।२०	५।	१।५	१।।′
धंथकुं	।१६	४।	१।	१।
	१।	२५.।	६।५।	.७।।′

इति सम्वत् १९४० साल मिति वैसाषसुदि १४ रोज २[१५९] शुभ्म्

(१४७ सङ्ख्या)

श्रीगुरुराज पंडित श्रीलोकराज पंडितज्यू
१
श्रीगुरुराज पंडित श्रीभीमराज पंडितज्यू
२
श्रीगुरुराज पंडित श्रीकुवलयराज पंडितज्यू
३
श्रीगुरुराज पंडित श्रीतर्कराज पंडितज्यू
४
श्री ३ महाराज जङ्गबहादुर राणा
५
श्रीइष्टदेवता
६
श्रीकुलदेवता
७

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीपश्चिमतर्फका कम्याण्डिङ् जनरल जीतजङ्ग बहादुरराणाकस्य पत्रम् १ श्रीपूर्वतर्फका कम्यांडिङ् जनरल पद्मजङ्ग बहादुर राणा २ श्रीदक्षिणतर्फका कम्यांडिङ् जनरल रणवीरजङ्ग बहादुर राणा ३ श्रीउत्तरतर्फका कम्यांडिङ् जनरल जुद्धप्रतापजङ्ग बहादुर राणा ४ श्रीजनरल केदारनरसिं राणा ५ श्रीजनरल

---

[१५९] वि.सं. १९४० वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	९	सोम	चतुर्दशी	२।	५८

वीरसंसेर जङ्ग राणा ६ श्रीजनरल अम्मरजङ्ग राणा ७ श्रीजनरल ध्वजनर्सिंह राणा ८ श्रीलेफ्टेन्ट जनरल खड्ग सम्सेर जङ्ग राणा ९ श्रीमेजर जनरल भुपेन्द्रजङ्ग राणा १० श्रीमेजर जनरल रणसम्सेर जङ्ग राणा ११ श्रीमेजर जनरल देवसम्सेर जङ्ग राणा १२ श्रीमेजर जनरल चन्द्रसंसेर जङ्ग राणा १३ श्रीमेजर जनरल भीमसम्सेर जङ्ग राणा १४ श्रीकर्णैल फत्यसम्सेर जङ्ग राणा १५ श्रीकर्णैल ललितसम्सेर जङ्ग राणा १६ श्रीकर्णैल जीतसम्सेर जङ्ग राणा १७ श्रीकर्णैल जुद्धसम्सेर जङ्ग राणा १८ श्रीमेजर जनरल भैरवनरसिंह राणा १९ श्रीमेजर जनरल यक्षविक्रम बहादुर राणा २० श्रीमेजर जनरल जुद्धजङ्ग बहादुर राणा २१ श्रीमेजर जनरल ललीतजङ्ग बहादुर राणा २२ श्रीलेफ्टेन्ट कर्णैल हर्षजङ्ग बहादुर राणा २३ श्रीमेजर जनरल डम्बरजङ्ग बहादुर राणा २४ श्रीमेजर जनरल वीरजङ्ग बहादुर राणा २५ श्रीकर्णैल सेरनर्सिंह राणा २६ श्रीकर्णैल छत्रविक्रम बहादुर राणा २७ श्रीलेफ्टेन्ट् कर्णैल डम्बर संसेर जङ्ग राणा २८ श्रीमेजर कप्तान् पूर्णसम्सेर जङ्ग राणा २९ श्रीमेजर कप्तान् सेरसम्सेर जङ्ग राणा ३० श्रीमेजर कप्तान् खम्बसम्सेर जङ्ग राणा ३१ श्रीमेजर कप्तान् यदुसम्सेर जङ्ग राणा ३२ श्रीमेजर कप्तान् दुर्गासम्सेर जङ्ग कुवर राणा ३३ श्रीमेजर कप्तान् हर्षसम्सेर जङ्ग राणा ३४ श्रीलेफ्टेन् कर्णैल धनप्रताप जङ्ग राणा ३५ श्रीप्रथमजङ्ग बहादुर राणा ३६ श्रीलक्ष्मीजङ्ग बहादुर राणा ३७ श्रीकर्णैल सुरथजङ्ग राणा ३८ श्रीलेफ्टेन्ट कर्णैल प्रेमजङ्ग राणा ३९ श्रीलेफ्टेन्ट कर्णैल फत्यबहादुर राणा ४० श्रीलेफ्टेन्ट कर्णैल मीन बहादुर राणा ४१ श्रीलेफ्टेन्ट कर्णैल विश्वबहादूर राणा ४३ श्रीलेफ्टेन्ट कर्णैल उपेन्द्रविक्रम राणा ४४ श्रीलेफ्टेन्ट कर्णैल बहादुरजङ्ग राणा ४५ श्रीमेजर कप्तान देवविक्रम राणा ४६ श्रीलेफ्टेन्ट कर्णैल हरिविक्रम राणा ४७ श्रीलेफ्टेन्ट कर्णैल पूर्णविक्रमबहादुर राणा ४८ श्रीमेजर कप्तान चोलविक्रमबहादुर राणा ४९ श्रीमेजर कप्तान शुभविक्रम बहादुर राणा ५० श्रीलेफ्टेन्ट कर्णैल कुमारनरसिंह राणा ५१ श्रीलेफ्टेन्ट कर्णैल किसोनर्सिंह राणा ५२ श्रीलेफ्टेन्ट कर्णैल अमीरनसिंह राणा ५३ श्रीकर्णैल कुलविक्रमधोज राणा ५४ श्रीमेजर कप्तान विरविक्रमधोज राणा ५५ श्रीमेजर कप्तान कृतिन्द्रविक्रमबहादुर राणा ५६ श्रीमेजर कप्तान इन्द्रविक्रम बहादुर राणा ५७ श्रीकप्तान मीनविक्रमबहादुर राणा ५८ श्रीसोमविक्रमबहादुर राण ५९ श्रीअंविक्रमबहादुर राणा ६० श्रीजोगविक्रमबहादुर राणा ६१ श्रीमेजर कप्तान महिन्द्रबहादुर राणा ६२ श्रीमेजर कप्तान मानबहादुर राणा ६३ श्रीकप्तान इन्द्रधोज राणा ६४ श्रीकप्तान टीकाबहादुर राणा ६५ श्रीकप्तान भैरवबहादुरराणाकस्य पत्रम्------

आगे ---१--- ---२--- ---३--- ---४--- को हाम्रा कुलमा विवाहिता अविवाहिता स्वास्नि तेसतर्फबाट जन्म्याका छोरा तिनका विवाहिता अविवाहिता स्वास्निहरुमध्ये १ जना छोरालाइ मात्र अधिकारिखलकले दीक्षा मंत्र मात्र सुनाउनु. १ जना छोरालाइ मात्र सत्यालखलकले गायत्रि मंत्र मात्र सुनाउनु. ञाहादेखि बढता जतिसुकै स्वास्नि छोरा बुहारि भया पनि हजूरहरुले र हजुरहरुका सन्तानले गायत्रि दीक्षा मन्त्र सुनाउनु. १ जना छोरा मात्र भयो भन्या हजुररुहरुले र हजुरहरुका सन्तानले मात्र गायत्रि दिक्षा सुनाउनु. सत्याल अधिकारि षलकले नसुनाउनु. यहि थितिबमोजीम हाम्रा संतानदरसन्तान पुस्तापिछे हजुरहरुका संतानदरसंतानले र सत्याल अधिकारि खलकले सुनाउनु. यस्मा जसले अन्याय गर्ला. पंच महापातक लाग्ला. आफ्ना आफ्ना भागभन्दा बढता मिचन्याबाट भाग मिचन्यालाइ १ जजमानको २ जजमान आफ्ना आफ्ना भागबाट भर्ना नहुनज्याल सनदबमोजीम आफ्ना भागका जजमानलाइ मंत्र सुनाउनु. हजुरहरुले र अधिकारि सत्यालले हुन्याछैन. मंत्र सुनाउदा पुरुषजातलाइ पुरुषजातले स्त्रिजातलाइ स्त्री जातिले सुनाउनु भंन्या बन्देज बाधि सम्वत् १९११ साल वैसाषवदि १० रोजमा र १९२० साल श्रावणसुदि १० रोज २ मा ---५--- बाट गरिबक्स्याका सनदको धर्म थामि सम्वत् १९४१ साल वैसाषसुदि १५ रोज ७ का देबालि पूजामा पांचायनमा ---६--- ---७--- का सामान्ये यो धर्मपत्र लेषि चढाञ्यू. पांचायनमा धर्म भाक्याबमोजीम्का रोलमा षलल हुन्या कुरो नगरुनज्याल र हाम्रा कुलमा स्त्री गैह्रसित व्यभिचार नगरुनज्याल अघिका मुखत्यार षलकलाइ मंत्र नसुनाउनज्यालसम्मलाइ योधर्म पत्र रहला. पाञ्चायनमा धर्म क्याबमोजीमका रोलमा षलल हुन्या कुरो भयो भन्या र हाम्रा कुलमा स्त्री गैह्रसित व्यभिचार भयो अघिका मुखत्यार षलकलाइ मंत्र सुनाउनुभयो भन्या जसले गर्ला. गर्न्यासित बोधर्म रहन्याछैन औ दरबारमा र हाम्रा घरमा ब्राह्मण गैह्र देसि पर्देसि यो हाल्दार बिदा गराउदा रोकबमोजीमका हजुहरुका संतानदरसंतानले गर्नु. अरुले गर्‍यो भन्या जरिवाना होला.

इति सम्वत् १९४१ साल वैसाषसुदि १५ रोज ७[160] शुभ्म्---

---

[160] वि.सं. १९४१ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी पला
वैशाख	३०	बृहस्पति	पूर्णिमा	७। ४६

(१४८ सङ्ख्या)

श्रीशिवनारायण द्विजराजेश्वर

१

स्वस्ति श्रीगुरुराजपंडितधर्माधिकारश्रीद्विजराजपडितज्यूकस्य पत्रम्-----

आगे ४१ साल वैसाषसुदि १३ रोज[१६१] का दिन देउपाटन्का हाम्रा घरका बघैचामा हामिबाट स्थापना गर्‍याका ---१--- का तपसिलबमोजीमका षर्चके हामिले ४० सालका बालिलाइ हरिदत्त पाडेसग षरिद गरेको बलंबु सेरा षेत मुरि ।१० उठति मोहरु १७।. भयाको जगा गुठि चह्राञ्यूं. सो षेत मुरि ।१० को सालवसालका पैदावारले ---१--- का तपसिलबमोजीम्को षर्च पुजाहारिले बुझिलि तपसिलका कामकामको षर्च गर्नु भंन्या बन्देज गरि गुठिको दानपत्र लेषि ---१--- प्रीति गरि चह्राञ्यूं. यस्मा जसले लोभानिपापानि गर्ला. तसलाइ यस श्लोकमा भन्याको पातक लागला.

स्वदत्ताम्परदत्तां वा यो हरेद्वै वसुन्धराम् ।।
षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमि ।।१।।

तपसिल

आम्दानि ज्मा मोहर रुपैञा -------- १७।
नित्य पूजाके रोज १ को दर पैरुले ज्मा पैरु २२।। के
२५ गंडिका दरले मोहरु -------- १४।‴।।
वर्षबन्धन्के मोहरु १।।″
पूजाकि ।।.
रुद्रिआवर्ति ११ के ।।.
विष्णुसहस्रनामआवर्ति १ के ′।।
सिवरात्रिके मोहरु ″

---

[१६१] वि.सं. १९४१ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी पला
वैशाख	२७	बुध	त्रयोदशी	५९। २

पूजाके ।।.
रुद्रि आवर्ति ११ के ।।
कार्तिकसुदि १४ रोजका दिना के मोहरु १″
पूजाके ।
दीपमाला के ।।
रुद्रि आवर्ति ११ के ।।
कार्तिकसुदि १४ रोजका दिनके माहेरु १″
पूजाके ″
दीपमालाके---।।
रुद्रि आवर्ति ११ के ---।।

इति सम्वत् १९४१ साल मिति ज्येष्ठसुदि ८ रोज १[१६२] शुभम्

(१४९ सङ्ख्या)

श्रीगुरुराज पंडित श्रीलोकराज पंडितज्यू
१
श्रीगुरुराज पण्डित श्रीभीमराज पंडितज्यू
२
श्रीगुरुराज पण्डित श्रीकुवलयराज पंडितज्यू
३
श्रीगुरुराज पंडित श्रीतर्कराज पंडितज्यू
४
श्री ५ सर्कार
५
श्रीगुरुराज पंडित धर्माधिकार विजयराज पंडित
६

---

[१६२] वि.सं. १९४१ ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	२१	आदित्य	अष्टमी	२४। २७

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इन चिफ जनरल धीरसम्सेर जङ्ग राणा बहादुरकस्य पत्रम्

८

श्रीकम्यांडर इन चिफ जनरल बद्रिनसिंह राणा बहादुर

९

श्रीकम्यांडर इन चिफ जगत्सम्सेर जङ्ग राणा बहादुर

१०

श्री ३ कान्छी महारानि

११

श्री ३ रानिसाहेब

१२

स्वस्ति श्रीमद्दतिप्रचण्डभूजदण्डेत्यादिश्रीश्रीश्रीमहाराजे रणउददिप्सींह बहादुर के सि यस् आइ थोङ् लिङ् पिम्मा कोकाङ वाङ् स्यान् प्राइम्मिनिष्टर याण्ड कम्यांडरु इन चीफकस्य रुक्का·····१

श्रीपश्चिमतर्फका कम्यांडिङ् जनरल जितजङ्ग बहादुर राणा ३ श्रीपूर्वतर्फको कम्यांडिङ् जनरल पद्म जङ्ग बहादुर राणा ४ श्रीदक्षिणतर्फका कम्यांडिङ् जनरल रणवीरजङ्ग बहादुर राणा ५ श्रीउत्तरतर्फका कम्यांडिङ् जनरल जुद्धप्रतापजङ्ग राणा बहादुर ६ श्रीजनरल बषतजङ्ग राणा ७ श्रीजनरल केदारनर्सिंह राणा बहादुर ८ श्रीजनरल वीर सम्सेर जङ्ग राणा बहादुर ९ श्रीजनरल धोज नर्सिंहराणा बहादुर ११ श्रीलेफटेन्ट जनरल खड्गसम्सेर जङ्ग राणा १२ श्रीलेफटेन्ट जनरल भुपेन्द्रजङ्ग राणा १३ श्रीलेफ्टेन्ट जनरल रणसम्सेर जङ्ग राणा १४ श्रीमेजर जनरल देवसम्सेर जङ्ग राणा १५ श्रीमेजर जनरल चन्द्रसम्सेर जङ्ग राणा १६ श्रीमेजर जनरल भीमसम्सेर जङ्ग राणा १७ श्रीमेजर जनरल डम्बरजङ्ग बहादुर राणा १८ श्रीमेजर जनरल जुद्धजङ्ग बहादुर राणा १९ श्रीमेजर जनरल ललितजङ्गबहादुर राणा २० श्रीमेजर जनरल वीरजङ्गबहादुर राणा २१ श्रीमेजर जनरल भैरवनर्सिंह राणा २२ श्रीमेजर जनरल यक्षविक्रमबहादुर राणा २३ श्रीकम्यांडर कर्णैल तेजबहादुर राणा २४ श्रीकर्णैल फत्यसम्सेर जङ्ग राणा २५ श्रीकर्णैल ललितसम्सेर जङ्ग राणा २६ श्रीकर्णैल जीतसम्सेर जङ्ग राणा २७ श्रीकर्णैल जुद्धसम्सेर जङ्ग राणा २८ श्रीकर्णैल कुलविक्रंधोज राणा २९ श्रीकर्णैल सुरथजङ्ग राणा ३० श्रीलेफ्टेन्ट कर्णैल कीसोनसिंह राणा ३१ श्रीलेफ्टेन्ट

कर्णैल कुमारनर्सिंह राणा ३२ श्रीलेफ्टेन्ट कर्णैल अमीरनर्सिंह राणा ३३ श्रीलेफ्टेन्ट कर्णैल प्रेमजङ्ग राणा ३४ श्रीलेफ्टेन्ट कर्णैल उपेन्द्रविक्रमधोज राणा ३५ श्रीलेफ्टेन्ट कर्णैल फत्येबहादुर राणा ३६ श्रीलेफ्टेन्ट कर्णैल मीनबहादुर राणा ३७ श्रीलेफ्टेन कर्णैल विश्व बहादुर राणा ३८ श्रीलेफ्टेन्ट कर्णैल हर्षजङ्ग राणा ३९ श्रीलेफ्टेन्ट कर्णैल पूर्णविक्रमबहादुर राणा ४० श्रीलेफ्टेन्ट कर्णैल बहादुरजङ्ग राणा ४१ श्रीलेफ्टेन्ट कर्णैल बहादुर सेरनर्सिंह राणा ४२ श्रीलेफ्टेन्ट कर्णैल छेत्रविक्रम्बहादुर राणा ४३ श्रीलेफ्टेन्ट कर्णैल हरिविक्रम राणा ४४ श्रीलेफ्टेन्ट कर्णैल सम्सेरविक्रमजङ्ग राणा ४५ श्रीलेफ्टेन्ट कर्णैल पुन्य प्रतापजङ्ग राणा ४६ श्रीलेफ्टेन्ट कर्णैल धनप्रतापजङ्ग राणा ४७ श्रीलेफ्टेन्ट कर्णैल डम्बरसम्सेर जङ्ग राणा ४८ श्रीमेजर कप्तान पुर्णसम्सेर जङ्ग राणा ४९ मेजर कप्तान् सेरजङ्ग राणा ५० श्रीमेजर कप्तान हर्षसम्सेर जङ्ग राणा ५१ श्रीमेजर कप्तान् खम्ब सम्सेर जङ्ग राणा ५२ श्रीमजेर कप्तान यदुसम्सेर जङ्ग राणा ५३ श्रीमेजर कप्तान दुर्गासम्सेर जङ्ग राणा ५४ श्रीमेजर कप्तान महीन्द्रबहादुर राणा ५५ श्रीमेजर कप्तान देववीक्रम राणा ५६ श्रीमेजर कप्तान बोलविक्रमबहादुर राणा ५७ श्रीमेजर कप्तान वीरविक्रमधोज राणा ५८ श्रीमेजर कप्तान सुभविक्रम राणा ५९ श्रीमेजर कप्तान कीतिन्द्रविक्रमबहादुर राणा ६० श्रीमेजर कप्तान इन्द्रविक्रमबहादुर राणा ६१ श्रीमेजर कप्तान मानबहादुर राणा ६२ श्रीकप्तान इन्द्रधोज राणा ६३ श्रीकप्तान (मीन)विक्रमबहादुर राणा ६४ श्रीकप्तान् टीकाबहादुर राणा ६५ श्रीकप्तान् भैरवबहादुर राणा ६६ श्रीकप्तान कुंजरजं बहादूर राणा ६७ श्रीकप्तान् प्रथमजङ्गबहादुर राणा ६८ श्रीसोमवीक्रमबहादूर राणा ७० श्रीअंवीक्रमबहादुर राणा ७१ श्रीजोगविक्रमबहादुर राणाकस्य पत्रम् ---------७२

आगे ---१--- ---२--- ---३--- ---४--- हरुके १९११।२० सालमा हामि राणाजी गैह्रका घरको गुरुपञ्ची्को थितीको सनद गरि बक्स्यापछि पनी आफ्नाआफ्ना सनदका भाग पुग्यापछिको पनी तपसीलमा लेषिया आधिकारी सत्याल षलकले तपसीलमा लेषियाको जजमानका घरमा तपसीलमा लेषियाका जजमान जना ६३ लाइ आफ्ना गोदमा सत्यालले सनद राषि र अधिकारीले हाम्रा सनद र सत्यालको सनद भयाको जानिजानि हाम्रा सनदले नपाउन्या जजमान मीचि गायत्री दीक्ष्या सुनाया अैनबमोजीम् निसाफ गरि पाउ भनि ---१--- ---२--- ---३--- ---४--- बाट हामीहरुका हजुरमा बिन्तिपत्र चह्राई बिन्ती पार्दा अधिकारि सत्याल षलकलाइ यो कुरामा कसोकसो भयाको छ भनि हामिबाट सोधनि गर्दा अधिकारि सत्यालहरुले

आफुआफुलाइ भयाका सनद र आफुआफुले मंत्र सुनाइ मिच्याका जजमानको तपसिलबमोजीमको हो भनि बिन्तिपत्र चह्राउदा हजुरहरुका सनद बिन्तीपत्र र अधिकारि सत्यालका सनद बिन्तिपत्रस्मेत् हामिहरुबाट हेरि बुझिबक्सदा अधिकारि सत्यालले आफुलाइ भयाका सनद र हजुरहरुलाइ भयाका सनद हामिहरुका हजुरमा जाहेर नगरि नजनाइ हजुरहरुका भागका तपसिलका जजमान जना ६३ लाइ नीज अधिकारि सत्यालले मिचि दिक्षा गायत्री मंत्र सुनायाको ठहर्दा सनद बन्देज छोडि मंत्र सुंन्या सुनाउना जजमान प्रोहितलाइ दस्तुर लिन्याका १० लम्बरका अैनबमोजीम् ५ रुपैञादेखि १०० रुपैञासम्म जरिवाना गर्नु भंन्या र तिन् थरलाइ माग बन्डा गरिदियाको हुनाले अंसबन्डाका २६६ लम्बरका अैनले मिचन्याको भाग मिचन्याबाट भराइदिनु पर्न्या हुनाले तपसिलबमोजीम्का जजमानका घरमा तपसिलबमोजीम्का जजमानहरुलाइ तपसिलबमोजीम्का अधिकारि सत्यालले मिचि मंत्र सुनायाको हामिहरुबाट ठहराञौ. तसर्थ नीज अधिकारी सत्यालले मीचिच मंत्र सुनायाका तपसीलबमोजीमका राणाजीका घरका जजमानहरु नीजहरुले पाउन्या सनदबमोजीम्को भागमा अबउप्रान्त हजुरहरुका सट्टा भर्ना नहुनज्यालसम्म हजुरैहरुबाट गायत्री दीक्ष्या सुनाइबक्सनु हजुरहरुको भर्ना पुग्यापछि मात्र आफ्नाआफ्ना सनद भागबमोजीम् अधिकारि सत्यालले सुनाउनु भंन्या बन्देजको धर्मपत्रको सनद गरिबक्स्यौ. अबउप्रान्त यो बन्देज भयापछि पनि अधिकारि सत्यालले सुनाया भन्या अैनबमोजीम् सजाय गराइ भर्नाबापत् १ जजमानको भर्ना २ जजमान् अधिकारि सत्यालका भाग हजुरहरुले सुनाउनु र हजुरहरुको भर्ना नपुकंज्यालसम्म अधिकारि सत्यालले पनि नसुनाउनु हामिहरुबाट पनि सुनाउन बक्सन्याछैनौ औ ---५--- र ---५--- का मैयादमा हजुरहरुबाहेक अरु कसैले मंत्र सुनायो भन्या तेसलाइ हजुरको सपुर्थ गरि हजुरको तजबीजबमोजीम् सजाय गरि डाडो कटाइबक्तौला. हामि राणाजी गैह्रका घरमा ---६--- का संतान र अधिकारिमा लीलानाथ विष्णुगोपालका सन्तान सत्यालमा पद्मपाणि कासिराज नित्येराज रेवतिरमण जगदीस रमण रजत्रिरमण तीर्थप्रसाद र नीजका सन्तानले मात्र आफ्नाआफ्ना सनदका दरबन्दीबमोजीम् आफ्नाआफ्ना जजमानका घरमा सुनाउनु. इबाहेक इनीहरुका खलकले सुनाया भन्या प्राइममिनिष्टरको तजबीजले सजाय गरि बक्सौला. इनिहरुका षलकबाहेक् अरु कसैले सुनायो भन्या तेसलाइ पत्री हजुरका सपुर्थ गरि हजुरका तजबीजबमोजीम् सजाय गरि डाडो कटाइबक्सौला. यस्मा जसले अन्यथा गर्ला. पंचमहापातक लाग्ला.

तपसिल

